# बालविकास शिक्षक पेसागत विकास तालिम

# तालिम सहजीकरण सामग्री

(प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित)




नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रकाशक**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**सर्वाधिकार©**

प्रकाशकमा

**प्राविधिक सहयोग**

**प्रकाशन**

प्रथम संस्करण: वि.सं. २०७७ (सन् २०२०)
दोस्रो संस्करण: वि.सं. २०८० (सन् २०२४)

# भूमिका

प्रारम्भिक बाल्यावस्था मानव विकासको आधारशिला हुनुका साथै गुणस्तरीय शिक्षाको सोपान पनि हो । यो बालबालिकाको वृद्धि, विकास तथा सिकाइको जग बसाल्ने दृष्टिकोणले महत्वपूर्ण समय हो। प्रारम्भिक बालविकासको दृष्टिकोणले बालबालिकाको उपयुक्त हेरचाह एवम् वृद्धि र विकासका लागि स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षा, संरक्षण, उत्प्रेरणा तथा बालसिकाइलाई छुट्याउन सकिँदैन किनभने विकास तथा सिकाइका प्रक्रियाहरू समन्वयात्मक ढङ्गबाट सँगसँगै अगाडि बढ्ने क्रममा रहेका हुन्छन् ।

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ मा निर्दिष्ट गरिएबमोजिम प्रारम्भिक बालविकास केन्द्रका ४८ देखि ६० महिनाका बालबालिकालाई उनीहरूका सर्वाङ्गीण विकास गराउनुका साथै औपचारिक शिक्षाका लागि तयारी गराउनु आवश्यक हुन्छ। यस अवधिका लागि निर्धारित एक वर्षे प्रारम्भिक बालविकास तथा सिकाइमा बालबालिकाको सर्वाङ्गीण विकाससँग औपचारिक शिक्षाको पहिलो वर्षको क्रियाकलापबिच तादाम्त्य मिलाएर सिकाइ क्रियाकलापहरू समावेश गर्नुपर्ने हुन्छ । "प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, २०६९" ले प्रारम्भिक बालविकासको विद्यालय शिक्षासँग सम्बन्ध सुदृढ गराउने उद्देश्य राखेको छ । यसका लागि ४ वर्ष उमेर पुगेका बालबालिकालाई १ वर्षभित्र प्रारम्भिक बालविकास तथा शिक्षामा आधारित ५ ओटा मुख्य क्षेत्रहरूलाई समेटेर शारीरिक विकास, सामाजिक तथा संवेगात्मक विकास, बौद्धिक विकास, भाषिक विकास, सांस्कृतिक विकासका सिद्धान्त तथा मूल्य मान्यताबमोजिम क्षेत्र, उपक्षेत्र र विशिष्ट पक्ष केन्द्रित मापदण्ड/स्तर र सूचकमा आधारित क्रियाकलापहरू गराइने उल्लेख गरिएको छ।

शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत शिक्षक पेसागत विकासको प्रारूप, २०७२ अनुरूप प्रारम्भिक बालविकास शिक्षकहरूको पेसागत विकासका लागि एक महिने (दुई चरणः १५ दिने पहिलो चरण र १५ दिने दोस्रो चरण) शिक्षक तालिम पाठ्यक्रम विकास गरिएको छ। पहिलो चरणको १५ दिने तालिम लिइसकेका प्रारम्भिक बालविकास शिक्षकहरूलाई दोस्रो चरणको १५ दिने तालिम प्रदान गर्ने प्रावधान छ। सोही तालिम पाठ्यक्रममा आधारित भई दोस्रो चरणको तालिम सञ्चालन गर्न यो तालिम सहजीकरण सामग्री तयार गरिएको हो । यिनै तालिम सामग्रीका आधारमा प्रारम्भिक बालविकास शिक्षकको पेसागत विकास तालिम सञ्चालन हुँदै आएको छ । यस दोस्रो चरणको तालिम सामग्रीमा समसामयिक सुधार तथा अद्यावधिक गर्न आवश्यक देखिएकाले यसलाई परिमार्जन गरिएको हो । प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाको गुणस्तरीय तथा प्रभावकारी सिकाइ अभिवृद्धि गर्न बालविकास शिक्षक, सहजकर्ता तथा सरोकारवालाहरूका लागि यो सामग्री उपयोगी हुने विश्वास लिइएको छ । यस तालिम सामग्रीमा ४८ देखि ६० महिनाका बालबालिकाको विकासात्मक तथा सिकाइ पक्षको अवस्था पहिचान गरी सुधारात्मक सिकाइका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनलगायतका फारामहरूसमेत समावेश गरिएका छन् । दोस्रो संस्करणमा यसमा भएका परिमार्जनलाई समेटेर अध्यावधिक गरिएको छ।

यो तालिम सहजीकरण सामग्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र र युनिसेफ नेपाल तथा सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको सहकार्यमा विकास भएको हो। यस तालिम सहजीकरण सामग्रीको लेखन, विषयवस्तु सम्पादन र भाषा सम्पादन कार्यमा योगदान गर्नुहुने सबै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ। बालविकास शिक्षकहरूको पेसागत विकास तालिम सञ्चालनलाई बढी प्रभावकारी बनाउन यस तालिम सहजीकरण सामग्रीलाई अझ बढी व्यावहारिक र उपयोगी बनाउनका लागि यसको उपयोगकर्ता, विज्ञहरूबाट रचनात्मक सुझावको अपेक्षा गरिएको छ।

**महानिर्देशक**
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषयसूची


| विषयवस्तु | पेज नं. |
|---|---|
| १. तालिम सहजीकरण सामग्रीको परिचय | १ |
| १.१ तालिमको परिचय | १ |
| १.२ तालिमको आवश्यकता | १ |
| १.३ तालिमको उद्देश्य | १ |
| १.४ तालिमको संरचना | २ |
| १.५ सत्र सञ्चालन प्रक्रिया | २ |
| १.६ आमनेसामने वा अनलाइन विधिबाट सञ्चालन हुने तालिमको समय तालिका | २ |
| २. तालिम सहजीकरण क्रियाकलाप | ४ |
| **पहिलो दिन** | |
| **पहिलो सत्र:** तालिमको परिचय | ५ |
| **दोस्रो सत्र:** प्रारम्भिक बालविकासको अवधारणा, महत्व तथा कार्यक्रमहरू | ९ |
| **तेस्रो सत्र:** प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ को परिचय | ११ |
| **दोस्रो दिन** | |
| **पहिलो सत्र:** प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डको परिचय, महत्व तथा न्यूनतम मापदण्डअनुसार सिकाइ वातावरण व्यवस्थापन | १५ |
| **दोस्रो सत्र:** प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको परिचय, उद्देश्य तथा औचित्य र प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको परिचय | १७ |
| **तेस्रो सत्र:** शारीरिक विकासअन्तर्गत स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकासका लागि सहयोगी क्रियाकलाप | १९ |
| **तेस्रो दिन** | |
| **पहिलो सत्र:** शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | २२ |
| **दोस्रो सत्र:** सामाजिक विकास र यसको अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | २४ |
| **तेस्रो सत्र:** संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | २६ |
| **चौथो दिन** | |
| **पहिलो सत्र:** बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | २८ |
| **दोस्रो सत्र:** बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | ३० |
| **तेस्रो सत्र:** भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | ३३ |
| **पाँचौ दिन** | |
| **पहिलो सत्र:** सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको समबन्ध | ३६ |
| **दोस्रो सत्र:** निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका, २०७९ को सूचकसहितको परिचय | ३९ |
| **तेस्रो सत्र:** कार्यगत सीमितता भएका बालबालिकाको सिकाइमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको उपयोग | ४१ |

| विषयवस्तु | पेज नं. |
|---|---|
| **छैटौं दिन** | |
| **पहिलो सत्र:** प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फारामको परिचय | ४८ |
| **दोस्रो सत्र:** दैनिक कार्यतालिकाबारे जानकारी तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित प्रशिक्षकबाट कक्षा प्रदर्शन | ५० |
| **तेस्रो सत्र:** प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन | ६१ |
| **सातौं दिन** | |
| **पहिलो सत्र:** प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन | ६६ |
| **दोस्रो र तेस्रो सत्र:** प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित नमुना क्रियाकलाप तयारी | ७४ |
| **आठौं/नवौं दिन** | |
| **पहिलो, दोस्रो र तेस्रो सत्र:** सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप प्रदर्शन तथा छलफल | ७६ |
| **दशौं दिन** | |
| **पहिलो सत्र:** सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप प्रदर्शन तथा छलफल | ७८ |
| **दोस्रो सत्र:** परियोजना कार्यको अभिमुखीकरण तथा कार्ययोजना निर्माण | ८० |
| **तेस्रो सत्र:** पश्च मूल्याङ्कन, सहभागी/तालिमको मूल्याङ्कन र तालिम समापन | ८२ |
| **अध्ययन सामग्री** | ८३ |

# १. तालिम सहजीकरण सामग्रीको परिचय

## १.१. तालिमको परिचय

गुणस्तरीय बालविकास कार्यक्रम सुनिश्चित गर्नका लागि ४८ देखि ६० महिनासम्मका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड तयार गरिएको हो । यस मापदण्डले बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकासको स्तर निर्धारण गर्ने साधनको रूपमा कार्य गर्दछ । यस मापदण्डमा बालबालिकाले जान्नैपर्ने वा सिक्नैपर्ने आधारभूत क्षमताका विषयवस्तुहरू समेटिएका छन् । बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र भाषिक विकासको अवस्था पहिचान गरी उनीहरूका उमेरअनुसारको सिकाइ र विकासका लागि वातावरण तयार गर्न यस मापदण्डले मद्दत गर्दछ । यसले राष्ट्रियदेखि स्थानीय तहसम्मका सरोकारवालाहरूलाई प्रारम्भिक बालविकास केन्द्रको गुणस्तर प्रवर्धन तथा सिकाइ व्यवस्थापनका लागि आवश्यक नीति निर्माण र व्यवस्थापन कार्यमा समेत दिशाबोध गराएको देखिन्छ ।

शिक्षक पेसागत प्रारूप, २०७२ ले निर्दिष्ट गरे अनुरूप प्रारम्भिक बालविकास केन्द्रका बालविकास शिक्षकको क्षमता विकासका लागि एक महिने पेसागत विकास तालिम पाठ्यक्रम विकास गरिएको छ । उक्त एक महिने तालिम पाठ्यक्रम बमोजिम १५ दिने पहिलो चरण र १५ दिने दोस्रो चरणको तालिम पाठ्यक्रम विकास गरी कार्यान्वयनमा आइसकेको छ । सोही अनुरूप दोस्रो चरणको तालिम पाठ्यक्रमबमोजिम ४८ देखि ६० महिनासम्मका बालबालिकाको सिकाइ तथा विकास मापदण्डमा आधारित प्रभावकारी कक्षा सञ्चालनका लागि यो तालिम सहजीकरण सामग्री तयार गरिएको छ ।

## १.२. तालिमको आवश्यकता

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डले नेपालमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर अभिवृद्धिका लागि निश्चित उमेर समूहका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकासको स्तर निर्धारण गर्न र उनीहरूका सर्वाङ्गीण विकास तथा गुणस्तरीय सिकाइमा एकरूपता ल्याउन सहयोग गर्छ । यसका लागि प्रारम्भिक बालविकास केन्द्रका बालविकास शिक्षकहरूको क्षमता विकास अपरिहार्य सर्त हो । प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र यसको पाठ्यक्रमसँगको अन्तरसम्बन्धलाई केन्द्रित गरेर तालिम दिने अवधारणाले विकास गरिएको यो तालिम सहजीकरण सामग्री नवीनतम प्रयत्न हो । यस तालिम सहजीकरण सामग्री अनुरूप प्रभावकारी प्रशिक्षण गर्दा आगामी दिनमा प्रारम्भिक बालविकास केन्द्रका बालविकास शिक्षकहरूको क्षमता विकासमा अझै प्रभावकारिता आई प्रारम्भिक बालविकासको लक्ष्य तथा उद्देश्य पूरा गर्न सहयोग गर्ने छ । यस तालिमबाट बालविकास शिक्षकहरू बालबालिकाको विकासात्मक तथा सिकाइ अवस्था अनुरूप बालविकास केन्द्र सञ्चालन गरी गुणस्तर अभिवृद्धि गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

## १.३. तालिमको उद्देश्य

यो प्रारम्भिक बालविकास शिक्षकहरूको पेसागत विकास तालिमको यस दोस्रो चरणको तालिमको उद्देश्यहरू देहायबमोजिम छन् :

- बालविकासका लागि आवश्यक क्रियाकलाप निर्धारण तथा प्रयोग गर्ने क्षमता अभिवृद्धि गर्न
- बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकासको स्तर पहिचान गरी सोअनुसार सिकाइ रणनीति अपनाइ सो अनुरूप सहयोग गर्ने वातावरण तयार गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित रही प्रारम्भिक बालविकास केन्द्रको कक्षा सञ्चालन गर्न
- बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकासको स्तर मूल्याङ्कन गरी गुणस्तर अभिवृद्धि गर्न
- बालबालिकासँग उनीहरूको मनोविज्ञान अनुरूप व्यवहार गर्न

## १.४. तालिमको संरचना

यो दोस्रो चरणको तालिम १५ दिनको अवधिको हुने छ । यसको प्रथम खण्ड १० दिनको तालिम कार्यशाला (Training workshop) ढाँचामा आमनेसामने वा अनलाइन पद्धतिबाट सञ्चालन हुने छ । यसको दोस्रो खण्ड ५ दिनको बालविकास केन्द्रमा आधारित स्वाध्यायन अभ्यास ढाँचामा आधारित हुने छ ।

दोस्रो खण्डको ५ दिने स्वाध्यायन अभ्यास (Self study exercise) ढाँचाअन्तर्गत प्रशिक्षार्थीहरूले आफू कार्यरत बालविकास केन्द्रमा आधारित भई ४ ओटा परियोजना कार्य ४५ दिनभित्र सम्पन्न गरिसक्नुपर्ने छ । परियोजना कार्यको सबै प्रतिवेदन पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिनभित्र सम्बन्धित शिक्षा तालिम केन्द्रमा अनिवार्य रूपमा पेस गर्नुपर्ने छ । यसमा मूलतः १० दिने तालिम कार्यशाला खण्डमा सिकाइएका सैद्धान्तिक ज्ञान तथा सिपको व्यावहारिक प्रयोग एवम् प्रशिक्षार्थीको सिर्जनात्मक र अन्वेषणात्मक क्षमता प्रदर्शन गर्न परियोजना कार्य (Self study exercise) तोकिएको छ ।

## १.५. सत्र सञ्चालन प्रक्रिया

- योजना बनाई आवश्यक सामग्री पहिले नै तयार बनाउने
- क्रियाकलापहरू गराउँदा सहभागीहरूका अनुभवलाई पहिलो प्राथमिकता दिने
- सहभागीहरूलाई छलफलका क्रममा अनुमान गर्न र तर्क गर्ने अवसर दिने
- छलफललाई सहभागितामूलक बनाउँदै उचित निष्कर्षमा पुऱ्याएर छोड्ने
- तालिम सत्रलाई सहभागीमैत्री बनाउन सान्दर्भिक गीत, कविता, कथा जस्ता क्रियाकलापहरूसँग जोड्ने ।

## १.६. आमनेसामने वा अनलाइन विधिबाट सञ्चालन हुने तालिमको समय तालिका

| दिन | पहिलो सत्र (समय : १ घण्टा ३० मिनेट) | दोस्रो सत्र (समय : १ घण्टा ३० मिनेट) | तेस्रो सत्र (समय : १ घण्टा ३० मिनेट) |
|---|---|---|---|
| पहिलो दिन | • सहभागी परिचय/उद्घाटन/अपेक्षा सङ्कलन<br>• उद्देश्य<br>• पूर्वमूल्याङ्कन<br>• कार्य जिम्मेवारी बाँडफाँट/तालिम सञ्चालनका नियमहरू<br>• १० दिने तालिम कार्यशालामा सहभागीहरूको मूल्याङ्कनका आधारहरू | • प्रारम्भिक बालविकासको अवधारणा, महत्व तथा कार्यक्रमहरू | • प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ को परिचय<br>• विषयवस्तु छनौट तथा योजना (कार्ययोजना वितरण) |
| दोस्रो दिन | • प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डको परिचय र महत्व<br>• राष्ट्रिय न्यूनतममापदण्डअनुसार सिकाइ वातावरण व्यवस्थापन | • प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको परिचय, उद्देश्य तथा औचित्य<br>• प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको परिचय | • शारीरिक विकासअन्तर्गत स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकासका लागि सहयोगी क्रियाकलाप |

| दिन | पहिलो सत्र<br>(समय : १ घण्टा ३० मिनेट) | दोस्रो सत्र<br>(समय : १ घण्टा ३० मिनेट) | तेस्रो सत्र<br>(समय : १ घण्टा ३० मिनेट) |
|---|---|---|---|
| तेस्रो दिन | • शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • सामाजिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध |
| चौथो दिन | • बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध |
| पाँचौ दिन | • सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका, २०७९ को सूचकसहितको परिचय | • कार्यगत सीमितता भएका बालबालिकाको सिकाइमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको उपयोग |
| छैटौं दिन | • प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फारामको परिचय | • दैनिक कार्यतालिकाबारे जानकारी तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित प्रशिक्षकबाट कक्षा प्रदर्शन | • प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित प्रशिक्षकबाट कक्षा प्रदर्शन |
| सातौं दिन | • प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित प्रशिक्षकबाट कक्षा प्रदर्शन | • प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित नमुना क्रियाकलाप तयारी | • प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित नमुना क्रियाकलाप तयारी |
| आठौं दिन | • सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप प्रदर्शन तथा छलफल | • सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप प्रदर्शन तथा छलफल | • सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप प्रदर्शन तथा छलफल |
| नवौं दिन | • सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल | • सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल | • सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल |
| दशौं दिन | • सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल | • परियोजना कार्यको अभिमुखीकरण तथा कार्ययोजना निर्माण | • पश्च मूल्याङ्कन<br>• सहभागी/तालिमको मूल्याङ्कन<br>• तालिम समापन |

# २. तालिम सहजीकरण क्रियाकलाप

# तालिमको परिचय

**दिन : पहिलो** **सत्र : पहिलो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

तालिमका सहभागीहरू एकआपसमा परिचित हुन आवश्यक छ। यसले उनीहरूलाई तालिम अवधिमा एक अर्काबाट सिक्न तथा अनुभव आदानप्रदान गर्न सहज बनाउँछ। साथै तालिममा सहभागीहरूका अपेक्षाहरूको सम्बोधनका लागि सहभागितामूलक तरिकाले आचारसंहिता निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन पनि उत्तिकै आवश्यक छ। यसले तालिमलाई व्यवस्थित बनाउन सघाउँछ। प्रारम्भिक बालविकास शिक्षकको १० दिने पेसागत विकास तालिम कार्यक्रमको उद्देश्य माथि स्पष्ट गराउँदै प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत बालविकास शिक्षकहरूको क्षमता विकासका लागि एक महिने शिक्षक पेसागत विकास तालिम प्रदान गरिँदै आएको छ। उक्त एक महिने तालिमलाई १५/१५ दिनको गरी दुई चरणमा सञ्चालन हुने व्यवस्था छ। प्रत्येक चरणको शिक्षक तालिमलाई १० दिने पहिलो खण्ड तालिम केन्द्रमा आधारित आमनेसामने वा अनलाइन विधिबाट र ५ दिने दोस्रो खण्ड विद्यालयमा आधारित अभ्यास तथा परियोजना कार्य सञ्चालन हुने व्यवस्था छ। यो दोस्रो चरणको शिक्षक पेसागत विकास तालिमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन नियम सामूहिक प्रयासबाट तय गर्ने र समग्र तालिम कार्यक्रमको स्वरूप तथा तालिममा के कस्ता क्रियाकलाप गर्नुपर्ने हुन्छ भन्नेबारे यस सत्रमा छलफल हुने छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- एकआपसमा परिचित हुन
- तालिम कार्यक्रमबाट गरिएको अपेक्षा प्रस्तुत गर्न
- तालिम कार्यक्रमको उद्देश्य बताउन
- सहभागीमूलक विधिबाट तालिमको नियम तयार गर्न र सोको अवलम्बन गर्न
- प्रशिक्षण सञ्चालन विधि र समयतालिका बारे स्पष्ट हुन

## मुख्य विषयवस्तु

- तालिमको उद्घाटन
- सहभागी परिचय
- सहभागी अपेक्षा सङ्कलन, प्रस्तुतीकरण
- तालिमको समग्र उद्देश्य
- पूर्व मूल्याङ्कन
- कार्य जिम्मेवारी बाँडफाड
- तालिम सञ्चालनका नियमहरू

## आवश्यक सामग्री

मेटाकार्ड, मार्कर, न्युजप्रिन्ट, कार्डबोर्ड पेपर, साइन पेन, डालो वा नाङ्लो, मास्किङ टेप, नोटकपी, प्रोजेक्टर, प्रश्नपत्र, साधा कापी पाना

## सहजकर्ताको पूर्वतयारी

- सहभागी परिचयका लागि 'मनपर्ने र मन नपर्ने क्रियाकलापहरू' खोजी गरी नमुनाको रूपमा टिपोट गर्नुहोस् ।
- तालिमको उद्देश्य चार्ट पेपरमा मार्करले लेखेर तयार गर्नुहोस् ।
- पूर्वमूल्याङ्कनका लागि ६ ओटा प्रश्नहरू चार्टपेपरमा लेख्नुहोस् ।
- समूह विभाजनका लागि आवश्यक पर्ने सामग्री तालिम सञ्चालन हुनु अगावै तयार गर्नुपर्दछ ।
- शिक्षक पेसागत विकासको प्रारूप, २०७२ अध्ययन गर्नुहोस् ।
- न्युजप्रिन्टमा मूल्याङ्कनका आधारहरू लेखेर ल्याउनुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **सहभागी परिचय**

- कार्यक्रम उद्घाटनपश्चात् प्रत्येक सहभागीलाई एउटा कागजको टुक्रामा आआफ्नो नाम लेख्न लगाउने र ४ पटक पट्याएर डालो वा नाङ्लोमा राख्न लगाउनुहोस् ।
- सहभागीलाई गोलो घेरामा उभिन लगाउनुहोस् ।
- पट्याएका कागजका टुक्राहरूलाई छ्यासमिस् पारेर मिसाउनुहोस् ।
- सहभागीलाई अगाडि बोलाउनुहोस् र नाङ्लोमा भएका टुक्रामध्येबाट एउटा टिप्न लगाउनुहोस् ।
- जसको नामको टुक्रा आफूसँग परेको छ सोही साथीलाई खोजी साथीका बारेमा तल दिइएका विवरण सोधेर कागजमा लेख्न लगाउनुहोस् र प्रस्तुत गर्न भन्नुहोस् ।
    - नाम
    - ठेगाना
    - आफूले काम गर्ने प्रारम्भिक बालविकास केन्द्रको नाम
    - अनुभव वर्ष/महिना
    - रुचि
    - अत्यन्तै मनपर्ने क्रियाकलाप
    - एकदम मन नपर्ने वा कठिन लाग्ने क्रियाकलाप
- सहजकर्ताले पालैपालो आफ्नो हातमा नाम परेको साथीलाई चिनाउन समय दिनुहोस् ।
- यसरी चिनिने साथीलाई अरू साथीहरूबाट उठेर अभिवादन गर्न लगाउनुहोस् ।

क्रियाकलाप २: **अपेक्षा सङ्कलन र उद्देश्य**

यस कार्यका लागि देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- प्रत्येक सहभागीलाई २/२ ओटा मेटाकार्ड दिनुहोस् ।
- आफूले तालिमबाट राखेको अपेक्षाहरूलाई कम्तीमा २ ओटा मेटाकार्डमा लेख्न लगाउनुहोस् ।
- सबैले लेखिसकेपछि भन्न लगाउनुहोस् र सहजकर्ताले सङ्कलन गर्नुहोस् ।
- विषयअनुसारका अपेक्षा लेखिएका मेटाकार्डहरूलाई एकैतिर राखी समूह बनाएर भित्तामा सबैले देखिने गरी टाँस्नुहोस् ।
- पावरपोइन्ट प्रस्तुत गरी पूर्वलिखित उद्देश्यहरू स्पष्ट गर्नुहोस् । सहभागीहरूका अपेक्षासँग मिल्यो कि मिलेन सोध्नुहोस् ।

क्रियाकलाप ३: **पूर्वपरीक्षण**

- सहभागीहरूलाई पूर्वतयारीका साथ ल्याइएका प्रश्नपत्रहरू दिनुहोस् ।
- यस परीक्षणले उनीहरूलाई जान्ने र नजान्ने भनेर भेदभाव हुने छैन भन्ने कुरामा विश्वस्त बनाउनुहोस् ।
- सहभागीहरूलाई परीक्षणको निश्चित समय तोकी दिनुहोस् ।
- सहभागीलाई सबै प्रश्नको उत्तर नडराई र नआत्तिई उत्तरपुस्तिकामा लेख्न अनुरोध गर्नुहोस् ।
- सहभागीहरूलाई प्रारम्भिक बालविकास तथा सिकाइका सम्बन्धमा आफूलाई जानकारी भएका कुरा निर्धक्क लेख्न लगाउनुहोस् ।
- निर्धारित समय सकिएपछि सबै उत्तरपुस्तिका जम्मा गर्नुहोस् ।

क्रियाकलाप ४: **समूह कार्य विभाजन**

- कक्षा व्यवस्थापनको लागि चार ओटा समूह बनाउन लगाउनुहोस् ।
- सहभागीहरूलाई १, २, ३, ४ भन्न लगाई १ भन्ने, २ भन्ने, ३ भन्ने र ४ भन्नेको ४ ओटा समूहमा विभाजन गर्नुहोस् । सबै समूहलाई एक एकजना संयोजक तोक्न लगाउनुहोस् ।
- मेटाकार्डमा प्रतिवेदन, मूल्याङ्कन, मनोरञ्जन र व्यवस्थापन लेखी पट्याएर राख्नुहोस् ।
- प्रत्येक समूहबाट संयोजकलाई अगाडि बोलाउनुहोस् र एक एक ओटा मेटाकार्ड टिप्न लगाउनुहोस् । दिएको जिम्मेवारीअनुसार समूहलाई पहिलो दिनको कार्य गर्न अनुरोध गर्नुहोस् । दोस्रो दिनदेखि जिम्मेवारी क्रमशः अर्को समूहमा जाने र जिम्मेवारी परिवर्तन सत्र सुरु हुनु अगाडि गरिने जानकारी दिनुहोस् ।
- व्यवस्थापनको संयोजकलाई अगाडि बोलाउनुहोस् ।
- तालिमलाई व्यवस्थित, सहज र सहभागीहरूका सक्रियताका लागि सहभागीहरूबाट के गर्ने, के नगर्ने भनेर नियम बनाउन लगाउनुहोस् ।
- सहभागीहरूलाई नियमहरू एक एक गर्दै भन्न लगाउनुहोस् ।
- सहभागीले भनेका कुरालाई एक एक गर्दै न्युजप्रिन्टमा टिप्नुहोस् ।
- कक्षा सञ्चालन समय, सत्रको सुरु, सत्रको बिचमा छोटो विश्राम, खाना तथा खाजाको लागि समय र सत्र अन्त्य गर्ने समय निर्धारण गर्नुहोस् ।
- समयको छुट्टै तालिका बनाई सबैले देख्ने गरी टाँस्नुहोस् ।

क्रियाकलाप ५: **तालिममा सहभागी मूल्याङ्कनका आधारहरू**

- सहभागीहरूलाई गोलो घेरामा बसाएर तल उल्लिखित बुँदाहरूका विषयमा एक एक गरेर छलफल गर्नुहोस् ।

  **तालिममा सहभागी शिक्षकको मूल्याङ्कन**

  तालिममा सहभागी शिक्षकको मूल्याङ्कन शिक्षक पेसागत विकासको प्रारूप, २०७२ अनुरूप देहायबमोजिम हुने छ ।

  - एक सहभागी बालविकास शिक्षकले पाउने दुई चरणको तालिमका लागि ५०, ५० अङ्क पाउने गरी जम्मा १०० अङ्कका आधारमा मूल्याङ्कन गरिने छ ।
  - एउटा चरणको ५० अङ्कमा तालिम केन्द्रबाट सञ्चालन हुने तालिमका गतिविधि र लिखित जाँचका लागि ४० अङ्क र प्रारम्भिक बालविकास केन्द्रमा हुने स्वअभ्यास तथा परियोजना कार्य र प्रतिवेदनका लागि १० अङ्क छुट्याइने छ ।

  **तालिममा सहभागी मूल्याङ्कनका आधारहरू**

  - तालिम केन्द्रमा आधारित १० दिने आमनेसामने तालिममा सहभागी मूल्याङ्कनका आधारहरू
    तालिम केन्द्रबाट सञ्चालन गरिने तालिममा ४० अङ्कको मूल्याङ्कनका आधार निम्नानुसार हुनेछ :
    - उपस्थिति : ३ अङ्क
    - अनुशासन र तालिम कक्षको नियम (हाउस रुल) पालना : २ अङ्क
    - तालिम कक्षमा समूह कार्य, व्यक्तिगत कार्य र गृहकार्य आदिमा रुचि र दक्षता : १० अङ्क
    - दशौँ दिनमा सञ्चालन हुने लिखित परीक्षा : २५ अङ्क

    पच्चीस अङ्कको लिखित परीक्षाका लागि दश ओटा बहुवैकल्पिक प्रश्नमा ५ अङ्क, पाँच ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क र एउटा लामो उत्तरात्मक प्रश्नमा ५ अङ्क छुट्याइने छ ।

- प्रारम्भिक बालविकास केन्द्रमा आधारित ५ दिने कार्यभारको स्वअभ्यास तथा परियोजना कार्यमा सहभागी मूल्याङ्कनका आधारहरू

  प्रारम्भिक बालविकास केन्द्रमा आधारित ५ दिने कार्यभारको स्वअभ्यास तथा परियोजना कार्यमा सहभागी मूल्याङ्कनका लागि १० अङ्क छुट्याइने छ। अभ्यास तथा परियोजना कार्यको मूल्याङ्कनका आधारहरू निम्नानुसार हुनेछन् :

  - प्रतिवेदनको समग्र स्वरूप र स्तरीयता
  - कक्षा अवलोकन र प्राप्त पृष्ठपोषणको कार्यान्वयन गरिएको पुष्टि
  - १५ ओटा दैनिक सिकाइ क्रियाकलाप योजनाको खाका
  - परियोजना कार्य सम्पादन
  - प्रधानाध्यापकबाट प्रतिवेदन प्रमाणित

## प्रतिबिम्बन

- तालिमको उद्देश्यको बारेमा भन्नुहोस्।
- पाँच जना साथीहरूको नाम र उनीहरूका रुचि बताउनुहोस्।
- कार्यशालामा सहभागीको मूल्याङ्कनका आधारहरू के के हुन् ?

# प्रारम्भिक बालविकासको अवधारणा, महत्व तथा कार्यक्रमहरू

**दिन : पहिलो** **सत्र : दोस्रो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

प्रारम्भिक बाल्यावस्था बालविकासको आधारशिला हुनुका साथै बालबालिकाको वृद्धि, विकास तथा सिकाइको जग बसाल्ने महत्वपूर्ण समय पनि हो । प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु हो । यसलाई बालबालिकाको मौलिक हकका रूपमा समेत लिइएको छ । यस सत्रमा प्रारम्भिक बालविकासको अवधारणा, महत्व र हाल सञ्चालित कर्यक्रमहरूको बारेमा अन्तरक्रिया गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- प्रारम्भिक बालविकासको अवधारणा र महत्व बताउन
- नेपालमा उमेरअनुसारको हाल सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रमहरूको बारेमा बुझाइ प्रष्ट हुन

## मुख्य विषयवस्तु

- प्रारम्भिक बालविकासको अवधारणा, महत्व र हाल सञ्चालित कार्यक्रमहरू

## आवश्यक सामग्री

न्युजप्रिन्ट, मार्कर, मास्किङ टेप, तयारी स्लाइड

## सहजकर्ताको पूर्वतयारी

- प्रारम्भिक बालविकासको अवधारणा झल्कने चित्र, पोस्टर र स्लाइड तयारी तथा सङ्कलन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **प्रारम्भिक बालविकासको अवधारणा र महत्व**

- प्रारम्भिक बालविकासको अवधारणा र महत्वबोध गराउन देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।
    - सहभागीहरूलाई प्रारम्भिक बालविकास भनेको के हो ? भन्ने विषयमा उनीहरूका अनुभव र बुझाइलाई एक एक वाक्यमा मेटाकार्डमा लेखी टाँस गर्न लगाउनुहोस् ।
    - मेटाकार्डमा टाँस भएका प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी अवधारणालाई छलफल गराउँदै निष्कर्षमा पुऱ्याउनुहोस् ।
    - स्वस्थ र कुपोषित बालबालिकाको चित्र प्रस्तुत गर्दै ती दुई बालबालिकाको विकासमा घरेलु तथा विद्यालयको वातावरणले कसरी फरक पार्छ र भावी जीवनमा के कस्ता अन्तर हुन्छन् होला ? यस्तो नहुनका लागि ध्यान पुऱ्याउनुपर्ने पक्षहरू के के होलान् भनेर सहभागीसँग प्रश्नोत्तर गर्नुहोस् ।
- सहजकर्ताले मस्तिष्क विकास हुने निम्नानुसारका क्रियाकलाप गराउनुहोस् ।
    - मस्तिष्क विकासका चित्र प्रस्तुत गर्दै त्यसमा प्रभाव पार्ने पक्षहरू वा तत्वहरूको पहिचान गराउनुहोस् । गर्भवती महिला, कुपोषित बालबालिका र मस्तिष्क विकासका पक्षहरूसँग बालविकासका कार्यक्रमहरू कसरी सम्बद्ध छन् भन्ने छलफल गराउँदै बालविकास कार्यक्रमको महत्वको विषयमा प्रकाश पार्न लगाउनुहोस् ।

- विशेष गरी प्रारम्भिक बालविकास केन्द्रमा गरिने क्रियाकलापले बालबालिकाको सर्वाङ्गीण विकासमा कसरी योगदान पुग्न सक्छ भन्ने विषयमा छलफल केन्द्रित गर्नुहोस् । (यो विषयको विस्तृत जानकारीको लागि टिपिडी मोडल १ को अध्ययन सामग्री अध्ययन गर्नुहोस्)

- प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने लगानीले पुऱ्याउने फाइदाहरूका सम्बन्धमा सहभागीहरूबाट प्राप्त बुँदागत टिपोटका आधारमा छलफल गर्ने गराउनुहोस् ।

क्रियाकलाप २: **प्रारम्भिक बालविकास कार्यक्रमसम्बन्धी प्रस्तुतीकरण**

- प्रारम्भिक बालविकास कार्यक्रमसम्बन्धी स्लाइड प्रस्तुति गर्नुहोस् ।
- सो स्लाइडमा भएका प्रारम्भिक बालविकास कार्यक्रमसम्बन्धी विषयवस्तु सहभागीसँग छलफल गर्नुहोस् र
- प्रारम्भिक बालविकास कार्यक्रमसम्बन्धी सहभागीबाट आएका जिज्ञासाको सम्बोधन गर्नुहोस् ।

## प्रतिबिम्बन

- छलफलबाट नयाँ कुरा के सिकियो ?
- प्रारम्भिक बालविकास भनेको के हो ? र यो किन महत्वपूर्ण छ ?
- के यो छलफलले अभिभावक र अन्य सरोकारवालालाई प्रारम्भिक बालविकासको महत्व बताउन सघाउँछ कसरी ?
- यो सत्रमा छलफल गर्न कुनै पक्ष वा विषय छुटेको छ ? छ भने त्यो के होला ?

# प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ को परिचय

| दिन : पहिलो | सत्र : तेस्रो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सर्वाङ्गीण विकास र कक्षा १ को तयारीका लागि प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ कार्यान्वयनमा छ। तसर्थ यस सत्रमा तालिमका सहभागीहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमका विषयमा छलफल गराई जानकारी तथा अनुभव आदानप्रदान गरिने छ।

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम,२०७७ मा भएको आधारभूत सिप सिकाइका क्षेत्र र विषयगत सिप सिकाइका क्षेत्रको विस्तृतीकरणअनुसार सिकाइ उपलब्धि हासिल गर्नका लागि सिकाइ सहजीकरण क्रियाकलापका लागि योजना निर्माण गर्नु जरुरी छ। यस सत्रमा सहभागीहरूलाई प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रममा आधारित रही विषयवस्तुको छनौट र कार्ययोजना तयार गर्नेसम्बन्धी क्रियाकलापमा आधारित अभ्यास गराइने छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रममा परिचित हुन
- पाठ्यक्रम र विषयवस्तुको सम्बन्ध तथा महत्व बताउन
- पाठ्यक्रमको सिकाइ उपलब्धि हासिल गर्नका लागि विषयवस्तु छनौट सम्बन्धी सिप विकास गर्न
- छनौट गरिएका विषयवस्तुको आधारमा कार्ययोजना तयार गर्न

## मुख्य विषयवस्तु

- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम
- पाठ्यक्रम र विषयवस्तुको सम्बन्ध तथा महत्व
- सिकाइ उपलब्धिको आधारमा विषयवस्तु छनौट
- कार्ययोजना निर्माण

## आवश्यक सामग्री

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७, मेटाकार्ड, मार्कर, लुजकपी, साइन पेन, नाङ्लो

## सहजकर्ताको पूर्वतयारी

- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ अध्ययन गरेर आउनुहोस्।
- पाठ्यक्रममा रहेको सिकाइ उपलब्धि हासिल गर्न आवश्यक पर्ने सम्भावित विषयहरू नमुनाको रूपमा टिपोट गरेर ल्याउनुहोस्।
- सहभागीअनुसारको मेटाकार्डमा विषयवस्तु लेख्नुहोस्।
- विषयवस्तु लेखिएको मेटाकार्ड घोप्ट्याएर नाङ्लोमा लेख्नुहोस्।
- कार्ययोजनाको नमुना तयार गर्नुहोस्।
- सहभागीहरूलाई क्रियाकलापअनुसारको उद्देश्य तयार गर्न सहयोग गर्नुहोस्।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रममा छलफल**

- सहभागीहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमका बारेमा छलफल गराउनुहोस् । पाठ्यक्रम नै सिकाइ क्रियाकलापको प्रमुख मेरुदण्ड हो । बालबालिकालाई सन्तुलित विकास र निरन्तर सिकाइको लागि योजनाबद्ध तरिकाले अघि बढाउन र अपेक्षित उपलब्धि हासिल गर्न पाठ्यक्रम एक महत्वपूर्ण दस्तावेज हो भनेर बताइदिनुपर्दछ ।
- पाठ्यक्रमको अंश विषय Theme हो । विषय भन्नु नै वातावरणसँग प्रत्यक्षीकरण गराउने माध्यम हो । वातावरणसँग प्रत्यक्षीकरण गराउनु बालबालिकाले सिक्नु हो । सिकाइबाट अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ भनी जानकारी गराउनुहोस् ।
- प्रत्येक बालबालिका फरक हुन् तथापि एक निश्चित तहका बालबालिकाबाट पाठ्यक्रमले निर्धारण गरेको अपेक्षित उपलब्धि पूरा गरेको हुनुपर्दछ । त्यो निर्दिष्ट सिकाइ उपलब्धि नै पाठ्यक्रमको लक्ष्य र सिकाइ तथा विकास मापदण्ड हो भनी बुझ्नुपर्दछ भन्ने जानकारी दिनुहोस् ।
- विषय शृङ्खला भनेको Thematic Approach भनेर अङ्ग्रेजीमा बुझिन्छ जसमा बालबालिकाले जानेको विषयवस्तुबाट सुरु गरेर उनीहरूको सिकाइलाई क्रमशः सरलबाट जटिलतर्फ लैजाने एकपछि अर्को विषयहरूको सँगालो हो । बालबालिकालाई एउटै विषयको पनि व्याख्या गर्ने, बुझाउने फरक फरक तरिका हुन्छन् । विषयवस्तुलाई क्रियाकलापमार्फत एकआपसमा सम्बन्धित गराइन्छ, जस्तै- एउटै विषय यातायातको बारेमा कथा, गीत, कविता भनेर, खेल वा क्रियाकलापबाट बालबालिकाले अन्य विषयहरूको सिकाइ गर्दै लैजानु विषय शृङ्खला हो भनी जानकारी दिनुहोस् ।
- सहभागीहरूले व्याख्या गरेपश्चात् आफूले तयार पारेको स्लाइड वा न्युजप्रिन्टमा लेखिएको व्याख्या गर्नुहोस् ।
- सहभागीहरूलाई ३ समूहमा विभाजन गर्नुहोस् । विभाजित समूहलाई पाठ्यक्रम, विषयवस्तु र दैनिक कार्ययोजना लेखिएको एउटा एउटा कार्ड टिप्न लगाउनुहोस् ।
- तीन ओटा समूहलाई कागजका टुक्राहरूमा लेखिएका वाक्यहरू पढेर ती कुनसँग सम्बन्धित छन् ? छुट्याउन लगाउनुहोस्, जस्तै-
  - प्रारम्भिक बालविकास तथा शिक्षामा प्राप्त गरिने शैक्षिक लक्ष्यहरू
  - प्रत्येक दिन शिक्षकले के गर्ने भनेर बनाइएको योजना
  - व्यक्तिगत दैनिक डायरी
  - अषाढ महिना धान रोप्ने मौसम भएकाले "बोटबिरुवा"
  - राष्ट्रले निर्धारण गरेको उमेरगत र तहगत रूपमा हासिल गर्नुपर्ने अपेक्षित शैक्षिक उपलब्धिहरू
  - एक हप्ताभरि छलफल गरिने सिकाइका लागि छनौट गरिएका शीर्षक
  - हाजिरी, प्रार्थना, खाजा, सरसफाइ आदि
  - विषयवस्तुसँग प्रयोग गरिने शैक्षिक सामग्री तयारी
  - सुरक्षित सफा पानीको उचित व्यवस्था
  - गीत, कथा, कविता, चित्र, नाटक, अवलोकन, खेलजस्ता फरक फरक विधि
- माथिका वाक्यहरूलाई ३ ओटा समूह (पाठ्यक्रम, विषयवस्तु र दैनिक कार्ययोजना) मा वर्गीकरण गरी आआफ्नो समूहले पढेर सुनाउनुहोस् ।
- यदि कुनै वाक्य उक्त समूहसँग अमिल्दो भएमा कुन समूहसँग मेल खान्छ बताइदिनुहोस् ।

क्रियाकलाप २: **कार्ययोजना निर्माण र प्रयोग**

- अबको छलफल दैनिक पाठयोजना सम्बन्धमा हुने छ भनेर सहभागीहरूलाई बताउनुहोस् ।
- पाठ्यक्रमको विषयमा छलफल गरेर स्पष्ट धारणा बनाइसकेपछि कक्षा सञ्चालनका लागि उमेर र तहअनुसार पाठयोजना निर्माण गर्नुपर्ने कुराको जानकारी गराउनुहोस् ।
- किसानले मकै बालीको उत्पादन गर्न बनाएको बृहत् योजनालाई पाठ्यक्रमको रूपमा उदाहरण बनाउनुहोस् । मकै फलाउनु किसानको लक्ष्य हो । अब यसका लागि कुन महिनामा खेतबारी जोत्ने, क-कसको सहायता लिने, मल बिउ कहिले ठिक पार्ने ? कस्तो बिउ रोप्ने ? कहिले बिउ रोप्ने ? यसका लागि के के साधनहरू चाहिन्छन् ? ती साधनको कसरी प्रयोग गर्ने भन्नेसम्मका कुराहरू किसानको योजना हो भनेर प्रस्ट पार्नुहोस् ।
- योजनाअनुसार फागुनमा रोप्ने, चैत्र बैशाखमा गोड्ने, छाँट्ने, पानी लगाउने आदि निर्धारित समयमा गरिने काम भनेको हामीले बालविकास केन्द्रमा बालबालिकालाई गराउने सिकाइ क्रियाकलापहरू जस्तै हुन् । निर्धारित योजनाअनुसार काम गर्नु भनेको पाठ्यक्रम कार्यान्वयन गर्नु हो ।
- किसानले आफ्नो इच्छाअनुसार अगाडि वा पछाडि नगरेर उपयुक्त समयानुसार नै मिलाएर खेतीपातीको काम गर्नुपर्छ वा गर्छ । त्यसरी नै बालविकास शिक्षकले कुन महिनामा कुन विषयस्तु कति दिनमा कसरी सिकाउने त्यो तयारी मासिक कार्ययोजना हो भनेर स्पष्ट बताउनुहोस् ।
- यसै गरी मासिक कार्ययोजनाका आधारमा साप्ताहिक, साप्ताहिक योजनाका आधारमा दैनिक कार्ययोजना बनाउनुपर्दछ, जस्तै- यातायात विषयलाई कक्षामा कसरी लैजाने त्यसको योजना बनाउनुपर्ने हुन्छ । यातायात विषय बुझाउन कस्तो कथा बनाउने ? कस्ता कविता सुनाउने ? के के सामग्री प्रयोग गर्ने ? कस्ता कस्ता ज्ञान दिने ? यस्ता सिकाइका लागि एकै दिन क्रियाकलाप गराउन सम्भव नहुन सक्छ । कति दिनमा सक्नु उपयुक्त हुन्छ सोहीअनुसार योजना बनाउनुपर्ने हुन्छ ।

**दैनिक कार्ययोजनाको खाका**

विषयवस्तु : चराचुरुङ्गी..................महिना पाँचौं................

| हप्ता | दिन | विधा/पाठ | उद्देश्य | सामग्री | क्रियाकलाप | समय | मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| प्रथम | पहिलो दिन | चराको कविता | बालबालिकाले कम्तीमा २ ओटा शब्द सिक्ने | कविता लेखिएको चार्ट | चुट्की बजाएर | २० मिनेट | बालबालिकाले २ ओटा शब्द सिके । |
| | दोस्रो दिन | चराको कथा | बालबालिकाले कम्तीमा ४ ओटा शब्द भण्डारण गर्न सक्ने | पपेट | पपेटको प्रयोग गरेर कथा भन्ने | ३० मिनेट | बालबालिकाले ४ ओटा शब्द भण्डारण गर्न सके । |
| | | ..... | | ..... | ..... | ..... | |

- दैनिक क्रियाकलापमा गीत, कथा, कविता, अवलोकन भ्रमण, प्रारम्भिक साक्षरता, गणितीय सिपसम्बन्धी सबै क्रियाकलापहरू र समयावधि पाठ्यक्रममा उल्लेख गरेको छ । यसअनुसार विषयवस्तुको क्षेत्र, गहिराइ हेरेर हप्ता दिन वा बढी पनि लगाउन सकिन्छ भन्ने कुरामा छलफल गर्नुहोस् ।
- प्रत्येक दिन कसरी कक्षा सञ्चालन गर्ने भनी पूर्वरूपमा नै तयारी गरिएको योजनालाई दैनिक पाठयोजना भनिन्छ भनेर बताउँदै सबै सहभागीहरूलाई दैनिक पाठयोजना बनाउन लगाउनुहोस् । एक दिनका लागि पाठयोजना बनाउनको लागि विषय दिनुहोस् ।

क्रियाकलाप ३: **प्रारम्भिक क्रियाकलाप**

- सबै सहभागीहरूलाई गोलो घेरामा उभिन लगाउनुहोस् ।
- सबै सहभागीका बिचमा विषय लेखिएको मेटाकार्डलाई घोप्ट्याएर नाङ्लोमा राख्नुहोस् ।
- सबै सहभागीहरूलाई पालैपालो नाङ्लोको मेटाकार्डमा लेखेर राखिएको विषय छनौट गर्न लगाउनुहोस् ।
- आफूलाई परेको विषयवस्तु आआफ्नो कापीमा लेख्न लगाउनुहोस् ।
- विषयवस्तु छानिसकेपछि सहभागीहरूलाई आआफ्नो विषयअनुसार चार समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहमा नमुना क्रियाकलापको लागि कार्य योजना कसरी तयार पार्ने भन्नेबारे छलफल गराउनुहोस् ।
- नमुना क्रियाकलापको कार्ययोजना बनाउँदा समय सान्दर्भिक र विषयवस्तुलाई ध्यानमा राखेर बनाउनुपर्छ भनेर सल्लाह दिनुहोस् ।

क्रियाकलाप ४: **कार्ययोजना निर्माण**

- सहभागीहरूलाई वितरण गरिएको विषयवस्तुमा आधारित भएर कार्ययोजनाको खाका भर्न लगाउनुहोस् ।
- खाका भर्दा आफूलाई परेको विषयवस्तुको क्रियाकलापअनुसारको उद्देश्य बनाउन लगाउनुहोस् र उद्देश्य पूरा गर्न कुन विधि अपनाउने हो लेख्न लगाउनुहोस् । उद्देश्य पूरा भए नभएको मूल्याङ्कन गर्न लगाउनुहोस् ।
- क्रियाकलाप २ मा भएको खाका भर्न लगाउनुहोस् ।

## प्रतिबिम्बन

- पाठ्यक्रम किन आवश्यक पर्छ ?
- पाठ्यक्रम र विषयवस्तुबिच के कस्तो सम्बन्ध छ ? बालबालिकाको सिकाइ र विकासका लागि कस्तो पाठ्यक्रम आवश्यक हुन्छ ?
- दैनिक कार्यतालिकाअनुसार कसरी पाठयोजना तयार गर्नुपर्दछ ?
- योजना तयार गर्दाको अनुभवलाई सिकाइ सहजीकरणमा कसरी प्रयोग गर्नुहुन्छ ?

# प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डको परिचय, महत्व तथा राष्ट्रिय न्यूनतम मापदण्डअनुसार सिकाइ वातावरण व्यवस्थापन

| दिन : दोस्रो | सत्र : पहिलो | समय : १ घण्टा ३0 मिनेट |
|---|---|---|

## परिचय

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड, मार्गदर्शक पुस्तिका २०६७ (प्रथम संशोधन, २०७५) मा रहेका विषयवस्तु र सोअनुसार बालविकास केन्द्रमा कक्षाकोठाभित्र सिकाइ क्षेत्र व्यवस्थापन र बाहिरी वातावरण व्यवस्थापन गर्ने सम्बन्धमा यस सत्रमा छलफल गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- न्यूनतम मापदण्डको विषयमा परिचित हुन
- न्यूनतम मापदण्डअनुसारको कक्षा व्यवस्थापन गर्न तत्पर हुन
- न्यूनतम मापदण्डमा उल्लिखित सिकाइको व्यवस्थापन पक्षको बोध गर्न
- ६ ओटा सिकाइ क्षेत्रको विषयमा परिचित हुन
- सिकाइ क्षेत्रमा राखिने सामग्रीहरूको पहिचान तथा प्रयोग गर्न

## मुख्य विषयवस्तु

- न्यूनतम मापदण्डमा उल्लिखित सिकाइको व्यवस्थापन पक्ष
- ६ ओटा सिकाइ क्षेत्र
- सिकाइ क्षेत्रमा राखिने सामग्रीहरू

## आवश्यक सामग्री

राष्ट्रिय न्यूनतम मापदण्ड, ६ सिकाइ क्षेत्रका लागि आवश्यक सामग्रीहरू, नाङलो, स्थानीय सामग्रीहरू, काठ, ढुङ्गा, पाता, दाना, कागज, मकैका खोया, छेस्का

## सहजकर्ताको पूर्वतयारी

- यस सत्रमा आवश्यक पर्ने सामग्री, जस्तै- नाङ्लो, मेटाकार्ड, मकैका खोयाहरूको व्यवस्था गर्नुहोस् ।
- "प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड, मार्गदर्शक पुस्तिका २०६७ (प्रथम संशोधन, २०७५)" अध्ययन गर्नुहोस् र सम्भव भए प्रति सहभागी बराबर एउटा मापदण्ड सङ्कलन गर्नुहोस् ।
- सिकाइ क्षेत्रमा रहेका सामग्री न्युजप्रिन्टमा लेखेर टाँस्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **राष्ट्रिय न्यूनतम मापदण्डको परिचय**

- सहभागीहरूलाई ६ समूहमा विभाजन गर्नुहोस् ।
- पहिलो समूहलाई न्यूनतम मापदण्डको पृष्ठभूमि, उद्देश्य र कार्यान्वयनका लागि विभिन्न निकायहरूको भूमिका अध्ययन गर्न दिनुहोस् ।
- दोस्रो समूहलाई भौतिक वातावरणभित्रको भित्री र बाहिरी दुवै अध्ययन गर्न दिनुहोस् ।
- तेस्रो समूहलाई बालसिकाइ तथा बालविकास क्रियाकलाप अध्ययन गर्न दिनुहोस् ।

- चौथो समूहलाई जनशक्ति व्यवस्थापन, अनुगमन तथा निरिक्षण, सुपरिवेक्षण, स्थलगत सहायता तथा कक्षा मूल्याङ्कन सबै अध्ययन गर्न दिनुहोस् ।
- पाँचौँ समूहलाई बालस्वास्थ्य र पोषण, सरसफाइ तथा सुरक्षा अध्ययन गर्न दिनुहोस् ।
- छैटौँ समूहलाई व्यवस्थापन तथा सुशासन अध्ययन गर्न दिने र सबै समूहलाई परेको बुँदाहरू अर्को समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- विभाजित सहभागीहरूलाई आआफ्नो प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा न्यूनतम मापदण्डभित्रका के के वातावरण छन् र के के छैनन् टिपोट गर्न लगाउनुहोस् ।

क्रियाकलाप २: **सिकाइ क्षेत्र व्यवस्थापन**

- सहभागीहरूलाई ६ ओटा समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहबाट नेता छनौट गरी चिठ्ठा पद्धतिबाट क्षेत्रको नाम टिपाउनुहोस् । (भाषा, विज्ञान, गणित, अभिनय, सिर्जना र निर्माण क्षेत्र)
- मेटाकार्डमा ६ ओटा क्षेत्रको नाम लेखिएको घोप्टो पारेर राखिएको छ, टिप्नुहोस् भन्नुहोस् ।
- सहभागीहरूलाई स्थानीय सामग्री, काठ, ढुङ्गा, पात, दानाहरूलाई आफूलाई परेको क्षेत्रअनुसार मिलाउन लगाउनुहोस् र क्षेत्रानुसारको सामान नाङ्लोमा राख्न लगाउनुहोस् ।
- समूहलाई ती ६ ओटा क्षेत्रमा राखिने सामग्रीहरूको नाम के के हुन् छलफल गरेर लेख्न लगाउनुहोस् ।
- समूहकार्य गर्न दिनुहोस् र प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- आफ्नो प्रस्तुतिपछि विषयवस्तुसँग सिकाइ क्षेत्र कसरी जोड्ने भनेर थप व्याख्या गर्नुहोस् र तयारी गर्दा लिखित न्युजप्रिन्ट वा स्लाइडको प्रयोग पनि गर्न सकिन्छ ।

क्रियाकलाप ३: **अवलोकन र छलफल**

- क्षेत्रानुसारका सामग्रीहरू बाहिर वा भित्र के के छन् सङ्कलन गर्न लगाउनुहोस् । अथवा प्रारम्भिक बालविकास केन्द्र नजिक भएमा अवलोकन गर्न लगाउनुहोस् । अथवा सिकाइ क्षेत्र मिलाएर राखिएको कुनै प्रारम्भिक बालविकास केन्द्र नजिक भएमा क्षेत्रअनुसार सामग्री मिलाएर राखिए वा नराखिएको अवलोकन गर्ने र मिले नमिलेको सम्बन्धमा मूल्याङ्कन गर्ने र नमिलेको भए मिलाउन लगाउनुहोस् ।
- ६ ओटा क्षेत्रलाई किन ६ ओटा च्याकमा छुट्याएर राख्नुपर्छ भन्ने विषयमा छलफल गरी यसको महत्व बताइदिनुहोस् । यसको मुख्य कारण बालबालिकालाई समूहमा खेल्न सजिलो हुनाको साथै व्यवस्थापन गर्न पनि सजिलो हुने छ, सिकाइ एकीकृत हुन्छ, एउटै विषय (Theme) भित्र ६ ओटै क्षेत्रहरू समेटिएका हुन्छन् भन्ने कुरा बताइदिनुहोस् ।
- कुन विषयसँग क्षेत्रगत सिकाइ सम्बन्धित हुन्छ भनेर छलफल गर्नहोस् । यातायात विषयलाई भाषा, गणित, विज्ञान, सिर्जना, अभिनय र स्वावलम्बन तथा निर्माणमा कसरी जोड्ने भनेर सहजकर्ताले उदाहरणसहित देखाउनुहोस् । साथै सिकाइ क्षेत्रमा क्रियाकलाप गराउँदा कसरी बालबालिकाको सर्वाङ्गीण विकास हुन्छ भन्ने कुरा छलफल गरेर स्पष्ट पार्नुहोस् ।

## प्रतिबिम्बन

- ६ ओटा सिकाइ क्षेत्रहरू के के हुन् ? यस्ता क्षेत्र किन आवश्यक पर्छ ?
- विषयवस्तु (पाठ्यक्रम) र सिकाइ क्षेत्रको सम्बन्ध के कस्तो छ ?
- सिकाइ क्षेत्रका क्रियालकलापबाट कसरी बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलाप हुन सक्छ ?

# प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको परिचय, उद्देश्य तथा औचित्य र प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको परिचय

**दिन : दोस्रो** | **सत्र : दोस्रो** | **समय : १ घण्टा ३० मिनेट**

## परिचय

सर्वाङ्गीण विकासका लागि ४८ देखि ६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, २०६९ सँग परिचित गराउने, यसको पाठ्यक्रमसँगको सम्बन्ध बोध गराउने र प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनमा रहेका सूचकहरू प्रारम्भिक बालविकास तथा सिकाइ मापन गर्ने मूल आधार भएकाले ती सूचकहरू तथा यससँग सम्बन्धित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकासँग परिचित गराउन र त्यसको व्यावहारिक प्रयोगका उपायहरू पहिचान गराउने भएकाले सोहीअनुसारका क्रियाकलापहरू गराउने गरी सत्र निर्धारण गरिएका छन् ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको उद्देश्य तथा औचित्य बताउन
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनसँग परिचित हुन

## मुख्य विषयवस्तु

- सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड परिचय, उद्देश्य तथा औचित्य
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको परिचय

## आवश्यक सामग्री

प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका, प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराम तथा निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका, मेटाकार्ड, न्युजप्रिन्ट, मार्कर

## सहजकर्ताको पूर्वतयारी

- ४८ देखि ६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका तालिम अगावै साथमा लिएर आउनुहोस् ।
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन सहभागी सङ्ख्याअनुसार जम्मा गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड परिचय, उद्देश्य तथा औचित्य**

- सहभागीकेन्द्रित विधिबाट सत्र सञ्चालन गर्नुहोस् ।
- सहभागीहरूले भन्ने कुरा छलफल तथा प्रस्तुतीकरणमा अपनाउनुहोस् ।
- सहभागीलाई सात समूहमा विभाजन गर्नुहोस् ।
- हरेक समूहलाई एक एकओटा प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका वितरण गर्नुहोस् ।
- एक समूहलाई मापदण्डको पहिलो र दोस्रो पृष्ठ अध्ययन गर्न लगाउनुहोस् । बाँकी ६ समूहलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा उल्लिखित ६ ओटा क्षेत्र र ती अन्तर्गत रहेका उपक्षेत्र, मापदण्ड, स्तर र मुख्य सूचकहरू हेर्न लगाउनुहोस् ।

- हरेक समूहलाई आफूहरूले गरेको अध्ययनबाट देखेका कुरा समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । सहजकर्ताले छलफललाई निष्कर्षमा पुऱ्याउँदा ती क्षेत्रहरूको उपयोगिता र उपयोग सिकाइमा कसरी गरिन्छन् ? हरेक क्षेत्रहरूको आपसी सम्बन्ध कस्तो हुन्छ भनेर कुनै क्रियाकलापको उदाहरण दिएर बुझाउनुहोस् ।

क्रियाकलाप २ः **प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको परिचय**

- क्रियाकलाप नं. १ का लागि विभाजित समूहलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराम तथा निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका वितरण गर्नुहोस् ।
- सबै सहभागी समूहलाई 'प्रगति विवरण' फाराममा दिइएका १९ सूचकहरू तथा निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको अध्ययन गर्न दिनुहोस् ।
- 'प्रगति विवरण' फाराममा भएका बोध गर्न कठिन लाग्ने कुनै सूचक वा पक्ष भए सोध्नुहोस् र एकआपसमा छलफल गरी प्रस्ट पार्नुहोस् ।
- यस 'प्रगति विवरण' फारामको प्रयोग गर्न कतिको सहज हुन्छ ? असहज हुने कुनै सूचक तथा पक्ष छ कि ? छलफल गरी समस्या भए समाधानका उपाय निकाल्न मद्दत गर्नुहोस् ।
- थप प्रष्ट पार्नका लागि तयारी स्लाइड प्रस्तुत गर्नुहोस् ।

## प्रतिबिम्बन

- यस सत्रमा सिकिएका मुख्य मुख्य कुराहरू के के हुन् ?
- प्रारम्भिक बालविकास तथा सिकाइ मापदण्ड किन बनाइएको रहेछ ?
- यो सत्रबाट तपाईँले कुन नयाँ कुरा सिक्नुभयो जुन तपाईँको कार्यक्षेत्रमा उपयोगी हुन्छ ?
- यो सत्रलाई थप उपयोगी गराउन के गरिएको भए हुन्थ्यो होला ? कुनै सुझाव छ कि ?
- यस्ता क्रियाकलापहरू गराउन आइपर्ने कठिनाइहरू के के हुन सक्छन् ?

# शारीरिक विकासअन्तर्गत स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकासका लागि सहयोगी क्रियाकलाप

**दिन : दोस्रो** | **सत्र : तेस्रो** | **समय : १ घण्टा ३० मिनेट**

## परिचय

बालबालिकाको उमेर र अवस्थाअनुसार शरीरको तौल तथा उचाइ बढ्नुलाई शारीरिक वृद्धि भनिन्छ भने शारीरिक सक्रियताको साथै शरीरको अङ्गले गर्नुपर्ने क्रियाकलापलाई शारीरिक विकास भनिन्छ । बालबालिकाको शारीरिक विकासका लागि आवश्यक पर्ने स्थूल अङ्गको विकास र सूक्ष्म अङ्गको विकास गर्ने क्रियाकलापको प्रयोग यस सत्रमा गरिन्छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- बालबालिकाको शरीरका स्थूल अङ्गहरूको तन्दुरुस्ती तथा समन्वय गराउने सिप सिक्न
- शारीरिक विकासका उपक्षेत्रहरूलाई पहिचान गर्न
- शारीरिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको अन्तरसम्बन्ध बताउन
- बालबालिकाको सूक्ष्म मांसपेशीय अङ्गहरूको समन्वय र सञ्चालन गराई आँखा र हातको समन्वय गराउने खालका क्षमता विकास गराउने सिप सिक्न

## मुख्य विषयवस्तु

- स्थूल अङ्गको विकास
- सूक्ष्म अङ्गको विकास

## आवश्यक सामग्री

न्युजप्रिन्ट, मार्कर, फित्ता वा डोरी वा फल्याक, मेटाकार्ड, रङ भर्नका लागि हाँस, कुखुरा, परेवा र सुगाको A4 साइजको चित्र, साइनपेन, न्युजप्रिन्ट, मास्किङ टेप, च्यात्न र मिलाउनका लागि रङ्गीचङ्गी कागजहरू, गम वा माड, कैँची, पट्याउने, छुट्याउने र राख्नका लागि ससाना रुमालका टुक्राहरू, विभिन्न आकारका पातहरू राख्नका लागि सानो नाङ्लो, उन्न, बुन्न र गन्नका लागि ऊन, काठका लठ्ठी, दुई ओटा सिन्का, पात र लप्सी वा ससाना ढुङ्गा

## सहजकर्ताको पूर्वतयारी

**(क) स्थूल अङ्गको विकास**

- सत्र सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू एउटा नाङ्लोमा सहभागीअनुसार खेल फित्ता तयार गरेर राख्नुहोस् ।
- यदि पर्याप्त खेल फित्ता नभएमा डोरी वा फल्याकको व्यवस्था गर्नुहोस् ।

**(ख) सूक्ष्म अङ्गको विकास**

- यो सत्र सञ्चालन गर्नुभन्दा पहिला सहभागीले राम्रोसँग स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकास गर्न आवश्यक पर्ने क्रियाकलापका बारेमा अध्ययन गर्नुहोस् ।
- सत्र सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू नाङ्लो र कचौरामा तयार गरेर राख्नुहोस् ।
- A4 साइजमा रङ भर्न मिल्ने गरी बनाइएका आकार चित्र सहभागी सङ्ख्याअनुसार तयार पार्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **शारीरिक विकासको परिचय**

- यो सत्र सञ्चालन गर्नुभन्दा पहिला सहभागीले राम्रोसँग स्थूल अङ्गको विकास गर्न आवश्यक पर्ने क्रियाकलापको बारेमा छलफल गराउनुहोस् ।
- सत्र सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू, जस्तै- एउटा नाइलोमा सहभागीअनुसार खेल फित्ता तयार गरेर राख्नुहोस् । यदि पर्याप्त खेल फित्ता नभएमा डोरी वा फल्याकको व्यवस्था गर्नुहोस् ।
- प्रत्येक विषयमा स्थूल अङ्ग सञ्चालन हुने गरी क्रियाकलाप गर्न लगाउनुहोस् । उदाहरणका लागि बोटबिरुवा विषयमा सिकाइ क्रियाकलाप गराउँदा उफारेर पात छुन लगाउनुहोस् । म र मेरो शरीर विषयमा क्रियाकलाप गराउँदा शरीरका अङ्गहरू छुन लगाउनुहोस् । मेरो ठाउँ विषयमा सिकाइ सञ्चालन गर्दा छिमेकीको घर घुमाउन लैजानुहोस् र हाम्रो वातावरण विषयमा क्रियाकलाप गराउँदा किराफट्याङ्ग्रा, चराचुरुङ्गी, जनावरहरूको अभिनय गर्दै हिँड्न, उफ्रन लगाउनुहोस् ।
- सहभागीहरूलाई गोलाकारमा राख्नुहोस् । सर्वाङ्गीण बालविकास भन्नाले के बुझ्नुहुन्छ ? भनेर सोध्नुहोस् । उनीहरूले दिएको जवाफमा थप्दै बताउनुहोस् । गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको उमेरअनुसार शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक र सांस्कृतिक विकासमा आउने सकारात्मक परिवर्तन र परिपक्वता नै सर्वाङ्गीण विकास हो । यी ६ ओटा विकास एक अर्कासँग अन्तरसम्बन्धित हुन्छन् र सबै विकास उमेरअनुसार हुनु अति आवश्यक छ भन्दै आफूले पनि थप्दै जानुहोस् र जोडनुहोस् कि अब हामी यसै सर्वाङ्गीण विकासमध्ये शारीरिक विकासको बारेमा छलफल गर्ने छौँ ।
- यस सत्रमा शारीरिक विकास भनेको के हो ? शारीरिक विकासअन्तर्गत के के उपक्षेत्रहरू समेटिएका छन् ? भनी अगाडिको सत्रमा गरिएको छलफललाई पुनरावलोकन गराउनुहोस् ।
- बालबालिकालाई शारीरिक विकास गराउने क्रियाकलापहरू के के हुन सक्छन् प्रश्न सोधी छलफल गराउनुहोस् । ती क्रियाकलाप गराउँदा कसरी अन्य पक्षको विकास पनि सँगसँगै हुन्छ भनेर छलफल गराउनुहोस् ।

क्रियाकलाप २: **स्थूल अङ्गको विकास खेल**

- सबै सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र भन्नुहोस्, "अब हामी सिकाइ तथा विकास मापदण्डअन्तर्गतको स्थूल अङ्गको विकास हुने क्रियाकलाप गर्दछौँ ।"
- सहभागीहरूलाई हात समातेर गोलो घेरामा उभिन लगाउनुहोस् । हात तल झार्दै दायाँ हातले बायाँ काँध र बायाँ हातले दायाँ काँधमा छुनुहोस् र सर्तक अवस्थामा उभिनुहोस् । त्यसपछि अगाडि पछाडि गरी उफ्रिएर सहभागीहरूलाई देखाउनुहोस् र उफ्रन लगाउनुहोस् । यो क्रियाकलाप ५ पटक दोहोऱ्याउनुहोस् ।
- सहभागीहरूलाई २ लाइनमा उभिन लगाउनुहोस् । प्रत्येक सहभागीलाई आफू अगाडि ठुलो गोलो घेरा वा आयातकार घेरा बनाउन लगाउनुहोस् र आफूले बनाएको गोलो वा आयातकार घेरा अगाडि उभिन लगाउनुहोस् ।
- उनीहरूलाई दुवै खुट्टा प्रयोग गरी गोलो घेराभित्र अनि त्यसपछि निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पेज नम्बर २३ को विकल्प २ को चित्रमा देखाइए जस्तै गरी अर्को गोलो घेरामा उफ्रन लगाउनुहोस् । यी निर्देशनहरू ५ पटक दोहोऱ्याउनुहोस् ।
- भुइँमा ठुलो गोलो घेरा बनाउनुहोस् । गोलो घेराको वरिपरि सबै सहभागीहरूलाई गोलाकारमा उभिन लगाउनुहोस् । सहभागीलाई भुइँमा कोरिएको गोलो घेरा वरिपरि तपाईँको तालीको गतिसँगै छिटो छिटो घुम्न भन्नुहोस् । तपाईँले ताली बजाउन रोकी 'मूर्ति बन' भन्दा उनीहरू जस्तो अवस्थामा छन्, त्यही अवस्थामा रोकिनुपर्ने र फेरि ताली नबज्दासम्म नहल्ली बस्न भन्नुहोस् । यो 'मूर्ति बन' भन्ने क्रियाकलाप पाँचपटकसम्म दोहोऱ्याउनुहोस् ।

- गोलो घेराहरू/आयताकारहरूमध्ये कुनै एउटालाई छान्नुहोस् (त्यसको वरिपरि प्रस्ट रेखा कोर्नुहोस् र त्यो गोलाकार/आयाताकारलाई चिनो लगाउनुहोस् ।)
    - पत्रिकाका पाना वा पुराना कागजबाट तयार गरिएको एउटा भकुन्डो (बल) दिनुहोस् ।
    - त्यो गोलाकार/आयाताकारबाट तीन चार पाइला पछाडि सहभागीलाई उभिन लगाउनुहोस् ।
    - छानिएको गोलाकार/आयाताकारभित्र पर्ने गरी ताकेर भकुन्डो फाल्न सहभागीलाई लगाउनुहोस् ।
- सहभागीहरूलाई पुनः गोलो घेरामा राख्नुहोस् र यी खेल खेल्दा हाम्रो शरीरको कुन भाग चल्यो, कुन कुन भागमा बढी जोड पर्‍यो भनी छलफल गराउनुहोस् । माथिका क्रियाकलापहरू बालबालिकाको शारीरिक विकास गराउने क्रियाकलापहरू हुन् । यस्तै किसिमका अन्य क्रियाकलाप बालबालिकालाई गराउनुपर्दछ भनी छलफल गराउनुहोस् ।

क्रियाकलाप ३: **सूक्ष्म अङ्गको विकास (खेल)**

- सबै सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र भन्नुहोस्, "अब हामी सिकाइ तथा विकास मापदण्डअन्तर्गतको सूक्ष्म अङ्गको विकास हुने क्रियाकलाप गर्दछौँ ।"
- प्रत्येक सहभागीलाई ८ देखि १० ओटा मध्यम आकारका प्वालसहितका दाना/गोटी वा बोतलको बिर्को/मकैको खोया दिनुहोस् र तिनलाई डोरीमा उन्न भन्नुहोस् ।
- सहभागीलाई खेल्न मिल्ने पिठोको डल्लो वा लेसिलो माटो दिनुहोस् । माथिको क्रियाकलापमा तारमा गोटीहरू उन्न सक्षम सहभागीलाई त्यो पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी कुनै पनि ३/४ ओटा आकार वा वस्तुहरू बनाउन भन्नुहोस् । बाँकी सहभागीलाई पिठोको डल्लो वा लेसिलो माटोसँग उनीहरूले चाहेअनुसार खेल्न र त्यसलाई चलाएर हेर्न छोडिदिनुहोस् ।
- सहभागीलाई एउटा आकार उपलब्ध गराउनुहोस् र त्यस आकारको रेखाभित्र मात्र पर्ने गरी रङ भर्न लगाउनुहोस् ।

## प्रतिबिम्बन

- स्थूल अङ्गको विकास र सूक्ष्म अङ्गको विकास भनेको के हो ?
- शारीरिक विकासअन्तर्गत स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकास गराउन सघाउने तीन क्रियाकलापहरू के के हुन् ?
- अन्य कस्ता क्रियाकलापले स्थूल अङ्ग विकासमा सहयोग पुर्‍याउँछ ?
- हामीले सञ्चालन गरेका क्रियाकलापबाट शारीरिक विकासका साथै अरू कुन कुन पक्षको विकास हुन्छ होला ?

# शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**दिन : तेस्रो** | **सत्र : पहिलो** | **समय : १ घण्टा ३० मिनेट**

## परिचय

शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास भन्नाले आँखा, कान, नाक, जिब्रो, छालाजस्ता चेतना शक्ति तथा इन्द्रियहरूको क्षमताको विकास हो । यस सत्रमा इन्द्रिय अङ्गको विकास गर्ने खालका क्रियाकलापहरू गरिन्छन् ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- बालबालिकालाई इन्द्रिय अङ्गहरूको प्रयोग गरी खेलाउन र सिकाउन
- शारीरिक विकासका उपक्षेत्रहरूलाई पहिचान गर्न
- शारीरिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको अन्तरसम्बन्ध बताउन

## मुख्य विषयवस्तु

- इन्द्रिय अङ्गको विकास

## आवश्यक सामग्री

न्युजप्रिन्ट, मार्कर, मास्किङ टेप

१. **स्वादसम्बन्धी सामग्री:** नुन, चिनी, कागती, करेला वा निमको पात, हरियो खुर्सानी

२. **स्पर्शसम्बन्धी सामग्री:** चिप्लो र खस्रो, नरम र कडा सामग्री वा डोमिनो (ढुङ्गा, माटो, विभिन्न प्रकारका कपडाका टुक्राहरू)

३. **सुनाइसम्बन्धी सामग्री:** विभिन्न प्रकारको (ठुलो, सानो, मसिनो, मोटो) आवाज आउने खेलौना, साना साना डब्बामा मसिनो ढुङ्गा हालेर आवाज निकाल्ने बट्टा

४. **हेराइसम्बन्धी सामग्री:** चराचुरुङ्गी (हाँस, कुखुरा, परेवा र सुगा) विषयको चित्र डोमिनो, विभिन्न रङका चित्र पजल, चित्र किताब

५. **सुँघाइसम्बन्धी सामग्री:** प्याज, लसुन, अदुवा, हलेदो, स्याम्पोको खाली बट्टा, साबुनको खोल

## सहजकर्ताको पूर्वतयारी

- सत्र सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू नाङ्लो र कचौरा वा स्थान विशेषमा प्राप्त हुने अनुकूल चिजमा तयार गरेर राख्नुहोस् ।
- सुगा, हाँस, कुखुरा र परेवाको डोमिनो, पजल, फ्ल्यासकार्ड र चित्रकिताब तयार गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **इन्द्रिय अङ्गको विकास**

- सबै सहभागीका लागि विभिन्न इन्द्रिय अङ्गहरूको प्रयोग गरी वस्तु पहिचान गर्ने क्रियाकलापहरूको योजना बनाउनुहोस् । उदाहरणका लागि विभिन्न बनोट (खस्रो वा चिल्लो), गन्ध (सुगन्धित वा दुर्गन्धित), स्वाद (गुलियो वा नुनिलो वा अमिलो) का केही सामग्रीहरू जम्मा गर्नुहोस् । त्यस्तै विभिन्न प्रकारका आवाजका लागि (जस्तो: प्लेट वा तालीको आवाज, चर्को वा मधुरो आवाज) सामग्री व्यवस्था गर्नुहोस् ।

- सहभागीलाई बनोट वा आवाज वा गन्ध वा स्वाद पहिचान (एकपटकमा एउटा क्रियाकलाप) गर्न लगाउनुहोस् । उदाहरणका लागि सहभागीलाई दिएको सामग्री (बनोटको आधारमा नरम वा खस्रो) पहिचान गर्न उनीहरूलाई हातले छाम्न वा चलाउन लगाउनुहोस् । तपाईँले निकाल्नुभएको आवाज सुन्न र चिन्न दिनुहोस् । यी क्रियाकलापका लागि ती सहभागीलाई पटकपटक अवसर दिइरहँदा प्रत्येक पटक फरक इन्द्रिय अङ्गहरूको प्रयोग गराउनुहोस् ।
- सबै सहभागीलाई गोलो घेरामा बसाउनुहोस् । अगाडि बोलाउनुहोस् र उनको आँखामा पट्टी बाँधिदिनुहोस् र कुनै एक इन्द्रिय गुणका आधारमा सामग्रीहरू छुट्याउन सक्छन् कि सक्दैनन् भन्ने हेर्न उनीलाई केही सामग्रीहरू दिनुहोस् । उदाहरणका लागि फरक फरक स्वादका ४-५ थरिका खानेकुरा (जस्तैः तरकारी वा फलफूल) वा फरक फरक बनोटका कपडा (नरम वा खस्रा) वा विभिन्न गन्धका चिजबिजहरू (धुप वा हिङ) वा विभिन्न आवाज निस्कने खेलौना (हल्लाउने बाजा वा चामल, साना टुक्राहरू) दिनुहोस् ।
- सहभागीले प्रत्येक चिजको स्वाद/गन्ध लिइरहँदा/सुन्दा/छाम्दा ती चिज के के हुन् भनेर चिन्न र तिनको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा छुट्याई स्वाद/गन्ध/बनोट/आवाजको प्रकारअनुसार फरक फरक भाँडो/टोकरीमा राख्न भन्नुहोस् । सहभागीको आँखामा पट्टी बाँधिएको हुनाले ती सामग्रीहरूलाई विभिन्न भाँडामा राख्न उनीहरूलाई मद्दत गर्नुहोस् । अवलोकन गरिरहेका अन्य सहभागीसँग क्रियाकलापमा सहभागी साथीले के आधारमा ती चिज पहिचान गरे होला भनेर छलफल गर्न सक्नुहुन्छ । यसले गर्दा बाँकी अरूलाई फरक सिपहरू प्रयोग गरी ती चिज चिन्न मद्दत गर्ने छ ।
- पाँच ओटा टोकरी वा कुनै भाँडो तयार पार्नुहोस् र प्रत्येकमा एक इन्द्रिय विशेषता (स्वाद, बनोट, गन्ध, आवाज, हेराइ) लेखेर टाँस्नुहोस् । अनि तालिम हलका विभिन्न भागमा तिनलाई राख्नुहोस् । सम्भव हुन्छ भने यी टोकरी/भाँडामा विभिन्न इन्द्रिय गुणका चित्रहरू टाँस्नुहोस् । यस क्रियाकलापका लागि विभिन्न इन्द्रिय विशेषताहरूसँग सम्बन्धित विभिन्न सामग्रीहरूसहितको तालिम हलको वातावरण तयार गर्नुहोस् ।
- सहभागीलाई स्वतन्त्र खेल वा इन्द्रिय विशेषताको कुनामा रहेका सामग्रीहरूको पहिचान गर्ने क्रियाकलापमा सहभागी गराउनुहोस् । सोही अवसरमा एकपटकमा एकजना सहभागीलाई बोलाउनुहोस् र त्यस वातावरणबाट बनोट, स्वाद, आवाज वा गन्धका आधारमा छुट्याउन सकिने सामग्री पहिचान गर्न, टिप्न अनि त्यो सामग्री कुन इन्द्रिय विशेषतामा पर्दछ भन्ने उसलाई लागेको छ, त्यही टोकरी वा भाँडोमा राख्न लगाउनुहोस् । ती सामग्री निश्चित टोकरी/भाँडोमा राख्नुको कारणका सम्बन्धमा छलफल गर्नुहोस् ।
- सहभागीलाई अवलोकन गर्नुहोस् र सबै इन्द्रिय विशेषताहरूका आधारमा सामग्रीहरू छुट्याउन कसले सके र कसले सकेनन् भनेर याद गर्नुहोस् ।

## प्रतिबिम्बन

- इन्द्रिय अङ्गको विकास भनेको के हो ?
- शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास हुने क्रियाकलापहरू के कस्ता हुन्छन् ?
- हामीले गरेका क्रियाकलापले इन्द्रिय अङ्गको विकासमा कसरी सघाउ पुऱ्याउँछ ?
- यी क्रियाकलापबाट शारीरिक विकासका साथै अरू कुन कुन पक्षको विकास गराउँछ ?

# सामाजिक विकास र यसको अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

| दिन : तेस्रो | सत्र : दोस्रो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

मानिस समाजमा जन्मन्छ, समाजबाट सिक्छ, आफूले जानेको सिप, ज्ञान समाजकै लागि अर्पित गर्छ र समाजबाट विदा हुन्छ। समाजभित्र विभिन्न धर्म, संस्कृति जातजातिअनुसार रीतिरिवाज फरक हुन्छ। त्यसैले सामाजिक विकास भनेको समाजबाट स्वीकृत क्रियाकलापहरूमा बालबालिकालाई अभ्यस्त बनाउनु हो । यस सत्रमा सहभागीहरूलाई सामाजिक विकाससँग सम्बन्धित क्रियाकलापमा अभ्यास गराइन्छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- सामाजिक विकासका विशिष्ट पक्षहरू बताउन
- समाजिक विकासका क्रियाकलापबाट सर्वाङ्गीण विकास हुने सिप पहिचान गर्न

## मुख्य विषयवस्तु

- सामजिक विकास र यसको अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

## आवश्यक सामग्री

छ्याङबाजा, नाङ्लो, तयारी न्युजप्रिन्ट पेपर, डोरी, बल, पुतली, पपेट, भाँडाकुटी, मार्कर, टेप आदि

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **प्रश्नोत्तर**

- सहभागीहरूलाई अर्धगोलाकार तरिकाले बसाउनुहोस्, जसले गर्दा तपाईँले बोलेको सुनिने र अन्तरक्रिया गर्न सजिलो हुन्छ।
- सामाजिक विकासका विशिष्ट पक्षहरू न्युजप्रिन्टमा लेखेर तयारी गराउनुहोस्।
- सहभागीहरूलाई सामाजिक विकास भनेको के हो भनी प्रश्न गर्नुहोस्। सहभागीहरूबाट आएका विचारहरूलाई कदर गर्दै मानिस समाजमा जन्मन्छ, समाजबाटै सिक्छ। आफूले जानेका ज्ञान, सिप समाजकै लागि अर्पण गर्छ र समाजबाट विदा हुन्छ। समाजभित्र विभिन्न धर्म, संस्कृति जातजातिअनुसार रीतिरिवाज फरक हुन्छ। त्यसैले सामाजिक विकास भनेको समाजबाट स्वीकृत क्रियाकलापहरूमा बालबालिकालाई अभ्यस्त बनाउनु हो भन्दै विषयवस्तुमा प्रवेश गराउनुहोस्। सामाजिक विकास सर्वाङ्गीण विकासका ६ ओटा पक्षहरूमध्ये एक महत्वपूर्ण पक्ष हो जसमा निम्नानुसारका ५ ओटा विशिष्ट पक्षहरू रहेका छन् भन्दै बुँदाहरू लेखेको पूर्वतयारी न्युजप्रिन्टमार्फत छलफल गराउनुहोस्।

  *(विशिष्ट पक्षहरू: वयस्क तथा साथीहरूबिचको सम्बन्ध, जीवनोपयोगी सिप, सहयोग तथा सहकार्य, सामाजिक व्यवहार, स्वःअवधारणा)*

क्रियाकलाप २: **नमस्ते नमस्ते गीत**

- सहभागीहरूलाई छ्याङ बाजा बजाएर गोलो घेरामा उभ्याउनुहोस् र सबैलाई एकअर्काको हात समातेर हाउभाउसहित "नमस्ते, नमस्ते" गीत गाउन लगाउनुहोस् । गीत गाइसकेपछि कस्तो अनुभव भयो ? कुन कुन पक्षको विकास भयो होला ? सोध्नुहोस् । सामाजिक पक्षको विकासको विशिष्ट पक्षलाई प्राथमिकता दिँदै छलफल चलाउनुहोस् ।

**नमस्ते नमस्ते**

नमस्कार ! नमस्कार ‼ गुरुआमा
नमस्ते ! नमस्ते ‼ साथीहरू
आज भेटेर खुसी लाग्यो
नमस्ते ! नमस्ते ‼ नमस्ते ‼
नमस्कार ! नमस्कार ‼ गुरुआमा
नमस्ते ! नमस्ते ‼ साथीहरू
भोलि भेटौंला खुसी लाग्ला
नमस्ते ! नमस्ते ‼ नमस्ते ‼

क्रियाकलाप ३: **खेल**

- सहभागीहरूलाई पालैसँग बा, आमा, दिदी, दाजु भन्न लगाउनुहोस् र बा भन्नेलाई एउटा समूह आमालाई अर्को गरी ४ समूहमा विभाजन गर्नुहोस् । पहिलोलाई डोरी, दोस्रोलाई  बल, तेस्रोलाई पुतली पपेट र चौथो समूहलाई भाँडाकुटी खेल्न दिनुहोस् । सहभागीहरूले ध्यान दिएर खेले नखेलेको अवलोकन गर्नुहोस् र सबैलाई मिलेर खेल्न उत्प्रेरित गर्नुहोस् ।
- करिब १५ मिनेट खेल्न दिएपछि प्रत्येक समूहबाट १-१ जना सहभागीलाई कसरी खेल्नुभयो ? कुन कुन पक्षको विकास भयो ? जस्ता प्रश्नहरू सोधेर सर्वाङ्गीण विकासका पक्षहरूमा छलफल गराउनुहोस् । सामाजिक विकासको सम्बन्ध अन्य विकासात्मक क्षेत्रहरूसँग कसरी हुन्छ भनी छलफल गराउनुहोस् । अन्त्यमा यसको सम्बन्धका बारेमा स्पष्ट पार्नुहोस् ।

## प्रतिबिम्बन

- सामाजिक विकासका विशिष्ट पक्षहरू के के हुन् ?
- बालबालिकाको सामाजिक विकासका लागि हामीले छलफल गरेका बाहेक थप के के क्रियाकलापहरू गराउन सकिन्छ ?
- सामाजिक विकासका क्रियाकलापबाट कसरी सर्वाङ्गीण विकासमा मद्दत पुग्छ ?

# संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**दिन : तेस्रो** **सत्र : तेस्रो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

प्रारम्भिक बालविकासका पाँच ओटा आयामहरूमध्ये संवेगात्मक विकास एक महत्वपूर्ण आयाम हो। संवेग भन्नाले भावनासँग सम्बन्धित क्रियाकलापहरू हुन्, जस्तै- हाँस्नु, रुनु, खुसी हुनु, दुःखी हुनु, रिसाउनु, चिच्याउनु आदि। यस सत्रमा बालबालिकाको संवेगात्मक विकासका लागि गराउनुपर्ने क्रियाकलापका विषयमा छलफल गरिने छ। साथै संवेगात्मक विकासको सम्बन्ध अन्य विकासात्मक क्षेत्रसँग कसरी हुन्छ भन्ने विषयमा पनि छलफल गरिने छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- संवेगात्मक विकासका विशिष्ट पक्षहरू बताउन
- बालबालिकाका सर्वाङ्गीण विकास गराउन सहयोग पुऱ्याउने क्रियाकलापहरू पहिचान गर्न
- बालबालिकाको संवेगात्मक विकासका लागि विभिन्न क्रियाकलापहरू प्रस्तुत गर्न

## मुख्य विषयवस्तु

- संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

## आवश्यक सामग्री

पुतली, उपहार सामग्री, टेक्ने बैसाखी, चित्र बनाउने पेपर, रङ, ब्रस, प्रदर्शन बोर्ड

## सहजकर्ताको पूर्वतयारी

- मापदण्डमा भएको संवेगात्मक विकासका विशिष्ट पक्षहरूलाई न्युजप्रिन्टमा लेखेर तयार गर्नुहोस्।
- एउटा मानव शरीरको चित्र बनाउनुहोस् र त्यसमा संवेगात्मक विकासले मानिसको कुन कुन अङ्गलाई प्रभाव पार्दछ भन्ने चित्र चार्टपेपरमा लेखेर तयार गर्नुहोस्।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: प्रश्नोत्तर

- संवेगात्मक विकास भनेको प्राकृतिक स्वभावहरू, माया, खुसी, दया, सहानुभूति देखाउन सक्ने गुणहरूको साथसाथै आत्मविश्वास, आत्मसम्मान, स्वधारणाको विकास पनि हो भनेर बताउनुहोस्।
- मानिसमा आउने रिस, ईर्ष्या, चिन्ता, आवेगहरू चिच्याउन मन लाग्ने, शङ्का, डर, त्रास जस्ता स्वभावहरू पनि प्राकृतिक हुन् र यी गुणहरू आवश्यक हुन्छन् जुन मानव जीवनमा प्राकृतिक रूपमा प्रकट हुन सक्छन् भनेर स्पष्ट पार्नुहोस्, जस्तै- कहिल्यै नरिसाउने, कहिल्यै नरुने, कहिल्यै चिन्ता नलिने व्यक्ति कोही हुँदैन भनेर बुझाउनुहोस्।
- अवस्थाअनुसार भाव प्रकट गर्न सक्नु नै संवेग हो, जस्तै- रुनु, हाँस्नु, खुसी हुनु, रिसाउनु स्वाभाविक संवेगात्मक पक्षहरू हुन्। संवेगात्मक पक्षहरूको सन्तुलित विकासलाई मौका खेल, कुराकानी, भ्रमण, कथा, घटना वर्णन, अभिनय तथा रमाइला क्रियाकलापहरूबाट बल पुऱ्याउन सकिन्छ भनी बताउनुहोस्।

- सहभागीहरूलाई "संवेग भनेको के हो ?" भनेर प्रश्न गर्नुहोस् । धेरै जनाले भनेका कुराहरू न्युजप्रिन्ट वा मेटाकार्डमा टिप्दै जानुहोस् । मिलेकालाई एकतर्फ र नमिलेकालाई अर्कोतर्फ छुट्याएर राखिदिनुहोस् । संवेगको परिभाषा छोटकरीमा बुझाउनुहोस् । संवेगका सकारात्मक र नकारात्मक गरी २ पक्षहरू हुन्छन् भनेर बुझाउनुहोस् । हाँस्नु, खुसी हुनु, आनन्द, रमाइलो अनुभव आदि सकारात्मक पक्षहरू हुन् र रुनु, दुःखी हुनु, रिसाउनु, ईर्ष्या गर्नु आदि नकारात्मक पक्षहरू हुन् भनेर बुझाइसकेपछि न्युजप्रिन्टमा लेखिएका संवेगात्मक विकासका विशिष्ट पक्षहरूलाई एक एक गरेर छलफल गराउनुहोस् ।

क्रियाकलाप २ः **संवेगात्मक अभिव्यक्ति (खेल)**

- सहभागीसँग विभिन्न प्रकारका संवेग/भावनाहरू (जस्तैः खुसी, दुःखी वा रिसाएको) का बारेमा खुला कुराकानी गर्ने तथा अभिनय गर्ने गराउने योजना बनाउनुहोस् । क्रियाकलापमा प्रयोग गर्न दृश्य सामग्री/दृश्यपत्तीहरू जस्ता केही सहयोगी सामग्रीहरू तयार पार्नुहोस् । संवेग/भावनाहरूबारे कुराकानी गर्दा वा अभिनयका क्रममा तपाईँले मूल्याङ्कनको क्रियाकलाप गराउनुपर्छ र यसका लागि आवश्यक प्रश्नहरू सोध्न तपाईँले दैनिक रूपमा स्तर मिलाएर सहभागीको समूह छनोट गर्न सक्नुहुन्छ । त्यसरी छनोट भएको प्रत्येक सहभागीलाई निश्चित प्रश्न सोधेपछि बाँकी सहभागीलाई सहभागी गराउँदै यो क्रियाकलाप टुङ्ग्याउनुहोस् र उनीहरूलाई आफ्ना अनुभवजन्य कुराकानी गर्न प्रोत्साहित गर्नुहोस् ।
- सहभागीलाई दृश्यपत्तीहरू देखाउनुहोस् र (एकपटकमा एक जनालाई) सोध्नुहोस् - "यो चित्रमा देखिएको व्यक्तिले कस्तो महसुस गरिरहेको होला ?" एक वा दुई प्रकारका संवेग/भावनाहरू (जस्तैः रिसाएको, खुसी भएको, शोक प्रकट गरेको, आश्चर्य प्रकट गरेको आदि ।) चिनाउनुहोस् ।
- कुनै निश्चित संवेग/भावना प्रस्तुत गर्न चित्रपत्ती छान्नुहोस् । सहभागीलाई छनोट गरिएको चित्रपत्ती देखाउनुहोस्, जस्तैः रिसाएको अनुहारको चित्र । उनले कहिले त्यस्तो महसुस गरेका थिए ? रिसाउनुको कारण के हुनसक्छ ? जस्ता प्रश्नहरू सोध्दै क्रियाकलाप गराउनुहोस् ।
- सहभागीलाई एउटा परिस्थिति देखाउन कुनै चित्रपत्ती छान्नुहोस् । उदाहरणका लागि एउटा भकुन्डोका लागि एक बालिका र एक बालक झगडा गरिरहेको बेला अरू सहभागीले उनीहरूलाई हेरिरहेको चित्र ।
- सहभागीलाई त्यो चित्र पत्ती देखाउनुहोस् र भन्नुहोस् कि ती केटा र केटी भकुन्डोका लागि झगडा गरिरहेका छन् । अब सहभागीलाई सोध्नुहोस्, "चित्रमा भएको (केटा वा केटी) तपाईँ भएको भए तपाईँलाई कस्तो लाग्थ्यो होला ?" अनि त्यसपछि सोध्नुहोस्, "तपाईँलाई त्यस्तो लाग्दा तपाईँ के गर्नुहुन्छ होला ?"

## प्रतिबिम्बन

- संवेगात्मक विकासका पक्षहरू के के हुन् ?
- बालबालिकाको संवेगात्मक विकासका लागि थप के के क्रियाकलापहरू गर्न सकिन्छ ?
- संवेगात्मक विकासका क्रियाकलापबाट कसरी सर्वाङ्गीण विकास हुन्छ ?
- सर्वाङ्गीण विकासका लागि माथि उल्लेख गरेका बाहेक अन्य के कस्ता क्रियाकलाप उपयोगी हुन सक्छन् ? अनुभवका आधारमा भन्नुहोस् ।

# बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**दिन : चौथो** **सत्र : पहिलो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

प्रारम्भिक बालविकासमा बौद्धिक विकासको निकै ठुलो भूमिका रहेको छ। बौद्धिक विकास भन्नाले बालबालिकाको सोच्ने प्रक्रियाहरूको निर्माण हो, जसमा बालबालिकाको सम्झने, समस्या समाधान गर्ने र निर्णय लिने अवस्थाको विकास हुन्छ। यो सत्रमा बालबालिकाको बौद्धिक विकासको परिचय र बौद्धिक सिप तथा सिकाइ प्रक्रियाको बारेमा छलफल तथा अन्तर्क्रिया गरिने छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- बौद्धिक विकासका विशिष्ट पक्षहरू बताउन
- बौद्धिक सिप तथा सिकाइ प्रक्रिया निर्धारण गर्न
- बालबालिकाको बौद्धिक विकासका लागि विभिन्न क्रियाकलापहरू प्रस्तुत गर्न

## मुख्य विषयवस्तु

- बौद्धिक सिप तथा सिकाइ प्रक्रिया

## आवश्यक सामग्री

चित्र कार्डहरू, पजलहरू, डोमिनो, न्युजप्रिन्ट, मार्कर, विभिन्न रङका कागजका टुक्राहरू

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **बौद्धिक सिप (व्यक्तिगत खेल)**

- घटना वा दैनिक क्रियाकलापहरूबारे कुराकानी गर्न सबै सहभागीसँग खुला वा निर्देशित छलफल गर्ने क्रियाकलापको योजना बनाउनुहोस्। उदाहरणका लागि सहभागीको बिहान वा सुत्न जानुअगाडिको दैनिक कार्यतालिकाबारे कुराकानी गर्नुहोस् वा सहभागीसँग एउटा वनभोजको योजना बनाउनुहोस्। विभिन्न प्रकारका घटना/दैनिकीहरूका बारेमा कुराकानी गर्न र यी क्रियाकलाप/दैनिकीहरूको क्रम सहभागीलाई बुझाउन चित्रपत्तीहरू तयार गर्न र प्रयोग गर्न सक्नुहुन्छ।
- यो मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्न ४-५ जना सहभागीको एउटा समूह छनोट गर्नुहोस्। सहभागीलाई (एकपटकमा एक जना) बोलाउनुहोस् र दैनिकी वा कुनै घटनासँग सम्बन्धित ५ ओटासम्म क्रियाकलापहरूका चित्रपत्तीहरू देखाउनुहोस्। सहभागीलाई ती चित्रपत्तीहरू चिन्न र क्रमानुसार मिलाउन लगाउनुहोस्।

क्रियाकलाप २: **वर्गीकरण (खेल)**

- सहजकर्ताले तालिम हलबाहिर एक ओटा नाङ्लो वा भाँडोमा पहेँलो रङका विभिन्न बट्टा वा काठका टुक्रा, अर्को नाङ्लो वा भाँडोमा गोलो आकारका वस्तु वा गोलो गरेर काटेको कागजको टुक्राहरू र तेस्रो नाङ्लो वा भाँडोमा लामो र छोटो जनाउने वस्तु वा काठका लठ्ठीहरू राख्नुहोस्। तीन स्थानमा लगेर राख्नुहोस्।
- सहभागीलाई बाहिरबाट पहिला तयार पारिएको तीन ओटा स्थानबाट प्रत्येक स्थानबाट तीन तीन वस्तु टिप्न लगाउनुहोस् र एक स्थानबाट पुनः एक वस्तु टिप्न लगाउनुहोस्। दशओटा सामग्रीहरू सङ्कलन गर्न लगाउनुहोस्। सङ्कलित सामग्रीहरूलाई आफूअगाडि राख्न लगाउनुहोस्।

- एक एकजना गर्दै सबै सहभागीसम्म पुग्नुहोस् र उनीहरूले गरेका सङ्कलनबाट कुनै एक विशेषताका आधारमा वर्गीकरण गर्न सकिने सामग्रीहरू छान्नुहोस् । उदाहरणका लागि तलका छानिएका सामग्रीहरूमा एउटा विशेषताका आधारमा वर्गीकरण गर्नका लागि हामी सहभागीलाई प्रोत्साहित गर्न सक्छौँ ।
- एउटा निश्चित रङका आधारमा छानिएका सामग्रीहरूको वर्गीकरण गर्न सहभागीलाई लगाउनुहोस् । उदाहरणका लागि पहेँलो रङका आधारमा वस्तुहरूको वर्गीकरण गर्नुहोस् ।
- एक विशेषताका आधारमा सामग्रीको वर्गीकरण गरेपश्चात् सहभागीका लागि अर्को एउटा विशेषतासँग सम्बन्धित सामग्रीहरू थप्नुहोस् ।
- सहभागीलाई रङ र आकारका आधारमा वर्गीकरण गर्न भन्नुहोस् । उदाहरणका लागि सामग्रीहरूको थुप्रोबाट सबै पहेँला र गोलो आकारका सामग्रीहरू वा सबै पहेँला र खस्रो बनोटका सामग्रीहरू वर्गीकरण गर्न सहभागीलाई आग्रह गर्नुहोस् ।
- दुई विशेषताका आधारमा सामग्रीको वर्गीकरण गरेपश्चात् सहभागीका लागि अर्को एउटा विशेषतासँग सम्बन्धित सामग्रीहरू थप्नुहोस् ।
- सहभागीलाई नाप, रङ र आकारका आधारमा वर्गीकरण गर्न भन्नुहोस् । उदाहरणका लागि सामग्रीहरूको थुप्रोबाट सबै ठुला, पहेँला र गोला आकारका सामग्रीहरू वर्गीकरण गर्न सहभागीलाई आग्रह गर्नुहोस् ।

क्रियाकलाप ३ः **वैज्ञानिक खोज**

- ४-५ ओटा मौसमका बारेमा जानकारी दिने चित्रपत्तीहरू देखाउनुहोस् (जस्तैः घाम लागेको, बादल लागेको, हावा चलेको, पानी परेको, हिउँ परेको, मेघ गर्जिएको, वर्षा भइरहेको आदि) ।
- सहभागीलाई ती चित्रपत्तीहरू चिन्न लगाउनुहोस् ।
- विभिन्न प्रकारका मौसमसँग सम्बन्धित केही वस्तुहरू सहभागीको अगाडि राख्नुहोस् (जसले माथिको क्रियाकलापमा कुनै एक मौसम चिन्न सकेका छन्) । उदाहरणका लागि पानी परेको मौसमका लागि छाता, हिउँदका लागि ऊनीका कपडा वा गर्मी मौसमका लागि पङ्खा । पहिलोपटक सामग्री देखाउँदा ती वस्तुहरू सम्बन्धित मौसमको अघि नराख्नुहोस् । वस्तु वा वस्तु भएको चित्रपत्ती छ्यासमिस पारेर राख्नुहोस् ।
- सहभागीलाई वस्तु वा वस्तुका चित्रसँग सम्बन्धित मौसमलाई जोडा मिलाउन लगाउनुहोस् ।

## प्रतिबिम्बन

- यो क्रियाकलापबाट बौद्धिक विकासअन्तर्गत कुन विशिष्ट पक्षको विकास भयो ?
- बौद्धिक विकासकाअन्तर्गत बौद्धिक सिप तथा सिकाइ विकासका लागि अरू थप क्रियाकलापहरू के के हुन सक्छन् ?
- यी क्रियाकलापबाट बौद्धिक विकासका साथै अन्य कुन कुन पक्षको विकासमा सघाउ पुग्छ होला ?

# बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**दिन : चौथो** **सत्र : दोस्रो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

बालबालिकाको बौद्धिक विकासका लागि बालविकास शिक्षकले विभिन्न सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । यस सत्रमा बौद्धिक विकासअन्तर्गत पर्ने वैज्ञानिक खोज, आकाश तथा मौसम र समयको अवधारणाबाट बालबालिकाको बौद्धिक विकास कसरी हुन्छ भन्ने बारेमा छलफल गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- बौद्धिक विकासका विशिष्ट पक्षहरू बताउन
- विभिन्न क्रियाकलापबाट वैज्ञानिक खोज तथा ज्ञानसम्बन्धी सिकाइ प्रक्रियाका बारेमा बताउन
- बालबालिकाको बौद्धिक विकासअन्तर्गतका उपक्षेत्र र विशिष्ट पक्षको विकासको लागि विभिन्न क्रियाकलापहरू प्रस्तुत गर्न
- बालबालिकालाई समयको अवधारणा दिने सिप सिक्न

## मुख्य विषयवस्तु

- बौद्धिक विकासका विशिष्ट पक्षहरू
- विभिन्न क्रियाकलापबाट वैज्ञानिक खोज तथा ज्ञानसम्बन्धी सिकाइ प्रक्रिया
- बालबालिकाको बौद्धिक विकासअन्तर्गतका उपक्षेत्र र विशिष्ट पक्षको विकासको लागि विभिन्न क्रियाकलापहरू
- समयको अवधारणा दिने सिप

## आवश्यक सामग्री

गर्मी, जाडो, पानी पर्दा, घाम लाग्दाको चार्ट, रङ भर्नका लागि विभिन्न मौसम तथा ऋतुमा लगाउने लुगाका चित्रहरू, A4 पेपर, क्रेयन कलर, सूर्य, चन्द्र, तारा र आकाशका चित्र, गीत, बार तथा महिनाको चित्रात्मक दैनिक तालिका, घडी र हिजो

## सहजकर्ताको पूर्वतयारी

- यो सत्र सञ्चालन गर्नुभन्दा पहिले बौद्धिक विकासअन्तर्गतका सबै उपक्षेत्र, विशिष्ट पक्षहरूका बारेमा राम्रोसँग अध्ययन गर्नुहोस् ।
- यस सत्र सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू तयार गरेर (बाकसमा मिलाएर) राख्नुहोस् ।
- वैज्ञानिक खोजका विभिन्न विषयहरू, जस्तै- मौसम, गर्मी, जाडो, पानी पर्दा, घाम लाग्दाका चार्ट, ती मौसममा लगाउने लुगाहरू, आकाश, सूर्य, चन्द्र, ताराका चित्रहरू तयार राख्नुहोस् ।
- यसैगरी A4 साइजमा रङ भर्न र धर्का कोर्न मिल्ने गरी बनाइएका विषयअनुसारका चित्र सहभागीको सङ्ख्याअनुसार तयार गर्नुहोस् ।
- मौसमसम्बन्धी गीत न्युजप्रिन्टमा लेखेर तयार गर्नुहोस् ।
- समयको अवधारणा बुझाउन आवश्यक बार, महिनासम्बन्धी चित्रात्मक दैनिक तालिका, समय सिकाउन घडी, हिजो, आज, भोलि सिकाउन सहभागीअनुसार सामग्री तयार गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **दुरी र दिशा**

- सहभागीहरूलाई "U" आकारमा उभ्याउनुहोस् ।
- यस क्रियाकलापमा सबै सहभागीलाई सहभागी गराउनुहोस् । विविध वस्तुहरूलाई तालिम हलभरि विभिन्न अवस्थामा राख्नुहोस् । उदाहरणका लागि भकुन्डोलाई टेबलको तल, किताबलाई टेबलको माथि, कलमलाई किताबको देब्रे/दाहिने छेउमा राख्नुहोस् ।
- सहभागीलाई (एक पटकमा एक जना) कुनै एक वस्तु कहाँ छ भनी बताउन लगाउनुहोस्, जस्तैः भकुन्डो वा किताब वा कलम कहाँ छ ?
- कुनै स्थान वरिपरि घुम्नका लागि सहभागीसँग एउटा खेलको योजना बनाउनुहोस् । उपलब्ध समयअनुसार सहभागीको एउटा समूह छान्नुहोस् । छानिएका सहभागीसँग यो क्रियाकलाप सञ्चालन गरिरहँदा अन्य सहभागीलाई अवलोकन गर्न र खेलमा सहभागीले त्यस स्थान वरिपरि घुम्दा पूरा गरेका प्रत्येक कदम/दिशामा ताली बजाउन प्रोत्साहित गर्नुहोस् ।
- सहभागीलाई (एक एक गर्दै) निर्देशन दिनुहोस् । सहभागीलाई निर्देशन हुबहु पछ्याउन लगाउनुहोस् । उदाहरणका लागि तपाईँ भन्न सक्नुहुन्छ - "सबैभन्दा पहिला टेबल नजिक जानुहोस्, किताब उठाउनुहोस् अनि त्यसलाई दराजभित्र राख्नुहोस् । अब बाहिर जाउनुहोस् र खेलौना राखिएको बाकसबाट दुई ओटा वस्तुहरू (भकुन्डो वा कलम) ल्याउनुहोस् अनि ती दुवैलाई आल्मारीभित्र राख्नुहोस् । ध्यान दिनुहोस्ः भकुन्डो कलमको देब्रे/दाहिनेतिर हुनुपर्छ ।"

क्रियाकलाप २: **अङ्क/सङ्ख्या**

- निर्धारित समयअनुसार केही सहभागी छान्नुहोस् र यो क्रियाकलाप सञ्चालन गर्नुहोस् । छानिएका सहभागीसँग तपाईँले यो क्रियाकलाप गरिरहँदा अन्य सहभागीलाई अवलोकन गर्न प्रोत्साहित गर्नुहोस् । प्रत्येक सहभागीसँग यो क्रियाकलाप टुङ्ग्याइसकेपछि यी अवधारणा उनीहरूलाई बुझाउन छलफल गर्नुहोस् । तपाईँले बाँकी सहभागीलाई केही ठोस वस्तुहरू उपलब्ध गराउन पनि सक्नुहुन्छ । ती वस्तुहरू गन्न वा सानोबाट ठुलोतिर मिलाउन उनीहरूलाई भन्नुहोस् र प्रत्येकको क्रियाकलाप सकिएपछि ती सहभागीको काम हेर्नुहोस् ।
- सहभागीलाई बियाँ/गट्टा/गुच्चाको २ समूह (प्रत्येक समूहमा फरक फरक सङ्ख्यामा तर १० भन्दा कम) उपलब्ध गराउनुहोस् । सहभागीलाई (एक एकजना गरी) बोलाउनुहोस् र यी दुई समूह देखाउनुहोस् ।



- सहभागीलाई बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह (चित्रमा देखाएअनुसार कुन धेरै कुन थोरै) चिन्न लगाउनुहोस् ।
- सहभागीलाई १० ओटा बियाँ/गट्टा/गुच्चाको समूह दिनुहोस् ।
- सहभागीलाई उनीहरूसँग रहेको बियाँ/गट्टा/गुच्चाबाट पहिले ५ ओटा (पहिले मागेको ५ ओटा फिर्ता गरेपछि ) अर्को पटक ९ ओटा माग्नुहोस् ।
- सहभागीलाई १ देखि १० अङ्क/सङ्ख्याका पत्तीहरू/चार्ट देखाउनुहोस् (अङ्कपत्ती वा चार्ट उपलब्ध नहुँदा ती अङ्कहरूलाई कागजको टुक्रामा लेख्नुहोस्) । सहभागीलाई चार्टमा भएका वस्तुहरू गणना गर्दै सस्वर गणना गर्न लगाउनुहोस् । सहभागीलाई उनीहरूले गनेका बियाँका अगाडि त्यही अङ्क/सङ्ख्या पत्ती वा कागजको टुक्रा राख्न आग्रह गर्नुहोस् ।
- सहभागीका अगाडि १ देखि १० भित्रका तीन/चार ओटा अङ्क/सङ्ख्या राख्नुहोस् (उदाहरणका लागि, २, ३, ५ र ८) । सहभागीलाई तीमध्ये सबैभन्दा सानो र सबैभन्दा ठुलो सङ्ख्या चिन्न लगाउनुहोस् ।

क्रियाकलाप ३ः **कल्पना**

- श्रुतिबोधका लागि एउटा कथा भन्नुहोस् । कथा भनिसकेपछि उनीहरूलाई एक एकजना गरेर कथाका पात्र र घटनाका विषयमा प्रश्नहरू सोध्नुहोस् । सहभागीलाई उनीहरूको कल्पना प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् । उदाहरणका लागि "कथामा पात्रलाई के हुन सक्छ ?" "कुनै पात्रको ठाउँमा तपाईँ भएको भए के गर्नुहुन्थ्यो ?" भनी सोध्नुहोस् ।
- सहभागीलाई माथिको क्रियाकलापमा जवाफ दिएका कथाको अभिनय गर्न वा आफ्नै कथा बनाउन केही सहयोगी सामग्रीहरू (पुरानो कपडा, भाँडाकुँडा, पत्रिका आदि) दिनुहोस् । सहभागीलाई सहयोगी सामग्री प्रयोग गर्न र कथामा आफूलाई मन परेको कुनै पात्रको नक्कल वा अभिनय गर्न लगाउनुहोस् ।

## प्रतिबिम्बन

- वैज्ञानिक खोज/आकाश तथा मौसमसम्बन्धी क्रियाकलापबाट बौद्धिक विकासअन्तर्गत कुन विशिष्ट पक्षको विकास भयो ? भन्नुहोस् ।
- बौद्धिक विकासअन्तर्गत वैज्ञानिक खोज तथा ज्ञानसम्बन्धी सिकाइका लागि अरू थप क्रियाकलापहरू के के हुन सक्छन् ।
- बौद्धिक विकासअन्तर्गत मौसम, ऋतु र आकाशसम्बन्धी आधारभूत जानकारी दिने प्रयोजनका लागि अरू थप क्रियाकलापहरू के के हुन सक्छन् ?
- समयको अवधारणासम्बन्धी क्रियाकलापबाट बौद्धिक विकासका साथै अन्य कुन कुन पक्षको विकास हुन्छ ?

# भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**दिन : चौथो** **सत्र : तेस्रो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

भाषा विकास भन्नाले बालबालिकाको उमेरअनुसार बोल्ने, प्रश्न गर्ने, भनेको कुरा बुझ्ने वा निर्देशन बुझेर त्यसलाई अवलम्बन गर्ने जस्ता क्रियाकलापलाई बुझिन्छ। बालबालिकामा यिनै भाषिक सिपको विकासका लागि बालविकास शिक्षकले गराउनुपर्ने सिकाइ क्रियाकलापहरूका विषयमा यस सत्रमा छलफल गरिने छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- भाषिक विकासको अवधारणा भन्न
- भाषिक विकासका लागि आवश्यक क्रियाकलापहरू तयार गर्न
- विषयवस्तुमा आधारित रही भाषिक विकासका क्रियाकलापको प्रयोग गर्न

## मुख्य विषयवस्तु

- भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

## आवश्यक सामग्री

चित्रपत्ती, शब्दपत्ती, चित्रकथाका पुस्तक, न्युजप्रिन्ट, मार्कर, सादा पाना, पेन्सिल, नाङ्लो

## सहजकर्ताको पूर्वतयारी

- भाषिक विकास हुनेसम्बन्धी क्रियाकलाप गराउन आवश्यक पर्ने चित्र पत्ती, शब्द पत्ती, चित्र कथा पुस्तक तयार गर्नुहोस्।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **मस्तिष्क मन्थन**

- सहभागीहरूको सक्रियताका लागि विषयवस्तुको परिचय गराउँदै मस्तिष्क मन्थन अभ्यासबाट सत्रको सुरु गराउनुहोस्।
- यो सत्रमा सहभागीहरूलाई भाषिक विकासको अवधारणा स्पष्ट पार्न भाषिक विकासका पक्षहरूका बारेमा छलफल गराउनुहोस्।
- सहभागीलाई गोलो घेरामा उभिन लगाउनुहोस्।
- दुई जनालाई अगाडि बोलाउनुहोस् र नाङ्लोमा भएको चित्रपत्ती र शब्दपत्तीमध्येबाट एक एक ओटा टिप्न लगाउनुहोस्। चित्रको नाम भन्न लगाउनुहोस् र टिपेको शब्दपत्तीमा भएको शब्द पढ्न लगाउनुहोस्। चित्र र शब्द मिलेमा उनीहरूलाई बस्न लगाई अर्का २ जनालाई बोलाएर पुनः अघिको प्रक्रिया गराउनुहोस्। यदि चित्रसँग टिपेको शब्द नमिलेमा अर्को जनालाई बोलाई शब्दपत्ती टिप्न लगाउनुहोस् र नमिलेसम्म यो प्रक्रिया जारी गर्नुहोस्।
- यस क्रियाकलापबाट बालबालिकाले के के सिक्ने छन् छलफल गराउनुहोस् र निम्नलिखित बुँदाहरू स्पष्ट पार्नुहोस्।

  भाषिक विकास हुनु भनेको

  - सञ्चार क्षमताको विकास हुनु हो, उनीहरूका सुनाइ क्षमताको विकास भई, अरूले बोलेको कुरा सुन्न र ठिकसँग जवाफ दिन सक्ने हुनु हो।
  - दोहोरो कुराकानी गर्न सक्ने हुनु हो।

- पूर्वपढाइ तथा लेखाइका सिपहरू, जस्तै- चित्र चिन्ने, चित्र हेरेर वर्णन गर्न, चित्र कथा पढ्न तथा चित्र कोर्न, सार्न, रङ भर्न सक्ने आदि हासिल गर्नु हो ।
- एउटा नाङ्लोमा चित्रपत्ती र अर्कोमा शब्दपत्ती मिलाएर राख्नुहोस् ।
- यी क्रियाकलापहरू गर्दा बालबालिकाको अन्य पक्षहरूको पनि विकास हुन्छ भनेर स्पष्ट गर्नुहोस् ।
- यस क्रियाकलापबाट कुन कुन पक्षको विकास हुन्छ र कसरी भनेर छलफल गराउनुहोस् ।

क्रियाकलाप २ः **सुनाइ**

- सबै सहभागीलाई कुनै सामान्य तर रमाइलो कथा सुनाउनुहोस् । यस क्रियाकलापको अर्को स्तरमा जानुअघि यो कथा कम्तीमा २-३ पटक (केही समयभित्रमा) सुनाउनुहोस् ।
- कथा सुनिरहँदा सहभागीले कत्तिको ध्यान दिइरहेका छन् भनेर अवलोकन गर्नुहोस् । उनीहरूको अनुहारको भाव, शारीरिक अभिव्यक्ति, हाउभाउमा ध्यान दिनुहोस् । तपाईंले कथा सुनाउँदा सहभागीले प्रश्न गर्छन् वा ध्यान दिँदैनन्, जस्तैः अरू सहभागीसँग गफ गर्ने वा खेलौनासँग खेल्ने वा अन्य क्रियाकलापमा आफूलाई व्यस्त राख्ने गर्छन् कि हेर्नुहोस् । कथा सुनिरहँदा ध्यान नदिने सहभागी छन् भने सुरुआत चरणमा राख्नुहोस् ।
- कथा सुनाउँदा ध्यान दिने सहभागीलाई छनोट गर्नुहोस् । छनोट भएकामध्ये एकपटकमा एक जनालाई निम्नानुसारका सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू सोध्नुहोस् ः
  - "पात्रको नाम के थियो ?" वा "कथामा कुनै निश्चित काम कसले गऱ्यो ?"
  - सामान्य प्रश्नको जवाफ दिन नसक्ने तर सक्रियतापूर्वक सुन्ने सहभागी छन् भने प्रगति भइरहेका चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
  - सामान्य प्रश्नको जवाफ दिन सक्ने सहभागी छन् भने अर्को बुँदामा रहेको प्रश्न सोध्नुहोस् ।
- सहभागीहरूले तपाईंको पटकपटकको कुराकानीअनुसार कथा र कुराकानी बुझ्छन् । सामान्य र सङ्क्षिप्त उत्तर पनि दिन्छन् । के होला ? कहिले होला ? को होला ? भन्ने प्रतिक्रिया जनाउँछन् । तर जटिल प्रश्नको उत्तर दिन सक्दैनन् भने यस्ता सहभागीहरूलाई अगाडि बढिरहेका चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- सहभागीहरूले तपाईंको पटकपटकको कुराकानीअनुसार कथा र कुराकानी बुझ्ने, जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तैः किन र कसरी) प्रतिक्रिया जनाउन सक्ने सहभागीहरू छन् भने प्राथमिक विद्यालयको लागि तयारी चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् । ती बालबालिकालाई केही जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरू सोध्नुहोस् (जस्तैः "कुनै खास पात्रले किन कुनै काम (कथामा पात्रले गरेको) गऱ्यो ?" वा "पात्रलाई कस्तो लाग्यो होला भन्ने तिमीलाई लाग्छ ?")

क्रियाकलाप ३ः **पूर्व पढाइ**

- सहभागीलाई माथिको तल गरेर (उल्टो पारेर) कथाको किताब दिनुहोस् । सहभागीलाई किताबको आवरण पृष्ठ (गाता) देखाउन भन्नुहोस् । किताबको आवरण पृष्ठ सुल्टो पारेर देखाउन नसक्ने वा पहिलो पाना चिन्ने विद्यार्थी भए 'सुरुआत' चरणमा राख्नुपर्दछ भनी छलफल गर्नुहोस् ।
- किताबको आवरण पृष्ठ सुल्टो पारेर देखाउन सक्ने सहभागीलाई "मैले कथा पढ्न चाहेँ भने कहाँबाट पढ्न सुरु गर्नुपर्छ ?" भनेर सोध्नुहोस् ।
- पहिलो शब्द पढ्नुहोस् र त्यसपछि के पढ्नुपर्छ भनेर सोध्नुहोस् । सहभागी चित्र र पाठबिचको फरक पहिचान गर्न नसक्ने भए फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- सहभागीले चित्र र पाठबिचको फरक पहिचान गरी अब पढ्नुपर्ने भनी पाठ देखाउन सके भने यही विशिष्ट पक्ष/सक्षमतअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।
- किताबको पृष्ठमा भएको लिखित पाठ पढ्नुहोस् ।
- माथिको क्रियाकलापमा पाठलाई चित्रबाट अलग गर्न सकेका सहभागीलाई "म अब के गर्छु ? यहाँबाट कतातिर पढ्दै जान्छु ?" भनेर सोध्नुहोस् ।

- सहभागीले पढ्ने दिशा बताउन सकेनन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
- सहभागीले पढ्ने दिशा बताउन सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

- माथिको क्रियाकलापमा पाठको दिशा बताउन सक्ने सहभागीको अगाडि अक्षरपत्ती/चार्ट राखिदिनुहोस् । सहभागीलाई चार्टबाट ५-६ ओटा अक्षरहरू पहिचान गर्न/चिन्न लगाउनुहोस् । पहिचान गरेका अक्षरहरू सहभागीको अगाडि राख्नुहोस् । अब केही चित्रपत्तीहरू उनीहरूका अगाडि राख्नुहोस् र चित्र चिन्न लगाउनुहोस् । चित्रको पहिलो अक्षरका आधारमा उनीहरूलाई अक्षरपत्ती र चित्रपत्तीको जोडा मिलाउन लगाउनुहोस् ।

क्रियाकलाप ४: **पूर्व लेखाइ**

- प्रत्येक सहभागीलाई कागजको टुक्रा र रङ्गीन सिसाकलम (मोम कलर)/रङ भर्न मिल्ने कलम दिनुहोस् । उनीहरूलाई मन लागेको केही चित्र बनाउन र उनीहरूले के बनाए भन्ने बारेमा केही लेख्न भन्नुहोस् । सहभागीहरूले केरकार पार्छन्, कागजमा आकारहरू कोर्दछन्, देब्रेबाट दाहिनेतिरको दिशा पछ्याउँदै लेखेको जस्तो गर्छन्, आफ्ना चित्रबारे लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्छन् ।
- सहजकर्ताले अन्त्यमा विद्यार्थीको सिकाइ सहजीकरणका लागि बालविकास शिक्षकले पुर्‍याउनुपर्ने सहयोगका बारेमा स्पष्ट पार्नुहोस् ।

## प्रतिबिम्बन

- भाषिक विकास भन्नाले कुन कुन सिपको विकास भएको मानिन्छ ?
- बालबालिकासँग भाषिक विकासका लागि थप के कस्ता क्रियाकलाप गराउन सकिन्छ ?
- भाषिक विकासका क्रियाकलापहरू अन्य विकासका पक्षहरूसँग के कसरी सम्बन्धित हुन्छन् ?
- भाषिक विकासका साथै अन्य पक्षहरूको विकास गर्न थप के कस्ता क्रियाकलापहरू गराउनुपर्छ ?

# सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

| दिन : पाँचौं | सत्र : पहिलो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

नेपालमा मनाइने केही राष्ट्रिय र केही समुदायस्तरका स्थानीय चाडपर्वहरूको विषयमा जानकारी हासिल गराउन, बालबालिकासँग आफ्नो रीति तथा संस्कृतिका विषयमा अन्तरक्रिया गर्न, राष्ट्रियताको सिकाइ क्रियाकलापलाई राष्ट्रिय झण्डाको माध्यमद्वारा सिकाइ गर्न, नक्साको अवधारणा बसाउन र नेपाल देश चिनाउने क्रियाकलाप निर्धारण सम्बन्धमा सहजीकरण गर्ने गरी यस सत्रका क्रियाकलापहरू निर्माण गरिएका छन् ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- परिवार तथा समुदायमा मनाइने चाडपर्वसम्बन्धी क्रियाकलापहरू तर्जुमा गर्न
- सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध पहिचान गर्न
- बालबालिकालाई राष्ट्र र राष्ट्रियताको अवधारणा दिने क्रियाकलाप बनाउन

## मुख्य विषयवस्तु

- परिवार तथा समुदायमा मनाइने चाडपर्वहरू
- राष्ट्र र राष्ट्रियता
- राष्ट्र र राष्ट्रियता (मेरो देश)

## आवश्यक सामग्री

समुदाय र पर्व झल्काउने चित्रहरू, चित्रपत्ती, शब्दपत्ती, चित्रकथाका पुस्तक, न्युजप्रिन्ट, मार्कर, राष्ट्रिय झण्डा, बाकस, झण्डाका रङ नभरेका चित्र, क्रेयन कलर, नेपालको नक्सा, पजल टुक्रा चुन, पिठो

## सहजकर्ताको पूर्वतयारी

- झण्डा र राष्ट्रियता झल्किने सामग्री तयार गर्नुहोस् ।
- राष्ट्र र राष्ट्रियता झल्किने क्रियाकलापहरू अध्ययन गरेर स्पष्ट हुनुहोस् ।
- सत्रका लागि आवश्यक पर्ने गीतहरू न्युजप्रिन्टमा लेखेर तयार गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **परिवार तथा समुदायमा मनाइने चाडपर्वहरू**

- सहभागीहरूलाई समूहमा विभाजन गर्नुहोस् ।
- नेपालमा मनाइने राष्ट्रिय र स्थानीय परिवेशका विभिन्न प्रकारका चाडपर्वहरू झल्कने चित्रहरू भुइँमा घोप्ट्याएर राख्नुहोस् र सहभागीहरूलाई समूहमा टिप्न लगाउनुहोस् ।
- सहभागीहरूलाई समूहगत रूपमा घोप्ट्याएका चित्रहरू पल्टाएर हेर्न र ती कुन चाडपर्व हुन् चिन्न लगाउनुहोस् ।
- त्यो पर्व कुन कुन महिनामा मनाइन्छ ? त्यतिबेला जाडो, गर्मी वा मध्यम कस्तो प्रकारको समय हुन्छ भन्न लगाउनुहोस् ।
- सहभागीहरूलाई चाडपर्व विशेषमा प्रयोग हुने रङ, खाना, पहिरन, आउने पाहुना आदिका विषयमा सङ्क्षिप्त रूपमा भन्न लगाउनुहोस् ।
- सहभागीहरूलाई आआफूले टिपेका चाडपर्व विशेषका कुनै क्रियाकलापका सम्बन्धमा कुनै समूहलाई अभिनय त कुनै समूहलाई हावभावसहित गीत वा कथा प्रस्तुत गर्न लगाउनुहोस् ।
- माथिका क्रियाकलापहरूले कुन कुन क्षेत्र समेट्छन् ? प्रश्न सोधी छलफल गराउनुहोस् ।

क्रियाकलाप २ः **राष्ट्र र राष्ट्रियता**

- आफ्ना बारेमा कुराहरू सुनाउन भनेर सहभागीसँग निर्देशित तथा खुला कुराकानीहरू गर्नुहोस् ।
- सहभागीलाई (एकपटकमा एक जना) उनीहरूको नाम, आमाबुबाको नाम, परिवारका सदस्यहरू साथै उनीहरूको उमेर र लिङ्गबारे बताउन लगाउनुहोस् ।
- चाडबाड वा स्थानीय संस्कृति/सम्पदासँग सम्बन्धित खानाहरूका ४-५ ओटा तस्बिरहरू छान्नुहोस् ।
- सहभागीलाई (माथिको क्रियाकलापमा सूचना दिन सक्नेहरूलाई) ती तस्बिर/चित्रका पत्तीहरू देखाउनुहोस् र ती तस्बिरहरू चिन्न लगाउनुहोस् । अरू सहभागीलाई परिवारिक चित्र (फ्यामली ट्रि), राष्ट्रिय झन्डा वा उनीहरूलाई मन पर्ने चाडबाड वा खानाको चित्र बनाउने जस्ता क्रियाकलाप गर्न प्रोत्साहन दिनुहोस् ।
- सहभागीको देशको/समुदायको राष्ट्र र राष्ट्रियता झल्कने गीत गाउनुहोस् वा बजाउनुहोस् ।
- सहभागीलाई (माथिको क्रियाकलापमा चाडबाड वा खानेकुरा चिन्न सक्नेहरूलाई) सँगसँगै देशको/समुदायको परम्परागत गीत गाउन लगाउनुहोस् र सो गीतलाई निरन्तरता दिन लगाउनुहोस् ।

क्रियाकलाप ३ः **राष्ट्र र राष्ट्रियता (मेरो देश)**

- सहभागीहरूलाई चउरमा दुई दुई लाइनमा उभ्याउनुहोस् ।
- सहभागीहरू उभिएको बाहिरबाहिर पर्ने गरी चारैतिरबाट खरानी वा चुन वा पिठोले नेपालको नक्सा नयाँ नक्साअनुसारको रेखा बनाउनुहोस् ।
- सहभागीहरूलाई रेखा नाघेर बाहिर आउन लगाउनुहोस् । अघि हामी उभिएको ठाउँ कस्तो रहेछ हेरौँ त भनेर बाहिर बोलाई हेर्न लगाउनुहोस् । यो अघि हामी उभिएको ठाउँको नक्सा हो भन्नुहोस् ।
- नेपालको सिङ्गो नक्सा भित्तामा टाँस गर्नुहोस् । हामी सबै मानिसहरू बसेको ठाउँको आकार यस्तो छ भनेर नेपालको नक्सामा देखाउनुहोस् र यो नेपाल हो भन्नुहोस् ।
- हिमालमा बस्नेलाई हिमाली भनिन्छ, पहाडमा बस्नेलाई पहाडी भनिन्छ र तराईमा बस्नेलाई तराईबासी भनिन्छ भने नेपालमा बस्नेलाई के भनिन्छ सोध्नुहोस् र नेपाली भन्न लगाउनुहोस् । हो हामी सबै नेपाली भनेर एउटै स्वरमा भन्न लगाउनुहोस् ।
- तीनओटा बाकसमा नेपालको नक्साको तीन टुक्रा राख्नुहोस् (हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्र) ।
- सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् र एक एक ओटा बाकस दिएर के छ झिक्न लगाउनुहोस् । ती टुक्राहरू जोडेर भित्तामा टाँसेजस्तै आकारको नक्सा बनाउन लगाउनुहोस् ।
- हामी नेपाली भन्ने गीत गाउनुहोस् ।

**"हाम्रो पहिचान"**

'हाम्रो चिनारी साथी'[२]
सगरमाथा हो नि साथी हाम्रो चिनारी
'दौरा सुरुवाल गुन्यूचोलो, भादगाउँले टोपी
नेपालीलाई सुहाएको यही लुगाले हो कि'[२]
हाम्रो ......
जातजातिअनुसारको आफ्नै आफ्नै भेष
अनेकतामा एकता छ नेपाल हाम्रो देश'[२]
हाम्रो .......
'लेकालीले बख्खु लगाउने तराईमा धोती
सारै राम्रो सुहाएको हाम्रो ढाका टोपी'[२]
हाम्रो .......
'कोही हिन्दु कोही बौद्ध आफ्ना आफ्नै धर्म
एकता र मेलमिलाप नेपालीको कर्म'[२]
हाम्रो .......
सगरमाथा .........[३]

- माथि प्रस्तुत गरेको गीतको आधारमा राष्ट्रियताबारे छलफल गर्न लगाउनुहोस् ।

- छलफलको आधारमा सहजकर्ताले राष्ट्रियताको सम्बन्धमा स्पष्ट धारणा दिनुहोस् ।
- राष्ट्र र राष्ट्रियता के के कुराले झल्किन्छ छलफल गर्नुहोस् । राष्ट्रियता भनेको देशभित्र र देशबाहिर जहाँ पनि झल्किन्छ भन्ने कुरा बताउनुहोस् । राष्ट्रियता हाम्रो पहिरन, हामीले बोल्ने बोली, हाम्रो संस्कृतिबाट झल्काउन सकिन्छ भन्ने कुरा स्पष्ट पार्नुहोस् । हामी नेपाली विश्वको जुनसुकै कुनामा बसे पनि हामीले बोल्ने बोली, हाम्रो संस्कृति र हाम्रो पहिरनले हाम्रो राष्ट्रियता झल्की राखेको हुन्छ भन्ने कुरा प्रस्ट पार्नुहोस् ।
- यी क्रियाकलापहरू बालविकासका छ ओटा विकास क्षेत्रसँग कतिको सम्बन्धित रहेछन् ? छलफल गराउनुहोस् ।

## प्रतिबिम्बन

- प्रस्तुत क्रियाकलापहरू तपाईँलाई कस्तो लाग्यो ?
- यस सत्रमा सिकिएका मुख्य मुख्य कुराहरू के के हुन् ?
- यहाँ छलफल भएका बाहेक घरपरिवार तथा समुदायमा मनाइने चाडपर्वका सम्बन्धमा अरू कुनै क्रियाकलाप गराउन सकिन्छ ? कसरी ?
- प्रस्तुत क्रियाकलापहरूबाहेक अरू के के क्रियाकलाप नेपालको राष्ट्रिय झण्डासम्बन्धी क्रियाकलापका लागि उपयुक्त होलान् ? प्रस्तुत गर्नुहोस् ।
- यहाँ गरिएका क्रियाकलापहरूले प्रारम्भिक बालविकास केन्द्रमा गराउने क्रियाकलाप निर्माणमा कतिको सहयोग पुऱ्याउँछ भन्ने लाग्छ ?

# निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका, २०७९ को सूचकसहितको परिचय

| दिन : पाँचौं | सत्र : दोस्रो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, २०६९ मा प्रगति विवरणको साधनले प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका ४८ देखि ६० महिनाभित्रका बालबालिकाको निरन्तर मूल्याङ्कन गर्न सहजीकरण गर्नका लागि निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका तयार गरिएको छ। उक्त स्रोत पुस्तिका प्रयोग सम्बन्धमा यस सत्रमा छलफल गरिने छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ मा परिचित हुन
- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ अनुसारका सूचकको प्रयोग अभ्यास गर्न

## मुख्य विषयवस्तु

- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९
- प्रदर्शन तथा प्रस्तुतीकरण

## आवश्यक सामग्री

विकासका सबै क्षेत्रहरूअन्तर्गतका सूचकहरूको सूची, प्रोजेक्टर, ल्यापटप, न्युजप्रिन्ट, मार्कर, मास्किङ टेप

## पूर्वतयारी

- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ मा भएका सूचकहरू अध्ययन गरेर स्पष्ट हुनुहोस्।
- यस सत्रको लागि आवश्यक पर्ने पावर प्वाइन्ट तयार गर्नुहोस्।
- सबै सहभागीहरूलाई पुग्ने गरी सूचकहरूको छायाप्रति तयार गर्नुहोस्।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ भएकाले सो सामग्री अध्ययन गर्नुहोस्।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ को अध्ययन**

- सहभागीलाई शरीर, मन, समाज, बुद्धि, भाषा, संस्कृति भन्दै सबैलाई ६ समूहमा विभाजन गर्नुहोस्।
- शरीर समूहलाई शारीरिक विकास, मन समूहलाई संवेगात्मक विकास, बुद्धि समूहलाई बौद्धिक, समाज समूहलाई सामाजिक विकास, भाषा समूहलाई भाषिक विकास तथा संस्कृति समूहलाई सांस्कृतिक विकास क्षेत्र, विशिष्ट पक्ष, मानक सूचकहरू र स्तरहरू अध्ययन गर्न लगाउनुहोस्। .
- अध्ययन गरेपछि सबै समूहलाई आआफ्नो बुझाइको प्रस्तुतीकरण गर्न लगाउनुहोस्।

क्रियाकलाप २: **छलफल**

- सहभागीहरूको प्रस्तुतिपछि सबैलाई एउटै समूहमा बसाउनुहोस् ।
- बालबालिका कुन स्तरमा छन् भन्नका लागि मापन गर्नुपर्ने कुरा बताइदिनुहोस्. ।
- यी मानक, सूचक र स्तरहरूअनुसार बालबालिकाको मूल्याङ्कन गर्नुपर्ने कुरा स्पष्ट पारिदिनुहोस् ।.
- बालबालिकाको स्तर मापनपश्चात् बालबालिकाको स्तरअनुसार निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ मा रहेका सिकाइ रणनीतिहरू अपनाउनुपर्छ भनी प्रष्ट पार्नुहोस् ।
- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ को प्रयोग र अपनाउनुपर्ने सिकाइ रणनीतिहरूको सम्बन्धमा थप स्पष्ट पार्नुहोस् ।

## प्रतिबिम्बन

सत्रको अन्तमा सहभागीहरूलाई निम्न प्रश्नहरू सोधेर उनीहरूका बुझाइको अवस्था बारे स्पष्ट हुनुहोस् ।

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरू के के छन् ?
- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ मा कस्ता मानक, सूचक र स्तरहरू रहेका छन् ?
- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ मा रहेका सिकाइ रणनीति किन प्रयोग गर्नुपर्छ ?

# कार्यगत सीमितता भएका बालबालिकाको सिकाइमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको उपयोग

**दिन : पाँचौं** **सत्र : तेस्रो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

कार्यगत सीमितता भनेको आत्म हेरचाह, बुझाइ र भाषाको प्रयोग, सिकाइ, गतिशीलता, आत्मनिर्देशन, स्वतन्त्र जीवनको लागि क्षमतासहित जीवनका प्रमुख गतिविधिको एक वा बढी क्षेत्रमा गतिविधि वा कार्य गर्न दीर्घकालीन असक्षमता हो । बालबालिकामा यस्तो असक्षमता शारीरिक अपाङ्गता, स्नायुसम्बन्धी समस्या वा अन्य अपाङ्गताका कारणले हुन्छ। प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा आउने बालबालिकाको कार्यगत सीमितताको प्रारम्भिक पहिचान गरी सोबमोजिमका सिकाइ रणनीतिहरू तय गर्नुपर्ने हुनाले त्यस्ता कक्षामा सहजीकरण गर्ने बालविकास शिक्षकहरू यसका बारेमा जानकार हुनुपर्दछ । सोही प्रयोजनका लागि यो विषयवस्तु यहाँ राखिएको हो । निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको अनुसूचीमा रहेको कार्यगत सीमिततासम्बन्धी प्रश्नावली ४ वर्ष (४८ महिना) भर्ने अभ्यास यस सत्रमा गरिन्छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- वासिङ्टन समूहको प्रश्नावलीहरूको प्रयोग गरेर बालबालिकाको कार्यगत सीमितता पहिचान गर्ने तरिका थाहा पाउन
- कार्यगत सीमितताको तहबमोजिम बालबालिकाका लागि उपयुक्त क्रियाकलापहरू पहिचान गर्न
- अतिरिक्त आवश्यकता भएका बालबालिकासँग निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू पहिचान गर्न

## मुख्य विषयवस्तु

- वासिङ्टन समूहको प्रश्नावलीमार्फत कार्यगत सीमितताको पहिचान
- कार्यगत सीमितता भएका बालबालिकाका लागि उपयुक्त क्रियाकलापहरू
- अतिरिक्त आवश्यकता भएका बालबालिकासँग निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू

## आवश्यक सामग्री

- वासिङ्टन समूहको कार्यगत सीमितता प्रश्नावली
- स्टिकी नोट्स

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **जोडीमा छलफल गर र भन**

- तलका दुई प्रश्नहरू चार्टपेपरमा लेख्नुहोस्
  १. कार्यगत सीमितता भनेको के हो ?
  २. कार्यगत सीमितताका कारणहरू के के हुन सक्छन् ?
- सहभागीहरूलाई यी प्रश्नहरूका जवाफका लागि जोडीमा छलफल गरि भन्न लगाउनुहोस् ।

- सहभागीहरूको जवाफ सुनिसकेपछि तल बाकसमा दिइएको कुरा देखाउनुहोस् र उनीहरूले दिएका जवाफ मिले नमिलेको छलफल गराउँदै निष्कर्ष बताउनुहोस् ।

विभिन्न किसिमका अपाङ्गताका कारण बालबालिका आफ्ना दैनिक जीवनका क्रियाकलापहरू सहज तरिकाले गर्न सक्दैनन् । त्यसैलाई कार्यगत सीमितता भनिन्छ । कार्यगत सीमितताको मुख्य कारण अपाङ्गता नै हो । त्यस्तो अपाङ्गता शारीरिक, दृष्टिसम्बन्धी, सुनाइसम्बन्धी, श्रवणसम्बन्धी, स्वर र बोलाइसम्बन्धी, मानसिक वा मनोसामाजिकसम्बन्धी, बौद्धिकसम्बन्धी, अटिजम वा जुनसुकै प्रकारको हुन सक्छ ।

क्रियाकलाप २: **मस्तिष्क मन्थन**

- बालबालिकामा रहेको कार्यगत सीमितता कसरी पहिचान गर्न सकिन्छ भनेर सहभागीहरूलाई सोधेर मस्तिष्क मन्थन क्रियाकलाप गराउनुहोस् ।
- केही सहभागीहरूको धारणा सुन्दै तलको बाकसमा रहेको कुरा प्रस्तुत गर्नुहोस् ।

- विश्व स्वास्थ्य सङ्गठनकाअनुसार विश्वको जनसङ्ख्याको करिब १५ प्रतिशत मानिस कुनै न कुनै प्रकारको कार्यगत सीमिततासहित बाँचिरहेका छन्, जसमा २ देखि ४ प्रतिशत गम्भीर अपाङ्गता भएका व्यक्तिहरू छन् ।
- सबै बालबालिकाकासँग आफ्नो क्षमताअनुसार सबै शैक्षिक क्रियाकलापहरूमा सहभागी हुने अधिकार हुन्छ । त्यसैले सम्भावित कार्यगत सीमितता भएका बालबालिकाको पहिचान गरी सिकाइमा सक्दो उत्तम तरिकाले सहभागी गराउनु आवश्यक हुन्छ ।
- बालबालिकाको कार्यगत सीमितताको तह पहिचान गर्नका लागि वासिङ्टन समूहको प्रश्नावली उपयोग गर्ने गरिन्छ । उक्त प्रश्नावलीको प्रयोग गरी गरिने कार्यगत सीमितताको पहिचानले निम्न कुराहरूमा मद्दत गर्छ :
  - बालबालिकालाई सघाउ पुग्ने सिकाइ वातावरण सिर्जना गर्न
  - बालबालिकालाई आवश्यक पर्न सक्ने कुनै पनि सहयोगी सामग्री तथा उपकरणहरू उपलब्ध गराइएको सुनिश्चित गर्न
  - सबै बालबालिकाका आवश्यकताहरू पूरा गर्ने अर्थपूर्ण सिकाइ क्रियाकलापहरूको प्रारूप तयार गर्न
  - सबै बालबालिकालाई सही तहमा सिकाइ क्रियाकलाप गरिएको सुनिश्चित गर्न

- सहभागीहरूलाई तल दिइएको प्रश्नावली दिई आफैं भर्दै अध्ययन गर्न र यी प्रश्नहरूको जवाफका सम्बन्धमा छलफल गराउनुहोस् ।

**छलफलका लागि प्रश्नहरू**

- यी प्रश्नहरू कोसँग सोधिन्छ ?
- यी प्रश्नहरू सोध्नुभन्दा पहिले के के तयारी गर्नुपर्छ ?
- यो (१ ⇨ CF4) भनेको के हो ?
- यो प्रश्नावलीको जवाफ १, २, ३, ४ वा ५ आएमा त्यसको अर्थ के हुन्छ ?

## वासिङ्गटन समूहको कार्यगत सीमितता प्रश्नावली (२ देखि ४ वर्षको)


| सि.नं. | विषय वा प्रश्न | विवरण र जवाफ | कैफियत |
|---|---|---|---|
| **CFD1.** | .............ले हेर्नका लागि चस्मा, प्रयोग गर्दछन् ? | १. गर्छन् २. गर्दैनन् | 2⇨CFD3 |
| **CFD2.** | ................लाई चस्मा, लगाउदा पनि देख्नमा कठिनाइ छ ? | १.कठिनाई छैन २. केही मात्रामा छ<br>३.धेरै मात्रामा छ ४. पटक्कै देख्दैनन् | 1-4 ⇨CFD4 |
| **CFD3.** | ......................लाई देख्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| **CFD4.** | ..................ले श्रवणयन्त्र (हेरिङ एड/सुन्ने मेसिन) प्रयोग गर्दछन् ? | १. गर्छन् २. गर्दैनन् | 2⇨CFD6 |
| **CFD5.** | .................लाई श्रवणयन्त्र (सुन्ने मेसिन) लगाउँदा पनि व्यक्तिको स्वर वा गीतको स्वर सुन्न कठिनाइ छ ? | १. कठिनाइ छैन २.केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सुन्दैनन् | 1-4⇨CFD7 |
| **CFD6.** | ............................लाई सुन्न कठिनाइ छ ? जस्तै व्यक्तिको बोली, सङ्गीतको स्वर | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| **CFD7.** | ..................ले हिँड्नका लागि कुनै प्रकारको सहायक सामग्री प्रयोग गर्दैछन् वा कसैको सहयोग लिएका छन् ? | १. गर्छन् वा पाएका छन्<br>२. गर्दैनन् र पाएका छैनन् | 2⇨CFD10 |
| **CFD8.** | कुनै सहायक सामग्री तथा व्यक्तिगत सहयोग विना ................लाई हिँड्न कठिनाइ छ ? | १ .हिँड्नमा कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| **CFD9.** | कुनै सहायक सामग्री तथा कसैको सहयोगमा ..............लाई हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | 1-4⇨CFD11 |
| **CFD10.** | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ...........लाई हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रमा छ ४. पटक्कै सक्दैनन् | |
| **CFD11.** | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ...........लाई ससाना चिजहरू हातले उठाउन कठिनाइ छ ? | कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| **CFD12.** | ............... सँग कुरा गर्दा उनलाई तपाईँले बोलेको कुरा बुझ्न कठिनाइ छ ? | १ .कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै बुझ्दैनन् | |
| **CFD13.** | जब ........बोल्छन् के तपाईँलाई उनले बोलेको कुरा बुझ्न कठिनाइ छ ? | १ .कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै बुझ्दिैन | |
| **CFD14.** | एउटै उमेरका अन्य समकक्षी बालबालिकालको तुलनामा ................लाई सिक्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| **CFD15.** | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ..............लाई खेल्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| **CFD16.** | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ...................ले अन्य बालबालिका वा व्यक्तिलाई कत्तिको पिटने, टोक्ने, चिमोट्ने गर्दछन् ? | १.कहिले पनि गर्दैनन् २.अरूहरूले जस्तै गर्छन्<br>३.धेरै गर्छन् ४. एकदम धेरै मात्रामा गर्छन् | |

- सहभागीहरूको जवाफ सुन्दै तलको बाकसमा दिइएबमोजिमको निष्कर्ष बताउनुहोस् ।

- यी प्रश्नहरू बालबालिकाको बारेमा पूर्ण जानकार रहेको शिक्षक वा अभिभावक/स्याहारकर्तासँग सोधिन्छ ।
- प्रश्नहरू पहिल्यै अध्ययन गरी अर्थ बुझ्ने गर्नुपर्छ । प्रश्नहरू कति प्रति आवश्यक पर्ने हो पहिल्यै तयार पार्नुपर्छ । प्रश्नहरूको जवाफ दिनका लागि चयन गरिएका व्यक्ति सम्बन्धित बालबालिकासँग पूर्ण रूपमा परिचित रहेको यकिन गर्नुपर्छ । बालबालिकाको अवलोकन गर्न सकिने कुरा पनि सुनिश्चित गर्ने गर्नुपर्छ । प्रश्नहरूको जवाफ दिनका लागि शान्त स्थान छान्नुपर्छ ।
- यदि यो प्रश्नको जवाफ १ आयो भने सोझै CF4 मा रहेको प्रश्न सोध्ने गर्नुपर्छ ।
- यदि सबै क्षेत्रको प्रश्नको जवाफ केही गर्न सक्दैन वा धेरै मात्रामा कठिनाइ छ भन्ने किसिमको आयो र हेराइ, सुनाइ र हिँडाइ क्षेत्रमा केही मात्रामा समस्या छ भन्ने जवाफ आएमा त्यस्ता बालबालिकालाई तह १ का मानिन्छ । तह १ भनेको जटिल सहायता आवश्यक भएका बालबालिका हुन्, जसलाई दैनिक जीवनका सिपहरू सिक्न र विकास गर्नका लागि विभिन्न सहयोगको आवश्यकता पर्छ । यदि दुई वा दुईभन्दा बढी क्षेत्रमा (हेराइ, सुनाइ र हिँडाइ क्षेत्रबाहेक) केही मात्रामा कठिनाइ छ भन्ने खालका जवाफ आएमा त्यस्ता बालबालिकालाई तह २ का मानिन्छ । तह २ भनेको मध्यम कार्यगत सीमितता भएका बालबालिका हुन् जसलाई घर र बालविकास केन्द्रमा केही थप सहयोगको आवश्यता पर्छ । यदि कुनै एक क्षेत्र (हेराइ, सुनाइ र हिँडाइ क्षेत्रबाहेक) को प्रश्नमा केही मात्रामा कठिनाइ छ भने भन्ने खालका जवाफ आएमा त्यस्ता बालबालिकालाई तह ३ को मानिन्छ । तह ३ भनेको सामान्य कार्यगत सीमितता भएका बालबालिका हुन्, जसलाई विशेष सहयोगको आवश्यकता पर्दैन ।

क्रियाकलाप ३: **व्याख्यान**

- सहभागीहरूलाई तल दिइएको चित्र प्रस्तुत गर्नुहोस् र उक्त चित्रले बुझाउन खोजेको कुरा व्याख्या गर्न लगाउनुहोस् ।




- सहभागीहरूले भनेका कुराहरू समेट्दै तह १, २ र ३ को अर्थ र बालविकास शिक्षकले गर्नुपर्ने कुराहरू तलको बाकसमा दिइएको कुरा समेत समावेश गरी निष्कर्ष बताउनुहोस् ।

बालबालिकामा कार्यगत सीमितता छ भन्दैमा बालबालिकालाई मूल्याङ्कन तथा सिकाइ क्रियाकलापबाट अलग गर्नु हुँदैन । माथिको चित्रमा कार्यगत सीमितता भएका बालबालिकालाई कसरी समेट्ने भन्ने साधारण सुझाव दिइएको छ ।

क्रियाकलाप ४ : **समूह कार्य**

- सहभागीहरूलाई उपयुक्त सङ्ख्या हुने गरी समूहमा विभाजन गर्नुहोस् र समूहमा छलफल गरी तल बाकसमा दिइएका ६ समूहका क्रियाकलापहरूका लागि तल दिइएका शीर्षकहरूमध्ये कुन मिल्छ, छान्न भन्नुहोस् ।

**शीर्षकहरू**

१. मनोसामाजिक चुनौती भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू

२. सिकाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू

३. सञ्चार र भाषिक ढिलाइ भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू

४. शारीरिक अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू

५. सुस्त श्रवण भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू

६. दृष्टिविहीन बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू

बाकस १

- कुरा गर्दा सँधै उनीहरूको नाम प्रयोग गर्ने
- दिइने निर्देशन सस्वर सुनाउने र बालबालिकाले गर्नुपर्ने कुरा बताउने
- बस्ने स्थानको उपयुक्त व्यवस्थापन गर्ने र निर्देशन दिँदा उनीहरूको छेउमै जाने
- कक्षाकोठामा राम्रो प्रकाशको व्यवस्था भएको र सबै लेख्य वा चित्रात्मक सामग्रीमा राम्रो रङ संयोजन रहेको सुनिश्चित गर्ने
- सिकाइ स्थलमा अनावश्यक हल्ला हुन नदिने
- धारणाको बुझाइका लागि विभिन्न प्रकारका वास्तविक वस्तुहरू प्रयोग गर्ने
- बालबालिकालाई जानकारी नदिई कक्षाकोठामा कुनै पनि सामग्री यताउता नसार्ने
- आवश्यक परे बालबालिकाको हात वा काँधमा समातेर बाटो देखाउने वा बाटो पत्ता लगाउनका लागि उनीहरूले समात्न सक्ने गरी डोरी टाँग्ने

बाकस २

- दृश्यात्मक वातावरण उपलब्ध गराउन सकेसम्म दृश्य सामग्रीहरूको प्रयोग गर्ने
- दिइने निर्देशनमा चित्रात्मक सामग्री वा कक्षाकोठामा पाइने वास्तविक वस्तुहरूको प्रयोग गर्ने
- दैनिक क्रियाकलापहरूका साथै तिनका चरणहरू प्रस्तुत गर्न दृश्य सामग्रीहरूको उपयोग गर्ने
- बस्ने ठाउँको व्यवस्थापनमा ध्यान दिने र निर्देशन दिँदा बालबालिकाको छेउमै जाने
- सिकाइ स्थलमा अनावश्यक हल्ला हुन नदिने
- निर्देशन दिनुअगावै बालबालिकाको ध्यान आफूतर्फ आकर्षित गर्ने
- कुरा गरिरहँदा बालबालिकालाई तपाईंका ओठ पढ्न दिने, अर्थात सबैले देख्ने ठाउँमा बस्ने

बाकस ३

- बालबालिकालाई घुम्नका लागि खुला ठाउँ रहने गरी कक्षाकोठाको संरचना मिलाउने
- सहज तरिकाले बस्न मिलोस् भन्नाका लागि विविध प्रकारको व्यवस्था, जस्तैः सिरानी गर्ने
- स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकासका लागि विविध प्रकारका क्रियाकलाप गराउने
- आवश्यकताअनुसार बालबालिकाको हात खुट्टा समाई गति र दिशा लिन मद्दत गर्ने

बाकस ४

- निर्देशन दिँदा र नयाँ शब्दहरू सिकाउँदा चित्र र वास्तविक वस्तुहरूको उपयोग गर्ने
- निर्देशन दिने बहुउपायहरू प्रयोग गर्ने
- सङ्केतहरूसँगसँगै सामान्य भाषा र छोटा वाक्यहरू प्रयोग गर्ने
- बालबालिकासँग सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपूर्व र सञ्चालनका क्रममा आँखा जुधाएर कुराकानी गर्ने
- स्पष्ट बोल्ने र आवश्यकताअनुसार निर्देशन दोहोऱ्याउने
- अवलोकन गरेर वा भनेको कुरा दोहोऱ्याउन लगाई बालबालिकाले निर्देशनहरू बुझेको सुनिश्चित गर्ने
- बालबालिकालाई विचार अभिव्यक्त गर्न समय दिने, चित्र देखाएर विचार सङ्केत गर्ने जस्ता बहुउपायहरू प्रस्तुत गर्ने

बाकस ५

- सबै सिकाइ कार्यहरू र निर्देशनहरूलाई ससाना चरणहरूमा विभाजन गर्ने र व्याख्या गर्न चित्रहरूको प्रयोग गर्ने
- बालबालिकाले निर्देशनहरू बुझ्न बुझेको कुरा अवलोकन गरेर वा दोहोऱ्याउन लगाएर सुनिश्चित गर्ने
- बालबालिकाको ध्यान क्रियाकलापमै लगाउन सघाउने
- बालबालिकालाई विभिन्न सिपहरूको अभ्यास गर्न समय दिने
- बालबालिकाको कार्यमा नियमित पृष्ठपोषण गर्ने

बाकस ६

- बालबालिकालाई प्रोत्साहन र सहयोग उपलब्ध गराउने
- असल व्यवहारका लागि बालबालिकालाई धन्यवाद दिने
- अपेक्षित व्यवहारसहित बालबालिकाको नक्कल गर्ने
- बालबालिकाले उनीहरूका काम र तिनका परिणतिहरूबिचको सामान्य सम्बन्ध बुझेको कुरा सुनिश्चित गर्ने र यस्तो कार्य नियमित गराउने
- बालबालिकाको कार्यमा नियमित पृष्ठपोषण गर्ने

क्रियाकलाप ५ : **छलफल**

- सहभागीहरूको समूह छलफलको निष्कर्ष सुनेर तलको बक्समा भएबमोजिमको उत्तर बताउनुहोस् । उत्तरका सम्बन्धमा आवश्यकताअनुसार छोटो छलफल गराउनुहोस् ।

| **बाकस** | **शीर्षक** |
|---|---|
| १. | ६. दृष्टिविहीन बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| २. | ५. सुस्त श्रवण भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ३. | ४. शारीरिक अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ४. | ३. सञ्चार र भाषिक ढिलाइ भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ५. | २. सिकाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ६. | १. मनोसामाजिक चुनौती भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |

क्रियाकलाप ६ : **छलफल**

- सहभागीहरूलाई अतिरिक्त आवश्यकता भएका बालबालिकाको निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू के के हुन सक्छन् भनी सोध्ने र हरेकलाई एउटा तरिका लेख्न लगाउनुहोस् ।
- सहभागीहरूले पहिचान गरेका तरिकाहरू भन्न लगाउँदै तलको बाकसमा भएका तरिकाहरूबाट अतिरिक्त आवश्यकता भएका बालबालिकाको निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू प्रस्तुत गरी ती तरिकाहरू अपनाउन सकिने नसकिने सम्बन्धमा छोटो छलफल गराउनुहोस् ।

- प्रत्येक क्रियाकलापका निर्देशनहरू दोहोऱ्याउने र उनीहरूले बुझे नबुझेको सुनिश्चित गर्ने
- छोटा निर्देशनहरू दिने, निर्देशनहरू दिँदा बहुउपायहरू अपनाउने
- अतिरिक्त समय र अतिरिक्त अभ्यासको मौका दिने
- सहयोगी उपकरणहरू प्रयोग गर्न दिने
- धेरै प्रोत्साहन र सकारात्मक प्रतिक्रियाहरू दिने
- कक्षाकोठाबाहिरका क्रियाकलापका वैकल्पिक उपायहरूको खोजी र उपयोग गर्ने

## प्रतिबिम्बन

- प्रत्येक सहभागीलाई फरक फरक रङका दुईओटा स्टिकी नोटहरू दिनुहोस् । एउटा रङको जस्तै रातोमा उनीहरूले यो सत्रमा सिकेका कुरामध्ये सबैभन्दा रोचक लागेको एउटा कुरा र अर्को रङ जस्तै निलोमा उनीहरूले यो सत्रको विषयवस्तुमा थप जान्नुपर्ने कुरा र सिक्ने तरिकासमेत लेख्न लगाई सङ्कलन गर्नुहोस् ।

# प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फारामको परिचय

**दिन : छैटौं** | **सत्र : पहिलो** | **समय : १ घण्टा ३० मिनेट**

## परिचय

बालबालिकाको शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती, भाषिक विकास, बौद्धिक विकास, सामाजिक विकास, संवेगात्मक विकास, सांस्कृतिक विकास (सर्वाङ्गीण विकास) का साथै उनीहरूले सिकेका ज्ञान तथा सिपको मापन तथा मूल्याङ्कन गर्नु जरुरी छ। पाठ्यक्रमका निर्धारित सिकाइ उपलब्धि हासिल गर्नका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका आधारमा बालबालिकाको मूल्याङ्कन गर्नुपर्छ। यस सत्रमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण) मा भएका १९ ओटा विशिष्ट पक्षको मानक तथा सूचकको मापन गर्ने आधारहरूको बारेमा छलफल गरिने छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- प्रारम्भिक सिकाइ तथा विकासको मापन गर्ने प्रक्रियाबारे स्पष्ट हुन
- बालबालिकाको सिकाइ तथा विकासमा अभिभावकहरूको संलग्नता बढाउने सिप सिक्न

## मुख्य विषयवस्तु

- प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण)

## आवश्यक सामग्री

प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराम (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण), बल तथा अन्य खेल सामग्री

## सहजकर्ताको पूर्वतयारी

- अनुसूची १३ मा भएको 'प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण)' का सूचकहरू अध्ययन गरेर स्पष्ट हुनुहोस् र न्युजप्रिन्टमा लेखेर ल्याउनुहोस्।
- सबै सहभागीहरूलाई पुग्ने गरी प्रगति प्रतिवेदनको फोटोकपी तयार गर्नुहोस्।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **सुरुवाती क्रियाकलाप**

- बालबालिकाले जाने वा जानेनन्, सिके वा सिकेनन् भनेर कसरी थाहा पाउने भनी प्रश्न गर्नुहोस्। यस्तो थाहा पाउने विधिलाई के भनिन्छ ? भनी सोध्नुहोस्। सहभागीले भनेका कुराहरू न्युजप्रिन्टमा सार्दै जानुहोस्।
- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सिकाइलाई मात्र मापन गर्नु हुँदैन उनीहरूको विकासको पक्ष अझै महत्वपूर्ण हुन्छ भनेर स्पष्ट गर्नुहोस्। अगाडिका सत्रमा गरिएका छलफलहरूलाई उदाहरणको रूपमा प्रयोग गर्नुहोस्।

क्रियाकलाप २: **समूह कार्य**

- सहभागीहरूलाई विकासका पक्ष अनुरूपका ६ ओटा समूहमा विभाजन गर्नुहोस्। प्रत्येक समूहलाई आफ्नो समूहको विकास मापनका सूचक के के हुन सक्छन् र कसरी नाप्ने वा मूल्याङ्कन गर्ने भनी छलफल गर्न लगाई न्युजप्रिन्टमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस्।

- यसैगरी दैनिक कार्यतालिका र विषयवस्तुमा आधारित सिकाइसँग विकासका ६ पक्षको सम्बन्ध के छ ? भनी प्रश्न गर्दै स्पष्ट पार्नुहोस् । प्रत्येक क्रियाकलाप गर्दा कसरी सबै पक्षहरूको विकास हुन्छ भनी क्रियाकलाप गरेर छलफल गराउनुहोस् ।

उदाहरणको लागि, दुईजना सहभागीलाई अगाडि बोलाउनुहोस् र बल वा अन्य खेल सामग्री खेल्न दिनुहोस् । अन्य सहभागीलाई यो खेलबाट कुन कुन पक्षको विकास हुन्छ भनी सोध्नुहोस् । यसै गरी के के सिके भन्न लगाउनुहोस् । सहभागीले भनेका कुरालाई थप्दै अझ स्पष्ट गर्नुहोस् ।

अथवा सहभागीलाई ४ वा ५ ओटा समूह बनाई फरक फरक खेल सामग्री दिनुहोस् । ५ मिनेट खेल्न दिनुहोस् र न्युजप्रिन्टमा के खेलियो, के सिकियो र कुन कुन पक्षको विकास भयो लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

- यो सत्रमा सहभागीहरूलाई सिकाइ, विकास तथा मूल्याङ्कन बारे बुझाउन ६ ओटा विकासका पक्षहरूको सहसम्बन्धलाई स्पष्ट पार्नुहोस् ।
- बालबालिकाको सिकाइ तथा विकास किन मापन गर्ने भन्ने बारेमा छलफल गराउनुहोस् ।
- सर्वाङ्गीण विकास हुनु भनेको बालबालिकाको समग्र पक्षहरूको पनि विकास हो भन्दै यी पक्षहरूको मापनका लागि अनुसूची १३ मा भएको 'प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण)' का मानक तथा सूचकहरूका बारेमा स्पष्ट गर्नुहोस् । अनुसूची १४ मा भएको 'बालबालिकाको व्यक्तिगत विवरणको आवश्यकता र तयारी अभ्यास' तथा 'प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन अभ्यास' का विषयवस्तु अध्ययन गर्नुहोस् । ती मानक तथा सूचकका आधारमा बालबालिकाको स्तर पहिचान गरी सुधारात्मक क्रियाकलाप गर्नुपर्ने पक्षको बारेमा बताइदिनुहोस् ।

क्रियाकलाप ३ः **बालबालिकाको सिकाइ तथा विकासमा अभिभावकहरूको संलग्नता**

- बालबालिकाले सिकेका ज्ञान र सिप तथा विकास भएको पक्षहरूलाई कसरी व्यवस्थित गरेर राख्ने, कसरी अभिभावकलाई बुझाउने भन्ने बारेमा छलफल गराउनुहोस् ।
- प्रत्येक तीन महिनामा अभिभावक भेटघाट/बैठक गरेर बालबालिकाको विकास तथा सिकाइको समीक्षा गर्नुपर्ने कुरालाई स्पष्टसँग बताउनुहोस् ।
- प्रत्येक क्रियाकलाप गरी सक्दा बालबालिकाले गर्न सके वा गर्न नसकेको र कुन पक्षमा थप सहयोग आवश्यकता परेको अवलोकन गरी मूल्याङ्कन गर्नुपर्ने कुरालाई विशेष जोड दिनुहोस् । बालबालिकाका हरेक क्रियाकलापलाई निरन्तर सूक्ष्म रूपले अवलोकन गर्नुपर्ने कुरालाई जोड दिनुहोस् ।
- प्रारम्भिक सिकाइ तथा विकास मूल्याङ्कन फाराम दिई सबै सहभागीलाई भर्न लगाउनुहोस् । भरेको फाराम एकअर्को साथीलाई दिई पुनः समीक्षा गर्न लगाउनुहोस् ।
- कुनै सहभागीलाई कतै समस्या परेको भए स्पष्ट पारी समाधान गरिदिनुहोस् ।

## प्रतिबिम्बन

दिइएका प्रश्न सोधी सत्रको मूल्याङ्कन गर्नुहोस् ।

- प्रारम्भिक सिकाइ तथा विकास मूल्याङ्कन किन गर्नुपर्दछ ?
- यो कति कति अवधिमा र कसरी गर्नुपर्छ ?

# दैनिक कार्यतालिकाबारे जानकारी तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित प्रशिक्षकबाट कक्षा प्रदर्शन

**दिन : छैटौं** **सत्र : दोस्रो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ का आधारमा बनेको दैनिक कार्यतालिकालाई प्रयोग गरेर निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ का आधारमा सिकाइ क्रियाकलाप सञ्चालन गर्ने अभ्यासमा यस सत्र केन्द्रित रहेको छ । यसबाट सहभागीहरूमा निर्माणात्मक मूल्याङ्कनका आधारमा दैनिक कार्यतालिका निर्माण र प्रयोग गर्ने ज्ञान र सिपको विकास हुने अपेक्षा राखिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ मा निर्दिष्ट भएअनुसार प्रारम्भिक बालविकास केन्द्रमा हरेक दिन सञ्चालन गरिने न्यूनतम क्रियाकलापहरूको बारेमा यस सत्रमा छलफल गरिने छ। यो सत्रमा बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाका १९ ओटा सूचकहरूमध्ये ६ ओटा सूचकहरूभित्र रहेका विभिन्न सिकाइ क्रियाकलापहरूको नमुना प्रदर्शन गरिने छ। यो अभ्यासबाट सहभागीहरूमा बालबालिकाको स्तर मापन गर्ने सिपको विकास हुने अपेक्षा राखिएको छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- सहभागीहरूलाई विषयवस्तुमा आधारित कक्षा सञ्चालन गर्ने सिप प्रदान गर्न
- दैनिक कार्यतालिकाअनुसार कक्षा सञ्चालनमा अभ्यस्त हुन
- प्रारम्भिक बालविकास केन्द्रको दैनिक कार्यतालिकाबारे परिचित हुन
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ६ ओटा विशिष्ट पक्षहरूका सूचकहरूका क्रियाकलाप गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ६ ओटा विशिष्ट पक्षका सूचकहरूका क्रियाकलापका आधारमा बालबालिकाको स्तर मापन गर्न

## मुख्य विषयवस्तु

- प्रारम्भिक बालविकास केन्द्रको दैनिक कार्यतालिकाबारे जानकारी
- पाठ्यक्रममा आधारित विषयवस्तु, दैनिक कार्यतालिका लेखिएको लिखित चार्ट, विषयवस्तुसँग सम्बन्धित सम्पूर्ण सिकाइ सामग्री जस्तैः डोमिनो, पजल, घडी बोर्ड, मौसम चार्ट, फ्ल्यास कार्ड, न्युजप्रिन्टमा लेखिएको गीतहरू, दैनिक कार्यतालिकाअनुसार प्रशिक्षकबाट कक्षा सञ्चालन
- स्थूल अङ्गको विकासको क्रियाकलाप प्रदर्शन
- सूक्ष्म अङ्गको विकास क्रियाकलाप प्रदर्शन
- व्यक्तिगत सरसफाइ क्रियाकलाप प्रदर्शन
- सुरक्षित अभ्यास क्रियाकलाप प्रदर्शन
- सुनाइ क्रियाकलाप प्रदर्शन
- कल्पना क्रियाकलाप प्रदर्शन

## आवश्यक सामग्री

- प्रारम्भिक बालविकास केन्द्रको दैनिक कार्यतालिका
- चक/खरी र भकुण्डो
- प्वालसहितका दाना वा बोतलको बिर्को/मकैको खोया, तार, खेल्न मिल्ने पिठोको डल्लो, रङ्गीन सिसाकलम
- स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू (प्लेट, सुगन्धित वा दुर्गन्धित, खस्रो वा चिप्लो, विभिन्न किसिमका आवाज आउने बट्टाहरू, स्वादको लागि फरक स्वादका फलफूल, ५ ओटा टोकरी वा सानो भाँडा)
- साबुन, ब्रस, मञ्जन आदिका चित्रपत्ती र ठोस वस्तुहरू
- सुरक्षित अभ्याससम्बन्धी दृश्य सामग्रीहरू, चित्रपत्ती, हाते रुमाल
- कुनै पनि बालकथाको पुस्तक

## सहजकर्ताको पूर्वतयारी

- पाठ्यक्रमका सिकाइ उपलब्धि अध्ययन गर्ने
- मुख्य शीर्षकका उपशीर्षकहरूमध्ये कुनै एक विषय छनोट गर्ने
- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पेज २३ देखि ७७ सम्म अध्ययन गर्ने
- छनौट गरेको विषयको आधारमा नमुना क्रियाकलाप प्रदर्शन गर्नका लागि आवश्यक पर्ने सामग्री तयार गर्ने। जस्तैः घडी बोर्ड, दिन चार्ट, मौसम चार्ट, छिनछिन बाजा, खेल फित्ता, खेल थैली, सिट्टी आदि
- विषयअनुसार गीत, कथा, पोस्टर, कविता, डोमिनो, पजल, फ्ल्यासकार्ड तयार गर्ने

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **दैनिक कार्यतालिकाअनुसार नमुना क्रियाकलाप सञ्चालन**

- दैनिक कार्यतालिकालाई सबैले देख्ने गरी भित्तामा टाँस्नुहोस्।
- सहभागीहरूलाई बालबालिका मानेर दैनिक क्रियाकलाप सञ्चालन गर्नुहोस्।
- प्रत्येक चरणमा ५ ओटा प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड सूचकलाई कार्यान्वयन गर्नुहोस् र सहभागीहरूलाई ५ ओटै पक्षहरू (Domain) एकीकृत रूपमा लागू हुने जानकारी गराउँदै लैजानुहोस्।
- दैनिक क्रियाकलाप गर्दा बालबालिकालाई उठ्ने बस्ने क्रियाकलापको माध्यमबाट सक्रिय गराउनुहोस्।
- दैनिक कार्यतालिकाअनुसार नमुना क्रियाकलाप सञ्चालन गरेर देखाउनुहोस्।


### १.१. सुरुवात

**केन्द्रमा स्वागत, शौचालय जाने, जुत्ता चप्पल उपयुक्त ठाउँमा राख्नुहोस्।**

- सम्पूर्ण सहभागीहरूलाई बालबालिका सम्झनुहोस् र नमस्कार गर्नुहोस्। अभिभावकहरूले पुऱ्याउन आउनु भएको अभिनय गराउनुहोस्। छोटो भलाकुसारी गर्नुहोस्।
- यदि बालबालिकाले टिफिन, ब्याग ल्याएका छन् भने ठिक ठाउँमा मिलाएर राख्ने भन्दै अभिनय गराउनुहोस्।
- सबै सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र भन्नुहोस्, "अब हामी सिकाइ तथा विकास मापदण्डअन्तर्गतको स्थूल अङ्गको विकासभित्रको माथि उल्लिखित सूचक मापन गर्ने मूल्याङ्कन क्रियाकलापको अभ्यास गर्न गइरहेका छौँ।" सुरुआत चरणको मापन गर्नलाई १ नं. भित्र विकल्प १ र विकल्प २ क्रियाकलाप गराउछौँ। प्रगति भइरहेको मापन गर्नका लागि २ नं. गराउछौँ। अगाडि बढिरहेको स्तरमा राख्नका लागि ३ नं. गराउछौँ र प्राथमिक विद्यालयका लागि तयार पनि ३ नं.बाट नै मापन गर्दछौँ। बालबालिकालाई गराउनका लागि निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. २३ र २४ का निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस्। (सहभागीहरूलाई क्रियाकलाप गरिरहँदा एक अथवा दुईजनालाई क्रियाकलाप गर्न नसक्ने अभिनय गर्नको लागि निर्देशन दिनुहोस्ः जस्तै उफ्रन नसक्ने, लड्ने आदि।)

विकल्प १: सहभागीहरूलाई हात समातेर गोलो घेरामा उभिन लगाउनुहोस् । हात तल झार्दै दायाँ हातले बायाँ काँध र बायाँ हातले दायाँ काँधमा छुनुहोस् र सर्तक अवस्थामा उभिनुहोस् । त्यसपछि अगाडि पछाडि गरी उफ्रिएर सहभागीहरूलाई देखाउनुहोस् र उफ्रन लगाउनुहोस् । यो क्रियाकलाप ५ पटक दोहोऱ्याउनुहोस् ।

विकल्प २ : ८ जना सहभागीहरूलाई २ लाइनमा उभ्याउन लगाउनुहोस् । प्रत्येक सहभागीलाई आफू अगााडि ठुलो गोलो घेरा वा आयातकार घेरा बनाउन लगाउनुहोस् र आफूले बनाएको गोलो वा आयातकार घेरा अगाडि उभिन लगाउनुहोस् ।



- उनीहरूलाई दुवै खुट्टा प्रयोग गरी गोलो घेराभित्र अनि त्यसपछि चित्रमा देखाइए जस्तै गरी अर्को गोलो घेरामा उफ्रन लगाउनुहोस् । यी निर्देशनहरू ५ पटक दोहोऱ्याउनुहोस् । उफ्रिने पालो पर्खिरहेका सहभागीहरूलाई गोलो घेराअघि उभिएका र उफ्रिरहेका साथीहरूका लागि ताली बजाउन प्रोत्साहित गर्नुहोस् ।
- सहभागीहरूको अवलोकन गर्नुहोस् । सन्तुलन नगुमाई को उफ्रन सक्यो र को सकेन याद गर्नुहोस् ।
- उफ्रन नसक्ने, लड्ने वा आफ्नो सन्तुलन कायम राख्न नसक्ने सहभागी छन् भने सुरुआत चरणमा राख्नुहोस् । (उफ्रने जस्तो स्थूल अङ्गको क्रियाकलापमा सीमित सन्तुलन सुरुआत अवस्थामा पर्दछ भनी सहभागीहरूलाई प्रष्ट पार्नुहोस् र सहभागीहरूलाई पहिलो मापन स्तर भएको पनि भन्नुहोस् ।)
- नलडी उफ्रन सक्ने र आफ्नो सन्तुलन कायम गर्ने सहभागी छन् भने तल दिइएको २ नं. लाई निरन्तरता दिनुहोस् ।

- भुइँमा ठुलो गोलो घेरा बनाउनुहोस् । गोलो घेराको वरिपरि सबै सहभागीहरूलाई गोलाकारमा उभिन लगाउनुहोस् । सहभागीलाई भुइँमा कोरिएको गोलो घेरा वरिपरि तपाईंको तालीको गतिसँगै छिटो छिटो घुम्न भन्नुहोस् । तपाईंले ताली बजाउन रोकी 'मूर्ति बन' भन्दा उनीहरू जस्तो अवस्थामा छन्, त्यही अवस्थामा रोकिनुपर्ने र फेरि ताली नबज्दासम्म नहल्ली बस्न भन्नुहोस् । यो 'मूर्ति बन' भन्ने क्रियाकलाप पाँचपटकसम्म दोहोऱ्याउनुहोस् ।

❖ सहभागीहरूलाई अवलोकन गर्नुहोस् । पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्न 'को को सक्षम छन् र को को छैनन्' भन्ने याद गर्नुहोस् ।

- ताली बज्न रोकिएपछि वा 'मूर्ति बन' भन्दा पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्न नसक्ने कुनै सहभागी छन् भने उनीहरूलाई सुरुआतमा राख्नुहोस् । (सुरुआत चरणमा स्तर मापन गरिएका सहभागीहरूलाई यस चरणमा अवलोकन नगराउनुहोस् । कति जना सहभागी सुरुआत चरणमा भए गन्ती गर्नुहोस् र टिपोट गर्नुहोस् ।)
- ताली बज्न रोकिएपछि वा 'मूर्ति बन' भन्दा पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्ने बाँकी सहभागीहरूलाई ३ नं.को मा सहभागी गराउनुहोस् । (माथि स्तर मापन भई सकेका सबै सहभागीहरू पनि सहभागी गराउन जरुरी छ तर स्तर मापन नभएका सहभागीहरूलाई मात्र अवलोकन गर्नुहोस् ।)

- गोलो घेराहरू/आयाताकारहरूमध्ये कुनै एउटालाई छान्नुहोस् (त्यसको वरिपरि प्रस्ट रेखा कोर्नुहोस् र त्यो गोलाकार/आयाताकारलाई चिनो लगाउनुहोस् ।)



- पत्रिकाका पाना वा पुराना कागजबाट तयार गरिएको एउटा भकुन्डो (बल) दिनुहोस् ।
- त्यो गोलाकार/आयाताकारबाट तीन चार पाइला पछाडि सहभागीलाई उभिन लगाउनुहोस् ।
- छानिएको गोलाकार/आयाताकारभित्र पर्ने गरी ताकेर भकुन्डो फाल्न सहभागीलाई आग्रह गर्नुहोस् ।

- सहभागीलाई अवलोकन गर्नुहोस् । छानिएको आकारभित्र ताक्न र भकुन्डो फाल्न सहभागी सक्षम छन् कि छैनन् याद गर्नुहोस् ।
- यदि सहभागीहरूले ताली बज्न रोकिएपछि वा 'मूर्ति बन' भन्दा पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्न सक्छन् तर गोलाकारभित्र भकुण्डो फाल्न सक्दैनन् भने उनीहरूलाई अगाडि बढिरहेको अवस्थामा राख्नुहोस् ।
- यदि सहभागीले तोकिएको लक्ष्यमा भकुन्डो फाल्नुका साथै शरीरको सन्तुलन कायम गर्न सहभागी सक्षम छन् भने उनीहरू कक्षा १ का लागि तयार भएको बुझिनुपर्छ ।

- तपाईंको पटकपटकको अवलोकनमा आधारित हुँदा छानिएको गोलाकारमा ताक्न सक्षम हुने सहभागी छन् भने यसलाई कक्षा एकको एकीकृत पाठ्यक्रमअनुसार कक्षा सञ्चालन गर्न सक्षम छन् भने मापन गर्नुहोस् । यसै अनुरूप प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) भर्नुहोस् ।
  - सहभागीहरूलाई लाइन लगाएर पानीको धारामा लगेर सफा गराउने, आआफ्नो रुमालको प्रयोग गराउनुहोस् ।
  - शौचालयमा लाइन लगाएर लैजाने र पालैपालो शौचालयको प्रयोग गर्न लगाउनुहोस् ।

■ **सरसफाइ अवलोकन र आवश्यकताअनुरूप सरसफाइ गरिदिनुहोस् ।**

- सहभागीहरूलाई गोलाकारमा उभ्याउनुहोस् ।
- सहभागीमध्ये एक जनाको नाम लिएर घेराको बिचमा बोलाउनुहोस् र सरसफाइको गीत गाउनुहोस् ।

**सरसफाइको गीत**

मुना बिहान उठ्दछिन्,मुना बिहान उठ्दछिन्,
हात मुख धोएर, बालकेन्द्र आउँदछिन् ।

- त्यसैगरि पालैपालो सहभागीको नाम लिनुहोस् र सरसफाइको गीतमा मिलाउँदै लैजानुहोस् ।

राम बिहान उठ्दछन्, राम बिहान उठ्दछन्,
कपाल कोरी दाँत माँझी बालकेन्द्र आउँदछन् ।
श्याम बिहान उठ्दछन्, श्याम बिहान उठ्दछन्
सफा लुगा लगाएर बालकेन्द्र आउँदछन् ।

नोट : यदि बालबालिका सफा भएर आएका छैनन् भने आवश्यकताअनुरूप सरसफाइ गरिदिनुहोस् भन्ने कुरा सहभागीसँग गर्नुहोस् ।

■ **शिष्टाचार, प्रार्थना, ध्यान गर्ने गराउने**

- सहभागीहरूलाई गोलोघेरामा राखेर प्रार्थना गराउनुहोस् । सबैलाई आँखा बन्द गरी आआफ्नो आस्थाअनुसारका ईश्वरको ध्यान गर्न लगाउनुहोस् ।
- बाल प्रार्थना

उदाहरण:

"हे ईश्वर ! मेरा आँखा खोलिदिनुहोस् । म सत्य देख्न सकूँ ।
हे ईश्वर ! मेरा कान खोलिदिनुहोस् । म सत्य सुन्न सकूँ ।
हे ईश्वर ! मेरो बोली खोलिदिनुहोस् । म सत्य बोल्न सकूँ ।
हे ईश्वर ! मेरो बुद्धि खोलिदिनुहोस् । म सत्य बुझ्न सकूँ ।
सत्य नै ईश्वर, ईश्वर नै प्रेम, म प्रेममा बाँच्न सकूँ ।"

## १.२. केन्द्र प्रवेश/सामाजिकीकरण

- **हाजिरी**


सहभागीहरूलाई लाइनमा लगाउँदै लाइनको गीत गाउँदै नामकार्ड झुण्डाएको स्थानमा लैजानुहोस् र नामकार्ड पल्टाएर "मेरो नाम .......... हो । मेरो चिन्ह ........ हो ।" भन्दै आआफ्नो नाम पल्टाउँदै हाजिरी गर्न लगाउनुहोस् । अनुपस्थित र उपस्थितको जानकारी नामकार्डबाट थाहा पाउन सकिने बनाउनुहोस् ।

**लाइनको गीत**
लाइन लागि हिँडौं न, मिलिजुली जाऔँ न
तिम्रा मेरा पाइलाहरू, सँगसँगै चालौँ न ॥

- **बार, मौसम चार्ट मिलाउने र ती सम्बन्धमा गीत गाउने, खेल खेलाउने वा शिष्टाचार गीत खेल**

  - सबै सहभागीहरूलाई अर्धचन्द्राकारमा राख्नुहोस् र एकजना सहभागीलाई सहभागितामूलक तरिकाबाट नेता बनाउनुहोस् । नेतालाई घडी बोर्ड झिक्न लगाउनुहोस् र सबै मिलेर घडीको गीत गाउनुहोस् ।

**"अहिले कति बज्यो ?"**
सुन सुन साथी हो, घडीले के भन्छ ?
टिक टिक गर्दै समय बताउँछ
छोटो काँटा १० मा, लामो काँटा १२ मा
भन भन साथी हो, अहिले कति बज्यो ?
छोटो काँटा १० मा, लामो काँटा १२ मा
सुन सुन साथी हो, अहिले १० बज्यो ।




(नोट : यो गीत गाउँदाको समयलाई राखेर गाउनुहोस् ।)

  - त्यसपछि सहभागीलाई अर्धगोलाकारमा उभ्याउनुहोस् । नेतालाई घडीबोर्ड राख्न लगाउनुहोस् र बार बोर्ड ल्याउन लगाउनुहोस् र सबै मिलेर सात बारको गीत गाउनुहोस् । नेतालाई बारको बोर्ड राख्न लगाउनुहोस् ।

**"आज के बार हो ?"**
भन भन साथी हो आज के बार ?
सुन सुन साथी हो, आज ...
भन भन साथी हो हिजो के बार ?
सुन सुन साथी हो हिजो ...
भन भन साथी हो भोलि के बार ?
सुन सुन साथी हो भोलि ...

  - पुनः सहभागीहरूलाई अर्धगोलाकारमा बसाउनुहोस् र नेतालाई मौसमको चार्ट ल्याउन लगाउनुहोस् । त्यस पछि नेतालाई बाहिरको मौसम कस्तो छ भनी हेर्न लगाउनुहोस् । जस्तो मौसम छ त्यसैअनुसार सबै मिलेर मौसमको गीत गाउनुहोस् र छलफल गर्नुहोस् ।

**"आज कस्तो मौसम छ ?"**

बाहिर हेर साथी हो, आज कस्तो दिन छ ?
घाम माथि आकाशमा हेर घाम लागेछ
बादल माथि आकाशमा हेर बादल लागेछ
हावा बतास हुरुरु हेर बतास चलेछ
पानी पऱ्यो धरर हेर पानी परेछ ।

- **घेरा समय (साधारण छलफल, अनुभव आदानप्रदान)**
  - सहभागीहरूलाई गोलो घेरामा बसाउनुहोस् र आज हामी के गर्ने भनी छलफल गर्नुहोस् । उनीहरूले के खाएर आए, बाटोमा आउँदा के के देखे जस्ता कुरा गरेर भलाकुसारी गर्नुहोस् ।

## १.३. विषय प्रवेश/योजनाबद्ध सामूहिक क्रियाकलाप

- विषयवस्तु छनौट गर्नुहोस् ।
- यस सत्रमा नमुनाको रूपमा चरा विषयवस्तु लिएकोले सो सम्बन्धमा छलफल चलाउनुहोस् । (प्रशिक्षकले कुनै एक विषयवस्तु छनौट गर्न सक्नु हुनेछ ।)
- पूर्वतयारी गरेको चित्र, पोस्टर राखेर विषयवस्तुको छलफल चलाउनुहोस् ।
- चरा देखेका छौ ? कस्तो हुन्छ ? के गर्छ ? के खान्छ ? कसरी हिँड्छ ? कसरी कराउँछ ?
  (शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिनुहोस्)

### ■ शीर्षकगत गीत/कथा/कविता

**क) गीत**

- सहभागीहरूलाई गोलो घेरामा उभ्याएर चरासम्बन्धी गीत गाउनुहोस् ।

**गीत**

कुखुरी काँ कुखुरी काँ बास्छ भालेले,
क्वाँ क्वाँ क्वाँ क्वाँ गर्छे सानी पोथीले
खोरभित्र बस्नुपर्छ हावा हुरुरु,
हाँस पनि दौडी आयो यतै खुरुरु
चरीचुच्चे चरीहरू उड्छन् भुरुरु,
झरी पर्दा भिजेर काँप्छन् थुरुरु ॥

(लय, ताल, सङ्गीत, ध्वनि, तालमा हाउभाउसहित गीत गाउन लगाउनुहोस् ।)

**ख) कथा (सामग्रीको प्रयोग गर्ने वा हाउभाउसहित स्वर सानो ठुलो बनाएर भन्ने)**

एक दिन कुखुराको भाले र पोथी मिलेर चारो खाँदै थिए । पोथीले बारीतिर डुल्न जाऔँ न भनी । भालेपोथी दुवै बारीतिर डुल्न गए । भालेले हरियो सागलाई चुच्चाले ठुँग्यो । उसले पोथीलाई खाऊ भनेर दियो । भालेले भन्यो, "तिमी अण्डा पार्दैछ्यौ, हाम्रा चल्लाहरू राम्रा हुन्छन्, मकै र धान मात्र नखाऊ, बारीको लट्टे पनि खाऊ ।" त्यहाँ कुवा थियो । हाँस पनि आएर पौडी खेल्न थाल्यो । रूखमा एउटा काग आएर काग काग गर्दै कराउन थाल्यो । "ओहो ! कस्तो कालो काग !" भनेर कुखुरा र हाँस कागलाई गिज्याउँदै हाँस्न थाले । मान्छेले कुखुरा, हाँस कराएको थाहा पाएर डोकोले छोपी दिए । डोकोभित्र थुनिएपछि कुखुरा र हाँस रुन थाले, "लौ न ! डोको हटाइदेऊ, हामीलाई बाहिर निकाल ।" कागले कुखुरा र हाँस रोएको थाहा पायो र आएर डोको हटाई दियो । त्यसपछि हाँस र कुखुराले कागलाई धन्यवाद दिए र काले काग भन्न छोडे । तिमी कस्तो मिल्ने साथी भनेर बोलाउन थाले ।

क्रियाकलाप २ः **सुनाइ**

*(सूचक : बालबालिकाले कुराकानी वा कथाहरू ध्यानपूर्वक सुन्न र सम्बन्धित प्रश्नहरूमा प्रतिक्रिया जनाउन सक्दछन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४० देखि ४१ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

- सबै सहभागीलाई कुनै सामान्य तर रमाइलो कथा सुनाउनुहोस् । यस क्रियाकलापको अर्को स्तरमा जानुअघि यो कथा कम्तीमा २-३ पटक (केही समयभित्रमा) सुनाउनुहोस् ।
    - ❖ कथा सुनिरहँदा सहभागीले कत्तिको ध्यान दिइरहेका छन् भनेर अवलोकन गर्नुहोस् । उनीहरूको अनुहारको भाव, शारीरिक अभिव्यक्ति, हाउभाउमा ध्यान दिनुहोस् । तपाईंले कथा सुनाउँदा सहभागीले प्रश्न गर्छन् वा ध्यान दिँदैनन्, जस्तैः अरू सहभागीसँग गफ गर्ने वा खेलौनासँग खेल्ने वा अन्य क्रियाकलापमा आफूलाई व्यस्त राख्ने गर्छन् कि हेर्नुहोस् ।
        - कथा सुनिरहँदा ध्यान नदिने सहभागी छन् भने सुरुआत चरणमा राख्नुहोस् ।
        - कथा सुनिरहँदा ध्यान दिने सहभागी छन् भने २ नं.लाई निरन्तरता दिनुहोस् ।
- कथा सुनाउँदा ध्यान दिने सहभागीलाई छनोट गर्नुहोस् । छनोट भएकामध्ये एकपटकमा एकजनालाई निम्नानुसारका सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू सोध्नुहोस् ः
    - ❖ "पात्रको नाम के थियो ?" वा "कथामा कुनै निश्चित काम कसले गऱ्यो ?"
        - सामान्य प्रश्नको जवाफ दिन नसक्ने तर सक्रियतापूर्वक सुन्ने सहभागी छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
        - सामान्य प्रश्नको जवाफ दिन सक्ने सहभागी छन् भने अर्को बुँदामा रहेको प्रश्न सोध्नुहोस् ।
        - सहभागीहरूले तपाईंको पटकपटकको कुराकानीअनुसार कथा र कुराकानी बुझ्छन् उत्तर पनि सामान्य र संक्षिप्त उत्तर पनि दिन्छन् जस्तैः "के होला ?, कहिले होला ?, को होला ?" भन्ने प्रतिक्रिया जनाउँछन् तर जटिल प्रश्नको उत्तर दिन सक्दैनन् भने यस्ता सहभागीहरूलाई अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- उक्त सहभागीलाई केही जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरू सोध्नुहोस् (जस्तैः "कुनै खास पात्रले किन कुनै काम (कथामा पात्रले गरेको) गऱ्यो ?" वा "पात्रलाई कस्तो लाग्यो होला भन्ने तिमीलाई लाग्छ ?")
    - सहभागीहरूले तपाईंको पटकपटकको कुराकानीअनुसार कथा र कुराकानी बुझ्ने, जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तैः किन ? र कसरी ?) प्रतिक्रिया जनाउन सक्ने सहभागीहरू छन् भने प्राथमिक विद्यालयको लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - तपाईंको पटकपटकको अवलोकनको आधारमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

क्रियाकलाप ३ः **कल्पना**

*(सूचक : बालबालिकाले आफ्नो कल्पनाशक्ति प्रयोग गरी कथा भन्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ६२ देखि ६३ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

१. श्रुतिबोधका लागि कथा भनिसकेपछि केही सहभागी छान्नुहोस् र उनीहरूलाई (एक-एक जना गरेर) कथाका पात्र र घटनाका विषयमा प्रश्नहरू सोध्नुहोस् । छानिएका सहभागीसँग तपाईंले यो मूल्याङ्कन क्रियाकलाप सञ्चालन गरिरहँदा अन्य सहभागीलाई खेलौना, पुतली, पुरानो कपडा वा पत्रिका जस्ता सहयोगी सामग्रीहरू प्रयोग गरी नक्कल गर्न/काल्पनिक नाटकमा सहभागी हुन प्रोत्साहित गर्नुहोस् । बिचबिचमा उनीहरूसम्म पुग्ने र उनीहरूसँग अन्तरक्रिया गर्ने गर्नुहोस् ।

- छानिएका सहभागीलाई उनीहरूको कल्पना प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् । उदाहरणका लागि- “कथामा पात्रलाई के हुनसक्छ ?” “कुनै पात्रको ठाउँमा तिमी भएको भए के गर्छौ ?” भनी सोध्नुहोस् ।
  - यी कुनै पनि प्रश्नको जवाफ दिन नसक्ने सहभागी छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
  - यीमध्ये कुनै पनि प्रश्नको जवाफ दिन सक्ने सहभागी छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

२. सहभागीलाई (माथिको क्रियाकलापमा जवाफ दिएका) कथाको अभिनय गर्न वा आफ्नै कथा बनाउन केही सहयोगी सामग्रीहरू (पुरानो कपडा, भाँडाकुँडा, पत्रिका आदि) दिनुहोस् ।

- सहभागीलाई सहयोगी सामग्री प्रयोग गर्न र कथामा आफूलाई मन परेको कुनै पात्रको नक्कल वा अभिनय गर्न लगाउनुहोस् ।
  - कथाबाट कुनै पात्र लिएर अभिनय गर्न नसक्ने सहभागी छन् भने फरक प्रकारको विशिष्ट पक्ष/सक्षमताका क्षेत्रहरूअन्तर्गतको अर्को मूल्याङ्कन क्रियाकलापतर्फ अघि बढ्नुहोस् ।
  - कथाबाट कुनै पात्र लिएर अभिनय गर्न सक्ने सहभागी छन् भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।
- माथिको क्रियाकलापमा कथाबाट कुनै पात्र लिएर अभिनय गर्न सक्ने सहभागीलाई आफ्नै कथा बनाउन र अभिनय गर्न लगाउनुहोस् ।
  - तपाईँको पटकपटकको अवलोकनमा आफ्नै कथा बनाउन र अभिनय गर्न नसक्ने सहभागी छन् भने यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा उल्लेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिहरू तयार पार्नुहोस् ।

**कविता**

कुखुराको रङ कालो छ, आँगनमा चर्ने गर्दछ
परेवाले गर्छ घुर्र घुर्र, उडी जान्छ भुर्र भुर्र
सुगा हेर हरियो छ, गोपी कृष्ण कहो भन्दछ
पानीमा खेल्छ हाँस, राम्रो छ यस्को नाच ॥

(उदाहरणका लागि यो कविता लट्ठी वा गोडाको चालमा गर्न लगाउने)

- **शीर्षकगत विषयवस्तुमा छलफल, अनुभव आदानप्रदान, धारणा प्रस्ट्याउने, क्रियाकलापका लागि निर्देशन**
  - विषयवस्तुसम्बन्धी सामूहिक/समूह क्रियाकलाप परिचय गर्नका लागि सहभागीहरूलाई अर्धगोलाकारमा बसाउनुहोस् र आफ्नो घरमा के के जनावरहरू पालेका छन् सोध्नुहोस् । उड्ने र हिँड्ने कुन कुन पक्षीहरू छन् सोध्नुहोस् । चराचुरुङ्गीमध्ये आफूले तयार पारेको कुखुरा, परेवा, सुगा र हाँसको चित्र भएको फ्ल्यास कार्ड, चित्रबोर्ड देखाएर चिन्न, नाम भन्न लगाउनुहोस् । सबैमा समानता र भिन्नताको कुरा गर्नुहोस् ।
  - सहभागीहरूलाई ४ समूहमा विभाजन गरेर काग, परेवा, हाँस र सुगा नाम दिनुहोस् । नाम परेका चराहरूका बारेमा छलफल गराउनुहोस् । त्यसपछि ती चराहरूको आवाज निकाल्न लाउनुहोस् ।
  - प्रत्येक समूहलाई आफ्नो समूहलाई परेको चराको बारेमा भन्न लगाउनुहोस् । कुन चराले के खान्छ, कहाँ बस्छ, कुन रङको छ, कसरी हिँड्छ बताउन लगाउनुहोस् । चराको कति ओटा खुट्टा छ ? हात कति ओटा छ वा छैन, आँखा कति ओटा छ जस्ता कुराको छलफल गर्नुहोस् ।
  - हाँस, परेवा, कुखुरा र सुगाको अक्षर कति ओटा छन् र पहिलो अक्षर के हो, चराहरूको पहिलो अक्षरबाट अरू कुन कुन चरा वा मान्छे ककसको नाम आउँछ छलफल गर्नुहोस् ।

- **स–साना समूह बनाई सिकाइ क्षेत्रको क्रियाकलाप**
  - सहभागीहरूलाई ६ ओटा समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई भाषा सिकाइ क्षेत्रमा, दोस्रो समूहलाई गणित, तेस्रोलाई विज्ञान, चौथोलाई सिर्जनात्मक, पाँचौँलाई निर्माण र छटौँ समूहलाई अभिनय सिकाइ क्षेत्रमा स्वतन्त्र रूपमा खेल्न पठाउनुहोस् । छिन छिन बाजा बजाएर पालैपालो सबै सिकाइक्षेत्रमा सहभागीलाई खेल्न लगाउनुहोस् ।
  - सबै सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र भन्नुहोस्, ''अब हामी सिकाइ तथा विकास मापदण्ड अन्तर्गतको सूक्ष्म अङ्गको विकासभित्रको माथि उल्लिखित सूचक मापन गर्ने मूल्याङ्कन क्रियाकलापको अभ्यास गर्न गइरहेका छौँ ।'' सुरुआत चरणको मापन गर्नलाई १ नं. गराउछौँ । प्रगति भइरहेको मापन गर्नका लागि २ नं. गराउछौँ । अगाडि बढिरहेको स्तरमा राख्नका लागि ३ नं. गराउछौँ र प्राथमिक विद्यालयका लागि तयार पनि ३ नं. बाट नै मापन गर्दछौँ । बालबालिकालाई गराउनका लागि निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. २७ र २८ का निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् । (सहभागीहरूलाई क्रियाकलाप गरिरहँदा एक अथवा दुई जनालाई क्रियाकलाप गर्न नसक्ने अभिनय गर्नको लागि निर्देशन दिनुहोस्ः जस्तै माला उन्न नसक्ने, माटोको सामान बनाउन नसक्ने आदि ।)

१. प्रत्येक सहभागीलाई ८ देखि १० ओटा मध्यम आकारका प्वालसहितका दाना/गोटी वा बोतलको बिर्को/मकैको खोया दिनुहोस् र तिनलाई डोरीमा उन्न भन्नुहोस् ।
  - सहभागीलाई अवलोकन गर्नुहोस् । कसले गोटीहरू तारमा उन्न सके र कसले सकेनन् भन्ने याद गर्नुहोस् ।
    - तारमा गोटीहरू उन्न नसक्ने सहभागी छन् भने “सूक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको सीमित समन्वय” सुरुआत अवस्थामा पर्दछ भनी सहभागीहरूलाई प्रष्ट पार्नुहोस् र सहभागीहरूलाई पहिलो मापन स्तर भएको पनि भन्नुहोस् ।)
    - तारमा गोटीहरू उन्न सक्ने सहभागी छन् भने २ नं. मा सहभागी गराउनुहोस् ।

२. सहभागीलाई खेल्न मिल्ने पिठोको डल्लो वा लेसिलो माटो दिनुहोस् । माथिको क्रियाकलापमा तारमा गोटीहरू उन्न सक्षम सहभागीलाई त्यो पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी कुनै पनि ३/४ ओटा आकार वा वस्तुहरू बनाउन भन्नुहोस् । बाँकी सहभागीलाई पिठोको डल्लो वा लेसिलो माटोसँग उनीहरूले चाहेअनुसार खेल्न र त्यसलाई चलाएर हेर्न छोडिदिनुहोस् ।
  - सहभागीलाई अवलोकन गर्नुहोस् । कसले पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी ३/४ ओटा आकार वा वस्तु बनाउन सक्यो र कसले सकेन भन्ने याद गर्नुहोस् ।
    - ३/४ ओटा आकार बनाउन नसक्ने सहभागी छन् भने “सूक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको समन्वय” प्रगति भइरहेको अवस्थामा राख्नुहोस् ।
    - पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी ३/४ ओटा आकार वा वस्तु बनाउन सक्ने सहभागी छन् भने ३ नं. मा सहभागी गराउनुहोस् ।

३. माथिको क्रियाकलापमा ३/४ ओटा आकार वा वस्तु बनाउन सकेका सहभागीलाई एउटा आकार उपलब्ध गराउनुहोस् र त्यस आकारको रेखाभित्र मात्र पर्ने गरी रङ भर्न लगाउनुहोस् । अरू सहभागीलाई स्वतन्त्र चित्र बनाउन वा विभिन्न साना टुक्रा वस्तुहरू राखेर आकृति बनाउने क्रियाकलाप (विभिन्न आकार वा वस्तुको आकृति बनाउन साना ढुङ्गाहरू मिलाएर राख्ने) गर्न दिनुहोस् ।
  - सहभागीलाई अवलोकन गर्नुहोस् र दिइएको आकारको भित्र मात्र पर्ने गरी रङ भर्न कसले सक्यो र कसले सकेन भनेर याद गर्नुहोस् ।
  - तपाईंको पटकपटकको अवलोकनमा दिइएको आकारभित्र रङ भर्न सक्षम नभएका सहभागी छन् भने “जोड्न तोड्न मिल्ने वस्तुहरू चलाइरहँदा साना मांसपेशीहरूको समन्वय कायम” अगाडि बढिरहेको स्तरमा राखेको प्रष्ट पार्नुहोस् ।

- तपाईँको पटकपटकको अवलोकनमा दिइएको आकारभित्र रङ भर्न सक्षम भएका सहभागी छन् भने "साना गोटीहरू उन्ने, तुना बाँध्ने, रेखाभित्र रङ भर्ने र सबै आकारका वस्तुहरूको तह मिलाउने जस्ता मांसपेशीसँग सम्बन्धित विविध क्रियाकलापहरूका क्रममा राम्रो नियन्त्रण र  समन्वय कायम" (प्राथमिक विद्यालयका लागि तयार) स्तरमा राखेको कुरा प्रष्ट पार्नुहोस् ।
    - यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिको योजना बनाउनुहोस् ।

क्रियाकलाप ४: **सुरक्षित अभ्यास**

*(सूचक : बालबालिकाले हाच्छिउँ गर्दा र खोक्दा आफ्नो नाक र मुख छोप्ने, धारिला वस्तुहरू छुनबाट टाढा रहने जस्ता सुरक्षित व्यवहार वा अभ्यास प्रदर्शन गर्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ३८ मा रहेको निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुँदैन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकनपश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकाले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

- सहभागीलाई दिनभरि अवलोकन गर्नुहोस् र उनीहरूले हाच्छिउँ गर्दा नाक र मुख छोप्ने, छुरी, बिजुलीका तार, आगो जस्ता हानिकारक वा धारिला वस्तुहरूबाट टाढा रहने जस्ता विभिन्न सुरक्षित अभ्यासहरू कसरी प्रदर्शन गर्छन् भन्ने याद गर्नुहोस् । सम्पूर्ण सहभागीमध्ये व्यक्तिगत सरसफाइ सिपहरूसम्बन्धी अवलोकनका लागि तपाईँले ५-६ जना सहभागीहरूको समूह छान्न सक्नुहुन्छ ।
- सुरक्षित अभ्यास प्रदर्शन गर्न नसक्ने सहभागीहरू छन् भने सुरुआत चरणमा राख्नुहोस् ।
- कसैको सहयोगमा मात्र सुरक्षित अभ्यास प्रदर्शन गर्न सक्ने सहभागीहरू छन् भने प्रगति भइरहको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- कहिलेकाहीँ मात्र सुरक्षित अभ्यासहरू स्वतन्त्र ढङ्गले पालना गर्न सक्ने सहभागीहरू छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- अधिकांश समय आफैँ सुरक्षित अभ्यासहरू पालना गर्न सक्ने सहभागीहरू छन् भने प्राथमिक विद्यालयको लागि तयार चरणमा राख्नुहोस् ।
- बहुपक्षीय अवलोकनमा आधारित भएर प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेख राख्नुहोस् ।

- **क्रियाकलापको पुनवरालोकन र थप आवश्यक सहयोग र निर्देशन**
    - सहभागीहरूलाई पुनः गोलो घेरामा बसाउने र के के खेल्यौ, के सिक्यौ, क-कसले के के बनायौ भनि विषय बुझाइसम्बन्धी छलफल गर्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**विषय पुनरावलोकन**

- सहभागीहरू सबैलाई आफ्नो ठाउँमा बस्न भन्नुहोस् । दैनिक कायतालिकाअनुसार कक्षा सञ्चालन गर्दा कस्तो लाग्यो, केही नयाँ क्रियाकलाप थियो कि ? वा यसरी कक्षा सञ्चालन गर्न सहज, अप्ठ्यारो कस्तो हुन्छ भनेर प्रश्न गर्नुहोस् । सहभागीहरूका प्रतिक्रिया, सुझाव सुन्नुहोस् ।
- दैनिक क्रियाकलापले प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड सूचक वा प्रगति प्रतिवेदनका सूचकहरू पूरा गर्न सहयोग गर्छ वा गर्दैन ? अरू थप के के गर्नुपर्ला छलफल गर्नुहोस् ।
- माथि गरिएका क्रियाकलापहरूले बालबालिकाको कुन कुन पक्षको विकास कसरी हुन्छ र के के कुरा सिक्न सक्छन् भनेर सबै सहभागीहरूलाई एक एक गरेर भन्न लगाउनुहोस् । आफूले थप स्पष्ट पारी दिनुहोस् ।

- पालो पर्खने बानीको विकास, संस्कार र धैर्यताको सिप सिक्ने
- बौद्धिक/सामाजिक/संवेगात्मक/शारीरिक विकास हुने
- प्रार्थनाबाट आध्यात्मिक भावनाको विकास हुने
- सामूहिकताको भावना उत्पन्न हुने, सामाजिक विकास र सांस्कृतिक विकास हुने
- ध्वनि सम्प्रेषण, ध्वनि श्रवण, वर्गीकरण ज्ञान, सङ्ख्यात्मक ज्ञान, भाषा, गणित र विज्ञानको ज्ञान हुने
- बारको नाम, समयको ज्ञान, घाम, पानी हावा, हुरीबाट मौसम विज्ञानसम्बन्धी ज्ञान हुने

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुँदैन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकनपश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकाले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

- सहभागीले स्वतन्त्र रूपमा आफैँ आधारभूत स्वावलम्बन सिपहरू (शौचालय जाने, खाना खाने, खानाअघि र शौचालयपछि हात धुने आदि) प्रदर्शन गरिरहँदा उनीहरूलाई दिनभरि नै अवलोकन गरिरहनुहोस् । सम्पूर्ण सहभागीमध्ये व्यक्तिगत सरसफाइ सिपहरूसम्बन्धी अवलोकनका लागि तपाईँले ५-६ जना सहभागीको समूह छान्न सक्नुहुन्छ ।
- आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न नसक्ने सहभागीहरू छन् भने सुरुआत चरणमा राख्नुहोस् भनी छलफल गर्नुहोस् ।
- कसैको सहयोगमा आधारभूत स्वाबलम्बन सिपहरू प्रर्दशन गर्न सक्ने सहभागीहरू छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् भनी छलफल गर्नुहोस् ।
- २-३ ओटा आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने सहभागीहरू छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् भनी छलफल गर्नुहोस् ।
- अधिकांश वा सबै आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने सहभागीहरू छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् भनी छलफल गर्नुहोस् ।
- बहुपक्षीय अवलोकनमा आधारित भएर प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेख राख्नुहोस् ।

## प्रतिबिम्बन

देहायका प्रश्न सोधी सत्रको मूल्याङ्कन गर्नुहोस् :

- विषयवस्तुलाई दैनिक क्रियाकलापअनुसार प्रस्तुत गर्न के के कुरामा ध्यान दिनुपर्दछ ?
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड सूचकसँग दैनिक क्रियाकलापलाई कसरी सम्बन्धित गर्ने ? यसको लागि कुन कुन कुरामा विशेष ध्यान दिनु पर्दछ ? दैनिक क्रियाकलापका चरणहरू के के हुन् ?
- दैनिक कार्ययोजना निर्माण गर्न के के विषयमा ध्यान दिनु पर्दछ ?
- यी क्रियाकलापले प्रगति विवरणका सूचकहरू भर्न कसरी सहयोग पुऱ्याउँछ ?
- दैनिक कार्यतालिकाअनुसार कक्षा सञ्चालन गरेपछि ६ ओटै पक्षहरूको विकास कसरी हुन सक्छ ?
- प्रारम्भिक बालविकास केन्द्रको दैनिक कार्यतालिका बनाउन कस्तो लाग्यो ? सजिलो वा अप्ठ्यारो ? किन ?
- दैनिक कार्यतालिकाअनुसार क्रियाकलाप गराउँदा के फाइदा छ ?
- के तपाईँ पनि दैनिक कार्यतालिकाअनुसार क्रियाकलाप गराउन सक्नुहोला त ?
- सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र माथि गरिएका क्रियाकलापअनुसार स्तर मापन गर्न सक्ने नसक्ने मेटाकार्डमा लेख्न लगाउनुहोस् ।

## पठन सामग्री

- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. २३ देखि ४२ सम्म गहन अध्ययन गर्नुहोस् ।

# प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन

| दिन : छैटौं | सत्र : तेस्रो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

यो सत्रमा बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको १९ ओटा सूचकहरूमध्ये ६ ओटा सूचकहरूभित्र रहेका विभिन्न सिकाइ क्रियाकलापहरूको नमुना प्रदर्शन गरिने छ। यो अभ्यासबाट सहभागीहरूमा बालबालिकाको स्तर मापन गर्ने सिपको विकास हुने अपेक्षा राखिएको छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ६ ओटा विशिष्ट पक्षहरूका सूचकहरूका क्रियाकलाप गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ६ ओटा विशिष्ट पक्षका सूचकहरूका क्रियाकलापका आधारमा बालबालिकाको स्तर मापन गर्न

## मुख्य विषयवस्तु

- अङ्क/सङ्ख्याको क्रियाकलाप प्रदर्शन
- जीवनोपयोगी सिपहरू क्रियाकलाप प्रदर्शन
- सामाजिक व्यवहार क्रियाकलाप प्रदर्शन
- संवेगात्मक अभिव्यक्ति क्रियाकलाप प्रदर्शन
- संवेगात्मक सुरक्षा र आत्मविश्वास क्रियाकलाप प्रदर्शन
- राष्ट्र र राष्ट्रियता क्रियाकलाप प्रदर्शन

## आवश्यक सामग्री

- २० ओटा बियाँ/गट्टा/गुच्चा साथै १ देखि १० सम्मका अङ्क/सङ्ख्याका पत्तीहरू/चार्ट (कागजको सानो टुक्रामा अङ्क/सङ्ख्या लेख्नुहोस्)
- सहयोगी सामग्री/प्रप्स (पुरानो कपडा, भाँडा, पत्रिका जस्ता सामग्री)
- पजल तथा खेलका लागि प्रयोग गरिने खेलअनुसारका सामग्री
- विभिन्न प्रकारका संवेग झल्काउने चित्र तथा दृश्यपत्तीहरू
- चित्र, चित्रकथा र कथा
- राष्ट्रिय झन्डा, चाडबाडका चित्र, पारिवारिक तथा स्थानीय संस्कृतिसँग सम्बन्धित खानेकुराहरू

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **अङ्क/सङ्ख्या**

*(सूचक : बालबालिकाले १ देखि १० सम्मका सङ्ख्याको अवधारणा प्रस्तुत गर्दछन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५८ देखि ५९ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नहोस् ।)

- निर्धारित समयअनुसार केही सहभागी छान्नुहोस् र यो क्रियाकलाप सञ्चालन गर्नुहोस् । छानिएका सहभागीसँग तपाईँले यो क्रियाकलाप गरिरहँदा अन्य सहभागीलाई अवलोकन गर्न प्रोत्साहित गर्नुहोस् । प्रत्येक सहभागीसँग यो क्रियाकलाप

टुङ्ग्याइसकेपछि यी अवधारणा उनीहरूलाई बुझाउन छलफल गर्नुहोस् । तपाईँले बाँकी सहभागीलाई केही ठोस वस्तुहरू उपलब्ध गराउन पनि सक्नुहुन्छ । ती वस्तुहरू गन्न वा सानोबाट ठुलोतिर मिलाउन उनीहरूलाई भन्नुहोस् र प्रत्येकको क्रियाकलाप सकिएपछि ती सहभागीको काम हेर्नुहोस् ।



- सहभागीलाई बियाँ/गट्टा/गुच्चाको २ समूह (प्रत्येक समूहमा फरक फरक सङ्ख्यामा तर १० भन्दा कम) उपलब्ध गराउनुहोस् । सहभागीलाई (एक-एक जना गरी) बोलाउनुहोस् र यी दुई समूह देखाउनुहोस् ।
- सहभागीलाई बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह (चित्रमा देखाएअनुसार कुन धेरै कुन थोरै) चिन्न लगाउनुहोस् ।
    - सहभागीले बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्न सकेनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सहभागीले बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्न सके भने ३ नं. अपनाउनुहोस् ।
- (माथिको क्रियाकलापमा बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्ने) सहभागीलाई १० ओटा बियाँ/गट्टा/गुच्चाको समूह दिनुहोस् ।
- सहभागीलाई उनीहरूसँग रहेको बियाँ/गट्टा/गुच्चाबाट पहिले ५ ओटा (पहिले मागेको ५ ओटा फिर्ता गरेपछि) अर्कोपटक ९ ओटा माग्नुहोस् ।
- सहभागीले गलत सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा दिए भने पनि सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- सहभागीले सही सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा दिए भने ४ नं. गराउनुहोस् ।
- माथिको क्रियाकलापमा सही जवाफ दिएका सहभागीलाई १ देखि १० अङ्क/सङ्ख्याका पत्तीहरू/चार्ट देखाउनुहोस् (अङ्कपत्ती वा चार्ट उपलब्ध नहुँदा ती अङ्कहरूलाई कागजको टुक्रामा लेख्नुहोस्) ।
    - सहभागीलाई चार्टमा भएका वस्तुहरू गणना गर्दै सस्वर गणना गर्न लगाउनुहोस् ।
    - सहभागीलाई उनीहरूले गनेका बियाँका अगाडि त्यही अङ्क/सङ्ख्या पत्ती वा कागजको टुक्रा राख्न आग्रह गर्नुहोस् ।
    - सहभागीले सही जवाफ दिए/मिलाए भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- माथि गराइएको क्रियाकलापमा सही जवाफ दिएका/मिलाएका सहभागीका अगाडि १ देखि १० भित्रका तीन/चार ओटा अङ्क/सङ्ख्या राख्नुहोस् । (उदाहरणका लागि, २, ३, ५ र ८) ।
    - सहभागीलाई तीमध्ये सबैभन्दा सानो र सबैभन्दा ठुलो सङ्ख्या चिन्न लगाउनुहोस् ।
    - अङ्क पत्तीहरू पढ्न सक्छन् र गनेका जोडाहरू मिलाउन सक्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - एकपटक देखाएका अङ्कहरूमध्ये सबैभन्दा साना र ठुला अङ्कहरू चिन्दछन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेखीकरण गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरूको योजना बनाउनुहोस् ।

क्रियाकलाप २: **जीवनोपयोगी सिपहरू**

*(सूचक : बालबालिकाले विभिन्न समूहगत कार्यहरूमा सहभागिता जनाउन सक्छन्, उदाहरणका लागि - समूहमा पजलहरूको समाधान खोज्ने, छलफल गर्ने, अभिनय गर्ने र खेलहरू खेल्ने ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ६५ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुदैन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकनपश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकोले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

- तपाईँले सहभागीहरूलाई स्वतन्त्र वा निर्देशित खेल जस्ता विविध खेल क्रियाकलापहरू गराउँदा सहभागीलाई अवलोकन गर्नुहोस् । साथै खेल समयमा कसले अन्तर्क्रिया गरिरहेको छ र कसले छैन याद गर्नुहोस् ।
    - सहभागीहरू अरुको छेउमा वा नजिक खेल्छन् तर अरुसँग खेल्दैनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - अरुसँग खेल्न थाल्छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - संयुक्त रूपमा केही बनाउन वा सिर्जना गर्न सहभागीहरू अरुसँग खेल्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - नियमसहितका खेलहरूमा अरु सहभागीसँग सहभागी हुन्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू तयार पार्नुहोस् ।

क्रियाकलाप ३: **सामाजिक व्यवहार**

*(सूचक : बालबालिकाले सुरक्षित परिस्थितिमा परिचित र अपरिचित वयस्कहरूलाई अभिवादन गर्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ६७ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुदैन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकनपश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकोले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

- यस क्रियाकलापको लागि ४-५ जना सहभागीहरूलाई अवलोकन सूचीमा राख्नुहोस् । उनीहरूले तालिम हलमा प्रवेश गर्दा वा कोही आउँदा कसरी अभिवादन गर्छन् भन्ने आधारमा मूल्याङ्कन गर्नुहोस् । जस्तै :
    - परिचित वयस्यकलाई हाउभाउसहित अभिवादन गर्दछन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - केही निश्चित वयस्कहरूलाई अभिवादन गर्न हाउभाउ वा मौखिक प्रतिक्रिया प्रयोग गर्दछन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - परिचित र अपरिचित वयस्यकलाई अभिवादन गर्दछन् र त्यसका लागि उनीहरूलाई केहिलेकाहीँ सम्झाउनु पर्छ भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - आफैँ परिचित र अपरिचित वयस्यकलाई अभिवादन गर्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेख राख्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

क्रियाकलाप ४: **संवेगात्मक अभिव्यक्ति**

*(सूचक : बालबालिकाले आफ्नो संवेग/भावनाहरू चिन्न, अभिव्यक्त गर्न र व्यवस्थापन गर्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ६९ देखि ७० सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नु होला ।)

- सहभागीसँग विभिन्न प्रकारका संवेग/भावनाहरू (जस्तैः खुसी, दुःखी वा रिसाएको) का बारेमा खुला कुराकानी गर्ने तथा अभिनय गर्ने गराउने योजना बनाउनुहोस् । क्रियाकलापमा प्रयोग गर्न दृश्य सामग्री/दृश्यपत्तीहरू जस्ता केही सहयोगी सामग्रीहरू तयार पार्नुहोस् । संवेग/भावनाहरूबारे कुराकानी गर्दा वा अभिनयका क्रममा तपाईँले यो मूल्याङ्कनको क्रियाकलाप गराउनुपर्छ र यसका लागि आवश्यक प्रश्नहरू सोध्न तपाईँले दैनिक रूपमा स्तर मिलाएर सहभागीको समूह छनोट गर्न सक्नुहुन्छ । त्यसरी छनोट भएको प्रत्येक सहभागीलाई निश्चित प्रश्न सोधेपछि

बाँकी सहभागीलाई सहभागी गराउँदै यो क्रियाकलाप टुङ्ग्याउनुहोस् र उनीहरूलाई आफ्ना अनुभवजन्य कुराकानी गर्न प्रोत्साहित गर्नुहोस् ।

- सहभागीलाई दृश्यपत्तीहरू देखाउनुहोस् र (एकपटकमा एक जनालाई) सोध्नुहोस् - "यो चित्रमा देखिएको व्यक्तिले कस्तो महसुस गरिरहेको होला ?"
    - एक वा दुई प्रकारका संवेग/भावनाहरू (जस्तैः रिसाएको, खुसी भएको, शोक प्रकट गरेको, आश्चर्य प्रकट गरेको आदि मध्ये कुनै एक वा दुई) चिन्न नसक्ने सहभागी छन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - एक वा दुई प्रकारका संवेग/भावनाहरू चिन्न सक्ने सहभागी छन् भने २ नं. लाई निरन्तरता दिनुहोस् ।
- कुनै निश्चित संवेग/भावना प्रस्तुत गर्न चित्रपत्ती छान्नुहोस् ।
- सहभागीलाई (जसले माथिको क्रियाकलापमा एक वा दुई भावनाहरू चिनेका थिए) छनोट गरिएको चित्रपत्ती देखाउनुहोस् । जस्तैः रिसाएको अनुहारको चित्र । उनले कहिले त्यस्तो महसुस गरेका थिए ? रिसाउनुको कारण के हुनसक्छ ? जस्ता प्रश्नहरू सोध्दै क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।
    - निश्चित प्रकारको संवेग/भावना उत्पन्न हुनाको कारण भन्न नसक्ने सहभागी छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - निश्चित प्रकारको संवेग/भावनाको कारण भन्नसक्ने सहभागी छन् भने ३ नं. लाई निरन्तरता दिनुहोस् ।
- सहभागीलाई (जसले माथिको क्रियाकलापमा निश्चित प्रकारको भावनाको कारण भन्न सकेका थिए) एउटा परिस्थिति देखाउन कुनै चित्रपत्ती छान्नुहोस् । उदाहरणका लागि एउटा भकुन्डोका लागि एक बालिका र एक बालक झगडा गरिरहेको बेला अरू सहभागीले उनीहरूलाई हेरिरहेको चित्र ।
- सहभागीलाई त्यो चित्र पत्ती देखाउनुहोस् र भन्नुहोस् कि ती केटा र केटी भकुन्डोका लागि झगडा गरिरहेका छन् । अब सहभागीलाई सोध्नुहोस्, "चित्रमा भएको (केटा वा केटी) तपाईँ भएको भए तपाईँलाई कस्तो लाग्थ्यो होला ?" अनि त्यसपछि सोध्नुहोस्, "तपाईँलाई त्यस्तो लाग्दा तपाईँ के गर्नुहुन्छ होला ?"
    - सहभागीले निश्चित संवेग भावना पछाडिका कारण बताउन सक्छन् तर संवेग भावनाका लागि प्रतिक्रिया दिन सक्दैनन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - संवेग भावनाका लागि उपयुक्त प्रतिक्रिया दिन सक्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा उल्लेख गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

क्रियाकलाप ५ः **संवेगात्मक सुरक्षा र आत्मविश्वास**

*(सूचक : बालबालिकाले विभिन्न परिस्थितिहरूमा आत्मविश्वासका साथ आफ्ना धारणाहरू अभिव्यक्त गर्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ७३ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नहोस् ।)

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुदैन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकनपश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकाले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

- स्वतन्त्र खेल, कथावाचन, रेखाचित्र कोर्ने, कला र शिल्पका काम जस्ता विविध क्रियाकलापहरू गरिरहँदा क्रियाकलापका क्रममा सहभागीलाई अवलोकन गर्नुहोस् । कसले आफ्ना धारणा आत्मविश्वासका साथ अभिव्यक्त गर्न सक्छ र कसले सक्दैन याद गर्नुहोस् ।
    - आफ्नो धारणाहरू अभिव्यक्त गर्न सक्दैनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - निकट साथीहरूसँग मात्र आफ्नो धारणाहरू अभिव्यक्त गर्छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।

    - आफूसँग निकट नरहेका सहित केही साथीसँग मात्र आफ्ना धारणाहरू व्यक्त गर्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - जोसँग पनि आफ्ना धारणा अभिव्यक्त गर्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) अभिलेखमा राख्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरूको योजना बनाउनुहोस् ।

क्रियाकलाप ६: **राष्ट्र र राष्ट्रियता**

*(सूचक : बालबालिकाले आफू, आफ्नो परिवार/समुदाय, आफ्नो देशबारे सचेतना प्रदर्शन गर्दछन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ७५ देखि ७६ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नु होला ।)

- आफ्नाबारेमा कुराहरू सुनाउन् भनेर सहभागीसँग निर्देशित तथा खुला कुराकानीहरू गर्नुहोस् ।
- सहभागीलाई (एक पटकमा एक जना) उनीहरूको नाम, आमाबुबाको नाम, परिवारका सदस्यहरू साथै उनीहरूको उमेर र लिङ्गबारे बताउन लगाउनुहोस् ।
    - आफ्नाबारेमा र आफ्ना परिवारका बारेमा सूचना उपलब्ध गराउन नसक्ने सहभागी छन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - आफ्नाबारेमा र आफ्ना परिवारका बारेमा सूचना उपलब्ध गराउन सक्ने सहभागी छन् भने २ नं.लाई निरन्तरता दिनुहोस् ।
- चाडबाड वा स्थानीय संस्कृति/सम्पदासँग सम्बन्धित खानाहरूका ४-५ ओटा तस्बिरहरू छान्नुहोस् ।
- सहभागीलाई (माथिको क्रियाकलापमा सूचना दिन सक्नेहरूलाई) ती तस्बिर/चित्रका पत्तीहरू देखाउनुहोस् र ती तस्बिरहरू चिन्न लगाउनुहोस् । अरू सहभागीलाई परिवारिक चित्र (फ्यामली ट्रि), राष्ट्रिय झन्डा वा उनीहरूलाई मन पर्ने चाडबाड वा खानाको चित्र बनाउने जस्ता क्रियाकलाप गर्न प्रोत्साहन दिनुहोस् ।
    - कुनै पनि चाडबाड वा खानेकुरा चिन्न नसक्ने सहभागी छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - कुनै चाडबाड वा खानेकुरा चिन्न सक्ने सहभागी छन् भने ३ नं.लाई निरन्तरता दिनुहोस् ।
- सहभागीको देशको/समुदायको राष्ट्र र राष्ट्रियता झल्कने गीत गाउनुहोस् वा बजाउनुहोस् ।
- सहभागीलाई (माथिको क्रियाकलापमा चाडबाड वा खानेकुरा चिन्न सक्नेहरूलाई) सँगसँगै देशको/समुदायको परम्परागत गीत गाउन लगाउनुहोस् र सो गीतलाई निरन्तरता दिन लगाउनुहोस् ।
    - आफ्नो परिवारभित्रका संस्कृति, चाडबाडबारे बताउन सक्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - देशभित्र मनाइने चाडपर्वको नाम भन्न र देशको राष्ट्रिय गीत गाउन सक्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) अभिलेखमा राख्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरूको योजना बनाउनुहोस् ।

## प्रतिबिम्बन

- सहभागीलाई गोलो घेरामा उभ्याउनुहोस् र आजको सिकाइ प्रत्येकलाई नदोहोरिने गरी भन्न लगाउनुहोस् ।

## पठन सामग्री

- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५८ देखि ७७ सम्म अध्ययन गर्नुहोस् ।

# प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन

| दिन : सातौं | सत्र : पहिलो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

यो सत्रमा बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाका १९ ओटा सूचकहरूमध्ये ७ ओटा सूचकहरूभित्र रहेका विभिन्न सिकाइ क्रियाकलापहरूको नमुना प्रदर्शन गरिने छ। यो अभ्यासबाट सहभागीहरूमा बालबालिकाको स्तर मापन गर्ने सिपको विकास हुने अपेक्षा राखिएको छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ७ ओटा विशिष्ट पक्षहरूका सूचकहरूका क्रियाकलाप गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ७ ओटा विशिष्ट पक्षका सूचकहरूका क्रियाकलापका आधारमा बालबालिकाको स्तर मापन गर्न

## मुख्य विषयवस्तु

- पूर्वपढाइ क्रियाकलाप प्रदर्शन
- पूर्वलेखाइ क्रियाकलाप प्रदर्शन
- संज्ञानात्मक सिप क्रियाकलाप प्रदर्शन
- वर्गीकरण क्रियाकलाप प्रदर्शन
- वैज्ञानिक खोज क्रियाकलाप प्रदर्शन
- दुरी र दिशा क्रियाकलाप प्रदर्शन
- इन्द्रिय अङ्गको विकास क्रियाकलाप प्रदर्शन

## आवश्यक सामग्री

- चित्र पुस्तक/कथा पुस्तक, वर्ण पत्ती/चार्ट, वर्णसँग जोडिने चित्रहरू
- कागज, रङ्गीन सिसाकलम, सिसाकलमहरू
- खाली कागजको पाना चित्रपत्ती
- स्थानीय रूपमा उपलब्ध सामग्रीहरू - उदाहरणका लागि पातहरू, ढुङ्गाहरू, गट्टाहरू
- फूलहरू, गोटीहरू, कपडाका टुक्राहरू, बोतलका बिर्काहरू, कलमहरू र ब्लकहरू
- विभिन्न प्रकारका मौसम देखाउने चित्रपत्ती र सम्बन्धित चित्रहरू
- एउटा भकुन्डो र एउटा किताब

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **पूर्वपढाइ**

*(सूचक : बालबालिका छापा सामग्रीसम्बन्धी जानकारी प्रदर्शन गर्न र चित्रहरूलाई वर्णहरूसँग जोड्न सक्षम छन्।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४३ देखि ४४ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस्।)

- सहभागीलाई माथिको तल गरेर (उल्टो पारेर) कथाको किताब दिनुहोस् । सहभागीलाई किताबको आवरण पृष्ठ (गाता) देखाउन भन्नुहोस् ।
    - किताबको आवरण पृष्ठ सुल्टो पारेर देखाउन नसक्ने वा पहिलो पाना चिन्ने सहभागी भए सुरुआत चरणमा राख्नुपर्दछ भनी छलफल गर्नुहोस् ।
    - किताबको आवरण पृष्ठ सुल्टो पारेर देखाउन सक्ने सहभागी भए २ नं. गराउनुहोस् ।
- किताबको आवरण पृष्ठ सुल्टो पारेर देखाउन सक्ने सहभागीलाई "मैले कथा पढ्न चाहेँ भने कहाँबाट पढ्न सुरु गर्नुपर्छ ?" भनेर सोध्नुहोस् ।
- पहिलो शब्द पढ्नुहोस् र त्यसपछि के पढ्नुपर्छ भनेर सोध्नुहोस् ।
    - सहभागी चित्र र पाठबिचको फरक पहिचान गर्न नसक्ने भए सुरुआत चरणमा राख्नुहोस् ।
    - सहभागीले चित्र र पाठबिचको फरक पहिचान गरी अब पढ्नु पर्ने भनी पाठ देखाउन सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।
- किताबको पृष्ठमा भएको लिखित पाठ पढ्नुहोस् ।

❖ माथिको क्रियाकलापमा पाठलाई चित्रबाट अलग गर्न सकेका सहभागीलाई "म अब के गर्छु ? यहाँबाट कतातिर पढ्दै जान्छु ?" भनेर सोध्नुहोस् ।
    - सहभागीले पढ्ने दिशा बताउन सकेनन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् ।
    - सहभागीले पढ्ने दिशा बताउन सके भने ४ नं. लाई निरन्तरता दिनुहोस् ।

❖ माथिको क्रियाकलापमा पाठको दिशा बताउन सक्ने सहभागीको अगाडि वर्णपत्ती/चार्ट राखिदिनुहोस् ।

- सहभागीलाई चार्टबाट ५-६ ओटा वर्णहरू पहिचान गर्न/चिन्न लगाउनुहोस् ।
- पहिचान गरेका वर्णहरू सहभागीको अगाडि राख्नुहोस् । अब केही चित्रपत्तीहरू उनीहरूका अगाडि राख्नुहोस् र चित्र चिन्न लगाउनुहोस् । चित्रको पहिलो वर्णका आधारमा उनीहरूलाई वर्णपत्ती र चित्रपत्तीको जोडा मिलाउन लगाउनुहोस् ।
    - सहभागीले पढ्ने र पाठको दिशा (लेखाइ कताबाट कतापट्टि जान्छ) बताउन सके भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् ।
    - अक्षरहरूलाई सही तरिकाले पहिचान गर्ने र तिनलाई चित्रहरूसँग जोडा मिलाउन सक्ने सहभागीहरू छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् ।
    - तपाईँको पटकपटकको अवलोकनको आधारमा सहभागी सबै वर्णहरू चिन्न र तिनलाई सम्बन्धित चित्रसँग जोडा मिलाउन सक्दैनन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

क्रियाकलाप २: **पूर्वलेखाइ**

*(सूचक : बालबालिकाले पूर्वलेखाइका सिपहरू प्रदर्शन गर्न सक्दछन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४६ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

- प्रत्येक सहभागीलाई कागजको टुक्रा र रङ्गीन सिसाकलम/सिसाकलम/रङ भर्न मिल्ने कलम दिनुहोस् । उनीहरूलाई मन लागेको केही चित्र बनाउन र उनीहरूले के बनाए भन्नेबारेमा केही लेख्न भन्नुहोस् । उनीहरूले आफ्ना चित्रबारे के लेखे भन्ने आधारमा सहभागीको स्तर निर्धारण गर्नुहोस् ।
    - सहभागीले लेखनको प्रतिनिधित्व स्वरूप केरकार पार्छन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सहभागीले बालबालिकाले लेखनको प्रतिनिधित्व स्वरूप कागजमा आकारहरू कोर्दछन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सहभागीले देब्रेबाट दाहिनेतिरको दिशा पछ्याउँदै लेखेको जस्तो गर्छन् वा वर्णजस्तो देखिने आकारसँग मिल्दोजुल्दो नक्कली वर्णहरू प्रयोग गर्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।

- सहभागीले आफ्ना चित्रबारे लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्छन् (आफ्नो उच्चारणका आधारमा वर्णहरू लेख्ने) भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

क्रियाकलाप ३: **बौद्धिक सिप**

*(सूचक : बालबालिकाले निश्चित घटनामा भएका क्रियाकलाप र विवरणहरू क्रमबद्ध रूपमा सुनाउन सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४८ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

- घटना वा दैनिक क्रियाकलापहरूबारे कुराकानी गर्न सबै सहभागीसँग खुला वा निर्देशित छलफल गर्ने क्रियाकलापको योजना बनाउनुहोस् । उदाहरणका लागि, सहभागीको बिहान वा सुत्न जानुअगाडिको दैनिक कार्यतालिकाबारे कुराकानी गर्नुहोस् वा सहभागीसँग एउटा वनभोजको योजना बनाउनुहोस् । विभिन्न प्रकारका घटना/दैनिकीहरूका बारेमा कुराकानी गर्न र यी क्रियाकलाप/दैनिकीहरूको क्रम सहभागीलाई बुझाउन चित्रपत्तीहरू तयार गर्न र प्रयोग गर्न सक्नुहुन्छ ।
- यो मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्न ४-५ जना सहभागीको एउटा समूह छनोट गर्नुहोस् । सहभागीलाई (एकपटकमा एक जना) बोलाउनुहोस् र दैनिकी वा कुनै घटनासँग सम्बन्धित ५ ओटासम्म क्रियाकलापहरूका चित्रपत्तीहरू देखाउनुहोस् । सहभागीलाई ती चित्रपत्तीहरू चिन्न र क्रमानुसार मिलाउन लगाउनुहोस् । छानिएका सहभागीसँग तपाईँले यो क्रियाकलाप गरिरहँदा बाँकी सहभागीलाई कथामा प्रदर्शन गरिएका कुराहरू वा अन्य क्रियाकलाप/घटनाहरूका चित्रपत्तीहरू अवलोकन गर्न प्रोत्साहित गर्नुहोस् ।
    - यदि कम्तीमा दुई क्रियाकलापका चित्रपत्तीहरू क्रमबद्ध हुने गरी मिलाउन सक्दैनन् भने सुरुआतको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सही क्रममा २ ओटा क्रियाकलापहरू भएका चित्रपत्तीहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न सक्छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सही क्रममा ३-४ ओटा क्रियाकलापहरू भएका चित्रपत्तीहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न सक्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सही क्रममा कम्तीमा ५ ओटा क्रियाकलापहरू भएका चित्रपत्तीहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न सक्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

क्रियाकलाप ४: **वर्गीकरण**

*(सूचक : बालबालिकाले फरक फरक विशेषताहरू (आकार, नाप वा रङ) का आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५० देखि ५१ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नु होला ।)

**निर्देशन**: प्रशिक्षकले तालिम हलबाहिर एक ओटा नाङ्लो वा भाँडोमा पहेला रङका विभिन्न वट्टा वा काठका टुक्रा, अर्को नाङ्लो वा भाँडोमा गोलो आकारका वस्तु वा गोलो गरेर काटेको कागजको टुक्राहरू र तेस्रो नाङ्लो वा भाँडोमा लामो र छोटो जनाउने वस्तु वा काठका लठ्ठीहरू राख्नुहोस् ।  तीन स्थानमा लगेर राख्नुहोस् ।

- सहभागीलाई बाहिरबाट पहिला तयार पारिएको तीन ओटा स्थानबाट प्रत्येक स्थान बाट तीन तीन वस्तु टिप्न लगाउनुहोस् र एक स्थान वाट पुनः एक वस्तु टिप्न लगाउनुहोस् १० सामग्रीहरू सङ्कलन गर्न लगाउनुहोस् । सङ्कलित सामग्रीहरूलाई आफू अगाडि राख्न लगाउनुहोस् ।
- एक एक जना गर्दै सहभागीसम्म पुग्नुहोस् र उनीहरूले गरेका सङ्कलनबाट कुनै एक विशेषताका आधारमा वर्गीकरण गर्न सकिने सामग्रीहरू छान्नुहोस् । उदाहरणका लागि तलका छानिएका सामग्रीहरूमा एउटा विशेषताका आधारमा वर्गीकरण गर्नका लागि हामी सहभागीलाई प्रोत्साहित गर्न सक्छौँ ।



- एउटा निश्चित रङका आधारमा छानिएका सामग्रीहरूको वर्गीकरण गर्न सहभागीलाई लगाउनुहोस् । उदाहरणका लागि पहेँलो रङका आधारमा वस्तुहरूको वर्गीकरण गर्नुहोस् ।
  - सहभागीले सबै पहेँला वस्तुहरू छुट्याउन सकेनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
  - सहभागीले सबै पहेँला रङका वस्तुहरू छुट्याउन सके भने ४ नं. क्रियाकलाप गराउनुहोस् ।
- एक विशेषताका आधारमा सामग्रीको वर्गीकरण गर्न सकेका सहभागीका लागि अर्को एउटा विशेषतासँग सम्बन्धित सामग्रीहरू थप्नुहोस् ।
- सहभागीलाई रङ र आकारका आधारमा वर्गीकरण गर्न भन्नुहोस् । उदाहरणका लागि सामग्रीहरूको थुप्रोबाट सबै पहेँला र गोलो आकारका सामग्रीहरू वा सबै पहेँला र खम्रो बनोटका सामग्रीहरू वर्गीकरण गर्न सहभागीलाई आग्रह गर्नुहोस् ।
  - सहभागीले सबै पहेँलो रङ र गोलो आकारका वस्तुहरू छुट्याउन सकेनन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
  - सहभागीले सबै पहेँलो र र गोलो आकारका वस्तुहरू छुट्याउन सके (कुनै दुई विशेषताको आधारमा) भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् र ५ नं. क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।
- दुई विशेषताका आधारमा सामग्रीको वर्गीकरण गर्न सकेका सहभागीका लागि अर्को एउटा विशेषतासँग सम्बन्धित सामग्रीहरू थप्नुहोस् ।
- सहभागीलाई नाप, रङ र आकारका आधारमा वर्गीकरण गर्न भन्नुहोस् । उदाहरणका लागि सामग्रीहरूको थुप्रोबाट सबै ठुला, पहेँला र गोला आकारका सामग्रीहरू वर्गीकरण गर्न सहभागीलाई आग्रह गर्नुहोस् ।
  - तीन ओटा विशेषताहरूका आधारमा वस्तुहरू छुट्याउन सक्ने सहभागी छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

क्रियाकलाप ५: **वैज्ञानिक खोज**

*(सूचक : बालबालिकाले दिनको मौसम चिन्न र त्यसबारे बताउन सक्दछन् । साथै मौसमसँग सम्बन्धित कुराहरू व्याख्या गर्न सक्दछन् (जस्तो झरीको दिनमा छाता प्रयोग गर्ने, चर्को गर्मीको दिन छोटा बाहुला भएको लुगा लगाउने आदि))*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५३ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नु होला ।)

- ४-५ ओटा मौसमका बारेमा जानकारी दिने चित्रपत्तीहरू देखाउनुहोस् (जस्तैः घाम लागेको, बादल लागेको, हावा चलेको, पानी परेको, हिउँ परेको, मेघ गर्जिएको, वर्षा भइरहेको आदि) ।
  - सहभागीलाई ती चित्रपत्तीहरू चिन्न लगाउनुहोस् ।
  - सहभागीले कुनै पनि मौसम चिन्न सकेनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
  - सहभागीले कुनै पनि एक मौसम चिन्न सके भने २ नं.लाई निरन्तरता दिनुहोस् ।

- विभिन्न प्रकारका मौसमसँग सम्बन्धित केही वस्तुहरू सहभागीको अगाडि राख्नुहोस् (जसले माथिको क्रियाकलापमा कुनै एक मौसम चिन्न सकेका छन्) । उदाहरणका लागि- पानी परेको मौसमका लागि छाता, हिउँदका लागि ऊनीका कपडा वा गर्मी मौसमका लागि पङ्खा । पहिलोपटक सामग्री देखाउँदा ती वस्तुहरू सम्बन्धित मौसमको अघि नराख्नुहोस् । वस्तु वा वस्तु भएको चित्रपत्ती छासमिस पारेर राख्नुहोस् ।
    - सहभागीलाई वस्तु वा वस्तुका चित्रसँग सम्बन्धित मौसमलाई जोडा मिलाउन लगाउनुहोस् ।
    - कुनै एक दुई प्रकारका मौसमहरू पहिचान गर्न सक्छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - १-२ प्रकारका मौसमलाई सम्बन्धित वस्तुहरूसँग जोडा मिलाउन सक्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सबै मौसमलाई सम्बन्धित वस्तुहरूसँग जोडा मिलाउन सक्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

क्रियाकलाप ६: **दुरी र दिशा**

*(सूचक : बालबालिका स्थान र अवस्थितिको सचेतना प्रस्तुत गर्न सक्षम हुन्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५५ र ५६ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

विधि : यसलाई कक्षाकोठाभित्रको खेल/सिकाइ क्रियाकलापको रूपमा योजना बनाउनुहोस् ।

- सहभागीहरूलाई "U" आकारमा उभ्याउनुहोस् ।
- यस क्रियाकलापमा सबै सहभागीलाई सहभागी गराउनुहोस् । विविध वस्तुहरूलाई तालिम हलमा विभिन्न अवस्थामा राख्नुहोस् । उदाहरणका लागि भकुन्डोलाई टेबलको तल, किताबलाई टेबल माथि, कलमलाई किताबको देब्रे/दाहिने छेउमा राख्नुहोस् ।
- सहभागीलाई (एकपटकमा एक जना) कुनै एक वस्तु कहाँ छ भनी बताउन लगाउनुहोस् (जस्तैः "भकुन्डो वा किताब वा कलम कहाँ छ ?") ।
    - सहभागीले उक्त वस्तुको अवस्थिति पहिचान गर्न सकेनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सहभागीले उक्त वस्तुको अवस्थिति पहिचान गर्न सके भने २ नं. गराउनुहोस् ।
- स्थान वरिपरि घुम्नका लागि सहभागीसँग (माथिको क्रियाकलापमा वस्तुको अवस्थिति पहिचान गर्न सकेकासँग) एउटा खेलको योजना बनाउनुहोस् । उपलब्ध समयअनुसार सहभागीको एउटा समूह छान्न सक्नुहुन्छ (दैनिक वा साप्ताहिक आधारमा) । छानिएका सहभागीसँग यो क्रियाकलाप सञ्चालन गरिरहँदा अन्य सहभागीलाई अवलोकन गर्न र खेलमा सहभागीले त्यस स्थान वरिपरि घुम्दा पूरा गरेका प्रत्येक कदम/दिशामा ताली बजाउन प्रोत्साहित गर्नुहोस् ।
- सहभागीलाई (एक एक गर्दै) निर्देशन दिनुहोस् । सहभागीलाई निर्देशन हुबहु पछ्याउन लगाउनुहोस् । उदाहरणका लागि तपाईं भन्न सक्नुहुन्छ - "सबैभन्दा पहिला टेबलनजिक जाऊ, किताब उठाऊ अनि त्यसलाई दराजभित्र राख । अब बाहिर जाऊ र खेलौना राखिएको बाकसबाट दुई ओटा वस्तुहरू (भकुन्डो वा कलम) ल्याऊ अनि ती दुवैलाई आल्मारीभित्र राख । ध्यान देऊ भकुन्डो कलमको देब्रे/दाहिनेतिर हुनुपर्छ ।"
    - तपाईंको पटकपटकको अवलोकनमा निर्देशन हुबहु पछ्याउन सक्ने तर कलमको देब्रे/दाहिनेतिर भकुन्डो भए नभएको निश्चित गर्न नसक्ने सहभागी छन् भने उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा यसलाई अगाडि बढिरहेको स्तरमा अभिलेखीकरण गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।
    - तपाईंको पटकपटकको अवलोकनमा निर्देशन हुबहु पछ्याउन सक्ने र कलमको देब्रे/दाहिनेतिर भकुन्डो भएको निश्चित गर्न सक्ने सहभागी छन् भने उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा यसलाई (प्राथमिक विद्यालयका लागि तयार रहेको स्तरमा) अभिलेखीकरण गर्नुहोस् ।

*छैटौं दिन, दोस्रो सत्रको सहजीकरण क्रियाकलापअन्तर्गत क्रियाकलाप १ को 'दैनिक कार्यतालिकाअनुसार नमुना क्रियाकलाप सञ्चालन' को बुदाँ नं. १.३. पछिको निरन्तरता निम्नानुसार छन् :*

### १.४. आराम

- सबैलाई आराम क्षेत्रमा लैजानुहोस् र एकछिन सबैलाई आराम गर्न दिनुहोस् ।
- शरीरलाई आराम चाहिन्छ । आराम गर्नु शरीरको लागि आवश्यक छ । यसबाट बालबालिकाको शारीरिक विकासमा सहयोग पुग्छ भन्दै सबैलाई सुताउनुहोस् ।
  (यदि आराम गर्न नचाहनेलाई पुस्तकालयमा चित्र किताब हेर्न लगाउनुहोस् ।)

### १.५. खाजा

- खाजा खुवाउँदा लाइनमा हात धुन लगाउनुहोस् । सरसफाइ गर्न लगाउनुहोस् । बालबालिकाले ल्याउने व्यवस्था भएको भए उनीहरूले ल्याएका खाजालाई व्यवस्थित तरिकाले खुवाउने व्यवस्था मिलाउनुहोस् । केन्द्र/विद्यालयमै तयार गरिने भए ताजा र पोसिलो खाजा खान दिनुहोस् । खाजा बनाई दिनेलाई धन्यवाद दिनुहोस् ।
- खाजा खाँदा पोख्न तथा फ्याँक्न नहुने, हतार गरेर खान नहुने, यताउता डुल्न नहुनेजस्ता जीवन उपयोगी सिपहरू सिकाउनुहोस् ।

### १.६. स्वतन्त्र खेल

- बालबालिकालाई उनीहरूकै इच्छाअनुसार स्वतन्त्र रूपमा भित्रबाहिर खेल्न दिनुहोस् ।

### १.७. सङ्गीत/अभिनय/खेल

- सहभागीहरूलाई उनीहरूले जानेको गीत ताल, चाल र हाउभाउसहित गाउन लगाउनुहोस् । मादल वा अन्य वाद्यवादन भएमा बजाउन दिनुहोस्, बजाई दिनुहोस् ।

### १.८. योजनाबद्ध क्रियाकलाप

- सहभागीहरूको ससाना समूह बनाउनुहोस् ।
- सबै सहभागीका लागि विभिन्न इन्द्रिय अङ्गहरूको प्रयोग गरी वस्तु पहिचान गर्ने क्रियाकलापहरूको योजना बनाउनुहोस् । उदाहरणका लागि विभिन्न बनोट (खस्रो वा चिल्लो), गन्ध (सुगन्धित वा दुर्गन्धित), स्वाद (गुलियो वा नुनिलो वा अमिलो) का केही सामग्रीहरू जम्मा गर्नुहोस् । त्यस्तै विभिन्न प्रकारका आवाजका लागि  जस्तो- प्लेट वा तालीको आवाज, चर्को वा मधुरो आवाज) सामग्री व्यवस्था गर्नुहोस् ।
- सहभागीलाई (एकपटकमा एउटा क्रियाकलाप) बनोट वा आवाज वा गन्ध वा स्वाद पहिचान गर्न लगाउनुहोस् । उदाहरणका लागि सहभागीलाई दिएको सामग्री (बनोटको आधारमा नरम वा खस्रो) पहिचान गर्न उनीहरूलाई हातले छाम्न वा चलाउन लगाउनुहोस् । तपाईंले निकाल्नुभएको आवाज सुन्न र चिन्न दिनुहोस् । यी क्रियाकलापका लागि ती सहभागीलाई पटकपटक अवसर दिइरहँदा प्रत्येकपटक फरक इन्द्रिय अङ्गहरूको प्रयोग गराउनुहोस् र त्यसपछि पटकपटकको अवलोकनमा आधारित भएर प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा उनीहरूका अभिलेख राख्नुहोस् ।
  - सहभागीले निश्चित सामग्रीको आवाज वा बनोट वा गन्ध वा स्वाद पहिचान गर्न सकेनन् भने सुरुआतको चरणमा राख्नुहोस् । जस्तै ताली, चुट्की, चम्चा र चम्चा ठोक्किँदा निस्कने आवाज आदि ।
  - सहभागीले निश्चित सामग्रीको आवाज वा बनोट वा गन्ध वा स्वाद पहिचान गर्न सके भने २ नं.मा सहभागी गराउनुहोस् ।
- सबै सहभागीलाई गोलो घेरामा बसाउनुहोस् । एकपटकमा एक सहभागीलाई (माथिको क्रियाकलापमा सबै इन्द्रिय अङ्गहरू प्रयोग गरी वस्तुहरू पहिचान गर्न सक्षम भएकाहरूलाई) अगाडि बोलाउनुहोस् र उनको आँखामा पट्टी बाँधिदिनुहोस् र कुनै एक इन्द्रिय गुणका आधारमा सामग्रीहरू छुट्याउन सक्छन् कि सक्दैनन् भन्ने हेर्न उनीलाई केही सामग्रीहरू दिनुहोस् । उदाहरणका लागि फरक फरक स्वादका ४-५ थरिका खानेकुरा जस्तैः (तरकारी वा फलफूल वा

फरक फरक बनोटका कपडा (नरम वा खस्रा) वा विभिन्न गन्धका चिजबिजहरू (धुप वा हिङ) वा विभिन्न आवाज निस्कने खेलौना (हल्लाउने बाजा वा चामल, साना टुक्राहरू वा सिक्कासहितका बोतलहरू) ।

- सहभागीले प्रत्येक चिजको स्वाद/गन्ध लिइरहँदा/सुन्दा/छाम्दा उस/उनलाई ती चिज के के हुन् भनेर चिन्न र तिनको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा छुट्याई स्वाद/गन्ध/बनोट/आवाजको प्रकारअनुसार फरक फरक भाँडो/टोकरीमा राख्न भन्नुहोस् । सहभागीको आँखामा पट्टी बाँधिएको हुनाले ती सामग्रीहरूलाई विभिन्न भाँडामा राख्न उनीहरूलाई मद्दत गर्नुहोस् । अवलोकन गरिरहेका अन्य सहभागीसँग क्रियाकलापमा सहभागी साथीले के आधारमा ती चिज पहिचान गरे होला भनेर छलफल गर्न सक्नुहुन्छ । यसले गर्दा बाँकी अरूलाई फरक सिपहरू प्रयोग गरी ती चिज चिन्न मद्दत गर्ने छ । सहभागीलाई अवलोकन गर्नुहोस् र कुनै एक इन्द्रिय गुणका आधारमा सामग्रीहरू छुट्याउन कसले सके र कसले सकेनन् भनेर याद गर्नुहोस् ।
    - कुनै सहभागीले सामग्रीको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा तिनलाई छुट्याउन नसकेको अवस्थामा प्रगति भइरहेको चरणमा राख्नुहोस् ।
    - सामग्रीको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा तिनलाई छुट्याउन सक्ने सहभागीका लागि ३ नं. गराउनुहोस् ।
- पाँच ओटा टोकरी वा कुनै भाँडो तयार पार्नुहोस् र प्रत्येकमा एक इन्द्रिय विशेषता (स्वाद, बनोट, गन्ध, आवाज, हेराइ) लेखेर टाँस्नुहोस् । अनि तालिम हलका विभिन्न भागमा तिनलाई राख्नुहोस् । सम्भव हुन्छ भने यी टोकरी/भाँडामा विभिन्न इन्द्रिय गुणका चित्रहरू टाँस्नुहोस् । यस क्रियाकलापका लागि विभिन्न इन्द्रिय विशेषताहरूसँग सम्बन्धित विभिन्न सामग्रीहरूसहितको तालिम हलको वातावरण तयार गर्नुहोस् ।
- सहभागीलाई स्वतन्त्र खेल वा इन्द्रिय विशेषताको कुनामा रहेका सामग्रीहरूको पहिचान गर्ने क्रियाकलापमा सहभागी गराउनुहोस् । सोही अवसरमा एकपटकमा एकजना सहभागीलाई बोलाउनुहोस् र त्यस वातावरणबाट बनोट, स्वाद, आवाज वा गन्धका आधारमा छुट्याउन सकिने सामग्री पहिचान गर्न, टिप्न अनि त्यो सामग्री कुन इन्द्रिय विशेषतामा पर्दछ भन्ने उसलाई लागेको छ, त्यही टोकरी वा भाँडोमा राख्न लगाउनुहोस् । ती सामग्री वा चिज निश्चित टोकरी/भाँडोमा राख्नाको कारणका सम्बन्धमा छलफल गर्नुहोस् ।
- सहभागीलाई अवलोकन गर्नुहोस् र सबै इन्द्रिय विशेषताहरूका आधारमा सामग्रीहरू छुट्याउन कसले सके र कसले सकेनन् भनेर याद गर्नुहोस् ।
    - तपाईँको पटकपटकको अवलोकनमा कुनै दुई वा तीन इन्द्रिय गुणमा आधारित भएर वस्तुहरूको छनोट गर्न सक्ने सहभागीलाई अगाडि बढिरहेको अवस्थामा राख्नुपर्दछ भनी छलफल गर्नुहास् ।
    - सबै इन्द्रिय विशेषताहरूका आधारमा सामग्रीहरू छुट्याउन सक्ने सहभागी छन् भने यस्ता सहभागीहरूलाई प्राथमिक विद्यालयको लागि तयार अवस्थामा राख्नुपर्दछ भनी छलफल गर्नुहोस् ।
    - प्रशिक्षकले प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा अभिलेखीकरण गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिको योजना बनाउपर्छ भनी छलफल गर्नुहोस् ।
- सहभागीहरूले के के कुरा सिके पुनरावलोकन गर्न लगाउनुहोस् ।

## १.९. पुनरावलोकन

- दिनभरीका क्रियाकलापको समीक्षा/छलफल/पृष्ठपोषणः सहभागीलाई गोलो घेरामा बसाएर आज दिनभरी के-के क्रियाकलाप गरियो भनी छलफल गराउनुहोस् । छलफल गर्नका लागि हातमा बल दिनुहोस् र बल हातमा हुने सहभागीलाई आज गरेको एउटा क्रियाकलाप भन्न लगाउनुहोस् र अर्को सहभागीलाई बल पास गर्न लगाउनुहोस् । पुनः यही प्रक्रियाअनुसार सबै सहभागीहरूले बल प्राप्त गरेपछि दिनभरिको एक एक क्रियाकलाप सुनाउनुहोस् ।
- अर्को दिन कुन विषयमा छलफल गर्ने हो जानकारी गराउनुहोस् ।
- बिदाइ गीत : सहभागीलाई गोलो घेरामा उभ्याएर घर जाने गीत हाउभाउसहित गाउन लगाउनुहोस् ।

**बिदाइको गीत**
जाऔँ न घर साथी हो, बेला भएछ
बाबा आमा लिनलाई आउनु भएछ।
घर जाने बेलामा दिदी धन्यवाद
भोलि भेटौँ साथी हो, सबलाई नमस्कार।

- केन्द्र र बालबालिकाका सरसामान यथास्थानमा राख्नुहोस् र अभिभावक लिन आएपछि जान दिनुहोस्। आ-आफ्ना झोला, कपी, टिफिन बक्स, पानीको बोतल, रुमाल, जुत्ता आदि तयारी गर्न भन्नुहोस्। आफ्नो काम आफै गर्न प्रोत्साहन दिनुहोस्। यहाँ जीवनोपयोगी सिप क-कसले आफ्नो कार्य गर्न सक्छ, प्रगति प्रतिवेदनको छलफल सबै सहभागीसँग दिनभरिको क्रियाकलापबाट समग्रमा कुन पक्षको बढी विकास भयो भनि छलफल गर्नुहोस् र सूचकहरू भर्नुहोस्।

## प्रतिबिम्बन

- सहभागीहरूलाई गोलो घेरमा उभ्याउनुहोस् र माथि गरिएका क्रियाकलापअनुसार स्तर मापन गर्न सक्ने नसक्नेबारेमा कम्तीमा १० जनालाई सोधी सुनिश्चित हुनुहोस्।

## पठन सामग्री

- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४३ देखि ५७ सम्म अध्ययन गर्नुहोस्।

# प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराममा आधारित नमुना क्रियाकलाप तयारी

| दिन : सातौं | सत्र : दोस्रो र तेस्रो | समय : ३ घण्टा |
|---|---|---|

## परिचय

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ मा भएको आधारभूत सिप सिकाइका क्षेत्र र विषयगत सिप सिकाइका क्षेत्रको विस्तृतीकरणअनुसार सिकाइ उपलब्धि हासिल गर्नका लागि सिकाइ सहजीकरण क्रियाकलापका लागि अघिल्लो सत्रमा निर्माण गरिएको योजनाअनुसार नमुना क्रियाकलाप तयारीका लागि यो सत्र सम्बन्धित रहेको छ । यस सत्रलाई सहभागीहरूले नमुना क्रियाकलाप सञ्चालनको योजना निर्माण गर्न तथा क्रियाकलाप सञ्चालनका लागि गर्न आवश्यक पर्ने सामग्री (विषयवस्तुअनुसारका सामग्री) तयार गर्ने विषयमा अभ्यासमूलक क्रियाकलाप सञ्चालन गर्ने गरी विकास गरिएको छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- दैनिक कार्यतालिकाअनुसार कक्षा सञ्चालनका लागि आवश्यक सामग्री तथा विषयवस्तुमा आधारित कविता, गीत, कथा तयार गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालनको लागि तयारी गर्न
- क्रियाकलाप योजना तयार गर्न

## मुख्य विषयवस्तु

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तयारी
- विषयवस्तुमा आधारित पाठयोजना तयारी

## आवश्यक सामग्री

कार्डबोर्ड, न्युजप्रिन्ट, मार्कर, क्रेयन, पेन्सिल, चार्टपेपर, मेटाकार्ड, फेबिकोल

## सहजीकरण विधि

- मस्तिष्क मन्थन
- सहभागितामूलक
- प्रयोगात्मक

## सहजकर्ताको पूर्वतयारी

- सहभागीहरूलाई नमुना क्रियाकलाप सञ्चालन सत्रमा प्रवेश गर्दैछौँ भनी जानकारी गराउनुहोस् ।
- नमुना क्रियाकलाप सञ्चालन ढाँचा प्रिन्ट गरेर तयारी हुनुहोस् ।
- सिकाइ उपलब्धी हासिल गर्नका लागि तयार गरिएको विषय (पाठ्यक्रमको सेसनमा वितरित) अनुसारको गीत, कथा, पोस्टर, कविता, खेलसामग्री तयार गर्न लगाउनुहोस् ।
- तिनै विषयबाट नमुना क्रियाकलाप प्रदर्शनका लागि तयारी गर्नुहोस् ।
- सबैलाई गोलो घेरामा राखेर सहभागितामूलक तरिकाबाट छलफल गराउनुहोस् ।
- विषयवस्तु, सहभागी नाम लिष्ट, समयसीमा, सामान्य नियम पालनाका कुराहरू छलफल विधिद्वारा लेख्नुहोस् र टाँस गर्नुहोस् ।
- रचनात्मक सहयोग प्रदान गर्नुहोस्, सकारात्मक बन्नुहोस् तर महत्वपूर्ण सुझाव दिन नछुटाउनुहोस् ।

- सबै सहभागीहरूलाई आफूले छानेको विषयवस्तु लिएर दैनिक कार्यतालिकाअनुसार पाठयोजना बनाउन लगाउनुहोस् ।
- पाठयोजनाअनुसार विधि र सामग्री निश्चित गराउनुहोस् ।
- योजनाअनुसारको आवश्यक सामग्री तयार गर्न लगाउनुहोस् ।
- विषयवस्तुअनुसारको गीत, कविता र कथा न्युजप्रिन्टमा लेखेर राख्न लगाउनुहोस् ।
- सिकाइ क्षेत्रमा आवश्यक विषयवस्तुअनुसारको सामग्रीहरू बनाउन तथा सङ्कलन गर्न लगाउनुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **प्रारम्भिक क्रियाकलाप**

- सिकाइ उपलब्धि हासिल गर्नका लागि नमुनाका लागि मुख्य शीर्षक र उपशीर्षक चयन गर्नुहोस् ।
- उपशीर्षक बालबालिकाले देखेका, जानेका, सुनेका विषयवस्तुमा आधारित भई सरलबाट जटिलतर्फ अगाडि बढ्नुहोस् ।
- सबै सहभागीहरूलाई विषयवस्तु छनौटअनुसार तयारी भए नभएको सुनिश्चित गर्नुहोस् ।
- विषयवस्तुलाई दैनिक कार्यतालिकाअनुसार सूक्ष्म क्रियाकलापका लागि चरणहरू छुट्याएको/नछुट्याएको सुनिश्चित गर्नुहोस् ।
- नमुना क्रियाकलाप सञ्चालनमा प्रयोग हुने विधिहरूवारे छलफल गर्ने सबै सहभागीहरूले पाउने समय निर्धारण गर्नुहोस् ।
- सहभागीहरूको नमुना क्रियाकलाप सञ्चालन गर्ने विषय र पालो क्रमवद्धता नामावली टाँस गर्नुहोस् ।
- आन्तरिक मूल्याङ्कनमा सहयोग गर्नुहोस् र साथीलाई विषयमा आत्मविश्वास बढाउन प्रोत्साहन गर्नुहोस् ।
- सामान्य आचारसंहिता निर्धारण गर्ने । तर आचारसंहिता निर्धारण गर्दा प्रोत्साहनमूलक शब्दहरूको प्रयोग गर्नुहोस्, अनावश्यक रूपमा समय लम्बिन नदिनुहोस् ।
- विषयवस्तुअनुसारको सामग्रीको अनिवार्य प्रयोग गर्नुहोस् ।
- प्रत्येक क्रियाकलापपछि बालबालिकाको सिकाइ, सहभागिता, सक्रियता र सहयोगीपनको अवलोकन गर्नुपर्ने र सो अनुसार प्रगति प्रतिवेदन सूचकको प्रयोग गर्न लगाउनुहोस् ।
- गीत, कथा, नाटक, कविता, खेल सामग्री प्रयोग जस्ता रचनात्मक विधिहरू प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् । यी विधि प्रयोग गर्दा चाहिने आवश्यक सबै सामग्रीहरू तयार गरेर राख्न लगाउनुहोस् ।
- थप बुँदाहरू भएमा छलफल गरेर टिपोट गर्नुहोस् ।

क्रियाकलाप २: **नमुना क्रियाकलाप तयारी**

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् । विभाजित समूहलाई अघिल्लो सत्रमा बनाइएको दैनिक कार्ययोजना खाकाबमोजिम सहजीकरण क्रियाकलाप अध्ययन गर्न लगाउनुहोस् । सो क्रियाकलापलाई आवश्यक पर्ने विधि तथा सामग्री थपघट गर्नुपर्ने भए सोको परिमार्जन गर्न लगाउनुहोस् । दैनिक कार्ययोजना खाकाको सहजीकरण क्रियाकलापलाई विस्तृत रूपमा तयार गर्न लगाउनुहोस् ।
- विषयवस्तुलाई दैनिक कार्यतालिकाअनुसार अभ्यास क्रियाकलापका लागि चरणहरू छुट्याएको/नछुट्याएको सुनिश्चित गर्नुहोस् ।
- प्रत्येक समूहलाई अनुसूची १५ मा रहेको 'सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम' को नमुना फाराम दिनुहोस् ।
- फारामलाई राम्रोसँग पढ्न दिने र केही नबुझेका भए सोध्न भन्नुहोस् ।
- क्रियाकलाप सञ्चालन गर्ने सहभागीको क्रियाकलाप अवलोकन गरेर यो फाराममा भर्नुपर्छ भनेर सबै बुँदाहरू एकएक गरेर प्रस्ट पारिदिनुहोस् ।
- क्रियाकलाप सञ्चालन गरेको सहभागीको मूल्याङ्कन गर्न दिनुहोस् ।
- मूल्याङ्कन समूहमा गर्ने र अन्त्यमा कस्तो लाग्यो र के अझ सुधार गर्नुपर्ने देखिन्छ भनी छलफल गराउनुहोस् ।

नोट : सूक्ष्म क्रियाकलाप सञ्चालन सहभागी मूल्याङ्कन फाराम भर्ने मार्ग निर्देशन र सहभागीले सूक्ष्म क्रियाकलाप सञ्चालन गर्दा अर्को सहभागीको मूल्याङ्कन गर्ने तरिका अनुसूची १५ मा हेर्नुहोस् ।

## प्रतिबिम्बन

- यस सत्रमा सिकिएका मुख्य मुख्य कुराहरू के के हुन् ?
- मूल्याङ्कन फाराम भर्दा कस्ता समस्याहरू देखिए ? ती समस्यालाई कसरी समाधान गर्नुभयो ?
- क्रियाकलाप सञ्चालन गर्दा कस्तो अनुभव भयो ?

# सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप प्रदर्शन तथा छलफल

| दिन : आठौँ/नवौँ | सत्र : पहिलो, दोस्रो र तेस्रो | समय : ९ घण्टा |
|---|---|---|

## परिचय

पाठ्यक्रमका सिकाइ उपलब्धि हासिल गर्नका लागि अघिल्लो सत्रमा निर्माण गरिएको योजना र नमुना क्रियाकलाप तयारीका आधारमा सहभागीबाट नमुना सहजीकरण क्रियाकलाप सञ्चालनमा आधारित भई यो सत्र सञ्चालन गरिने छ। प्रशिक्षार्थीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका सूचकहरूसँग तादाम्य राख्दै नमुना क्रियाकलाप सञ्चालन गर्नुपर्छ। सञ्चालित क्रियाकलापको बारेमा सामूहिक छलफल तथा अन्तरक्रिया गरी क्रियाकलाप कौशल सुधार गर्ने गरी यस सत्रमा क्रियाकलाप सञ्चालन गरिने छन्।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालन गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालनका सबल र सुधारात्मक पक्ष पहिचान गर्न

## मुख्य विषयवस्तु

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप
- नमुना क्रियाकलाप अभ्यासको छलफल

## आवश्यक सामग्री

अवलोकन फाराम, मूल्याङ्कन फाराम, न्युजप्रिन्ट, सहभागी नाम सूची, मार्कर

## सहजीकरण विधि

- खेल
- गीत
- कथा
- कविता (बालकेन्द्रित क्रियाकलाप)
- अवलोकन
- छलफल

## सहजकर्ताको पूर्वतयारी

- सहभागीहरूलाई नमुना क्रियाकलाप सञ्चालनको लागि स्वतन्त्र गराउनुहोस्।
- सूक्ष्म शिक्षण अभ्यास अवलोकन मूल्याङ्कन फारम प्रिन्ट गरेर सहभागीअनुसार तयारी गर्नुहोस्।
- विषयवस्तु, सहभागी नाम लिस्ट, समय सीमा र सामान्य नियम टाँस गर्नुहोस्।
- सबै सहभागीहरूलाई नमुना क्रियाकलाप सञ्चालनका लागि दिइएको मूल्याङ्कन फारम अगाडि राख्न लगाउनुहोस्।
- रचनात्मक सहयोग प्रदान गर्नुहोस्। सकारात्मक बन्नुहोस् तर महत्वपूर्ण सुझाव दिन नछुटाउनुहोस्।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १ः **नमुना क्रियाकलाप तयारी**

- सबै सहभागीहरूलाई अघिल्लो सत्रमा गरेको दैनिक कार्ययोजनाअनुसार तयार हुन केही समय प्रदान गर्नुहोस् ।
- दैनिक कार्यतालिकाअनुसार एकजनाले नमुना क्रियाकलाप सञ्चालन गर्ने भएपछि अन्य सहभागीहरूलाई बालबालिकाको भूमिका निर्वाह गर्न लगाउनुहोस् ।
- सहभागीहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुसूची १५ मा रहेको नमुना फाराम दिनुहोस् ।
- कक्षा लिने सहभागीको कक्षा अवलोकन गरेर यो फाराममा भर्नुपर्छ भनेर सबै बुँदाहरू एकएक गरेर प्रस्ट पारिदिनुहोस् ।
- क्रियाकलाप अभ्यासको कक्षा सञ्चालन गरेको सहभागीहरूलाई योजनाअनुरूप मूल्याङ्कन गर्न लगाउनुहोस् ।
- मूल्याङ्कन समूहमा गराउने र अन्त्यमा कस्तो लाग्यो र अझ सुधार गर्नुपर्ने पक्षहरू के के देखिन्छन् भनी छलफल गराउनुहोस् ।

यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री (सूक्ष्म क्रियाकलाप अभ्यास, अवलोकन, मूल्याङ्कन फाराम, सूक्ष्म क्रियाकलाप सहभागी मूल्याङ्कन फाराम भर्ने मार्ग निर्देशन र सहभागीले सूक्ष्म क्रियाकलाप गर्दा अर्को सहभागीको मूल्याङ्कन गर्ने तरिका) अनुसूची १५ मा राखिएको छ ।

क्रियाकलाप २ः **नमुना क्रियाकलाप अभ्यास र पृष्ठपोषण आदानप्रदान**

- चार ओटा समूहबाट गोलाप्रथाबाट एक एक जना सहभागीलाई सूक्ष्म शिक्षण गर्न लगाउनुहोस् ।
- समूहगत रूपमा दिइएको मूल्याङ्कन फाराम भर्न लगाउनुहोस् ।
- प्रारम्भिक सिकाइ तथा मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालनका सबल पक्ष र सुधार गर्नुपर्ने पक्ष बताउन लगाउनुहोस् ।
- नमुना क्रियाकलापको मूल्याङ्कन गर्नेलाई योजना अनुरूप पालोपालो गरी पहिले सकारात्मक पक्ष र पछि सुधारात्मक पक्षको सुझाव दिन लगाउनुहोस् ।
- सहजकर्ताले पनि अभ्यास क्रियाकलापका सहभागी र सञ्चालित क्रियाकलापबाट (भविष्यमा बालबालिकाको भूमिकामा) आउन सक्ने सकारात्मक र सुधारात्मक पक्षको सुझाव दिनुहोस् ।

नोटः यसैगरी सबै सहभागीहरूलाई प्रस्तुतिको अवसर दिनुहोस् र सहभागितात्मक छलफल चलाउनुहोस् ।

## प्रतिबिम्बन

- यस सत्रमा सिकिएका मुख्य मुख्य कुराहरू के के हुन् ?
- सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम भर्दा ध्यान दिनुपर्ने मुख्य मुख्य कुराहरू के-के हुन् ?

# सहभागीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप प्रदर्शन तथा छलफल

| दिन : दशौँ | सत्र : पहिलो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

पाठ्यक्रमका सिकाइ उपलब्धि हासिल गर्नका लागि अघिल्लो सत्रमा निर्माण गरिएको योजना र नमुना क्रियाकलाप तयारीका आधारमा सहभागीबाट नमुना सहजीकरण क्रियाकलाप सञ्चालनमा आधारित भई यो सत्र सञ्चालन गरिने छ । प्रशिक्षार्थीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका सूचकहरूसँग तादाम्य राख्दै नमुना क्रियाकलाप सञ्चालन गर्नुपर्छ । सञ्चालित क्रियाकलापको बारेमा सामूहिक छलफल तथा अन्तरक्रिया गरी क्रियाकलाप कौशल सुधार गर्ने गरी यस सत्रमा क्रियाकलाप सञ्चालन गरिने छन् ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालन गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालनका सबल र सुधारात्मक पक्ष पहिचान गर्न

## मुख्य विषयवस्तु

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप
- नमुना क्रियाकलाप अभ्यासको छलफल

## आवश्यक सामग्री

अवलोकन फाराम, मूल्याङ्कन फाराम, न्युजप्रिन्ट, सहभागी नाम सूची, मार्कर

## सहजीकरण विधि

- खेल
- गीत
- कथा
- कविता (बालकेन्द्रित क्रियाकलाप)
- अवलोकन
- छलफल

## सहजकर्ताको पूर्वतयारी

- सहभागीहरूलाई नमुना क्रियाकलाप सञ्चालनको लागि स्वतन्त्र गराउनुहोस् ।
- सूक्ष्म शिक्षण अभ्यास अवलोकन मूल्याङ्कन फारम प्रिन्ट गरेर सहभागीअनुसार तयारी गर्नुहोस् ।
- विषयवस्तु, सहभागी नाम लिस्ट, समय सीमा र सामान्य नियम टाँस गर्नुहोस् ।
- सबै सहभागीहरूलाई नमुना क्रियाकलाप सञ्चालनका लागि दिइएको मूल्याङ्कन फाराम अगाडि राख्न लगाउनुहोस् ।
- रचनात्मक सहयोग प्रदान गर्नुहोस् । सकारात्मक बन्नुहोस् तर महत्वपूर्ण सुझाव दिन नछुटाउनुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १ः **नमुना क्रियाकलाप तयारी**

- सबै सहभागीहरूलाई अघिल्लो सत्रमा गरेको दैनिक कार्ययोजनाअनुसार तयार हुन केही समय प्रदान गर्नुहोस् ।
- दैनिक कार्यतालिकाअनुसार एकजनाले नमुना क्रियाकलाप सञ्चालन गर्ने भएपछि अन्य सहभागीहरूलाई बालबालिकाको भूमिका निर्वाह गर्न लगाउनुहोस् ।
- सहभागीहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुसूची १५ मा रहेको नमुना फाराम दिनुहोस् ।
- कक्षा लिने सहभागीको कक्षा अवलोकन गरेर यो फाराममा भर्नुपर्छ भनेर सबै बुँदाहरू एकएक गरेर प्रस्ट पारिदिनुहोस् ।
- क्रियाकलाप अभ्यासको कक्षा सञ्चालन गरेको सहभागीहरूलाई योजनाअनुरूप मूल्याङ्कन गर्न लगाउनुहोस् ।
- मूल्याङ्कन समूहमा गराउने र अन्त्यमा कस्तो लाग्यो र अझ सुधार गर्नुपर्ने पक्षहरू के के देखिन्छन् भनी छलफल गराउनुहोस् ।

यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री (सूक्ष्म क्रियाकलाप अभ्यास, अवलोकन, मूल्याङ्कन फाराम, सूक्ष्म क्रियाकलाप सहभागी मूल्याङ्कन फाराम भर्ने मार्ग निर्देशन र सहभागीले सूक्ष्म क्रियाकलाप गर्दा अर्को सहभागीको मूल्याङ्कन गर्ने तरिका) अनुसूची १५ मा राखिएको छ ।

क्रियाकलाप २ः **नमुना क्रियाकलाप अभ्यास र पृष्ठपोषण आदानप्रदान**

- चार ओटा समूहबाट गोलाप्रथाबाट एक एक जना सहभागीलाई सूक्ष्म शिक्षण गर्न लगाउनुहोस् ।
- समूहगत रूपमा दिइएको मूल्याङ्कन फाराम भर्न लगाउनुहोस् ।
- प्रारम्भिक सिकाइ तथा मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालनका सबल पक्ष र सुधार गर्नुपर्ने पक्ष बताउन लगाउनुहोस् ।
- नमुना क्रियाकलापको मूल्याङ्कन गर्नेलाई योजना अनुरूप पालोपालो गरी पहिले सकारात्मक पक्ष र पछि सुधारात्मक पक्षको सुझाव दिन लगाउनुहोस् ।
- सहजकर्ताले पनि अभ्यास क्रियाकलापका सहभागी र सञ्चालित क्रियाकलापबाट (भविष्यमा बालबालिकाको भूमिकामा) आउन सक्ने सकारात्मक र सुधारात्मक पक्षको सुझाव दिनुहोस् ।

  नोटः यसैगरी सबै सहभागीहरूलाई प्रस्तुतिको अवसर दिनुहोस् र सहभागितात्मक छलफल चलाउनुहोस् ।

## प्रतिबिम्बन

- यस सत्रमा सिकिएका मुख्य मुख्य कुराहरू के के हुन् ?
- सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम भर्दा ध्यान दिनुपर्ने मुख्य मुख्य कुराहरू के-के हुन् ?

# परियोजना कार्यको अभिमुखीकरण तथा कार्ययोजना निर्माण

**दिन : दशौँ** | **सत्र : दोस्रो** | **समय : १ घण्टा ३० मिनेट**

## परिचय

दश दिनको आमनेसामने तालिममा सिकेका ज्ञान, सिप र अभिवृत्तिगत पक्षहरूलाई वास्तविक कार्यथलोमा गरेर सिक्ने, सँगै बसेर सिक्ने, अनुभवबाट आदानप्रदान प्रक्रियाबाट सिक्ने गरी प्रत्येक शिक्षकलाई चारओटा परियोजना कार्य दिने प्रावधान रहेको छ। ती परियोजना कार्यहरूलाई वास्तविक कार्यथलोमा कसरी सञ्चालन गर्ने, कसरी अभिलेखीकरण गर्ने भन्ने सन्दर्भमा तालिमका सहभागीहरूलाई परिचित गराउनु यस सत्रको मुख्य उद्देश्य हो । तालिम कार्यशाला खण्डपश्चात् विद्यालयमा आधारित स्वाध्यय अभ्यास खण्डमा आधारित भई सहभागीहरूले गर्नुपर्ने परियोजना कार्यको अभिमुखीकरण यस सत्रमा गरिन्छ। परियोजना कार्य अभिमुखीकरणपश्चात् सहभागीहरूले आआफ्नो प्रारम्भिक बालविकास केन्द्रमा गई गर्ने भएकाले सो सम्बन्धमा कार्ययोजना निर्माण गर्ने क्रियाकलाप यस सत्रमा समावेश गरिएको छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- स्वाध्ययन अभ्यास खण्डमा आधारित परियोजना कार्य गर्न
- कार्ययोजना तयार गर्न

## मुख्य विषयवस्तु

- परियोजना कार्य
- कार्ययोजना निर्माण

## आवश्यक सामग्री

परियोजना कार्यको ढाँचा, प्रतिवेदनको ढाँचा, लुज सिट, साइन पेन, स्केल

## सहजकर्ताको पूर्वतयारी

- यस सत्रको लागि आवश्यक पर्ने कार्ययोजनाको ढाँचा न्युजप्रिन्टमा लेखेर ल्याउनुहोस्।
- तालिम सञ्चालन गर्न स्रोत व्यक्तिलाई आवश्यक पर्ने कार्ययोजनाको ढाँचा अनुसूची १६ मा रहेको छ अध्ययन गर्नुहोस्।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **परियोजना कार्य**

- सहजकर्ताले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटमा राखिएको ECED पोर्टल खोज्न लगाउनुहोस्। उक्त पोर्टलमा केकस्ता विषयवस्तुहरू समावेश गरिएका छन्, सोसमेत पहिल्याउन लगाउनुहोस्।
- सहजकर्ताले उक्त पोर्टलमा भएका प्रारम्भिक बालविकास तथा सिकाइसम्बन्धी शिक्षकका लागि उपयोगी सामग्रीहरू एक एक गरी देखाउँदै छलफल गराउँदै स्पष्ट पार्नुहोस्।

क्रियाकलाप २: **परियोजना कार्य**

- पाँच दिने कार्यभारको स्वअभ्यास तथा परियोजना कार्य सहजकर्ता पेसागत विकास तालिमको एउटा अनिवार्य सर्त हो । तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्यय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको विशिष्टीकरण मापदण्ड बमोजिम ५ दिने कार्यभारको परियोजना कार्य सम्पादन गर्नुपर्ने छ भन्ने कुरा बताइदिनुहोस्।
- परियोजना कार्य तालिमपश्चात् विद्यालयमा गएर ४ ओटै परियोजना कार्य ४५ दिनभित्र सम्पन्न गरी त्यसको ७ दिनभित्र प्रतिवेदन लेखन गरी ५२ दिनभित्र तालिम प्रदायक निकायमा अनिवार्य बुझाउनुपर्ने कुराको जानकारी दिनुहोस्।

- दश दिने प्रारम्भिक बालविकास शिक्षक पेसागत विकास तालिम दोस्रो चरणको तालिमपश्चात् सहभागीले प्रारम्भिक बालविकास केन्द्रमा गर्नुपर्ने परियोजना कार्यहरूको बारेमा निम्नानुसार जानकारी दिनुहोस् ।

**परियोजना कार्य १: प्रारम्भिक बालविकास पाठ्यक्रम र ४८ देखि ६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ विकास मापदण्डको सम्बन्ध विश्लेषण**

- सहजकर्ताहरूले तालिममा प्रयोग गरेअनुसार पाठ्यक्रममा रहेको ७ ओटा मुख्य शीर्षकहरू मध्ये फरक हुने गरी कम्तीमा ४ ओटा उपशीर्षकहरू छनोट गर्ने
- प्रत्येक उपशीर्षकअन्तर्गत विषयवस्तुमा आधारित भई दैनिक सिकाइ क्रियाकलाप योजना तयार गर्ने
- सो योजनामा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा रहेको क्षेत्रअनुसारको सूचक प्राप्ति गर्ने क्रियाकलाप राख्ने
- दैनिक कार्यतालिकाअनुसार बालबालिकाको सिकाइमा प्रयोग गर्ने
- प्रयोगपश्चात् क्रियाकलापहरूको प्रभावकारिता उल्लेख गर्ने

**परियोजना कार्य २: प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनत मापदण्ड, २०७७ कार्यान्वयन अवस्था, अवसर र चुनौती**

- राष्ट्रिय न्यूनतम मापदण्डमा रहेका क्षेत्रभित्रको उपक्षेत्रभित्रको न्यूनतम मापदण्डबमोजिम कक्षाकोठाभित्रको व्यवस्थापनको अवस्था, कक्षाकोठाबाहिरको व्यवस्थापनको अवस्था, व्यवस्थापन समिति र अभिभावकको सहयोगको अवस्था उल्लेख गर्ने
- माथि उल्लिखित मापदण्डहरू प्रयोगमा आएको अवसरहरू र चुनौतीहरू उल्लेख गर्ने

**परियोजना कार्य ३: प्रारम्भिक बालविकास केन्द्रमा अन्य सन्दर्भ सामग्रीको प्रयोग**

- प्रारम्भिक बालविकास केन्द्रका लागि तयार गरिएको सन्दर्भ सामग्रीहरूको सूची तयार गर्ने
- सामग्रीमा समावेश गरेका विषयवस्तुहरूको टिपोट गर्ने
- ती सन्दर्भ सामग्रीहरूको प्रयोग, उपयोगिता र समस्या उल्लेख गर्ने

**परियोजना कार्य ४: प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचकअनुसार बालबालिकाको मूल्याङ्कन गरेको प्रतिलिपि**

- तालिममा प्रयोग गरेको प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन फाराम अनिवार्य रूपमा सबै बालबालिकाको भर्ने र उनीहरूका सिकाइ र विकासको मापन गरी थप सहयोग गर्ने र सोबमोजिम बालबालिकाको अवस्थाको अभिलेखीकरण गर्ने

**प्रतिवेदनको खाका**

१. परिचय
२. उद्देश्य
३. अध्ययन विधि
४. देखिएको अवस्था
   सकारात्मक पक्ष
   समस्या तथा सुधार गर्नुपर्ने पक्ष
५. देखिएको समस्या समाधान गर्न निकायगत भूमिका (कसले कसरी गरे समस्या समाधान हुन्छ ?)
६. प्राप्ति र निष्कर्ष

क्रियाकलाप २: **कार्ययोजना निर्माण**

- सबै सहभागीहरूलाई अनुसूची १६ मा भएको कार्ययोजनाको फोटोकपी दिई तालिममा सिकेका ज्ञान र सिपलाई कार्यथलोमा कार्यान्वयन गर्नका लागि कार्ययोजना निर्माण गर्न लगाउनुहोस् ।
- सहभागीले तयार गरेका कार्ययोजना प्रस्तुत गर्न लगाउनुहोस् ।
- सहभागीको कार्ययोजना प्रस्तुतीकरणमा आवश्यकतानुसार पृष्ठपोषण आदानप्रदान गर्नुहोस् ।

## प्रतिबिम्बन

- परियोजना कार्यको प्रतिवेदन कसरी लेख्नुपर्ने रहेछ ?
- परियोजना कार्य कति समयभित्र तालिम प्रदायक निकायमा बुझाउनुपर्ने रहेछ ?

# पश्च मूल्याङ्कन, सहभागी/तालिमको मूल्याङ्कन र तालिम समापन

| दिन : दशौं | सत्र : तेस्रो | समय : १ घण्टा ३० मिनेट |
| --- | --- | --- |

## परिचय

सिपगत पक्ष र अभिवृत्तिगत पक्षको लेखाजोखा अभिलेखको मूल्याङ्कन गरेर तथा अवलोकनका साधनहरूको प्रयोग गरेर लेखाजोखा गर्न सकिन्छ भने सैद्धान्तिक विषयवस्तुको लेखाजोखा पाठ्यक्रमको आधारमा निर्माण गरिएको विशिष्टीकरण तालिकाअनुसार ज्ञान, बोध, प्रयोग र उच्च दक्षताका प्रश्न सोधेर लिखित रूपमा प्रस्तुतीकरण गर्न लगाएर लेखाजोखा गर्न सकिन्छ । दश दिनको आमनेसामने तालिममा सिकेका ज्ञान, सिप र अभिवृत्तिगत पक्षहरूलाई मूल्याङ्कनबाट मापन गर्न सकिन्छ । दश दिनको आमनेसामने तालिमका शिक्षकको संज्ञानात्मक पक्षका उपलब्धिको लेखाजोखा गर्न परीक्षा सञ्चालन गरी सहभागीले हासिल गरेका उपलब्धिको लेखाजोखा गर्नुसमेत यस सत्रको उद्देश्य रहेको छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- प्रारम्भिक सिकाइ तथा विकासबारे सहभागीहरूको बुझाइ मापन गर्न
- तालिमको समग्र मूल्याङ्कन गर्न

## मुख्य विषयवस्तु

- सहभागी/तालिमको मूल्याङ्कन

## आवश्यक सामग्री

प्रश्नपत्र, साधा कापी

## सहजकर्ताको पूर्वतयारी

- यो सत्रमा सहभागीहरूका लागि प्रश्नपत्र फोटोकपी गर्नुहोस् ।
- पश्चमूल्याङ्कनका लागि प्रश्नपत्र र उत्तरपुस्तिका तयार राख्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

क्रियाकलाप १: **उपलब्धि परीक्षा**

- टिपिडी तालिमको विशिष्टीकरण तालिकाअनुसार निर्माण गरिएको प्रश्नपत्र सहभागीहरूलाई वितरण गर्नुहोस् र तोकिएको समयभित्र लेखन कार्य गर्न निर्देशन दिनुहोस् ।
- समय सकिएपछि सबै उत्तरपुस्तिका जम्मा गर्नुहोस् ।

# अध्ययन सामग्री

यस खण्डमा तालिम सहजीकरण क्रियाकलापलाई प्रभावकारी बनाउन सहजकर्ता र प्रशिक्षार्थी दुवैका लागि आवश्यक पर्ने अध्ययन सामग्रीहरू विभिन्न अनुसूचीमा समावेश गरिएको छ ।

# अनुसूचीहरू

## अनुसूची १

**(पहिलो दिन, दोस्रो सत्रसँग सम्बन्धित)**

### प्रारम्भिक बालविकासको अवधारणा, महत्व तथा कार्यक्रमहरू

### १. प्रारम्भिक बालविकासको परिचय

**(क) अवधारणा तथा महत्व**






कुपोषित बालक



स्वस्थ बालक

बालबालिकाको सामाजिक, शारीरिक, संवेगात्मक, बौद्धिक, नैतिक तथा चारित्रिक पक्षको सन्तुलित विकास हुनु नै बालविकास हो । प्रारम्भिक बालविकास बालक जन्मेर कुनै निश्चित उमेरमा मात्र हुने प्रक्रिया होइन यो त गर्भावस्थादेखि नै प्रारम्भ हुन्छ । बालबालिकाको मस्तिष्क विकास प्रारम्भिक बालविकास अवधिमै वयस्कहरूको हाराहारीमा पुगिसक्ने कुरा विश्वमा गरिएका धेरै अध्ययन तथा अनुसन्धानहरूले पुष्टि गरिसकेका छन् । जन्मदेखि पाँच वर्षभित्रै बालबालिकाको ९० प्रतिशत मस्तिष्क विकास हुने तथ्य अघि सारिएको छ (NSW, 2020) । जन्मदेखि आठ वर्षसम्मका बालबालिकाहरूलाई उपयुक्त स्वास्थ्य, स्याहार,उचित अन्तरक्रियात्मक वातावरण, उचित पोषण तथा हेरविचार गरी उनीहरूका सर्वाङ्गीण पक्षको विकासलाई सहज बनाउन सके मात्र उनीहरू भोलिका सक्षम नागरिक बन्न सक्ने कुरा प्रारम्भिक बालविकासको अवधारणा हो । प्रारम्भिक बालविकास बहुउद्देश्यीय, बहुपक्षीय सेवा र प्रक्रियाको उपज हो (स्रोत सामग्री, २०७५) अर्थात बालबालिकाहरूको स्वास्थ्य, पोषण, सुरक्षा, सिकाइ तथा उत्प्रेरणा प्रारम्भिक बालविकासका पक्षभित्र समेटिन्छन् । यस हिसाबले हेर्दा गर्भवती आमाको स्याहार र सुरक्षादेखि नै यो विषय जोडिन्छ ।

शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक तथा भाषिक विकासका पक्षहरूको सन्तुलित र समन्वयपूर्ण विकासविना सर्वाङ्गीण विकास नहुने भएकाले प्रारम्भिक बालविकासले यसैमा जोड गर्दछ ।



(ख) **प्रारम्भिक बालविकासमा लगानीको महत्व**


विभिन्न अध्ययन अनुसन्धानले प्रष्ट पारेको छ कि प्रारम्भिक बालविकासमा गरिने एक डलर लगानीले ७ देखि १७ डलरसम्म प्रतिफल दिन्छ । एउटा घर बलियो बनाउन जगमा धेरै लगानी गर्नुपर्छ, राम्रा तथा गुणस्तरीय सामग्री प्रयोग गर्नुपर्ने हुन्छ । त्यस्तै फल तथा बालीबाट राम्रो उत्पादन लिन बिउ राखेदेखि रोप्ने, गोड्ने तथा मलजल गर्ने, उचित सुरक्षा तथा स्याहार गर्ने गर्नुपर्छ । यही कुरा मानव विकासमा पनि लागू हुन्छ । मानव विकासको जग प्रारम्भिक बालविकास भएकाले यस अवस्थामा गरिने लगानीले भावी जनशक्तिको सक्षमता निर्धारण गर्दछ । प्रारम्भिक बालविकासको क्षेत्रमा किन लगानी गर्नुपर्दछ भन्ने विषयमा  यहाँ केही दृष्टिकोणहरू प्रस्तुत गरिएका छन् ।

**संवैधानिक हकको प्रत्याभूतिका लागि लगानी**

नेपालको संविधानको धारा ३९ (बालबालिकाहरूको हक) को उपधारा ३ ले बालबालिकाहरूलाई प्रारम्भिक बालविकासको हक हुने छ भन्ने प्रावधान राखेको छ । त्यसकारण प्रारम्भिक बालविकासका लागि गरिने लगानी र व्यवस्था संवैधानिक हकको कार्यान्वयनको दृष्टिकोण हो भनेर पनि बुझ्नुपर्छ । त्यस्तै बालअधिकारसम्बन्धी महासन्धि १९८९ ले सुनिश्चित गरेका बालविकास, सुरक्षा र सहभागिताका विषयलाई पनि प्रारम्भिक बालविकासदेखिकै लगानीले सुनिश्चित गर्ने हुन्छ ।

**आर्थिक विकासका लागि लगानी**

बालविकासका गरिने लगानीले आर्थिक प्रतिफल उच्च हुने कुरा अर्थशास्त्रीहरूकै अध्ययनले देखाएको छ । अमेरिकी अर्थशास्त्री जेम्स ह्याकमेन (२०१२) ले पछि परेका समुदायका परिवारका जन्मदेखि पाँच वर्षसम्म बालबालिकाहरूमा गरिने लगानीले व्यक्ति, परिवार तथा राष्ट्रलाई उच्च प्रतिफल दिन्छ भनेका छन् । प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने लगानीले एकातिर सक्षम जनशक्तिको विकास गर्दछ भने अर्कोतिर स्वास्थ्य क्षेत्रमा हुने अनावश्यक खर्च कटाएर थप विकासात्मक कार्यमा परिचालन गर्न सघाउँछ भन्ने अर्थशास्त्रको दृष्टिकोणले तर्क गरिएको छ ।



Source: Slide by Flavlio Cunha based on Heckman and Masterov, 2004

**सामाजिक विकासका लागि लगानी**

मानिस सामाजिक प्राणी हो । पारस्परिक अन्तरनिर्भरता, सहयोग र समन्वयबिना मानव जीवन सम्भव छैन । सामाजिक हुन सामाजिक गुणहरूको आवश्यकता पर्दछ । शान्तिप्रिय हुनु, सद्भाव र सहिष्णुतापूर्ण व्यवहार हुनु, समतामूलक सोच हुनु, दया, माया तथा करुणाजस्ता मानवीय भाव हुनु सामाजिक विकासका सूचकहरू हुन् । यी बाहेक विविध भूगोल, क्षेत्र र जातको हुनुका कारण हुने विभेदलाई पनि प्रारम्भिक बालविकास कार्यक्रमले घटाउने र सन्तुलित र समुचित विकास हुने हुँदा सामाजिक विभेद हटाउन प्रारम्भिक बालविकासमा गरिने लगानी अर्थपूर्ण हुने विश्वास गरिएको छ । तसर्थ, प्रारम्भिक बाल्यावस्थादेखि नै योग्य र सक्षम सामाजिक गुण र व्यवहार विकास गर्न यस क्षेत्रमा पर्याप्त लगानी आवश्यक रहेको मानिन्छ ।

**शैक्षिक विकासका लागि लगानी**

प्रारम्भिक बालविकासमा गरिने लगानीले बालबालिकाहरूको सर्वाङ्गीण विकासको अवसर बढाउँछ । प्रारम्भिक बाल्यकालको सिकाइ जीवनभर रहन्छ र यो असाध्यै फलदायी हुन्छ (युनिसेफ, २०११) । यस प्रकारको विकास भएको बालबालिकाहरू आधारभूत तहका शिक्षाका विभिन्न चरणमा सफल हुँदै जाने र अन्ततः शैक्षिक रूपमा योग्य र दक्ष नागरिक उत्पादन हुने भएकाले प्रारम्भिक बालविकासमा गरिने लगानीले शैक्षिक उपलब्धि बढाउने तथा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सघाउने तर्क गर्ने गरिन्छ ।

प्रारम्भिक बालविकासमा लगानीको महत्व तथा औचित्यको सार सङ्क्षेप

- स्वास्थ जनशक्ति विकास हुने
- सबल र सक्षम मस्तिष्क भएका जेहेन्दार जनशक्ति विकास हुने
- सामाजिक व्यक्तित्व विकास गरी सामाजिक रूपमा अमन चैन र शान्ति स्थापना हुने
- असल चरित्रवान एवं नैतिकवान व्यक्तित्व विकास हुने
- दिगो विकासका लागि पूर्वाधार बन्ने तथा विकासका लागि महत्वपूर्ण आधार हुने

## २. नेपालमा हाल सञ्चालित एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमहरू

बालबालिकाको वृद्धि र विकास निरन्तर हुने प्रक्रिया भएकाले बालविकास कार्यक्रमले बालबालिकाको उमेर र विकासात्मक आवश्यकतालाई पूरा गर्नुपर्दछ। प्रारम्भिक बाल्यावस्थाका विभिन्न चरणहरू र उमेरअनुसार उनीहरूको आवश्यकता फरक हुन्छ। यी कार्यक्रमहरूको आवश्यकता र प्राथमिकता समुदायअनुसार पनि फरक हुन्छ।
नेपालमा अभ्यासमा रहेका एकीकृत प्रारम्भिक बालविकाससम्बन्धी केही कार्यक्रमहरू देहायअनुसार उल्लेख गर्न सकिन्छ :

(क) **समुदाय स्तरीय अभिमुखीकरण/घरदैलो कार्यक्रम**

प्रारम्भिक बालविकास कार्यक्रमको सम्बन्धमा समुदायलाई सचेतीकरण गर्न समुदाय अभिमुखीकरण/घरदैलो कार्यक्रम आवश्यक छ। प्रारम्भिक बालविकास कार्यक्रमको सेवाले एकीकृत रूपमा बालबालिकालाई विकासको अवसर दिने भएको हुँदा समुदायमा भएको स्रोत तथा साधनलाई परिचालन गराई सर्वाङ्गीण विकासको अधिकार र चेतना अभिवृद्धि गर्न यो कार्यक्रम उपयोगी हुन्छ।

**सञ्चालन प्रक्रिया**

समुदायमा रहेका अभिभावक, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, बालविकास केन्द्रका सहजकर्ता, सरोकारवाला, सहयोगी व्यक्ति, बालक्लब, किशोरकिशोरी, नवविवाहित तथा स्थानीय सेवा प्रदायक संस्थाहरू तथा सञ्चारकर्मीहरू मध्येबाट ३० देखि ४० जनासम्मको सहभागितामा करिब ३ घण्टा अभिमुखीकरणको अवधि रहने छ।

**लगानी**

एउटा प्रारम्भिक बालविकास अभिमुखीकरण/घरदैलो कार्यक्रम सञ्चालनका लागि पूर्व तयारी, बालविकाससँग सम्बन्धित दक्ष जनशक्तिद्वारा सहजीकरणवापत सेवा शुल्क र आवश्यक स्टेसनरीसहित सामान्यत रु. दुई हजार खर्च लाग्न सक्छ। यसका लागि स्थानीय गाउँपालिका/नगरपालिकाका वडाहरू, विद्यालय, स्थानीय क्लब वा सेवा प्रदायक संस्थाहरू आयोजक रहन सक्दछन्। सहभागीहरूबाट नै सञ्चालन तथा व्यवस्थापन शुल्क लिएर पनि यस प्रकारका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ।

(ख) **प्रारम्भिक बालविकाससम्बन्धी अभिभावक शिक्षा (गर्भदेखि ८ वर्षमुनिका बालबालिका केन्द्रित)**

प्रारम्भिक उमेरका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण बालविकासको अधिकार सुनिश्चितताामा सहयोग गर्नका लागि अभिभावकहरूको सचेतनापूर्ण भूमिका आवश्यक हुन्छ। तसर्थ प्रारम्भिक बालविकास उमेरका बालबालिकाको उपयुक्त स्याहार, हेरचाह तथा विकासका लागि जनचेतना जागरण गर्न, प्रारम्भिक बाल्यावस्थादेखि अभिभावकको विशेषगरी बुबाको सहभागिता र भूमिकाको महत्वपूर्ण रहेको छ। यो भूमिकाको बोध गराउन र गुणस्तरीय प्रारम्भिक बालविकासका लागि ज्ञान तथा सिपको अवधारणा अभ्यासमा ल्याउन प्रारम्भिक बालविकाससम्बन्धी अभिभावक शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम स्वास्थ्य संस्था, वडा, गाउँपालिका/नगरपालिका, बालविकास केन्द्र तथा विद्यालयमार्फत सञ्चालन गर्न सकिन्छ।

**सञ्चालन प्रक्रिया**

अभिभावक शिक्षा विभिन्न तरिकाले चलाउन सकिएता पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट देहायबमोजिम लागू भएको छ। समुदायमा रहेका प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाका आमाबुबा, हजुरआमा,

हजुरबुबा, दिदी, दाजुहरू, किशोरकिशोरी, नवविवाहितमध्येबाट कम्तीमा ३० देखि ४० जनाको संलग्नतामा कम्तीमा २ घण्टाको कार्यक्रम सञ्चालन गरिन्छ। बालबालिकाको बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागितामा आधारित कम्तीमा २० ओटा विषयहरूमा केन्द्रित रही पटकपटक अभिभावकको अनुकूलतामा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

**लगानी**

एउटा विषय केन्द्रित अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि यसको पूर्व तयारी, बालविकाससँग सम्बन्धित दक्ष जनशक्तिद्वारा सहजीकरण बापत सेवा शुल्क र आवश्यक स्टेसनरीको व्यवस्था गर्न सामान्यतया रु. पाँच सय खर्च लाग्न सक्छ। यसका लागि स्थानीय गाउँपालिका/नगरपालिकाका वडाहरू, विद्यालय, स्थानीय क्लब वा सेवा प्रदायक संस्थाहरू आयोजक रहन सक्दछन्। यसका लागि सहभागीहरूबाट सञ्चालन तथा व्यवस्थापन शुल्क लिएर कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

**(ग) सुनौलो हजार दिन लक्षित कार्यक्रम**

गर्भावस्थाको अवधि २७० दिन र शिशु जन्मेर २ वर्ष सम्मको अवधि ७३० दिन गरी जम्मा हजार (१,०००) दिनलाई प्रारम्भिक बाल्यावस्थाका स्वर्ण दिन भन्ने गरिन्छ। बच्चा जन्मेको २ वर्षभित्रमा मस्तिष्कको ८० प्रतिशत विकास हुने भएकाले यस समयावधिभित्र आमा र बच्चाको उचित स्याहारसुसार गर्न सके कुपोषणको हुनबाट बचाउन सकिन्छ।

यस कार्यक्रमको प्रमुख उद्देश्य शिशुको स्वास्थ्य र पोषण स्थितिमा सुधार गरी कुपोषण हुनबाट जो गाउनु र गर्भवती आमाको स्वास्थ्य र पोषण अवस्था सुधार गर्नुका साथै उपयुक्त परामर्श प्रदान गर्नु हो। यस कार्यक्रममा खोप, नियमित स्वास्थ्य जाँच, पोषिलो खाना तथा सूक्ष्म पोषणयुक्त औषधी निःशुल्क वितरण गरिन्छ। साथै शिशुको पोषणको स्थिति मापन गरी आवश्यक सेवा दिइन्छ।

**सञ्चालन प्रक्रिया**

यो कार्यक्रम बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/०७६-०७९/०८०) अनुसार स्वास्थ, कृषि विकास, पशुपक्षी विकास, खानेपानी तथा सरसफाइ, शिक्षा, महिला तथा बालबालिका, सङ्घीय मामिला मन्त्रालयहरू तथा सेवा प्रदायक संस्थाहरूको आन्तरिक र बाह्य स्रोतको समन्यव गरी स्थानीय तहहरूबाट गरिन्छ।

**लगानी**

स्थानीय गाउँपालिका/नगरपालिका क्षेत्रमा रहेका विशेषगरी गर्भवती महिला र २ वर्ष मुनिका शिशुको सङ्ख्याका आधारमा लागत आँकलन गर्न सकिन्छ।

**(घ) अभिभावकद्वारा शिशुहरूमा प्रारम्भिक उत्प्रेरणा (Parent to Child Early Stimulation, PCES)**

उत्प्रेरणा भनेको एउटा यस्तो अनुभव हो, जुन आमाबाबु वा उत्प्रेरक स्याहारकर्ता र शिशुहरूबिचको अन्तर्क्रियाबाट प्राप्त हुन्छ। यसले शिशुको शारीरिक, बौद्धिक, सामाजिक, भाषिक विकासका लागि क्षमता अभिवृद्धि गर्न मद्दत गर्दछ। गर्भावस्थादेखि नै शिशुहरू उत्प्रेरित भए मात्र उनीहरूको क्षमता अभिवृद्धि सहज हुन्छ। त्यसैले यो कार्यक्रम गर्भावस्थादेखि ३ वर्ष मुनिका बालबालिकालाई घर परिवारमा नै शारीरिक, बौद्धिक, भाषिक, संवेगात्मक र सामाजिक विकास गराउन अभिभावकद्वारा उत्प्रेरणा दिन गर्भवती तथा ३ वर्षमुनिका बच्चाका अभिभावक र स्याहारकर्तालाई लक्षित गरी सञ्चालन गरिएको हो। घरमा आधारित हुनाले समुदाय र परिवारको भाषा, संस्कृति, मूल्य मान्यता र बालबालिका हुकाईमा स्थानीय राम्रा प्रचलनहरूलाई प्रवर्द्धन गर्न र परम्परागत रुढीबादी चलनमा सुधार ल्याउन यस कार्यक्रमले मद्दत पुऱ्याउँदछ।

**सञ्चालन प्रक्रिया**

यस कार्यक्रममा प्रशिक्षकहरूबाट बढीमा २० जना घरभेट कार्यकर्ताहरूलाई १० दिने बालविकाससम्बन्धी आधारभूत बाल उत्प्रेरणा विषयक तालिम दिइन्छ। घरभेट कार्यकर्ताहरूबाट २५ देखि ३० जना अभिभावकहरूको समूह बनाई १० पटकसम्म शिशु स्याहार तथा विकाससम्बन्धी क्रियाकलापमा आधारित अभिभावक अभिमुखीकरण गर्दछ। तालिम पछि आमाबाबु वा स्याहारकर्ताले दैनिक घरायसी काममा शिशुहरूलाई संलग्न गरी स्याहार तथा विकास हुने काममा उत्प्रेरित गर्नुपर्दछ।

**लगानी**

सामान्यतः २० देखि २५ ओटा घरपरिवारको समूह मानी सञ्चालन गरिने यस कार्यक्रम तालिममा खाजा, सहजीकरण कार्य र अनुगमनका लागि सामान्यता रु.पचास हजार आवश्यक पर्छ ।

(ङ) **प्रारम्भिक बालविकासका लागि प्रवेशद्वार कार्यक्रम**

प्रत्येक बालबालिकाको वृद्धि र विकाससँगै फरक गुण र विशेषताहरू हुन्छन् । यिनै फरक गुणका आधारमा बालबालिकाको उमेर, स्वभाव र क्षमताबमोजिम घरमा आधारित प्रवेशद्वार कार्यक्रम १८ महिनादेखि ३६ महिनासम्मका शिशुहरूलाई तालिम प्राप्त सामाजिक परिचालक, स्वयम्सेविका वा आमाहरूले ७ देखि १० जना बालबालिकाको समूह बनाएर पालैपालो सर्वाङ्गीण विकासको लागि हेरचाह र विकासका क्रियाकलाप र खाजाको पनि व्यवस्था गरिन्छ ।

यसका साथै आवश्यक स्वास्थ्य, पोषण, सरसफाइ, उत्प्रेरणा, सुरक्षा र सिकाइ क्रियाकलाप र सिकाइमा सहज वातावरण सिर्जना गरिन्छ ।

**सञ्चालन प्रक्रिया**

यो कार्यक्रम आमा समूह वा अभिभावकको संयुक्त सहयोग तथा संलग्नतामा सञ्चालन गरिन्छ ।

**लगानी**

स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, सहयोगी संस्थाहरू, विद्यालय, सामुदायिक अध्ययन केन्द्र, स्थानीय क्लबहरू, गुठी र स्वयम् अभिभावकको प्रत्यक्ष अप्रत्यक्ष करिब रु.तिस हजार लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ । तालिम, खेल सामग्री निर्माण गर्न र अनुगमन कार्यमा यो रकम खर्च गरिन्छ ।

(च) **एक डोको/ढक्की खेलौना वा बाल खेल दराज कार्यक्रम**

घरमा रहेका १-८ वर्ष उमेर समूहका शिशु र बालबलिकालाई स्थानीय तहमा घरकै स्रोत र साधनबाट खेलौना सङ्कलन र निर्माण गर्न सकिन्छ । यसरी बनाइएका खेलौना र थरी थरीका सामग्रीहरूलाई डोको, ढक्की, त्याकमा व्यवस्थापन गरिन्छ । अभिभावकले बालबालिकाको इच्छाअनुसार यी खेलौनाहरू चलाई खेल्नलाई प्रोत्साहन गर्नुपर्दछ । यो कार्यक्रम व्यवहारिक भएको पाइएको छ ।

**सञ्चालन प्रक्रिया**

यो कार्यक्रम आमा समूह वा अभिभावकको संयुक्त सहयोग तथा संलग्नतामा सञ्चालन गरिन्छ ।

**लगानी**

एउटा समूहको लागि स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, सहयोगी संस्थाहरूबाट प्रत्यक्ष अप्रत्यक्ष लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसका लागि तालिम तथा खेल सामग्रीका लागि कच्चा पदार्थ जोहो गर्न करिब रु. दश हजार लाग्न सक्दछ ।

(छ) **घरेलु क्रियाकलापमा आधारित प्रारम्भिक बालविकास कार्यक्रम**

यो कार्यक्रम बालविकास केन्द्रमा आउनुभन्दा अघि आमा, बुबा तथा स्याहारकर्ताहरूबाट सिकाइका लागि घरमै गराइने क्रियाकलापमा आधारित छ । स्थानीय परिवेशमा अभिभावकले शिशु र बालबालिकालाई समग्र विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सरसफाइ, उत्प्रेरणा, सुरक्षा र सिकाइ क्रियाकलाप र सिकाइमा सहज र सरल रूपमा सहभागी गराउन जन्मदेखि ३ वर्षमुनिका शिशुहरूलाई लक्षित गरिएको छ । यसका लागि प्रमुख घरायसी काम जस्तै खाना पकाउने र खाने, पानी थाप्ने, लुगा धुने, झाडु लगाउने, केलाउने, नुहाउने, मेला जाने र सरसफाइ आदि क्रियाकलाप हुन सक्छन् ।

**सञ्चालन प्रक्रिया**

यो कार्यक्रम आमा समूह वा अभिभावकको संयुक्त सहयोग तथा संलग्नतामा सञ्चालन गरिन्छ ।

**लगानी**

स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, सहयोगी संस्थाहरूबाट प्रत्यक्ष अप्रत्यक्ष लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसका लागि तालिमको आवश्यकता पर्दछ । यसमा तालिम तथा अनुगमन र खेल सामग्रीका लागि कच्चा पदार्थ जोहो गर्न करिब रु.दश हजार लाग्न सक्दछ ।

(ज) **समुदायमा आधारित प्रारम्भिक बाल स्याहार तथा विकास केन्द्र (३ देखि ४ वर्ष उमेरका)**

घरबाट टाढा जान नसक्ने १५ देखि २० जना बालबालिकाका लागि समुदायमा आधारित यस केन्द्रमा तालिम प्राप्त सहयोगी कार्यकर्ताहरूले बाल मनोवैज्ञानिक व्यवहारबाट खेल तथा मनोरञ्जनात्मक तरिकाबाट शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकास गर्ने तथा उपयुक्त स्वास्थ्य, पोषण, सरसफाइ, उत्प्रेरणा, सुरक्षा र सिकाइ क्रियाकलाप गराइन्छ। यो कार्यक्रम दैनिक ४ घण्टा सञ्चालन गर्नुपर्छ। यसका लागि बालबालिकालाई खाजाको विशेष व्यवस्था गरिनु आवश्यक हुन्छ।

**सञ्चालन प्रक्रिया**

यो कार्यक्रम सञ्चालन गर्न समुदायमा रहेका ३ देखि ४ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्याका आधारमा सम्बन्धित गाउँपालिका/नगरपालिकाको वडाबाट अनुमति माग गर्नुपर्छ। समुदायकै सक्रियतामा केन्द्र व्यवस्थापन समिति गठन गर्ने, निश्चित कोष स्थापना गर्ने र बालमैत्री पूर्वाधार तयारीका साथै सम्बन्धित वडा, टोल, सेवा प्रदायक सङ्घसंस्थाहरूको सहयोगमा सञ्चालन गरिन्छ।

**लगानी**

स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, समुदाय, अभिभावक र सहयोगी संस्थाहरूबाट प्रत्यक्ष अप्रत्यक्ष लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यसका लागि तालिम, खेल सामग्री, स्टेसनरी, भौतिक पूर्वाधार, सहयोगी कार्यकर्ताको मासिक तलब सुविधाको आवश्यकता पर्दछ। यो कार्यक्रम सञ्चालन गर्न भौतिक पूर्वाधारबाहेक वार्षिक न्यूनतम रु. एक लाख आवश्यक पर्दछ।

(झ) **प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र**

बालबालिकाको सिक्ने प्रवृत्ति तथा क्षमतालाई उनीहरूकै वरिपरि रहेका सामग्री तथा वातावरणले उनीहरूमा रहेको अन्तर्निहित क्षमता विकास र सिकाइ स्तरमा निरन्तर गुणस्तर र सुधार ल्याउन शिक्षाको बलियो आधार तयार गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र स्थापना गरिन्छ। यस केन्द्रमा ४ देखि ५ वर्ष उमेर समूहका २० देखि २५ जना बालबालिकालाई आवद्ध गराई तालिम प्राप्त बालविकास शिक्षकबाट सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ। यस केन्द्रको आवश्यक बालमैत्री तथा बालकेन्द्रित वातावरण व्यवस्थापनका लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रद्वारा लागू गरिएको प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डका आधार तथा प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमअनुसार विकासात्मक तथा प्रारम्भिक साक्षरता, पूर्व गणित अवधारणा तथा सिपसम्बन्धी सिकाइ क्रियाकलाप सञ्चालन गराइन्छ। यस कार्यक्रमका उद्देश्य ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गरी प्राथमिक शिक्षाको लागि तयारी गर्ने।

**सञ्चालन प्रक्रिया**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार हरेक वडा समितिलाई आफ्नो क्षेत्रभित्र शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने दायित्व रहेको छ। शिक्षा ऐन २०२८ को आठौँ संशोधन २०७३ ले आधारभूत शिक्षाअन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रलाई विद्यालय संरचनाभित्र समावेश गरेको छ। यो कार्यक्रम सञ्चालन गर्न समुदायमा रहेका ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्याका आधारमा सम्बन्धित गाउँपालिका/नगरपालिकाको वडाबाट अनुमति माग गर्नुपर्छ। समुदायकै सक्रियतामा केन्द्र व्यवस्थापन समिति गठन गर्ने, निश्चित कोष स्थापना गर्ने र बालमैत्री पूर्वाधार तयारीका साथै सम्बन्धित वडा, टोल, सेवा प्रदायक सङ्घसंस्थाहरूको सहयोगमा सञ्चालन गरिन्छ।

**लगानी**

स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, समुदाय, अभिभावक र सहयोगी संस्थाहरूबाट प्रत्यक्ष अप्रत्यक्ष लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यसका लागि तालिम, शैक्षिक सामग्री, स्टेसनरी, पोषणयुक्त खाजा, भौतिक पूर्वाधार, बालशिक्षकको मासिक सुविधाको आवश्यकता पर्दछ। एउटा केन्द्र सञ्चालन गर्न भौतिक पूर्वाधारबाहेक वार्षिक न्यूनतम रु. एक लाख पचास हजार आवश्यक पर्दछ।

**(ञ) प्रारम्भिक पढाइ कार्यक्रम**

शिक्षाको वर्तमान गुणस्तर वृद्धिका हिसाबले सबै विद्यालयमा शिक्षण सिकाइलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सघाउने उद्देश्यले विभिन्न कार्यक्रमहरू रहेका छन् । जसमध्ये प्रारम्भिक कक्षा पढाइ कार्यक्रम पनि एक हो । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको लक्ष्य नै विद्यार्थीको सिकाइमा केन्द्रित भई शिक्षाको गुणस्तर सुधार गर्ने रहेको छ। पढाइ भनेको शब्द र वाक्यहरूलाई बुझ्न सक्ने सक्षमता हो र प्रारम्भिक कक्षा पढाइ यसको आधार हो, जसले प्रारम्भिक शिक्षामा अगाडि बढ्न बाटो देखाउँछ । प्रारम्भिक पढाइले ध्वनि सचेतना, वर्ण ज्ञान, पठन प्रवाह, शब्दभण्डार तथा बोधलाई आधार मानेर सिकाइ क्रियाकलापमा जोड दिएको हुन्छ ।

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रमुख उद्देश्य कक्षा १ देखि ३ सम्मका सबै विद्यार्थीको पढाइ सिपको सुधार गर्नु हो । यी कक्षाका विद्यार्थीले बुझेर उपयुक्त गतिका साथ पढ्न सिक्ने छन् र पढेका विभिन्न पाठ्यांशहरूको अर्थ निकाल्न सक्ने छन् । बालबालिकाको मुख्य सिप नै पढाइ रहेकाले यसले पछि गएर अरु विषयहरूमा विद्यालय उमेरसम्म पढ्न मद्दत गर्छ । विशेष गरेर कक्षा १ देखि ३ सम्म भनेको बालबालिका "पढ्नका लागि सिक्ने" र कक्षा ३ देखि "सिक्नका लागि पढ्ने" मान्यताबाट अगाडि बढ्ने गरेका हुन्छन् । प्रारम्भिक साक्षरता पढाइ सिप बिना बालबालिकाको सिकाइ अधुरो र हने कारणले गर्दा आधारभूत प्रारम्भिक साक्षरता सिप अपरिहार्य रहेको छ ।

**(ट) बालमैत्री विद्यालय**

२०६७ सालमा पारित गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपअनुसार बालमैत्री विद्यालय भन्नाले बालबालिकाले आफ्नो गति र क्षमताअनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय नै बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकुलको सिकाइ वातावरण तयार गरिन्छ, बालबालिकाको अन्तरनिहित क्षमताको विकास गरिन्छ ।

- बालबालिकाले शारीरिक, मानसिक एवम् संवेगात्मक रूपले सुरक्षित तथा स्वस्थ वातावरण पाउँदछन् ।
- बालबालिकाको रुचि, क्षमता र स्तरको कदर हुन्छ र सोहीअनुसार उनीहरूको सिकाइका लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था हुन्छ ।
- बालबालिकाको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ ।
- बालबालिकालाई उनीहरूको जात, लिङ्ग, धर्म, भाषा, आर्थिक स्तर, शारीरिक एवम् मानसिक दुर्बलताका आधारमा बिना भेदभाव विद्यालयमा भर्ना गरिन्छ । यसबाहेक विद्यालयभित्र र बाहिर रहेका बालबालिकालाई भेदभावरहित व्यवहार गरिन्छ ।
- पढाइ लेखाइका अतिरिक्त बालबालिकाको स्वास्थ्य एवम् सुरक्षामा विशेष ध्यान दिइन्छ ।
- विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराइन्छ ।
- कुनै पनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजाय बर्जित हुन्छ र बालबालिकालाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रूपमा भइरहेको हुन्छ ।

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपअनुसार विद्यालयहरूले नौ ओटा पक्षः (१) प्रभावकारिता, (२) समावेशीकरण, (३) शिक्षामा लैङ्गिक पक्ष, (४) बालबालिका, परिवार र समुदायको सहभागिता, (५) स्वास्थ्य, सुरक्षा र बचावट, (६) विद्यालयको भौतिक अवस्था, (७) शिक्षण सिकाइ प्रक्रिया, (८) मातृभाषामा शिक्षण सिकाइ, र (९) विद्यालय व्यवस्थापनका सूचकहरू प्राप्त गर्ने गरी प्रयास गर्नुपर्ने हुन्छ । विद्यालय सरोकारवालाहरूको संयुक्त भेलाबाट बालमैत्री विद्यालयका सूचकहरूको आधारमा स्वमूल्याङ्कन गरेर सुधारका रणनीति बनाउनुपर्छ । त्यसरी विकास गरिएको रणनीतिलाई परिवेशअनुसार कार्यान्वयन साथै सुधार गर्दै जानुपर्ने हुन्छ । यस सन्दर्भमा विचार गर्न र बुझ्नुपर्ने कुरा के हो भने बालमैत्री ढङ्गबाट पठनपाठनलाई सफल रूपमा कार्यान्वयन गर्न प्रत्येक विद्यालयका लागि आफ्नो स्थान विशेषका स्रोत, साधन तथा उपायहरू पहिचान गरी बालमैत्री पठनपाठनलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

# अनुसूची २

**(पहिलो दिन, तेस्रो सत्रसँग सम्बन्धित)**

## प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ परिचय तथा महत्व

### १. पाठ्यक्रमको परिचय

पाठ्यक्रम भन्नाले योजनाबद्ध क्रियाकलाप सिकाइ पद्धतिलाई बुझाउँदछ । पाठ्यक्रम तहगत र उमेरगत रूपमा शैक्षिक उद्देश्य प्राप्तिका लागि निर्मित दस्तावेज हो । पाठ्यक्रममा निश्चित समय सीमाभित्र राज्यले अपेक्षा गरेको शैक्षिक लक्ष्यहरू निर्धारण गरिएका हुन्छन् । ती लक्ष्यहरू प्राप्त गर्न तहगत शैक्षिक उद्देश्यहरू, शैक्षणिक क्रियाकलापहरू, मूल्याङ्कन प्रणालीहरू निश्चित गरिएका हुन्छन् । त्यहीअनुसार विद्यार्थीहरूले सिकाइ उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको हुन्छ ।

परम्परावादी अवधारणामा विद्यार्थीका लागि सिकाउन तयार गरिएको विषयवस्तु नै पाठ्यक्रम भनिन्थ्यो । आधुनिक अवधारणाअनुसार विद्यार्थीहरूले सिकेर अनुभव गरी जीवनमा समेत कार्यान्वयन गरेको खण्डमा मात्र त्यो पाठ्यक्रम बन्न सक्छ भन्ने व्याख्या गरिएको पाइन्छ ।

पाठ्यक्रम निर्माणका लागि सामाजिक मूल्य, मान्यता, सांस्कृतिक पक्षहरू, जीवनोपयोगी सिपहरू, मातृभाषा, समावेशिताका अवधारणा, विश्वव्यापीकरणले ल्याएका परिवर्तन, गुणस्तरीयता, सान्दर्भिकता, अनुसन्धानात्मक रूपमा व्याख्या विश्लेषण गरिएका, अन्तरदेशीय सैद्धान्तिक पक्षहरूलाई समेटिएको हुन्छ ।

पाठ्यक्रममा सामान्यतया उद्देश्य (जसमा यो तहको समाप्तिपछि बालबालिकाको व्यवहारमा देखा पर्ने परिवर्तनको आँकलन), विषयवस्तु (जसमा निर्धारित उद्देश्य प्राप्त गर्न कुन कुन ज्ञान र सिप प्रदान गर्ने भन्ने कुरा) सिकाइ प्रक्रिया (जसमा बालबालिकाको व्यवहारमा अपेक्षित परिवर्तन ल्याउन के कस्ता क्रियाकलापमा संलग्न गराउने र सोका लागि शिक्षकले के कस्ता सिकाइ तथा विकासका क्रियाकलाप सञ्चालन गर्ने भन्ने कुरा) र मूल्याङ्कन (पूर्व निर्धारित उद्देश्य हासिल भएनभएको लेखाजोखा गर्ने विधि/तरिका) महत्वपूर्ण अङ्गको रूपमा रहन्छन् जसलाई पाठ्यक्रमका तत्व पनि भनिन्छ । यिनै तत्वहरू समावेश गरी कुनै पनि तहको पाठ्यक्रम तयार गर्ने गरिन्छ । पाठ्यक्रम विकास र परिवर्तनमा विभिन्न पक्षले प्रभाव पार्ने भएतापनि सिकारु नै पाठ्यक्रमको केन्द्रविन्दु हो ।

#### १.१. प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ का मूलभूत पक्षहरू

विगतमा सामुदायिक र संस्थागत विद्यालयहरू एवम् विभिन्न संङ्घसंस्थाहरूले आआफ्नो तरिकाले प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएकामा यसलाई व्यवस्थित रूपमा कार्यान्वयन तथा नियमन र नियन्त्रण गर्न २०६२ सालमा तत्कालीन शिक्षा विभागले पाठ्यक्रमको रूपमा "प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम)" र २०६९ सालमा "प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड" तयार गरी कार्यान्वयन गर्दै आएको थियो । शिक्षा ऐन, २०२८ मा भएको आठौँ संशोधन, २०७३, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले चार वर्ष पूरा भएका बालबालिकाको लागि एक वर्षे प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था गर्दै प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको संरचनाभित्र समावेश गऱ्यो । प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ कार्यान्वयनबाट प्राप्त अनुभव र परिवर्तित नीतिगत व्यवस्था बमोजिम चार वर्ष (४८ महिना पूरा गरेका) उमेर समूहका बालबालिकाको सर्वाङ्गीण विकास (शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक पक्षको सन्तुलित र समष्टिगत विकास) गरी कक्षा १ का लागि तयारी गर्न सार्वजनिक विद्यालय, प्रारम्भिक बालविकास केन्द्र वा निजी लगानीबाट सञ्चालित पूर्व प्राथमिक कक्षाका लागि पाठ्यक्रम विकास केन्द्रबाट प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ विकास गरिएको हो । यस पाठ्यक्रमले बालबालिकाको रुचि, क्षमता र आवश्यकता साथसाथै उनीहरूको सर्वाङ्गीण विकासलाई प्राथमिकतामा राख्नुका साथै बालबालिकाको सिकाइमा परिवार र समुदायमा रहेका संज्ञानात्मक, मानवीय र अन्य स्रोतको प्रयोग गरी

प्रारम्भिक बालविकास सुनिश्चित गर्ने पक्षमा जोड दिएको छ। यस पाठ्यक्रमको संरचना र मूलभूत पक्षहरू निम्नानुसार रहेका छन् :

**(क) पाठ्यक्रम संरचना**

१. परिचय
२. सक्षमता
३. सिकाइ उपलब्धि
४. सिप सिकाइका क्षेत्र र कार्यघण्टा
५ .सिकाइ सहजीकरण प्रक्रिया
६. विकासात्मक कार्यकलापका लागि समय निर्धारण
७. पाठ्यक्रम कार्यान्वयन
   ७.१. सिकाइ वातावरणः भौतिक र शैक्षिक
   ७.२. अभिभावक र समुदायको संलग्नता
   ७.३. अपाङ्गता भएका बालबालिकाको लागि बालविकास कार्यक्रम
   ७.४. बालविकास शिक्षकको भूमिका
८ . मूल्याङ्कन प्रक्रिया

**(ख) सक्षमता**

प्रारम्भिक बालविकास तथा शिक्षाका सक्षमता निम्नानुसार रहेका छन् :

(अ) अभिव्यक्ति तथा सञ्चारका लागि भाषाको प्रयोग
(आ) पोषणयुक्त खाद्य परिकारको पहिचान र दैनिक रूपमा उपयोग
(इ) स्वस्थकर बानी तथा असल सामाजिक व्यवहारको अनुसरण र आवश्यकताअनुसार नमुना प्रदर्शन
(ई) वैयक्तिक सुरक्षाका उपाय अवलम्बन
(उ) दैनिक व्यवहारमा कार्यसम्पादनका क्रममा विषयगत सिकाइ र सिर्जनात्मक सोचको प्रयोग
(ऊ) सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता र तिनमा आधारभूत सिपको प्रयोग

**(ग) विकास तथा सिकाइका क्षेत्र र पाठ्यभार**

| क्र.सं. | मुख्य सिकाइका क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | कार्यघण्टा |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्व गणितीय सिप<br>(ग) दृश्यकता, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वातावरण विज्ञान<br>(ङ) सामाजिक अध्ययन | १९२ |
| **कुल जम्मा** | | | **५७६** |

(घ) **दैनिक कार्यतालिका**

| क्र.सं. | क्रियाकलाप | समय | क्रियाकलापको विस्तृतीकरण |
|---|---|---|---|
| १. | सुरुवात | १५ मिनेट | • केन्द्रमा स्वागत, खाजा र झोला तोकिएको ठाउँमा राख्ने, शौचालय जाने, जुत्ता चप्पल तोकिएको ठाउँमा राख्ने<br>• सरसफाइ अवलोकन र आवश्यकताअनुरूप सरसफाइ गरिदिने<br>• शिष्टाचार, प्रार्थना र ध्यान गर्ने गराउने |
| २. | केन्द्र प्रवेश/सामाजिकीकरण | ३० मिनेट | • हाजिरी<br>• दिन, बार मौसम तालिका मिलाउने र ती सम्बन्धमा गीत, खेल खेलाउने वा शिष्टाचार गीत, खेल खेलाउने<br>• घेरा समय (साधारण छलफल, अनुभव आदानप्रदान) |
| ३. | विषय प्रवेश/ योजनाबद्ध सामूहिक क्रियाकलाप | ६० मिनेट | • शीर्षकगत गीत/कथा/कविता<br>• शिर्षकगत विषयवस्तुमा छलफल, अनुभव आदानप्रदान, धारणा प्रष्ट्याउने, क्रियाकलापका लागि निर्देशन<br>• ससाना समूह बनाई सिकाइ क्षेत्रको क्रियाकलाप<br>• क्रियाकलापको पुनराबलोकन र थप आवश्यक सहयोग र निर्देशन |
| ४. | खाजा समय | ३० मिनेट | • स्वास्थ्य/नैतिक सन्देश<br>• हात धुने र खाजा खान दिने |
| ५. | आराम | ३० मिनेट | • सुत्ने वा बस्ने |
| ६. | स्वतन्त्र खेल | १५ मिनेट | • इच्छाअनुसार भित्र बाहिर स्वतन्त्र रूपले खेल्न दिने |
| ७. | सङ्गीत/ अभिनय/खेल | १५ मिनेट | • विषयसँग सम्बन्धित कुनै पनि गीत/अभिनय गर्न दिने/खेल खेल्न दिने |
| ८. | योजनाबद्ध क्रियाकलाप | ६० मिनेट | • ससाना समूह बनाई सिकाइ क्षेत्रको क्रियाकलाप<br>• क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग |
| ९. | पुनरावलोकन | १५ मिनेट | • दिनभरिका क्रियाकलापको समीक्षा/छलफल/ पृष्ठपोषण<br>• अर्को दिनका लागि आवश्यक निर्देशन<br>• बिदाइ गीत<br>• सरसामान यथास्थानमा राख्ने र अभिभावक लिन आएमा जान दिने |
| **जम्मा** | | **४ घण्टा ३० मिनेट** | |

## २. पाठ्यक्रमको महत्व

पाठ्यक्रमको महत्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- सबै बालबालिकालाई समान रूपमा सिकाइ तथा विकासको अवसर प्रदान गर्न
- सिकाइ तथा विकासका क्रियाकलाप योजनाबद्ध रूपमा सञ्चालन गर्न
- बालबालिकाको सिकाइ आवश्यकता पूरा गर्न
- बालविकास शिक्षकलाई बालबालिकाको सिकाइ तथा विकासका लागि क्रियाकलाप छनोट र सिकाइ सहजीकरणमा मार्गदर्शन गर्न
- विषयवस्तुअनुसारका खेल तथा सिकाइ सामग्रीको पहिचान, छनोट र उपयोगमा सहयोग पुऱ्याउन
- बालबालिकाको सिकाइ तथा विकासको मूल्याङ्कन गर्न र सोअनुसार सुधारका रणनीति अवलम्बन गर्न
- समष्टिमा बालबालिकाको सर्वाङ्गीण विकास गरी शिक्षाको लक्ष्य प्राप्त गर्न

## ३. पाठ्यक्रमका विशेषताहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूपद्वारा निर्दिष्ट
- शिक्षा नीतिमा आधारित
- पाठ्यक्रमका आधारभूत तत्वहरू समावेश गरिएको
- निश्चित लक्ष्य र उद्देश्यमा आधारित
- विषयवस्तु र विधिको प्रयोग
- मूल्याङ्कनका सूचकको प्रयोग
- समय सीमाको निश्चितता
- उमेरगत र तहगत सिकाइ आवश्यकतामा आधारित
- पाठ्यक्रम कायान्वयन प्रक्रिया र भूमिका उल्लेख

# अनुसूची ३

**(दोस्रो दिन, पहिलो सत्रसँग सम्बन्धित)**

## प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ (प्रथम संशोधन, २०७५)

### १. परिचय

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय रणनीतिले गर्भावस्था देखि ८ वर्ष उमेरसम्मका बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक, संवेगात्मक लगायतका सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ। यसै सन्दर्भमा चार वर्ष उमेर पूरा भएका (४८ देखि ६० महिनासम्मका) बालबालिकाको सर्वाङ्गीण विकास गराई आधारभूत शिक्षाको कक्षा १ मा प्रवेशको लागि तयारी गराउने उद्देश्यका साथ सञ्चालित कार्यक्रम नै प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम हो । प्रारम्भिक बालविकास तथा शिक्षाका माध्यमबाट बालबालिकाको चौतर्फी विकास गर्ने कार्य गरिन्छ। प्रारम्भिक बालविकास केन्द्रमा नियमित रूपमा सहभागी भएका बालबालिकाले त्यही कक्षामा बालविकास र शिक्षामा सहभागी नभएका विद्यार्थीको भन्दा राम्रो प्रतिफल प्राप्त गरेको विभिन्न अध्ययनहरूले देखाएको छ। विश्व बैङ्कको एक अध्ययनअनुसार प्रारम्भिक बालविकासमा १ अमेरिकी डलर लगानी गर्दा त्यसको प्रतिफल १७ अमेरिकी डलरसम्म प्राप्त भएको पाइएको छ।

नेपालको संविधान, २०७२ को धारा ३९, उपधारा ३ मा ''**प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने छ**'' भनी बालविकास र शिक्षा कार्यक्रमलाई सुनिश्चितता गरिएको छ। त्यसै गरी शिक्षा ऐनको आठौ संशोधन २०७३ बाट प्रारम्भिक बालविकासलाई विद्यालय शिक्षाको संरचनाभित्र समावेश गरिएको छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा ''**प्रत्येक स्थानीय तहमार्फत राज्यले ४ वर्ष पूरा भई १३ वर्ष पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्नुपर्नेछ**'' भनी उल्लेख गरेको छ। यसका लागि ४ वर्षको उमेर पूरा भएपछि १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नुपर्नेछ भन्ने उल्लेख भएबाट अबका दिनमा प्रारम्भिक बालविकास तथा शिक्षालाई अनिवार्य रूपमा लागू गरी स्थापना, संचालन गर्नु नीतिगत रूपमै स्थानीय तहको जिम्मेवारी थप भएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ मा ''**तोकिएको मापदण्डका आधारमा सबै विद्यालयहरूमा बालविकास कक्षा र विद्यालय बाहिर बालविकास केन्द्र र बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालनको व्यवस्था मिलाइने छ साथै तोकिएको न्यूनतम मापदण्डको आधारमा नेपाल सरकार र प्रदेश सरकारको अनुदान तथा स्थानीय तह र अभिभावकहरूको साझेदारीमा एक वर्ष प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिने छ**'' भन्ने व्यवस्था भएकोमा तीनै तहका सरकारबाट लगानीको साझेदारी गरी देशभर सञ्चालित सम्पूर्ण प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पुरा गराई एकरूपता र गुणस्तरता कायम गर्ने मूल उद्देश्यका साथ यसभन्दा पहिले लागु भएको ''**प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७**'' लाई कार्यान्वयन अनुभव र आवश्यकता समेतका आधारमा २०७५ सालमा परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ।

प्रारम्भिक बालविकास र शिक्षाको मूख्य लक्ष्य बालबालिकाको सर्वाङ्गीण विकास र सिकाइको लागि आधारशिला निर्माण गर्नु रहेका छन् । यसका सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेका छन् । प्रारम्भिक बालविकास र कक्षाको उद्देश्य ''**बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास गर्ने, बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाई स्थिति सुधारमा सहयोग गर्ने, बालबालिकालाई क्रियाशील**

**बनाई सिर्जनशील हुन प्रेरित गर्ने र कक्षा १ मा पढ्नका लागि तयार बनाउने**" रहेका छन् । प्रारम्भिक बालविकास केन्द्रको उद्देश्य "**४ वर्ष उमेर पुगेका बालबालिकाको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गरी कक्षा १ को लागि तयार गराउनु हो**" ।

हाल मुलुकभर सामुदायिकमा आधारित, सामुदायिक तथा संस्थागत विद्यालयहरूमा विद्यालयमा आधारित, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था, निजी सङ्घ संस्थाहरू लगायतले चलाएका प्रारम्भिक बालविकास र शिक्षालाई न्यूनतम मापदण्डअनुरूप गुणात्मक स्तरोन्नति गरी यसको मर्म र भावनाअनुरूप देशभरी एकै प्रकारबाट सञ्चालन गर्नु र सङ्घीय संरचनाका तीन ओटै तहलाई जिम्मेवार बनाई तिनका सरकारहरूका साथै सहयोगी सङ्घ संस्थाहरू, नियोगहरू, सहकारी निजि सङ्घ संस्थासमेतका सरोकारवालाहरूसमेतका लगानीहरूलाई एकीकृत गरी समन्वात्मक रूपमा प्रारम्भिक बालविकास र शिक्षा तथा यसका कार्यक्रमलाई सहयोग गरी यसमा सबै बालबालिकाको पहुँच पुऱ्याई गुणस्तरीयता कायम गर्नु र सबै पक्ष समान रूपमा जिम्मेवारी बन्नु/बनाउनु आजको आवश्यकता रहेको छ ।

### १.१. **राष्ट्रिय न्यूनतम मापदण्ड किन** ?

- बालविकास केन्द्रको भौतिक वातावरण बालमैत्री बनाउन
- विकास तथा सिकाइ सम्बन्धी क्रियाकलाप सञ्चालनमा एकरूपता र गुणस्तरीयता कायम गर्न
- बालबालिकालाई बालविकास केन्द्रमा आउन र रमाई रमाई विकास तथा सिकाइ सम्बन्धी क्रियाकलापमा सहभागी हुन उत्प्रेरित गर्न
- बालविकास केन्द्र/पूर्व प्राथमिक कक्षा अनुगमनका लागि आधार प्रदान गर्न
- वर्तमान अवस्थाको मूल्याङ्कन गरी सुधारको योजना बनाउन
- नयाँ केन्द्र/कक्षा सञ्चालन अनुमतिका लागि आधार प्रदान गर्न
- अन्य निकाय तथा गैससबाट हुने सहयोगलाई आवश्यकतामा आधारित बनाउन
- बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न

## २. प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डको उद्देश्य

यस मापदण्डका मुख्य उद्देश्यलाई तल उल्लेख गरिएको छ :

(क) नेपालको संविधानमा उल्लिखित प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हकलाई सुनिश्चितता गर्नु

(ख) नेपाल सरकारका नीतिगत दस्तावेजमा उल्लेखित व्यवस्था अनुसार तीनै तहका सरकार तथा सरोकारवाला सङ्घ संस्थाहरूको लागानीलाई यस मापदण्डमा आधारित रही एकीकृत लगानी र प्राथमिकताका साथ प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्ने

(ग) देशभर एउटै न्यूनतम राष्ट्रिय मापदण्डका आधारमा प्रारम्भिक बालिवकास केन्द्र तथा पूर्वप्राथमिक कक्षा स्थापना र सञ्चालन गरी प्रारम्भिक बालविकास केन्द्रको एकरूपता र गुणात्मकतामा सुधार ल्याउनु

(घ) प्रारम्भिक बालविकास तथा शिक्षाको मूल मर्मलाई ध्यानमा राखी बालबालिकाको सर्वाङ्गीण पक्षको विकास तथा शैक्षिक गुणस्तरका लागि विद्यार्थी तयारीमा सहयोग पुऱ्याउनु


(ङ) प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित नीति निर्माता र सबै सरोकारवालाहरूलाई यसको सुधारसम्बन्धी कार्ययोजना बनाउन सहयोग गर्नु

(च) कार्यान्वयनमा देखा परेका समस्या र समाधानका उपायहरू पहिचान गरी नीतिगत सुधारका लागि तीन ओटै तहबिच निरन्तर समन्वय र सञ्चार स्थापना गर्नु

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ (प्रथम संशोधन २०७५) मार्गदर्शक पुस्तिकामा ८ ओटा विषय क्षेत्र, तिनसँग सम्बन्धित उपक्षेत्र र तिनका न्यूनतम र आदर्श मापदण्डका सूचकहरू निर्धारण गरिएका छन् । नयाँ बालविकास केन्द्र/पूर्व प्राथमिक कक्षा सञ्चालनका लागि अनुमति दिँदा यसलाई आधार बनाउनुपर्दछ । सञ्चालनमा रहेका सबै बालविकास केन्द्रमा राष्ट्रिय न्यूनतम मापदण्डबमोजिमको पूर्वाधार, सिकाइ तथा खेल सामग्री, सिकाइ क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाउनुपर्दछ । राष्ट्रिय पाठ्यक्रमले निर्दिष्ट गरेका प्रारम्भिक बालविकास तथा शिक्षाका सक्षमता हासिल गर्न सबै बालविकास केन्द्रमा राष्ट्रिय न्यूनतम मापदण्डबमोजिमको सिकाइ वातावरण सुनिश्चत हुनु अपरिहार्य छ। यसका लागि बालविकास शिक्षक यस मापदण्डसँग पूर्ण परिचित भई विद्यालय व्यवस्थापन र सरोकारवाला सबैसँग यसको पैरवी गर्न आवश्यक छ।

## ३. पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूसँगको सम्बन्ध यस चार्टमा देखाइएको छ।

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट**



# अनुसूची ४

(दोस्रो दिन, पहिलो सत्रसँग सम्बन्धित)

## राष्ट्रिय न्यूनतम मापदण्डअनुसार सिकाइ वातावरण व्यवस्थापन

### १. सिकाइ क्षेत्र के हो ?

प्रारम्भिक बालविकास केन्द्रभित्र बालबालिकाका लागि आवश्यक पर्ने विभिन्न प्रकारका सामग्री हुन्छन् । ती सामग्रीको वर्गीकरण गरेर व्यस्थित तरिकाले ६ ओटा क्षेत्रमा राखिन्छ । त्यसैलाई सिकाइ क्षेत्र भनिन्छ । प्रारम्भिक बालविकास केन्द्रभित्र विभिन्न रङ, आकार, प्रकार, विषयअनुसारका सामग्री हुन्छन् । ती सबै सामग्रीलाई राख्न एकै ठाउँको पनि अभाव हुन्छ । एकै ठाउँमा भिड हुन्छ र थुप्रिएको जस्तो हुन्छ । त्यसैले ६ ओटा समूहमा पालैपालो समूहमा खेल्न सजिलो होस् भनी छुट्याइएको हो । यसरी वर्गीकरण गरेर राख्दा सामग्रीलाई विषय (Theme) अनुसार राखिएको हुन्छ ।

### २. सिकाइ क्षेत्र किन महत्वपूर्ण छ ?

सिकाइ क्षेत्र बालबालिकाको खेल्ने समूह व्यवस्थापन गर्नका लागि महत्वपूर्ण हुन्छ । यसले गर्दा समूहमा खेल्ने, समूहमा छलफल गर्ने र सामूहिक निर्णय गर्ने बानीको विकास हुन्छ । सहजकर्तालाई पनि सामग्रीहरूको वर्गीकरण गरेर व्यवस्थित रूपमा राख्ने बानीको विकास हुन्छ । सहजकर्ता र बालबालिका दुवैलाई सिकाइ क्षेत्र व्यवस्थापनले सहयोग पुऱ्याउँदछ । केन्द्रको सजावटै शैलीमा पनि सुन्दरता थपिदिन्छ । चाहेको सामग्री छिट्टै चाहेको समयमै पाउन सकिन्छ । यो वयस्कमैत्री, बालमैत्री दुवै हुन्छ ।

### ३. सिकाइ क्षेत्र कसरी व्यवस्थापन गर्ने ?

गन्तीसँग सम्बन्धित सबैलाई गणित क्षेत्रमा राख्नुपर्दछ । रङ र विज्ञानसँग सम्बन्धित खोज गर्न, आविस्कार गर्न र सोच्न बाध्य बनाउने सामग्रीहरू विज्ञान क्षेत्रमा राख्नुपर्दछ । पढ्ने, अक्षर चिनाउने सामग्रीहरू भाषा क्षेत्रमा राख्नुपर्दछ । भाषा, विज्ञान र गणित एउटै लहरमा निश्चित दुरीमा राख्दा उपयुक्त हुन्छ । यी सबै बौद्धिक क्रियाकलाप हुन् र सिर्जना, अभिनय र निर्माण क्षेत्रहरू एउटा लहरमा राख्नुपर्दछ । यी सबै सिर्जनात्मक कलासँग सम्बन्धित हुन् । यी सामग्रीहरू बाँस वा काठका र्‍याकहरूमा बालबालिकाको पहुँच पुग्ने गरी राखिदिनु पर्दछ । सामग्रीहरू बट्टा, नाङ्लोमा राखिनुपर्दछ । फोहोर हुन दिनु हुन्न । बालबालिकाले सामग्री झिक्दा राख्दा लाग्ने, ठोकिनेजस्ता खतराबाट मुक्त हुने गरी राखिनुपर्छ ।

### ४. सर्वाङ्गीण विकासमा सिकाइ क्षेत्रको महत्व

बालबालिकाले भाषा क्षेत्रबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता आधारभूत भाषिक सिप सिक्न सक्दछन् । गणित क्षेत्रबाट गन्ती र अङ्कको ज्ञान वा अनुभव प्राप्त गर्दछन् । रङ चिन्ने र खोजमूलक क्रियाकलापबाट वैज्ञानिक चिन्तन तथा दृष्टिकोणको विकास हुने अवसर प्राप्त हुन्छ । समूह समूहमा खेल्दा सामाजिक विकास भएको हुन्छ । अभिनयमा आमा, बुबा वा परिवार बन्न सिक्दछन् । सिर्जनात्मक क्षेत्रबाट बहुआयामिक प्रतिभाको उजागर हुने गर्दछ । निर्माण क्षेत्रबाट इन्जिनियरिङ सिप प्राप्त हुन्छ । एउटै कोठामा एउटा बालक वा बालिकाले यति धेरै सिकाइका आयाम प्राप्त गर्न सक्नु नै सिकाइ क्षेत्रको विशेषता हो । त्यसकारण पनि सिकाइ क्षेत्र बालबालिकाको सर्वाङ्गीण विकासका लागि महत्वपूर्ण मानिएको हो ।

प्रारम्भिक बालविकास केन्द्रसँग सम्बन्धित न्यूनतम मापदण्ड २०७४ मा उल्लेख गरिएका १२ ओटा सूचकहरूमध्ये एउटा  सूचक सिकाइ क्षेत्र व्यवस्थापन पनि हो । प्रारम्भिक बालविकास केन्द्रमा कम्तीमा ६ ओटा सिकाइ क्षेत्रहरू गणित सिकाइ क्षेत्र, विज्ञान सिकाइ क्षेत्र, भाषा सिकाइ क्षेत्र, सिर्जनात्मक सिकाइ क्षेत्र, निर्माण सिकाइ क्षेत्र र अभिनय सिकाइ क्षेत्र व्यवस्थापन गरिनुपर्दछ ।

१. **भाषा सिकाइ क्षेत्र**अन्तर्गत भाषिक सिपसँग सम्बन्धित सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप सामग्रीहरू राखिएको हुनुपर्दछ ।
२. **गणित सिकाइ क्षेत्र**मा पूर्वलेखन, गणना गर्न सकिने, नापतौलसम्बन्धी सामग्रीहरू हुनुपर्दछ ।

३. **विज्ञान सिकाइ क्षेत्र**मा विज्ञानसँग सम्बन्धित सामग्रीहरू चुम्बक चिनाउने, दिशा (निर्देश) छुट्याउने, बोट विरुवा, जनावर, सजीव, निर्जीव तथा खोज गर्ने किसिमका सामग्रीहरू हुनुपर्दछ ।
४. **सिर्जनात्मक सिकाइ क्षेत्र**मा कला, सिप सामग्रीहरू राखिनुपर्दछ ।
५. **स्वावलम्बन तथा निर्माण सिकाइ क्षेत्र**मा आफ्नो काम आफैँले गर्न सक्ने जीवनोपयोगी सिपसम्बन्धी सामग्रीहरू जस्तै जुत्ताको लेस, टाँक, इजार, बटन, खिप आदि  हुनुपर्दछ । साथै ब्लकहरू, डोरी, बाँसका टुक्राहरू राख्यो भने निर्माणका सिपहरू सिकाउन पनि सकिन्छ ।
६. **अभिनय सिकाइ क्षेत्र**मा मखुण्डो, गहना, वेषभूषा र सङ्गीत सामग्री राख्नाले विवाह, भोज भतेर र पूजाआजाको नाटकद्वारा अभिनय सिप प्रदर्शन गराउन सकिन्छ । आफ्नो कला संस्कृतिको जर्गेना हुन र विषयवस्तुको ज्ञान दिन पनि अभिनय एक सशक्त माध्यम हो ।

सिकाइ क्षेत्रमा पाठ्यक्रम र विषयवस्तुअनुसार कम्तीमा १ हप्तासम्म त्यही सामग्रीहरू राख्नुपर्दछ । त्यसपछि विषयवस्तु परिवर्तन भएअनुसार सामग्रीहरूसमेत परिवर्तन गर्नुपर्ने हुन्छ । उक्त क्षेत्रहरूमा ६ ओटा र्‍याकहरू ३ फिट उचाइ, १ फिट जति गहिराइ र ३ फिट चौडाइसम्मको हुनुपर्दछ । र्‍याक काठको वा प्लाइउडको बनाउनुपर्दछ । यदि नपाएमा बाँस वा बेतको पनि हुनसक्छ तर बालबालिकाका लागि सुरक्षित र उपयुक्त हुनुपर्छ ।

यस सिकाइ क्षेत्रका लागि माटो, रङ, गम, ब्रस, पानी, बालुवाको व्यवस्था गर्नुपर्दछ । यस ठाउँमा शारीरिक विकाससँग सम्बन्धित बल, खेल फित्ता, खेल थैलीहरू पनि नाङ्लोमा राखिएको हुनु पर्दछ । डोरी, सिठी, छिनछिन बाजाहरू पनि सोही ठाउँमा राख्नुपर्दछ ।

**अभिलेख  व्यवस्थापन गर्न** आवश्यक पर्ने रजिस्टरहरू जस्तै हाजिरी रजिस्टर, स्वास्थ्य जाँच र खोप विवरण रजिष्टर, आयव्यय विवरण रजिस्टर, मिटिङ माइन्युटसम्बन्धी रजिस्टरको व्यवस्थापन गर्नुपर्दछ । यसका साथै विल, भर्पाइ, जन्मदर्ता प्रमाणपत्र, जन्मदिन क्यालेन्डर र सहजकर्तालाई चाहिने आवश्यक अन्य सन्दर्भ सामग्री न्युजप्रिन्ट,चार्ट पेपर, रङ, स्केल आदि पनि एउटा बाकसमा वा छुट्टै र्‍याकमा राख्नुपर्दछ ।

**आगन्तुक पुस्तिकाको** व्यवस्था गर्नुपर्दछ । आगन्तुक पुस्तिकामा प्रारम्भिक बालविकास केन्द्रमा आएका सम्पूर्ण अवलोकनकर्ताहरू, सहयोगी, चन्दादाता, परामर्शकर्ता, स्वास्थकर्मी, सबै व्यक्तिहरूको भ्रमण मिति, क्रियाकलाप र हस्ताक्षर र सम्पर्क नम्बर राखिनुपर्दछ ।

## ५. सिकाइ क्षेत्रको व्यवस्थापन

केन्द्रको कोठाभित्र बालबालिकाले आफैँ खेल्दै सिक्ने वातावरण बनाउन निम्नानुसारको सिकाइ क्षेत्रको व्यवस्था गरिएको हुनुपर्ने छ । यहाँ उल्लेख गरिएका सामग्री न्यूनतम हो यसभन्दा बढी जति पनि थप्न सकिने छ ।

(१) **भाषा सिकाइ क्षेत्र** : बार चार्ट, अक्षरपत्ती, अक्षर डोमिनो, चित्र डोमिनो, शव्दचित्र डोमिनो, शव्द शव्द डोमिनो, जोडा मिलाउने (चित्र शव्द, चित्र चित्र, शव्द शव्द) जसमा बालकथा, बच्चाहरूलाई चित्रात्मक तथा अङ्क तथा अक्षरको ज्ञान हुने पुस्तिकाहरू, फलाटिन बोर्ड, विभिन्न चराचुरुङ्गी, पशुपक्षी, मानिसको मूर्ति आदि राखिएको हुनुपर्छ । पुस्तकालय क्षेत्रलाई भाषा सिकाइ क्षेत्रसँगै जोडेर राख्नुपर्दछ । यसभित्र विषयवस्तु, र बालबालिकाको उमेरअनुसारको चित्रकथा, कथा, उपयोगी चित्रहरू, कविता तथा गीतका पुस्तक स्थानीयस्तरमा अभिभावक तथा शिक्षक र विद्यार्थीको सहभागितामा निर्माण भएका सामग्रीहरू राखिएको हुनुपर्छ ।

(२) **गणित सिकाइ क्षेत्र** : घडी चार्ट, अङ्कपत्ती, अङ्क डोमिनो, आकार बुझाउने सामग्री, तराजु, तौलने सामग्री, विभिन्न साइज र आकारका ढुङ्गाहरू, अङ्क अङ्कित पजल, रङ्गीन डोमिनो, स्थानीय स्तरमा उपलब्ध हुने बियाँ, काठ तथा विभिन्न आकारका ढुङ्गाका टुक्राहरू आदि राखिएको हुनुपर्छ ।

(३) **विज्ञान सिकाइ क्षेत्र :** मौसम चार्ट, विभिन्न जनावरहरू बस्ने घर, रङ चिनाउने सामग्री, डुब्ने उत्रने वस्तु, तन्कने नतन्कने वस्तु, सजिव निर्जीव सिकाउने सामग्री, पाँच ज्ञानेन्द्रियको प्रयोग हुने सामग्री (चाख्ने, सुँघ्ने, छाम्ने, सुन्ने र हेर्ने सामग्री) तराजु, स्केल, माटो, बालुवा जस्ता बालबालिकाले अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था गरेको हुनुपर्छ ।

(४) **अभिनय सिकाइ क्षेत्र :** डाक्टरले प्रयोग गर्ने सामग्रीहरू, किसानले प्रयोग गर्ने सामग्रीहरू, बजारको नक्कल गर्ने सामग्री जस्तै : तराजु, ढक, रूपियाँ आदि राखेको हुनुपर्छ ।

(५) **सिर्जनात्मक सिकाइ क्षेत्र :** चित्र बनाउने सामग्री, मुछेको माटो वा पिठो ब्लक, पजल, चित्र बनाउने, काट्ने, आकृतिहरू बनाउने, रङ, बुरुस, आकार साइज मिलाउने, छुट्याउने, विभिन्न रङको कागज, माटो, बालुवा, पानीको व्यवस्था गरिएको हुनुपर्छ ।

(६) **स्वावलम्बन तथा निर्माण सिकाइ क्षेत्र :** उन्ने, बुन्ने, पट्याउने, छुट्याउने जसमा तुना बान्ने, इजार बान्ने, उन्नेबुन्ने सामग्री, फस्नर लगाउने, हुक लगाउने, टाँक लगाउने, ब्लकहरू, डोरी, बाँसका टुक्राहरू जस्ता सामग्रीहरू राखिएको हुनुपर्छ ।


(७) **बालुवा खेल सिकाइ क्षेत्र :** कक्षा कोठाबाहिर ४ फिट लम्बाइ, ४ फिट चौडाइ र ५ इन्च उचाई भएको कोठा वा सिमेन्टको घेरा बनाएर बालुवा राख्ने व्यवस्था गर्नुपर्नेछ । छेउमा हात धुन साबुन पानीको व्यवस्था गर्नुपर्नेछ । जसमा काठको पन्यु, डाडु, नाप्ने विभिन्न साइजको भाँडा (माना, चौथाइ, तराजु, ढकहरू आदि) राख्नुपर्नेछ ।

(८) **पानीको खेल सिकाइ क्षेत्र :** कक्षा कोठाबाहिर २ फिट अग्लो सानो इनार बनाउनु पर्दछ । २ फिट लम्बाइ, २ फिट चौडाइ भएको सानो पोखरी बनाउनुपर्ने हुन्छ । डोरी लगाएको सानो बाल्टिन, पानी झिक्न मग, गिलास, कचौँरा यस सिकाइ क्षेत्रमा राख्नुपर्नेछ ।

*नोटः* थप सामग्रीहरू न्यूनतम मापदण्डमा उल्लेख गरिएको हुनाले सन्दर्भ सामग्रीको रूपमा अध्ययन गर्नुहोला ।

## ६. सिकाइ क्षेत्रहरूअन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट**



# अनुसूची ५

**(दोस्रो दिन, दोस्रो सत्रसँग सम्बन्धित)**

## सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचकसहितको पुनरावलोकन

### १. प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड

**(क) प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको परिचय**

नेपाल भरिका ४८ देखि ६० महिनासम्मका सम्पूर्ण बालबालिकाको सिकाइ तथा विकासको समान स्तर सुनिश्चित गर्ने उद्देश्यले प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड विकास गरिएको हो । तत्कालीन शिक्षा विभागद्वारा वि.सं २०६९ मा विकास गरिएको यस मापदण्डमा ६ ओटा विकासका पक्षलाई पाँचओटा मुख्य क्षेत्रको रूपमा राखी उपक्षेत्र, विशिष्ट पक्ष, मापदण्ड तथा सूचकहरू तयार गरिएको छ । उक्त सूचक प्राप्ति गरी मापदण्डमा पुऱ्याउन प्रत्येक सूचकका लागि केही क्रियाकलापहरू राखिएका छन् जसबाट बालबालिकाको समग्र पक्षको विकास तथा सिकाइलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । मापदण्डमा रहेका विकासका पक्षहरू निम्नअनुसार छन् ।

- ५ मुख्य क्षेत्रहरू (Domain)
- १३ उपक्षेत्र (Subdomain)
- ३६ विशिष्ट पक्ष (Specific Aspect)
- ६६ मापदण्ड (Standard)
- १३९ सूचक (Indicators)
- सिकाइ वातावरण तथा क्रियाकलापहरू (Learning environment and activities)

**(ख) प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका के का लागि ?**

प्रारम्भिक सिकाइ तथा मापदण्ड पुस्तिका निश्चित उमेर समूह अथवा ४८ देखि ६० महिनासम्मका बालबालिकाले जान्न पर्ने र गर्न सक्ने क्षमताको स्तरीकरणका लागि विकास गरिएको हो ।

- यस मापदण्डले बालबालिकाको सिकाइ क्रियाकलापमा समन्वय गर्न, सिकाइमा गुणस्तर ल्याउन र आधारभूत शिक्षाको कक्षा १ सँग समन्वय गराउन सहयोग पुऱ्याउँछ ।
- विभिन्न तहमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरूकाबिचमा अत्यावश्यक सिकाइ क्रियाकलापहरूको निर्धारण र विकासमा सहयोग पुऱ्याउँछ ।
- पाठ्यक्रम निर्माण तथा परिमार्जनका लागि सहयोग गर्छ ।

**(ग) प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका उद्देश्यहरू**

- अभिभावक, विज्ञ तथा समुदायका सदस्यहरूलाई बालबालिकाको क्षमता पहिचान गराई उनीहरूबाट गर्न सक्ने जायज अपेक्षा बोध गराउन
- गुणस्तरीय प्रारम्भिक बालविकासका लागि समान दृष्टिकोण बनाउन तथा अनुगमन पद्धति निर्माणमा सहयोग पुऱ्याउन
- विद्यालय शिक्षासँग सम्बन्ध निर्माण गर्न

**प्रारम्भिक बालविकासका क्षेत्र तथा उपक्षेत्रहरू**

| क्षेत्रहरू | उपक्षेत्र | विशिष्ट पक्ष |
|---|---|---|
| शारीरिक विकास | शारीरिक विकास | स्थूल अङ्गको विकास, सूक्ष्म अङ्गको विकास, इन्द्रिय अङ्गको विकास |
| | स्वास्थ्य | तन्दुरुस्ती,व्यक्तिगत सरसफाइ, वातावरणीय सरसफाइ, सुरक्षित व्यवहार |
| | पोषण | खाना खाने वानी |
| सामाजिक र संवेगात्मक विकास | सामाजिक विकास | वयस्क तथा साथीहरूबिच सम्बन्ध |
| | सामाजिक विकास | जीवनोपयोगी सिप |
| | सामाजिक विकास | सहयोग र सहकार्य |
| | सामाजिक विकास | सामाजिक व्यवहार |
| | संवेगात्मक विकास | स्वअवधारणा, संवेग प्रकट, संवेगात्मक सुरक्षा तथा आत्मविश्वास, संवेगहरूको सन्तुलन |
| बौद्धिक विकास | संज्ञानात्मक विकास | बौद्धिक सिप तथा सिकाइ प्रक्रिया |
| | बौद्धिक विकास | वर्गीकरण तथा क्रम मिलाउने |
| | बौद्धिक ज्ञान | वैज्ञानिक खोज, आकाश तथा मौसम,वैज्ञानिक ज्ञान/वस्तुहरू, वैज्ञानिक खोज तथा प्रविधि, यातायात, दुरी तथा दिशा, समयको अवधारणा |
| | गणित | गणितीय ज्ञान/सङ्ख्या, नापतौल |
| | सिर्जनशीलता | सिर्जनशील कला, परिकल्पना, नाटक र अभिनय, सङ्गीत र चाल |
| भाषिक विकास | सञ्चार | सुनाइ, अन्य व्यक्तिसँग सञ्चार र अन्तरक्रिया |
| | साक्षरता | पूर्वपढाइ, पूर्वलेखन अभ्यास |
| सांस्कृतिक विकास | राष्ट्र र राष्ट्रियता | विविधतामा एकता, |
| | मूल्य र मान्यता | परिवार र समुदाय |

(घ) **प्रगति प्रतिवेदनको उपयोगिता**

'प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन' फाराममा १९ ओटा सूचकहरू छन् । ती सूचकहरूका मापन गर्ने आधारहरू पहिलो र दोस्रो पृष्ठमा नै सङ्क्षिप्त रूपमा व्याख्या गरिएका छन् । ती सूचकहरूमा अब्बल देखिने बालबालिका र न्यून देखिने बालबालिकाको हेक्का सहजकर्ताले राख्नुपर्ने हुन्छ । यसका आधारमा कसमा के समस्या छ ? त्यो सिकाइ तथा अन्तरक्रियात्मक तौरतरिका बदलेर समाधान हुने खालको हो वा होइन पहिचान गर्न यसले मद्दत पुऱ्याउँछ । तर एकाध समयमा सानातिना क्रियाकलापमा बालबालिकाको अभिरुचि नहुँदैमा कुनै प्रकारको समस्या छ भनेर बुझ्नु र सोही अनुसार किटानी गर्नु भने हुँदैन । हरेक त्रैमासिक अवधिमा प्रगति प्रतिवेदनमा अभिभावकसमेतले हस्ताक्षर गर्नुपर्ने प्रावधान रहेकाले अभिभावकसँग बालबालिकाको सिकाइ वा विकासमा कुनै समस्या भए साक्षात्कार गर्न पनि प्रगति प्रतिवेदनले मद्दत पुऱ्याउन सक्ने छ ।

(ङ) **निष्कर्ष**

'प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन' फारामअनुसार मूल्याङ्कन गर्दा हरेक पक्षमा अब्बल देखिने बालबालिकालाई थप क्रियाकलाप दिनुपर्ने हुन्छ । अन्यथा उनीहरूको सिकाइप्रतिको रुचि मरेर जान्छ । अन्य बालबालिकालाई वैयक्तिक भिन्नता बुझेर क्रियाकलापका लागि समय प्रदान गर्नुपर्छ । कमजोर देखिने बालकबालिकामा पनि कुनै न कुनै समस्या हुन सक्छ भनेर अनुमान एवं आशङ्का गर्नुपर्ने हुन्छ । त्यो समस्या वातावरणीय (घरमा बालबालिकाको उचित हेरविचार नहुनु, आवश्यक चिज उपलब्ध नहुनु, उचित खाजा र खानाको अभाव आदि) वा स्वास्थसँग सम्बन्धित (जन्मजात कुनै समस्या लिएर जन्मेको) कुन हो पत्ता लगाउने कोसिस गर्नुपर्छ । यसका लागि अभिभावकसँग भेटघाट, कुराकानी आवश्यक हुन्छ । सोही आधारमा अभिभावक, विज्ञ तथा सरोकार राख्ने निकायमा प्रस्तुत गर्नुपर्ने हुन्छ ।

## २. 'प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन' को परिचय

मानव विकास नै देश विकासको आधार हो । देशको आर्थिक, सामाजिक प्राकृतिक स्रोतअनुरूप आवश्यक मानवीय स्रोत योजना गरिएको छ जुन प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड हो । प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा ६ ओटा क्षेत्र, र प्रत्येकको उपक्षेत्र, विशिष्ट पक्ष र सोसँग सबन्धित सूचकहरू रहेका छन् । प्रारम्भिक बालविकास नै राष्ट्रिय विकासको रणनीति हुनुपर्ने तथ्यलाई दृष्टिगत गरी तयार गरिएको वृहत् योजना प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड हो ।

देशको आर्थिक, सामाजिक प्राकृतिक स्रोतअनुरूप आवश्यक मानवीय स्रोत वा जनशक्ति योजना गरिएको छ । जसअनुसार यसमा समावेश गरिएका विकासका पक्षहरूको विशेष महत्व छ । उदाहरणका लागि अहिलेको युवा पुस्तामा नेपाल राष्ट्र र राष्ट्रियता, हाम्रो संस्कृति, विविधता र सम्पदाहरूको बारेमा ज्ञान तथा भावनात्मक सम्बन्ध कमजोर हुँदै गएको महसुस गरी बालबालिकादेखि नै यस्ता विषयवस्तुको बारेमा जानकारी गराउनु पर्दछ भनेर यस मापदण्डमा थप एक विकासको पक्ष समावेश गरिएको हो । जसअनुरूप बालबालिकाले आफ्नो संस्कृतिप्रति माया भाव जागृत गरी स्वदेशको लागि काम गर्ने मानवीय स्रोत तयार हुने छ भन्दै प्रत्येक विकासका क्षेत्रहरूको महत्व बताउनुहोस् ।

| क्र.सं. | मानक तथा सूचकहरू |
|---|---|
| १ | शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती : स्थूल अङ्गको विकास |
| | **मानक** : शरीरका अङ्गहरूको आरोग्य र संयोजन प्रस्तुत गर्ने<br>**सूचक** : बालबालिकाले हिँडाइ, उफ्राइ, कुदाइ, उफ्रँदै हिँड्ने, भकुन्डो लत्याउने, समाउने र फाल्ने जस्ता विभिन्न क्रियाकलापमा सरिक हुन ठुला मांसपेसीहरूलाई सन्तुलित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् । |
| २ | शारीरिक विकास : सूक्ष्म अङ्गको विकास |
| | **मानक** : साना मांसपेसी सहितका अङ्गहरूको संयोजन र परिचालन गर्न सक्षम हुने<br>**सूचक** : टाँक लाउने, बकल कस्ने, चेन लगाउने, तुना बाँध्ने जस्ता विभिन्न क्रियाकलापमा संलग्न हुँदा र रेखाङ्कन गरिएको ठाउँमा रङ संयोजन गर्दा र रङ भर्दा बालबालिकाले सूक्ष्म मांसपेसीहरू (जस्तैः औँलाहरू) नियन्त्रित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् । |
| ३ | शारीरिक विकास : इन्द्रिय अङ्गको विकास |
| | **मानक** : आफ्नै इन्द्रियहरूको प्रयोग गरी खेल्ने र सिक्ने<br>**सूचक** : बालबालिकाले इन्द्रिय अङ्गसँग सम्बन्धित विविध सिपहरू प्रदर्शन गर्न सक्दछन् । |
| ४ | शारीरिक विकास : व्यक्तिगत सरसफाइ |
| | **मानक** : आफ्नो व्यक्तिगत र वरिपरिको सरसफाइ गर्ने<br>**सूचक** : बालबालिकाले स्वतन्त्रतापूर्वक आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्छन् (शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माझ्ने, खानाअघि र शौचालय प्रयोग गरेपछि हातहरू धुन सक्छन् । |
| ५ | शारीरिक विकास : सुरक्षित अभ्यास |
| | **मानक** : सुरक्षित बस्ने र हानिकारक वस्तुहरूबाट टाढा रहने ज्ञान हुने<br>**सूचक** : बालबालिकाले हाँच्छ्युँ गर्दा र खोक्दा आफ्नो नाक र मुख छोप्ने वा धारिला वस्तुहरू छुनबाट टाढा रहने जस्ता सुरक्षित व्यवहार वा अभ्यास प्रदर्शन गर्न सक्छन् । |
| ६ | भाषिक विकास : सुनाइ |
| | **मानक** : एकआपसमा र परिचित वयस्कहरूसँग कुराकानी गर्ने<br>**सूचक** : बालबालिकाले कुराकानी वा कथाहरू ध्यानपूर्वक सुन्न र सम्बन्धित प्रश्नहरूमा प्रतिक्रिया जनाउन सक्दछन् । |
| ७ | भाषिक विकास : पूर्वपढाइ |
| | **मानक** : पूर्वपठ्नका सिप देखाउने<br>**सूचक** : बालबालिका छापा सामग्रीसम्बन्धी जानकारी प्रदर्शन गर्न र चित्रहरूलाई अक्षरहरूसँग जोड्न सक्षम छन् । |

| क्र.सं. | मानक तथा सूचकहरू |
|---|---|
| ८ | भाषिक विकास : पूर्वलेखाइ |
| | **मानक** : पूर्वलेखाइका सिपहरू देखाउने<br>**सूचक** : बालबालिकाले पूर्वलेखाइका सिपहरू प्रदर्शन गर्न सक्छन् । |
| ९ | बौद्धिक विकास : बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू |
| | **मानक** : सिकाइलाई विश्लेषण गर्ने र त्यसका नतिजाहरूलाई भविष्यको सिकाइमा प्रयोग गर्ने<br>**सूचक** : बालबालिकाले निश्चित घटनामा भएका क्रियाकलाप र विवरणहरू क्रमबद्ध रूपमा सुनाउन सक्छन् । |
| १० | बौद्धिक विकास : वर्गीकरण र क्रम मिलाउने |
| | **मानक** : वस्तुहरूलाई क्रममा राख्ने र तिनीहरूलाई छुट्याउन सक्ने<br>**सूचक** : बालबालिकाले फरक फरक विशेषता (आकार, नाप वा रङ) का आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्छन् । |
| ११ | बौद्धिक विकास : वैज्ञानिक ज्ञान/खोजी |
| | **मानक** : हेरेर मौसमबारे व्याख्या गर्न सक्ने<br>**सूचक** : बालबालिकाले दिनको मौसम चिन्न र त्यसबारे बताउन सक्छन् र त्यस मौसमसँग सम्बन्धित कुराहरू व्याख्या गर्न सक्छन् (जस्तो कि झरीको दिनमा छाता प्रयोग गर्ने, चर्को गर्मीको दिन छोटा बाहुला भएको लुगा लगाउने) । |
| १२ | बौद्धिक विकास : दुरी र दिशा |
| | **मानक** : दिशा र त्यससम्बन्धी निर्देशनहरू बुझ्ने र तिनलाई प्रयोग गर्ने<br>**सूचक** : बालबालिका स्थान र अवस्थितिको सचेतना प्रस्तुत गर्न सक्षम हुन्छन् । |
| १३ | बौद्धिक विकास : अङ्क/सङ्ख्या |
| | **मानक** : अङ्क/सङ्ख्याहरूको ज्ञान प्रस्तुत गर्ने र गन्न सक्ने<br>**सूचक** : बालबालिकाले १ देखि १० सम्मका सङ्ख्याको अवधारणाको ज्ञान प्रस्तुत गर्दछन् । |
| १४ | बौद्धिक विकास : कल्पना |
| | **मानक** : वास्तविकता र कल्पनाबिच फरक गर्न सक्ने<br>**सूचक** : बालबालिकाले आफ्नो कल्पना प्रयोग गरी कथा भन्न सक्छन् । |
| १५ | सामाजिक विकास : जीवन उपयोगी सिपहरू |
| | **मानक** : व्यक्तिगत वा सामूहिक कामहरू पूरा गर्न आत्मनिर्भर हुने<br>**सूचक** : बालबालिकाले विविध समूहगत कार्यहरूमा सहभागिता जनाउन सक्छन्, उदाहरणका लागि समूहमा पजलहरूको समाधान खोज्ने, छलफल गर्ने, अभिनय गर्ने वा खेलहरू खेल्न सक्छन् । |
| १६ | सामाजिक विकास : सामाजिक व्यवहार |
| | **मानक** : आवश्यकतानुसार आफ्ना साथी र अरू ठुला मानिससँग उचित रूपमा व्यवहार गर्ने<br>**सूचक** : बालबालिकाले सुरक्षित परिस्थितिमा परिचित र अपरिचित वयस्कहरूलाई सावाधानीपूर्वक अभिवादन गर्छन् । |
| १७ | संवेगात्मक विकास : संवेगात्मक अभिव्यक्ति |
| | **मानक** : परिस्थितिअनुसार विविध संवेग/भावनाहरू अभिव्यक्त गर्ने<br>**सूचक** : बालबालिकाले आफ्नो संवेग/भावनाहरू चिन्न, अभिव्यक्त गर्न र व्यवस्थापन गर्न सक्छन् । |
| १८ | संवेगात्मक विकास : संवेगात्मक सुरक्षा र आत्मविश्वास |
| | **मानक** : विविध परिस्थितिहरूमा सुरक्षाको भाव प्रदर्शन गर्ने<br>**सूचक** : बालबालिकाले विभिन्न परिस्थितिहरूमा आत्मविश्वासका साथ आफ्ना धारणाहरू अभिव्यक्त गर्न सक्छन् । |
| १९ | सांस्कृतिक विकास : राष्ट्र र राष्ट्रियता |
| | **मानक** : "हामी नेपाली हौँ" भन्ने भावना अभिव्यक्त गर्न सक्ने<br>**सूचक** : बालबालिकाले आफू, आफ्नो परिवार/समुदाय, आफ्नो देशबारे सचेतना प्रदर्शन गर्दछन् । |

# अनुसूची ६

**(तेस्रो दिन, पहिलो सत्रसँग सम्बन्धित)**

## शारीरिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### १. परिचय

बालबालिकाको उमेर र अवस्थाअनुसार शरीरको तौल तथा उचाइ बढ्नुलाई शारीरिक वृद्धि भनिन्छ भने शारीरिक सक्रियता साथै शरीरको अङ्गले गर्नुपर्ने क्रियाकलापलाई शारीरिक विकास भनिन्छ । शारीरिक विकासमा बालबालिकाको उमेर र अवस्थाअनुसार शरीरका सूक्ष्म तथा स्थूल मांसपेसी, इन्द्रिय, मस्तिष्क, हाड आदिको वृद्धिका साथै ती अङ्गहरूको परिचालन, सन्तुलन तथा यिनीहरूबिचको समन्वयजस्ता पक्षहरूको विकास भैरहेको हुन्छ । बालबालिका हुर्कने क्रममा उनीहरूको शारीरिक वृद्धि र विकास सँगसँगै हुने गर्दछ । उनीहरूको विकासक्रमअनुसार उत्प्रेरणावर्द्धक वातावरण भएमा, आवश्यक मात्रामा पोसिलो खाना खान पाएमा, रोग लाग्न नदिएमा, सुरक्षित र सफा वातावरणमा खेल्ने अवसर पाएमा उनीहरूको शारीरिक विकास हुन मद्दत पुग्दछ ।

भर्खर जन्मिएको बालकले रुन र दुध चुस्न मात्र जानेको हुन्छ भने दिन बित्दै जाँदा विस्तारै हात गोडा चलाउने, बामे सर्ने, बस्ने, उठ्ने, दगुर्ने, खेल्ने, सोच्ने सिपहरूको विकास हुँदै जान्छ । उमेरअनुसार सूक्ष्म अङ्ग, स्थूल अङ्ग र मांसपेसीहरूबिच समन्वय गरी शरीर सञ्चालन र नियन्त्रण गर्ने क्षमताको विकास हुनु शारीरिक विकास हो ।


गर्भ अवस्थामा तथा जन्मेपछि पाँच वर्षको समयभित्र जुन गतिमा शरीरको वृद्धि र विकास हुन्छ त्यो जीवनको अन्य समयमा हुँदैन । शारीरिक विकासको क्रममा बालबालिकामा विशेष प्रकारका सिपहरू विकसित हुन्छन् । मस्तिष्कको तौल बढ्दै जानु शारीरिक विकास हो । शरीरका हाड, मांसपेसीहरूको तौल, लम्बाइ, चौडाइ तथा कार्यक्षमता बालबालिकाको उमेरअनुसार हुन्छ । जस्तै : बस्ने, उभिने, हिँड्ने, हेर्ने, सुन्ने, समात्ने, टिप्ने, फाल्ने दौडने, बामे सर्ने, पल्टने, छाती उठाउने, खन्याउने, उठाउने, कोर्ने, लेख्ने आदि ।

### २. शारीरिक विकासको पक्षलाई तीन भागमा विभाजन गरिएको छ ।

- **स्थूल अङ्गहरूको विकास** : स्थूल अङ्गको विकास भन्नाले बालबालिकाको ठुला मांसपेसी, हात, गोडा तथा पाखुराको समन्वय र सन्तुलन गर्ने क्षमताको विकास हो । वस्तु एवम् खेलौना समात्ने र फाल्ने, उफ्रने, कुद्ने, दौडने, हिँड्ने, टाउको थाम्ने आदि यसभित्र पर्दछन् ।
- **सूक्ष्म अङ्गहरूको विकास** : बालबालिकाका हत्केला, औँला समन्वय गरी सञ्चालन गर्ने क्षमताको विकासलाई सूक्ष्म अङ्गको विकास भनिन्छ । सूक्ष्म अङ्ग सञ्चालनअन्तर्गत वस्तु टिप्नु, उठाउनु, खन्याउनु, पल्टाउनु, लेख्नु, आँखा र हातको समन्वय गरी कुनै भाँडोमा भर्नु, औंलाहरू चलाउनु आदि हुन् । शरीरको वृद्धि र विकास (शारीरिक विकास) का लागि पोसिलो खाना, खोप, स्याहार, सरसफाइ, सिकाइ तथा उत्प्रेरणा र हौसलाको आवश्यकता पर्दछ । यस अवस्थामा सरुवा रोग, घातक रोग, दुर्घटना आदि हुने जोखिमबाट बालबालिकालाई बचाउनु आवश्यक पर्दछ ।

**मस्तिष्कलाई सक्रिय बनाउने तत्वहरू**

(संसार बुझ्ने ५ झ्यालहरू)





उत्प्रेरणाबर्द्धक अनुभवनै सिकाइको मुहान हो ।
अनुभवद्धारा मस्ष्तिकका सबै तन्तुहरू सञ्चालित हुन्छन् ।

- **इन्द्रिय अङ्गहरूको विकास** : इन्द्रिय अङ्गहरूको विकास भन्नाले आँखा, कान, नाक, जिब्रो, छाला जस्ता चेतनाशक्ति तथा इन्द्रियहरूको क्षमताको विकास हो । बालबालिकाका संसार बुझ्ने झ्याल पनि यही इन्द्रियहरू हुन् । इन्द्रियहरू जति धेरै चलायमान भयो त्यति मात्रामा बालबालिकाको सिक्ने र अनुभव समेट्ने क्षमताको विकास हुन्छ । मानिसको मस्तिष्कको विकाससँग इन्द्रियको सक्रियताले महत्वपूर्ण भूमिका खेल्दछ । दिइएको चित्रमा पनि इन्द्रिय अङ्गहरूको मस्तिष्क विकाससँगको सम्बन्ध प्रस्ट्याइएको छ ।

## ३. शारीरिक विकासअन्तर्गत स्थूल अङ्ग, सूक्ष्म अङ्ग र इन्द्रिय अङ्गको विकासलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट**



# अनुसूची ७

**(तेस्रो दिन, दोस्रो सत्रसँग सम्बन्धित)**

## सामाजिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### १. सामाजिक विकास परिचय

मानिस समाजमा जन्मन्छ, समाजबाट सिक्छ ,आफूले जानेका ज्ञान,सिप समाजकै लागि अर्पण गर्छ र समाजबाट विदा हुन्छ । समाजभित्र विभिन्न धर्म, संस्कृति जातजातिअनुसार रीतिरिवाज फरक हुन्छ । त्यसैले सामाजिक विकास भनेको समाजबाट स्वीकृत क्रियाकलापहरूमा बालबालिकालाई अभ्यस्त बनाउनु हो ।

बालबालिकाले सामाजिक गुणहरू गर्भदेखि नै सिक्दै आएका हुन्छन् । आवाज सुन्दा गर्भ भित्रैबाट आनन्द मानेको वा प्रतिक्रिया देखाएको विभिन्न अनुसन्धानबाट प्रमाणित भैसकेको छ । यसैगरी बालबालिकामा जन्मदेखि नै मान्छेको नजिक बस्न मनपराउने आमाबुबा वा नजिकको मानिसको आवाज चिन्ने आदि सामाजिक गुणहरूको विकास भैसकेको हुन्छ । उनीहरूले सहभागिताको अवसरबाट बिस्तारै उमेरसँगै आदरसत्कार गर्ने, सामाजिक नियम, नेतृत्व लिने र दिने, नक्कल गर्ने, समूहमा बस्ने आदि सामाजिक सिपहरू पनि सिक्दै जान्छन् ।

**प्राथमिक सामाजिकीकरण** (Primary Socialization) : बालबालिकाले माथि उल्लेखित सामाजिक सिपहरू घरमा परिवारबाट सिकिरहेका हुन्छन्, जसले गर्दा उनीहरूले परिवारको मूल्यमान्यताको अवधारणा तयार गर्छन् र नक्कल गरेर आफूलाई समायोजन गर्दै गरेका हुन्छन् । यसरी हुने सामाजिक सहभागिताबाट बालबालिकाको व्यक्तित्व विकासको आधार पनि करिब पहिलो २ वर्षको उमेरमा तयार हुन्छ ।

**माध्यमिक सामाजिकीकरण** (Secondary Socialization) : जब बालबालिका घरबाट बाहिरको संसारमा प्रवेश गर्छन् तब उनीहरूले घरपरिवारको भन्दा भिन्दै प्रकारको वातावरण पाई समाजलाई विस्तारै बुझ्दै जान्छन् । बालबालिकाको समाज र सामाजिक नियमलाई घुलमिल र अन्तरक्रियाबाटै सिक्छन् । प्रारम्भिक बालविकासको उमेरमा पनि उनीहरूले घरपरिवारको साथसाथै प्रारम्भिक बालविकास केन्द्रसम्मको अनुभवले सामाजिक सिपहरू सिकिरहेका हुन्छन् ।

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा उल्लेखित ६ ओटा पक्षहरूमध्ये सामाजिक विकास एक महत्वपूर्ण पक्ष हो ।

यसले नेपाली बालबालिकाको सामाजिक विकासका लागि देहायअनुसारका विशिष्ट पक्षहरूको सिफारिस गरेको छ ।

(१) **वयस्क तथा साथीहरूबिचको सम्बन्धः** सामाजिक विकासको लागि बालबालिकाले वयस्कहरूलाई सामाजिक व्यवहार देखाउनुको साथै आफूसरहका बालबालिका वा उनीहरूका साथीहरूसँग सहयोग लिने र दिने, बाँडेर खाने, सँगै मिलेर खेल्ने जस्ता सामाजिक सिप सिक्छन् ।

(२) **जीवनोपयोगी सिपः** बालबालिकाले वयस्क वा अभिभावक र साथीहरूको नक्कल गरेर भावी जीवनको लागि उपयोगी सिपहरू सिकिरहेका हुन्छन् । उदाहरणका लागि बालबालिकाले भान्सामा खाना पकाउने बाँड्ने खेल खेलिरहेका छन् भने उनीहरू भविष्यमा सजिलै खाना पकाउने बाँड्ने काम गर्न सक्षम हुने छन् ।


(३) **सहयोग तथा सहकार्य**: बालबालिकामा अरूलाई सहयोग गर्ने सिप पनि हुनुपर्छ । आफूभन्दा ठुला वा आफ्नो साथीहरूलाई सहयोग गर्ने वा मिलेर काम गर्ने बानीको विकास हुनुपर्ने अर्को विशिष्ट पक्ष हो ।

(४) **सामाजिक व्यवहार**: बालबालिका हुर्केको वातावरणअनुसार आफूभन्दा ठुला र सानालाई व्यवहार गर्न सिक्दछन् । ठुलालाई आदर र सानालाई स्नेह गर्ने परम्परा जुनसुकै जातजातिका परिवारमा हुन्छ । स्वागत सत्कारका प्रक्रिया मात्र फरक हुने हुन्छ । त्यसैले बाह्य वातावरणमा प्रवेश गरेपछि बालबालिकाले सानो उमेरदेखि नै विविध परम्परा र संस्कृतिको बारेमा थाहा पाउने र त्यसको आदर गर्ने सामाजिक व्यवहारका सिपहरू विकास गर्ने गर्दछन् ।

(५) **स्वःअवधारणा**: बालबालिकाले समाजबाट पाएको प्रशंसा, उत्प्रेरणा तथा नकारात्मक प्रतिक्रियाबाट स्वःअवधारणाको निर्माण पनि यसै अवस्थादेखि तयार गर्छन् । बालबालिकालाई राम्रो छौ, सक्षम छौ वा असल छौ भनेर सकारात्मक विशेषण प्रयोग गर्दा उनीहरूले आफूलाई सक्षम, राम्रो र असल मान्छे हुँ भन्ने धारणा विकसित गर्छन् र सोअनुरूपका गतिविधिहरूको छनौट गर्छन् ।

## २. सामाजिक विकास अन्तरगत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट**



# अनुसूची ८

**(तेस्रो दिन, तेस्रो सत्रसँग सम्बन्धित)**

## संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

प्रारम्भिक बालविकास भन्नाले बालबालिकाको सर्वाङ्गीण विकास हुनु हो । कुनै पनि बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकाससँगै भाषिक र सांस्कृतिक विकास भैरहेको हुन्छ । विकासका सबै पक्षहरू एकअर्कासँग अन्तर्सम्बन्धित हुन्छन् । संवेगात्मक विकाससँगै, बौद्धिक, सामाजिक, शारीरिक र भाषिक विकास पनि भएको हुन्छ । उचित क्रियाकलाप तथा विकासको अवसर पाउन सकेमा बालबालिकाको सबै पक्षका विकास सँगसँगै हुन्छन् ।

संवेगात्मक विकास भनेको खुसी हुनु, आशावादी हुनु, उत्साहित हुनु, रमाइलो मान्नु आदि हुन् । यी सकारात्मक संवेगहरू हुन् भने रिस उठ्नु, झगडा गर्नु, चिडचिडाउनु, आवेशमा आउनु, चिच्याउनु, कराउनु, रुनु, गाली गर्नु आदि नकारात्मक संवेग हो । सकारात्मक र नकारात्मक संवेगहरू एउटा सिक्काका दुई पाटाहरू हुन् । एउटा मानिसलाई खुसी पनि चाहिन्छ र रुन पनि जरुरी हुन्छ । जस्तै आफ्नो परिवारका कुनै सदस्य बिरामी हुँदा, मुत्यु हुँदा, रुनु स्वाभाविक हुन्छ । त्यस्तै कुनै सामान हराएमा दुःखी हुनु स्वभाविक हुन्छ ।


रिस उठेको समयमा संयम अपनाएर सम्झाउनु, छलफलबाट समाधान गर्नु, बढी राम्रो र लाभदायक हुन्छ भनेर विकल्प दिनु नै संवेगात्मक सन्तुलन गर्नु हो र यो नै संवेगात्मक विकास हो । यदि बाल्यकालमै बालबालिकाले खुसी र मायाको वातावरण प्राप्त गर्दछन् भने उनीहरू अरूको जीवनमा पनि खुसी भएको देख्न चाहने सकरात्मक सोच भएको व्यक्ति बन्ने छन् । त्यसैगरी दुःखै दुःखामा, गालीगलौज, तनाव र आवेगमा हुर्किएको बालबालिका पनि झगडालु स्वाभावका बन्ने धेरै सम्भावना हुन्छ । त्यस्ता व्यक्तिहरू नै अपराध कार्यमा बढी संलग्न हुने गरेका तथ्य अनुसन्धानले देखाएको छ भनी बुझ्नुपर्दछ । यस सन्दर्भमा "जस्तो परिवेशमा शिशु हुर्कन्छ, ऊ त्यस्तै हुन्छ" भन्ने दोरोथी ल नोल्तेको सारगर्भित भनाइले अझ स्पष्ट गरेको छ ।

(क) **संवेगका उपक्षेत्रहरू निम्न अनुसार छन् :**

- **स्वअवधारणा** : बालबालिकाले "म को हुँ ?" भनेर आफैँलाई चिन्नुपर्ने हुन्छ । आफ्नो नाम, ठेगाना, उमेर, लिङ्ग, बुबाको नाम, आमाको नाम भन्न सक्नु स्वअवधारणाका सिप हुन् । त्यसका साथै आफूप्रति सकारात्मक सोच राख्न, म समाजको एक सदस्य हुँ, म पनि केही गर्न सक्छु, आफूले सकेजतिको काम गर्न सक्छु भन्ने कुराको अनुभूति दिलाउनु पर्दछ । यो संसार मेरो पनि हो, संसार रमाइलो हुन्छ भन्ने कुराको महसुस गराउनु हामी वयस्कहरूको जिम्मेवारी हो ।
- **संवेग प्रकट** : "म तिमीलाई प्रेम गर्दछु ।" "माया गर्दछु ।" भन्न सक्ने बनाउनु पर्दछ । "तिमी कसलाई मनपराउँछौ ?" भनेर प्रश्न सोध्दा आमा, बाबा, दाइ, दिदी आदि बताउनु सक्नुपर्दछ । आफ्ना नजिकका व्यक्तिहरूसँग भावना व्यक्त गर्ने, कुराकानी गरिरहने अवसर दिनुपर्दछ । कुराकानी नगर्नु, नबोल्नु, नहाँस्नु, नरुनु नकारात्मक संवेग हुन् । मनभित्रका कुराहरू व्यक्त नगर्दा पीडा हुन सक्छ । रिस र ईर्ष्या बढ्न सक्छ । ऊ विक्षिप्त बन्न सक्छ । त्यसैले खेलौनाहरू दिनु, उनीहरूसँग समय बिताउनु, सोधेका प्रश्नहरूको उत्तर दिनु र अभिनयात्मक खेलहरू खेलाउँदा उनीहरूमा संवेग प्रकट हुन्छ ।


- **संवेगात्मक सुरक्षा र आत्मविश्वासको प्रकट** : आमाको काख र बुबाको स्पर्शले बालबालिकालाई सुरक्षाको महसुस गराउँदछ । मेरो लागि कोही छ भन्ने भावना जागृत गराउँदछ । भावनात्मक रूपमा सुरक्षाको महसुस भएपछि उसले आफूले गर्न सक्ने काम वा कुरा सजिलै गर्न सक्छ । धेरै लजाउनु, नबोल्नु, डराउनु, नसोध्नु, आत्मविश्वासको कमीको कारण हुन सक्दछ ।
- **संवेगहरूको सन्तुलन** : बालबालिकालाई धेरै रिस उठेमा, धेरै पीडा महसुस भएमा, ईर्ष्या लागेमा त्यसलाई व्यक्त गर्ने क्रममा साथीलाई कुट्ने, गाली गर्ने, गाईवस्तु वा पाल्तु जनावर कुट्ने, ठुलो आवाजमा चिच्याउने, रुने गर्दछन् । यसका लागि सबैभन्दा उत्तम उपाय उनीहरूलाई खेलमा व्यस्त राख्न सकिन्छ । चित्रकला वा सिर्जनात्मक काममा व्यस्त बनाउन सकिन्छ । भावनात्मक रूपमा समस्या समाधान गर्नका लागि कारण पत्ता लगाउनु पर्दछ र बाबा, आमा, शिक्षक हामी वयस्क उदाहरणीय (Role Model) बन्न सक्नुपर्दछ । यस्ता समस्यामूलक बालबालिकाका लागि भावनात्मक कथाहरू सुनाउनु अति नै उत्तम उपाय हुन सक्छ ।

**सन्दर्भ चित्र**




(ख) **संवेगात्मक विकासअन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।**

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट**



# अनुसूची ९

**(चौथो दिन, पहिलो र दोस्रो सत्रसँग सम्बन्धित)**

## बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### १. बौद्धिक विकासको अवधारणा र महत्व

बौद्धिक विकास मानवमा आउने एक परिवर्तन हो । बौद्धिक विकास भनेको बालबालिकाको सोच्ने प्रक्रियाको निर्माण हो जसमा सम्झने, समस्या समाधान गर्ने र निर्णय लिने कार्य मुख्य रूपमा गरिन्छ । बालबालिका जन्मिनेवित्तिकै अन्वेषणमा रुचि राख्दछन् र सक्रिय रूपमा सिक्न थाल्छन् । उनीहरूले सिकेका कुराहरू उनीहरूका अन्तरक्रियामार्फत कसरी त्यसको अनुभव गर्छ, सोच्छ र आफ्नो वरिपरिको ज्ञान प्राप्त गर्दछ भन्ने कुरा बालबालिकाको विकासको अन्य क्षेत्रहरूको सिकाइको आधार हो । ५ वर्षभित्र बालबालिकाको मष्तिष्क विकास ९० प्रतिशत भइसक्छ भन्ने कुरा विभिन्न अनुसन्धानहरूले देखाइसकेको छ ।

बौद्धिक विकास निकै महत्वपूर्ण भएकाले यस पक्षको विकाससँग जोडिएको उनीहरूको वातावरण, सिकाइ, खाना, खेल र खेलौनाको आवश्यकताको साथसाथै उनीहरूको स्वास्थ्यको पनि ख्याल राख्नुपर्दछ । उचित खानपान र वातावरणले उनीहरूमा रोग विरुद्ध लड्ने क्षमताको विकास हुन्छ । अस्वस्थ बालबालिकाको बौद्धिक विकास कमजोर हुन्छ । बालबालिकामा उमेरअनुसार उचित विकास नभएमा उनीहरू भविष्यमा आइपर्ने समस्यासँग जुध्न, असमर्थ हुन्छन् । साथै सिर्जनशील र क्रियाशील हुन सक्ने सम्भावना पनि कम हुन्छ ।

३ देखि ४ वर्षका बालबालिकामा मस्तिष्कको विकास तीव्र रूपमा हुन्छ । यो उमेरमा बालबालिकाले निम्न कुराहरू सिक्दछन् :

**वैज्ञानिक खोज** : बालबालिकाले कुनै कुरा थाहा पाउनु मष्तिष्क विकास हो । यसलाई हामी महशुश गर्नु, थाहा पाउनु भनेर बुझ्दछौँ । जस्तै आज घाम लागेको हो या बादल लागेको, पानी परेको हो या हावा चलेको भनेर थाहा पाउनु बौद्धिक विकास हो । गर्मीको दिन तातो महशुश हुनु, पानी पर्दा आच्छु भन्नु, हावा चल्दा घरभित्र पस्नु, गर्मीमा छाता ओढ्नु वा शीतल ताप्नु उनीहरूको चेतना विकासको कारण प्रतिकृया गर्नु हो ।

**दुरी तथा दिशा** : बालबालिकालाई वरपर , दाँया बाँया, तल माथी, टाढा नजीक भन्ने कुरा थाहा हुँदैन । त्यसैले हामीले कुनै सामानलाई आधार मानेर जस्तै टेबुलमा ठोस वस्तुद्वारा माथि कि तल, भित्र कि बाहिर, तिम्रो दायाँ हात कुन, बायाँ हात कुन भनेर दिशाबोध गराउन सकिन्छ । तिम्रो घरबाट पानीको धारा वा इनार नजिक छ कि टाढा आदि बझाउनुपर्दछ ।

**गणित/गणितीय सङ्ख्या** : बालबालिकालाई अङ्क सिकाउनुभन्दा अगावै गन्तीको अवधारणा दिनुपर्दछ । हरेक वस्तु १ ओटा/१ ओटा भनेर बुझाउन सकियो भने २ ओटा/२ ओटा भनेर थप सिकाइ गराउन सकिन्छ कम्तीमा १० ओटा सम्म सिकाउन सकियो भने त्यसपछि सङ्ख्या पनि चिनाउन सकिन्छ । सरलबाट जटिलतिर लैजानुपर्दछ । पहिले अङ्क चिनाउनुभन्दा सङ्ख्याको अवधारणा बुझाउनुपर्दछ । जस्तैः एउटा मुख, एउटा जिब्रो, एउटा नाक आदि ।

**सृजनशीलता** : बालबालिकालाई कथाहरू सुनाउँद पूरै कथा एकै चोटी सुनाउनुभन्दा पनि अब के होला ? भन्दै जिज्ञासा जगाउँदै भन्नुपर्छ जस्तै अब के होला ? भन्दै जिज्ञासा जगाउँदै भन्यो भने आफैं कल्पना गरेर बताउन लगाउँदा चाखलाग्दो हुने र कल्पनाशील बनाउन सकिन्छ । सबै प्रश्नको समाधान गरिदिनुभन्दा अगाडि एकपटक उनीहरूलाई नै सोध्दा सृजनशील उत्तर आउँछ । सुनेको कथालाई अभिनय गर्न लगाउँदा उनीहरू धेरै सिर्जनशील बन्ने छन् ।

**वर्गीकरण तथा क्रम मिलाउने**


बालबालिकालाई वरिपरि भएका वस्तुहरूको फरकपन बताउन लगाउनु वर्गीकरण सिप हो । जस्तैः नाङ्लो गोलो छ तर टेबुल चारकुने छ भनेर फरक छुट्याउन सक्नु नै वर्गीकरण गर्नु हो । नाङ्लो र थाललाई एउटै समूहमा राख्न सक्नु वर्गीकरणको आधारमा गराउन सक्नु हो र साडी लामो हुन्छ सल छोटो हुन्छ, भकुण्डो ठुलो हुन्छ आलु सानो हुन्छ भनेर छुट्याउनु सक्छन् भने बौद्धिक विकास हो र यो कलम हो हिँड्दैन र यो किरा हो हिँड्छ भन्यो भने सजीव र निर्जीव छुट्याउन सक्नु हो ।

**बौद्धिक सिप तथा सिकाइ प्रक्रिया**

बालबालिकाले सम्झेर सोचेर केही कुरा बताउँछ भने त्यो बौद्धिक सिप हो जस्तै दिनभरि उठेपछि सुत्ने बेलासम्मको क्रियाकलाप बताउनलाई सोच्नुपर्ने हुन्छ, यसरी सोचेर बताउन वा भन्न सक्ने बनाउनु हाम्रो कर्तव्य हो, उसले बिहान उठेर हात मुख धोएँ, खाजा खाएँ, खेलेँ, खाना खाएँ, बारीमा गएँ भनेर क्रमबद्ध रूपमा बताउन सक्छ भने त्यो नै बौद्धिक सिप तथा सिकाइ प्रक्रिया हो । घटनाक्रमलाई जोडेर बताउन सक्छ भने भविष्यमा धारावाहिक रूपमा बोल्न सक्ने वा केही कुरा क्रमबद्ध लेख्न सक्ने हुन्छन् ।

## २. बौद्धिक विकासअन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट**



# अनुसूची १०

**(चौथो दिन, तेस्रो सत्रसँग सम्बन्धित)**

## भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### १. भाषिक विकास

भाषिक विकास भन्नाले बालबालिकामा उमेरअनुसार बोल्ने, प्रश्न गर्ने, भनेको कुरा बुझ्ने वा निर्देशन बुझेर त्यसलाई अवलम्बन गर्ने जस्ता क्रियाकलापलाई बुझिन्छ । बालबालिकाले व्यक्त गर्ने हाउभाउ, बोल्ने बोली तथा आवाजहरू, आफूसरहका साथीहरू तथा ठुला व्यक्तिहरूसँग गर्ने भलाकुसारी, कुराकानी गर्ने कला वा अभिव्यक्ति क्षमतालाई भाषिक विकास भएको भनिन्छ । देखेका, सुनेका बुझेका र लागेका कुराहरू विभिन्न माध्यमबाट अभिव्यक्त गर्ने, सही शब्दको चयन गर्ने, सूचना प्रदान गर्ने, प्रश्न सोध्ने, कुराकानी गर्ने, अरूले भनेका कुरालाई छोटो र सरल रूपले जस्ताको तस्तै भन्ने, छापाको अक्षर र चित्रहरू पढ्न सक्ने सिपको विकास गर्न अवसर र वातावरण दिई उनीहरूको भाषिक विकास गर्न सकिन्छ ।


प्रत्येक विकासका क्षेत्रहरू एक अर्कासँग अन्तरसम्बन्धित हुन्छन् । विकासको कुनै एक मात्र पक्ष वा क्षेत्रको विकास वा कम विकास हुँदा विकासका अन्य क्षेत्रहरूलाई पनि प्रभावित पार्ने भएको हुनाले शिक्षकले बालबालिकाको सबै क्षेत्रको विकास हुने तरिका र विधिको प्रयोग गरी सिकाइको वातावरण निर्माण गर्दै सिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्छ ।

### २. भाषिक विकासभित्र निम्न क्षमताहरू पर्दछन् ।

| | |
|---|---|
| सुनाइ<br>• अरूले बोलेको कुरा ध्यान दिएर सुन्ने<br>• सुनेको कुरा बुझ्ने<br>• आफूलाई लागेको कुरा भन्ने | बोलाइ<br>• कुनै वस्तु वा व्यक्तिको बारेमा भन्ने<br>• प्रश्न सोध्न र सोधेको कुरा भन्ने<br>• घटना सुनाउने |
| पढाइ<br>• चित्र हेरेर व्यक्ति तथा वस्तुको नाम र काम भन्ने<br>• चित्र र शब्द जोडा मिलाउने<br>• चित्र हेरेर कथा बनाउने, कथा भन्ने<br>• चित्रकथा पढ्ने | लेखाइ<br>• रङ भर्ने<br>• आकार बनाउने, ढाँचा मिलाउने<br>• दिएको ढाँचामा रङ भर्ने, जोड्ने<br>• चित्र बनाउने<br>• अक्षर लेख्ने |

### ३. भाषिक विकासअन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट**



# अनुसूची ११

**(पाँचौं दिन, पहिलो सत्रसँग सम्बन्धित)**

## सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### १. नेपालमा मनाइने केही मुख्य मुख्य राष्ट्रिय र स्थानीय चाडपर्वहरू

| महिना | पर्व | विशेषता |
|---|---|---|
| वैशाख,वैशाख शुक्लपूर्णिमा | बुद्धजयन्ती | भगवान बुद्ध जन्म र मृत्यु भएको दिन, संसारमा शान्तिको सन्देश दिएकाले उनको सम्झना र श्रद्धा गरिन्छ। |
| आषाढ शुक्ल पूर्णिमा | गुरुपूर्णिमा | वेदव्यास जयन्ती। उनले धेरै पुराण तथा वेदसमेत लेखेकाले सबैले गुरुका रूपमा उनको जन्मदिनलाई मनाउन थालेको पाइन्छ। |
| साउने सङ्क्रान्ति | लुतो फाल्नेपर्व | परम्परादेखि साउन १ गते सक्रान्ति मनाउने, लुतो फाल्ने पर्वको रूपमा यसलाई हर्षोल्लासपूर्वक मनाइने गरिन्छ। |
| श्रावण शुक्ल पूर्णिमा | जनै पूर्णिमा | तागाधारीहरूले शुद्ध भएर जनै फेर्ने लगाउने र मन्त्र गरेका डोरो बाँध्ने दिन। यस दिन दिवङ्गत ऋषिहरूको समेत पूजा गरिन्छ। |
| श्रावण शुक्ल चतुर्थी | गठेमङ्गल पर्व | घण्टाकर्ण राक्षसलाई भगाएको सम्झनामा बेलुकीपख पुतला दहन गर्ने पर्व (काठमाडौं उपत्यकामा) |
| भाद्रशुक्ल तृतीया | तीज वा हरितालिका | हिन्दु महिलाहरूले मनाउने यस पर्वमा अघिल्लो साँझ दर खाने र तृतीयाको दिन निराहार बसेर भगवान शिवको पूजा गर्ने प्रचलन छ। |
| भादकृष्ण औंशी | कुशेऔंसी | बाबुको मुख हेर्ने दिनका रूपमा प्रशिद्ध छ। |
| भाद्रकृष्ण प्रतिपदा | गाईजात्रा | दिवङ्गत आफन्तको सम्झनामा नेवार समुदायले घरघरबाट जात्रा निकाल्ने गर्छन्। गाई भए गाईलाई र नभए मानिस नै गाई बनेर निस्कने र घुम्ने प्रचलन |
| भाद्रकृष्ण चतुर्दशी | इन्द्रजात्रा | इन्द्रको विशेष पूजा आराधना गर्ने पर्व (काठमाडौं उपत्यकाका नेवार समुदाय) |
| आश्विन शुक्ल प्रतिपदा | घटस्थापना | दशैं पर्व शुभारम्भ। जमरा राख्ने दिन |
| आश्विन शुक्ल दशमी | विजयदशमी | ठुलाबडा तथा मान्यजनबाट टीका थाप्ने र आशिर्वाद लिने प्रचलन |
| आश्विन शुक्ल पूर्णिमा | कोजाग्रत पूर्णिमा | दशैं समापन हुने र महालक्ष्मीको पूजा गरी जाग्राम बस्ने परम्परा |
| कार्तिक शुक्ल त्रयोदशी | काग तिहार तथा तिहार आरम्भ | कागको पूजा गर्ने प्रचलन। योसहित द्वितियासमेतको पाँचदिनलाई यमपञ्चक मानिन्छ। कागतिहारको भोलिपल्ट कुकुर तिहार, त्यसको भोलिपल्ट गाईतिहार र लक्ष्मीपूजा, अर्को दिन गोरुतिहार, त्यस दिन नेवार समुदायको नयाँ सम्वत सुरु हुन्छ।<br>गोरुतिहारको भोलिपल्ट भाइटिका भएर तिहार समापन हुन्छ। |
| कार्तिक शुब्क्ल षष्ठी | छठ पर्व | षष्ठीका दिन निराहार व्रत बस्ने र साँझपख अस्ताउँदो सूर्यलाई अर्घ दिने। रातभरि जाग्राम बसेर सप्तमीको दिन उदाएका सूर्यलाई अर्घ दिएर समापन हुने पर्व |
| मङ्सीर पूर्णिमा | उधौली | मङ्सीर पूर्णिमादेखि पन्ध्र दिनसम्म अन्नबाली भित्र्याएको खुशीयालीमा राइलिम्बु, याख्खा, सुनुवार जातिले भव्य रूपमा मनाउँछन्। |
| मार्गशुक्ल पञ्चमी | विवाह पञ्चमी | त्रेतायुगमा मर्यादापुरुष राम र जनकपुरका राजा जनककी छोरी सीताबिच विवाह सम्पन्न भएको दिनको रूपमा यस पर्व मनाइन्छ। यो जनकपुरमा मनाइने पर्व हो। यस दिन अयोध्याबाट रामको तर्फबाट जन्ती आउने प्रचलन रहेको छ। |

| महिना | पर्व | विशेषता |
|---|---|---|
| डिसेम्बर २५ | क्रिसमस | जिसस क्राइस्टको जन्मदिनको अवसरमा इसाइ धर्मावलम्बीहरूले मनाउने पर्व हो । |
| पौष १५ | ल्होछार | नेपालका गुरुङ समुदायले यो पर्व मनाउँछन् । |
| माघे सङ्क्रान्ति | माघी पर्व तथा हिन्दुको विशेष चाहाड | थारुहरूले माघी मनाउने, पहाडतिर हिन्दुहरूले मिठो खाने , तिलकपाती लगाएर सुरक्षा खोज्ने आदि । |
| फागुन कृष्ण त्रयोदशी | शिवरात्री | शिवको उपासना, पूजा गर्ने, ब्रत बस्ने र धुनी लगाउने |
| फागुन शुक्ल पूर्णिमा | होली खेल्ने | होलिका राक्षस मरेर भक्त प्रह्लाद बाँचेको खुसीयालीमा आरम्भ भएको पर्व |
| बैशाख कृष्ण औंसी | मातातीर्थ औंसी | आमाको मुख हेर्ने तथा आमालाई सम्मान गर्ने पर्व । आमा नभएकाहरूले काठमाडौंको मातातीर्थमा आमालाई सम्मान प्रकट गर्न जाने प्रचलन |
| बैशाख पूर्णिमा | उभौली पर्व | किरात राई याख्खा सुनुवारहरूले यो पर्व बैशाख पूर्णिमाका दिनदेखि एक महिनासम्म मनाउँछन् । यसैबेला नाच्ने नाचलाई साखेला सिली नाच भन्ने गरिन्छ । |
| अरवी पात्रोको नवौं महिना | इद | मुस्लिम समुदायले अरबी पात्रोको नवौं महिना रमजानका २९ वा ३० दिन रोजा राखेको खुसियालीमा मनाउँछन् । यो पर्व एक महिनासम्म मनाइन्छ । |

(क) **संस्कृतिको अवधारणा र महत्व**

संस्कृति त्यो हो जसले एउटा व्यक्तिलाई अन्य व्यक्तिसँग, एउटा समूहलाई अरू समूहसँग र एउटा समाजलाई अर्को समाजसँग पृथक गर्छ । (लामिछाने, २०६३) । यहाँ पृथक गर्छ भन्नुको अर्थ पहिचानसँग जोडिएको मान्नुपर्छ । संस्कृतिको विकास भनेको रातारात हुने कुरा होइन यो त मानव सभ्यताको आदिम युगदेखि विकसित साझा विचार, आचार र व्यवहारको परिणाम हो । संस्कृति पुर्खौंदेखि विकसित र हस्तान्तरित हुन्छ ।

समाजमा जीवन पद्धतिको तरिका नै संस्कृति हो । समाजमा विकसित भएका मूल्य मान्यता, परम्परा, धर्म, शैली, उत्पादनको तरिका, प्रविधि लगायतको सम्पूर्ण भौतिक तथा अभौतिक स्वरूपलाई संस्कृति भन्न सकिन्छ । (ज्ञवाली, २०१८, प्रशासन)

हामीले सोच्ने तरिका, हामीले लगाउने पोसाक, बोल्ने भाषा, मान्ने धर्म, रीतिरिवाज, राष्ट्र राष्ट्रियता, हामीले विकास गरेका कला, गीत, साहित्य, वास्तुविज्ञान, दर्शन संस्कृतिका विभिन्न आयामहरू हुन् । संस्कृति जीवन पद्धतिको भौतिक र अभौतिक दुबै पक्षसँग जोडिएको हुन्छ । संस्कृति मुलुक, क्षेत्र, समाजअनुसार निसृत हुन्छ । त्यसकारण यसलाई पहिचानको प्रतीकका रूपमा लिइन्छ ।

(ख) **संस्कृतिको महत्व**

- सामाजिकीकरणमा सहयोग
- पहिचान दिने
- राष्ट्रियताको संरक्षण र संवर्द्धन
- जीवन दर्शनको बोध
- अनुशासन तथा नैतिकताको विकास
- पुराना पुस्ता र नयाँ पुस्तासँग जोडिने सेतु

**(ग) सांस्कृतिक विकाससम्बन्धी क्रियाकलापको महत्व**


नेपाल बहुजातीय र बहुभाषिक देश हो । नेपालको बसोबास कुनै एक निश्चित जातिगतभन्दा पनि मिश्रित प्रकारको रहेको छ । सदियौं देखि नेपालमा जातीय तथा धार्मिक सहिष्णुता कायम हुँदै आएको छ । सबै बालबालिकालाई सानैदेखि एकअर्काको सांस्कृतिक विविधताप्रति सम्मान, संस्कृतिको व्यावहारिक अवलम्बन जस्ता गुणको विकास गराउनु पर्ने हुन्छ । जातीय विविधताबिच एकता, परस्पर सम्मान नभएका देशमा सदैव गृहयुद्ध तथा एकअर्काबिच असहिष्णुता रहेको देखिन्छ । त्यसकारण प्रारम्भिक तहदेखि नै उनीहरूको ज्ञान र व्यवहारमा सोअनुरूप परिवर्तन ल्याउन सांस्कृतिक पक्षको विकाससम्बन्धी क्रियाकलाप गराउनु आवश्यक हुन्छ ।

**(घ) प्रारम्भिक बालविकासमा सांस्कृतिक पक्षको विकास**

प्रारम्भिक बालविकासको अवधि सम्पूर्ण जीवनको विकास र तयारीको महत्वपूर्ण चरण हो । यस अवधिमा विकसित व्यवहारबाट मानिसले स्थायी व्यवहार प्राप्त गर्दछ । त्यसकारण यस अवस्थादेखि नै बालबालिकामा सांस्कृतिक मूल्य र मान्यताको अभिवृद्धि गराउनुपर्ने हुन्छ । यस अवस्थामा उनीहरूमा आफ्नो संस्कृति तथा मूल्यमान्यता प्रति सकारात्मक बनाउँदै अन्य समाज र समूहको संस्कृति र मूल्यप्रति आदर गर्ने सहिष्णु बनाउनु आवश्यक हुन्छ ।

**सांस्कृतिक विकासअन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।**

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट**




**(ङ) प्रारम्भिक बालविकास मापदण्डमा उल्लिखित मापदण्ड वा स्तर**

**राष्ट्र र राष्ट्रियता**

- बालबालिकालाई विभिन्न व्यक्तिहरूका छुट्टाछुट्टै आवश्यकता तथा फरक फरक संस्कृतिको जानकारी लिन्छन् र तिनीहरूको आदर गर्छन् ।
- बालबालिका हामी नेपाली हौं भन्ने भावलाई व्यक्त गर्छन् ।
- नेपालको नक्सा, नेपालको झण्डा र विशेषताबारेमा बताउने छन् ।

**परिवार र समुदाय**


- बालबालिका आफ्नो परिवारको साधारण मूल्यमान्यता बुझेर अनुसरण गर्न सक्छन् ।
- बालबालिका आफ्नो समुदायको मूल्यमान्यता बुझेर अनुसरण गर्ने तथा प्रारम्भिक बालविकास केन्द्रको दैनिक कार्यतालिकाको महत्व दिएर अनुसरण गर्छन् ।

(च) **प्रारम्भिक बालविकासका बालबालिकामा सांस्कृतिक पक्षको विकासका लागि गराउन सकिने क्रियाकलापहरू**

- नेपालको झण्डाप्रति सम्मान भाव झल्काउने क्रियाकलापहरू जस्तै झण्डा लिएर गीत गाउने नाच्ने, झण्डाका बारेमा छलफल गर्ने, झण्डाको रङ चिनारी, झण्डाको आकृतिमा रङ लगाउने जस्ता क्रियाकलाप गराउने
- नेपालको नक्सासँग परिचित गराउने, हामी नेपाली हौं भन्ने भावना जगाउनका लागि गीत, खेल आदिको माध्यमबाट क्रियाकलाप गराउने
- राष्ट्रिय गानलगायत अन्य राष्ट्रियता झल्काउने गीत गाउन र नाच्न लगाउने
- नेपालको नक्सा र झण्डासम्बन्धी पजल खेलाउने
- राष्ट्रिय जनावर, पन्छी, रङ तथा निशानहरूको चित्र सङ्कलन गर्ने र चिनाउने
- घरपरिवारमा मनाइने सांस्कृति पर्वहरूको विषयमा छलफल गराउने, मनाउने तरिका भन्ने र भन्न लगाउने
- निश्चित पर्व तथा संस्कारका बेला गरिने मुख्य क्रियाकलापहरूको छलफल, चित्र प्रर्दशन, अभिनय गराउने
- पर्व विशेषको खानपान, पहिरन, नाचगानलगायतका विशिष्ट पक्षहरूको छलफल, प्रदर्शन, अभिनय आदि गराउने
- स्थानीय चाडपर्वका विषयमा कुराकानी गर्न अभिभावकलाई प्रारम्भिक बालविकास केन्द्रमा निमन्त्रणा गर्ने र भन्ने अवसर दिने
- स्थानीय स्तरमा उपलब्ध सांस्कृतिक मूल्यमान्यताका धरोहरहरू जस्तै मठ, मन्दिर, गुम्बा आदिको अवलोकन गराउने
- प्रारम्भिक बालविकास केन्द्रमा र घरमा सांस्कृतिक मूल्य मान्यतासँग जोडिएका विभिन्न पक्षहरूको चित्र सङ्कलन तथा टाँस गर्ने व्यवस्था गर्ने
- घरपरिवारमा हुने सांस्कृतिक पर्व तथा चाडमा बालबालिकालाई सहभागी हुने अवसर दिने र उनीहरू केन्द्रमा गएपछि कसरी मनाइयो ? के के गरियो भनेर सुनाउने अवसर दिने
- अभिभावकहरूले बालबालिकालाई सांस्कृतिक पर्व तथा चाडहरूमा सहभागी गराउने

**सांस्कृतिक विकासअन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ।**

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्टः समग्र सांस्कृतिक विकासको चार्ट**



# अनुसूची १२

**(पाँचौं दिन, तेस्रो सत्रसँग सम्बन्धित)**

## कार्यगत सीमितता भएका बालबालिकाको सिकाइमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवदेनको उपयोग

### १. विभिन्नता, अपाङ्गता तथा प्रगति प्रतिवेदनको प्रयोग

**(क) व्यक्तिगत विभिन्नता**

बालविकासलाई वंशाणुगत गुण र वातावरणको प्रभाव रहेको हुन्छ । वंशाणु भनेको गर्भाधान भएर संयुक्त कोष बन्दैमा आमाबाबुबाट क्रोमोजममार्फत सन्तानमा हस्तान्तरण भएको गुण हो । वंशाणुमा जुन प्रकारको गुण भए पनि जन्मपूर्व र जन्मपछिको वातावरण उपयुक्त भएन भने बालविकासमा प्रतिकूलता देखापर्छ । त्यसकारण प्रारम्भिक बालविकासमा जोड दिनुको उद्देश्य उपयुक्त वातावरणमा बालबालिकाको विकासलाई सहजीकरण गर्नु हो ।

प्रारम्भिक बालविकास केन्द्रमा आउने बालबालिकामा स्वभाविकरूपमा व्यक्तिगत विभिन्नता हुन्छ । यही विभिन्नताको कारण बालबालिकाका रुचि, स्वभाव, सिकाइ क्षमता तथा प्रस्तुतीकरणका शैलीहरू फरक प्रकारका हुन्छन् । स्वभावका हिसाबले बालबालिका दुई प्रकारका हुन्छन् ।

**१. अन्तर्मुखी**

सधैँ शान्त रहने, मनका कुरा हतपत्त व्यक्त नगर्ने, ध्यान दिने, लज्जालु स्वभाव भएका व्यक्ति तथा बालबालिका अन्तर्मुखी स्वभावका हुन्छन् । लामो समयसम्म निकट हुँदा पनि कुनै बालबालिका खुल्न चाहेनन् र माथि उल्लेख गरेजस्ता लक्षण देखाए भने त्यस्ता बालबालिका अन्तर्मुखी स्वभावका हुनसक्छन् भनेर अनुमान गर्न सकिन्छ । अन्तरक्रियात्मक नहुनाका कारणले अपेक्षाकृत सिकाइ नहुने खतरा हुन्छ अथवा उनीहरूको सिकाइको स्तर वा अवस्था पहिचान नहुन सक्छ । यस्ता स्वभावका बालबालिकालाई सहजकर्ताले थप समय दिएर समूहमा राख्ने, अरूसँग बोलचालमा बढी व्यस्त गराउने, अरूसँग बोल्ने र सोध्नुपर्ने वातावरण तयार पारिदिने गर्नुपर्छ ।

**२. बहिर्मुखी स्वभाव**

अन्तर्मुखी स्वभावभन्दा ठीक विपरित स्वभावका बालबालिका यसमा पर्छन् । यस वर्गमा बढी चञ्चलता, धेरै कुराकानी गर्न खोज्ने, जिज्ञासा राख्ने खालका बालबालिका पर्न आउँछन् । यस प्रकारका बालबालिकाले धेरै कुरा सिक्न सक्छन् भन्ने विश्वास गरिन्छ तर उनीहरूमा स्थिरता र गम्भीरता तथा जिम्मेवारीबोध कम हुन्छ । यस्ता स्वभावका बालबालिकालाई सहजकर्ताले जिम्मेवारी दिने, उनीहरूका जिज्ञासा मेटाउन प्रयत्न गर्ने तथा उनीहरूको रुचिअनुसारका क्रियाकलापमा सहभागी गराउन सक्नुपर्छ ।

**(ख) सिकाइ क्षमताका हिसाबले बालबालिकाको वर्गीकरण**

**१. क्षमताका हिसाबले बालबालिका जेहेन्दार, मध्यम तथा सुस्त प्रकारका हुन्छन् ।**

उच्च क्षमताका बालबालिका : यस प्रकारका बालबालिकाको बौद्धिक विकास प्रक्रिया छिटो भएको हुन्छ । यस्ता प्रकारका बालबालिकाले बौद्धिक, सिर्जनात्मक, कलात्मक तथा नेतृत्व क्षेत्रमा उल्लेखनीय क्षमता प्रदर्शन गर्न सक्छन् (भण्डारी, २०६४) ।

मध्यम प्रकारका बालबालिकाले कुनै पनि विषयवस्तु सहज तरिकाले सिकाइ गरेमा बोध गर्ने क्षमता राख्छन् । सुस्त प्रकारका बालबालिकाको सिकाइ निकै जटिल हुन्छ ।

२. **विशेष क्षमता भएका बालबालिकामा देखापर्ने गुण तथा लक्षणहरू**

- अरू सामान्य बालबालिकाभन्दा धेरै छिटो सिक्छन् ।
- अन्य बालबालिकाले बुझ्न सक्नेभन्दा माथिल्ला स्तरका कुरा गर्छन् ।
- धेरै शब्दभण्डार हुन्छ
- स्मृति गहिरो तथा छिटो हुन्छ
- धेरै कुराकानी गर्न खोज्छन् ।

३. **सुस्त बालबालिका**

मानसिक रोग भएका बालबालिका यसमा पर्छन् । बौद्धिक तथा मानसिक अपाङ्गताका कारण सिकाइमा सुस्तता देखा पर्दछ । बालबालिकाका व्यवहार तथा क्रियाकलाप हेरेर उनीहरूमा समस्या रहे नरहेको जानकारी पाउन सकिन्छ । केही उदाहरणहरू

- अरूसँग नखेल्ने, आँखा जुधाएर कुरा नगर्ने, बोलाउँदा प्रतिक्रिया नदिने, आत्मकेन्द्रित मात्र हुने गर्दा अटिजमसम्बन्धी समस्या हुन सक्छ । प्रारम्भिक बालविकासको अवस्थामा व्यक्तिगत विभिन्नता तथा वंशानुगत गुणका कारणले केही विकासात्मक प्रक्रिया ढिलो छिटो पनि हुनसक्ने भएकाले एकदुईओटा लक्षण देखिनासाथ यही हो भनेर ठोकुवा चाहिँ गर्नु हुँदैन मात्र समस्या देखिएको कुराको बारेमा जानकारी सम्बन्धित अभिभावकलाई दिनुपर्ने हुन्छ ।
- जतिसुकै व्यावहारिक र अर्थपूर्ण तरिकाले सिकाइ क्रियाकलाप सञ्चालन गरिए पनि त्यसप्रति प्रतिक्रियात्मक हुन नसक्ने अथवा सिक्न नसक्ने बालबालिकामा कुनै न कुनै प्रकारको बौद्धिक अपाङ्गता रहेको हुन्छ ।

(ग) **शारीरिक रूपमा अपाङ्गता**

शारीरिक रूपमा अपाङ्गता भएका बालबालिकालाई पनि साथीसरह सिक्न, साथीहरूसँग क्रियाकलापमा सहभागी हुन कठिनाइ हुन्छ । सिकाइमा कठिनाइ ल्याउने शारीरिक अपाङ्गताहरू विविध प्रकारका हुन्छन् ।

१. **स्नायुसम्बन्धी समस्याः** मष्तिष्क पक्षघात हुनु, पोलियो हुनु, कम्प तथा छारेरोग हुनु जस्ता स्नायुसम्बन्धी कारणहरू एउटा हुन्छ । हाडजोर्नीमा समस्या भएका कारण लेख्न, समात्न, खेल्न नसक्नु अर्को प्रकारको शारीरिक समस्या भित्र पर्दछ ।

२. **अन्य अपाङ्गताः** शारीरिक, दृष्टिसम्बन्धी, सुनाइसम्बन्धी, श्रवणदृष्टिविहीन, स्वर तथा बोलाइसम्बन्धी, बहुअपाङ्गता आदिजस्ता समस्याहरू । शारीरिक अपाङ्गता सहजै चिनिने भएकाले यसमा अभिभावक तथा सहजकर्ताहरूका लागि पहिचानको खासै समस्या हुँदैन । तर Dyslexia (बालबालिकाको उच्चारण र हिज्जेमा देखिने समस्या, श्रवण कठिनाइ (सुन्ने कम क्षमता), Dysgraphia (लेख्न कठिनाइ हुने) Dyscalculia (सुनाइ र लेखाइमा समस्या तथा गणितीय समस्या) Dyspraxia (मांशपेसीसम्बन्धी समस्या जसका कारण बालबालिकाले चाहेर पनि लेख्न नसक्ने, पढ्न नसक्ने आदि) जस्ता समस्याहरू भने बालबालिकाको व्यवहार अवलोकन गरेर र 'प्रगति प्रतिवेदनहरू'का सूचकहरूको आधारमा पनि पहिचान हुन सक्दछ ।

कतिपय अपाङ्गता र समस्याहरू प्रारम्भिक अवस्थामा पहिचान गर्न कठिन हुन्छ । प्रारम्भिक बालविकास केन्द्रमा कुन कुन प्रकारको समस्या हो भनेर पहिचान गर्न सम्भव हुँदैन । पहिचान गर्ने काम सम्बन्धित स्वास्थ्यसम्बन्धी निकाय र विशेषज्ञको हो । तथापि बालबालिका कुन कुन कुरामा समस्यामूलक देखिएका छन् ? ती समस्याहरूको समाधान गर्ने बैकल्पिक उपायहरू के के हुन सक्छ भन्ने कुराको जानकारी भने सहजकर्तामा हुनु आवश्यक छ । उदाहरणका लागि कुनै बालबालिकाको हात र आँखाको समन्वयको सन्तुलित विकास ढिला हुने वा हात र आँखामध्ये कुनै एकमा समस्या भएर  कठिनाइ भएको पनि देखिन सक्छ । यी कुरा प्रारम्भिक बालविकास केन्द्रमा खेलाउँदा र विभिन्न क्रियाकलाप गराउँदा पहिचान हुने भएकाले यस्ता क्रियाकलाप गर्दा बालबालिकालाई ध्यान दिएर अवलोकन गर्नु पर्दछ । केही उदाहरणहरू :

- क्रियाकलाप गराउन आग्रह गरिँदा मुखमा हेर्ने, कान आवाज आएतिर फर्काउने गर्ने बालबालिकाको श्रवण समस्या हुनसक्छ ।
- बालबालिकाले कुनै चिज टिप्न खोज्दा उसको हात अर्कोतिर जानुले उसको दृष्टिमा वा मांशपेसीमा समस्या हुन सक्छ ।
- साथीसँग बोल्न नचाहने पर बस्ने हुँदा बोलीसम्बन्धी समस्या जस्तैः भकभकाउने, वा बोल्न खोजेको कुरा तत्काल नआउने पनि हुन सक्छ ।
- प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताले कुन समस्या हो भनेर पहिचान गर्न नसके पनि यी कुनै न कुनै समस्या हुन् भनेर पहिचान गर्न भने सक्छन् । यस्ता समस्या पहिचान भएको खण्डमा सम्बन्धित अभिभावकलाई पहिचान भएको कुरा समयमै भन्न सकियो भने बालबालिकाले उपचार तथा विशेष हेरविचार पाउने सम्भावना बढ्छ ।

## २. मुख्य सिकाइका बुँदाहरू

- ‘प्रगति प्रतिवेदन’का सबैतिर अगाडि वा अब्बल देखिएका बालबालिकामा विशेष क्षमता हुन सक्छ त्यसकारण उनीहरूलाई सिकाइमा थप उत्प्रेरित हुने गरी क्रियाकलापमा सरिक गराउनुपर्छ ।
- ‘प्रगति प्रतिवेदन’मा जुनसुकै सूचकको मूल्याङ्कन गर्दा निम्न अवस्थामा देखिने बालबालिकाका विषयमा सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ ।
- ‘प्रगति प्रतिवेदन’मा आधारमा बालबालिकाका अवस्थाका विषयमा अभिभावकसँग परामर्श गर्न सकिन्छ ।

# अनुसूची १३

**(छैटौं दिन, पहिलो सत्रसँग सम्बन्धित)**

## बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कन

बालबालिकाको शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती, भाषिक विकास, बौद्धिक विकास, सामाजिक विकास, संवेगात्मक विकास, सांस्कृतिक विकासका माध्यमबाट सर्वाङ्गीण विकासका लागि उनीहरूले सिकेका ज्ञान तथा सिपको मापन तथा मूल्याङ्कन गर्नु जरुरी छ । पाठ्यक्रमका निर्धारित सिकाइ उपलब्धि हासिल गर्नका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका आधारमा बालबालिकाको मूल्याङ्कन गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पेज प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण) मा भएका १९ ओटा विशिष्ट पक्षको मानक तथा सूचक देहायअनुसार रहेका छन् । बालबालिकालाई सो प्रगति प्रतिवेदनका आधारमा विकासात्मक पक्षका विशिष्ट पक्षका मानक तथा सूचकहरूका विभिन्न स्तरहरूका आधारमा अवस्था पहिचान गरी सुधारात्मक क्रियाकलाप गर्नुपर्छ ।

### प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण)

<table>
<tr><td colspan="2">बालबालिकाको नाम :</td><td>लिङ्ग :</td><td>जन्ममिति :</td><td>उमेर :</td></tr>
<tr><td colspan="2">उचाइ :</td><td colspan="3">तौल :</td></tr>
<tr><td colspan="3">केही कार्यगत सीमितता/अपाङ्गता भए त्यसको विवरण[1] :</td><td colspan="2">ठेगाना :</td></tr>
<tr><td>आमाको नाम :</td><td colspan="3">बुबाको नाम :</td><td rowspan="3">तस्बिर/फोटो</td></tr>
<tr><td>शिक्षकको नाम :</td><td colspan="3">विद्यालय/प्रारम्भिक बालविकास केन्द्रको नाम :</td></tr>
<tr><td>ठेगाना :</td><td colspan="3">महा/उपमहा/नगर/गाउँपालिका :</td></tr>
</table>

### मानक तथा सूचकहरू

<table>
<tr><th>क्र.सं.</th><th>विकासको क्षेत्र</th><th>विशिष्ट पक्ष</th><th>मानक र सूचकहरू</th><th>स्तरहरू</th><th>भर्ना हुँदाको समयमा[2]</th><th>पहिलो त्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>तेस्रो त्रैमासिक</th></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती</td><td rowspan="3">स्थूल अङ्गको विकास</td><td rowspan="3">मानक : शरीरका अङ्गहरूको आरोग्य र संयोजन प्रस्तुत गर्ने<br>सूचक : बालबालिकाले हिँडाइ, उफ्राइ, कुदाइ, उफ्रँदै हिँड्ने, भकुन्डो लत्याउने, समाउने र फाल्ने जस्ता विभिन्न क्रियाकलापमा सरिक हुन ठुला</td><td>उफ्रने जस्तो स्थूल अङ्गका क्रियाकलापमा सीमित सन्तुलन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>स्थूल अङ्गका क्रियाकलापका क्रममा सन्तुलन कायम</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>छिटो सक्रिय हुँदा पनि सन्तुलन कायम र शरीरलाई नियन्त्रण</td><td></td><td></td><td></td><td></td></tr>
</table>

[1]बालबालिका प्रारम्भिक बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय प्रवेश गर्दा 'निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका'को अनुसूची १ मा रहेको वासिङ्गटन समूहको २ देखि ४ वर्षका बालबालिकाको कार्यगत सीमितता पहिचान प्रश्नावली प्रयोग गरेर यहाँ भर्नुहोस् । यो प्रश्नावली तपाईंले क्ष:क्ष भर्न प्रयोग गरिसक्नु भएको छ भने त्यसैबाट पनि लिन सक्नुहुन्छ ।

[2]पहिलो मूल्याङ्कन प्रतिवेदन बालबालिका प्रारम्भिक बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय प्रवेश गर्दा वा भर्ना हुँदाको समयमा गरिने छ भन्ने आशा गरिएको ।

| क्र.सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा[२] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| | | | मांसपेसीहरूलाई सन्तुलित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् । | लक्ष्यसहित भकुन्डो फाल्ने वा दिइएको लक्ष्यमा भकुन्डो खुट्टाले प्रहार गर्ने जस्ता विविध क्रियाकलापका क्रममा सन्तुलन कायम र राम्रो संयोजन | | | | |
| २ | | सूक्ष्म अङ्गको विकास | **मानक** : साना मांसपेशीसहितका अङ्गहरूको संयोजन र परिचालन गर्न सक्षम हुने<br>**सूचक** : टाँक लाउने, बकल कस्ने, चेन लगाउने, तुना बाँध्ने जस्ता विभिन्न क्रियाकलापमा संलग्न हुँदा र रेखाङ्कन गरिएको ठाउँमा रङ संयोजन गर्दा र रङ भर्दा बालबालिकाले सूक्ष्म मांसपेसीहरू (जस्तैः औँलाहरू) नियन्त्रित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् । | सूक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेसीहरूको सीमित समन्वय | | | | |
| | | | | सूक्ष्म अङ्गका क्रियाकलापहरूका क्रममा साना मांसपेसीहरूको समन्वय | | | | |
| | | | | जोड्न तोड्न मिल्ने वस्तुहरू चलाइरहँदा साना मांसपेसीहरूको समन्वय कायम | | | | |
| | | | | साना गोटीहरू उन्ने, तुना बाँध्ने, रेखाभित्र रङ भर्ने र सबै आकारका वस्तुहरूको तह मिलाउने जस्ता मांसपेसीसँग सम्बन्धित विविध क्रियाकलापहरूका क्रममा राम्रो नियन्त्रण र समन्वय कायम | | | | |
| ३ | | इन्द्रिय अङ्गको विकास | **मानक** : आफ्नै इन्द्रियहरूको प्रयोग गरी खेल्ने र सिक्ने<br>**सूचक** : बालबालिकाले इन्द्रिय अङ्गसँग सम्बन्धित विविध सिपहरू प्रदर्शन गर्न सक्दछन् । | विभिन्न आवाज, गन्ध, स्वाद र बनोट पहिचानको सुरुआत | | | | |
| | | | | कुनै इन्द्रिय गुणमा जस्तै गन्ध, आवाज, स्वाद, बनोटमा) आधारित भएर वस्तुहरू छनोट | | | | |
| | | | | कुनै दुई वा तीन इन्द्रिय गुणमा आधारित भएर वस्तुहरू छनोट | | | | |
| | | | | सबै इन्द्रिय गुणहरूमा आधारित भएर वस्तुहरूको छनोट | | | | |
| ४ | | व्यक्तिगत सरसफाइ | **मानक** : आफ्नो व्यक्तिगत र वरिपरिको सरसफाइ गर्ने<br>**सूचक** : बालबालिकाले स्वतन्त्रतापूर्वक आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्छन् (शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माझ्ने, खानाअघि र शौचालय प्रयोग गरेपछि हातहरू धुने) । | आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न नसक्ने | | | | |
| | | | | कसैको सहयोगमा आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | २-३ ओटा आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | अधिकांश वा सबै आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |
| ५ | | सुरक्षित अभ्यास | **मानक** : सुरक्षित बस्ने र हानिकारक वस्तुहरूबाट टाढा रहने ज्ञान हुनु<br>**सूचक** : बालबालिकाले हाच्छ्युँ गर्दा र खोक्दा | सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न नसक्ने | | | | |
| | | | | कसैको सहयोगमा मात्र सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न सक्ने | | | | |

| क्र.सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा[२] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफ्नो नाक र मुख छोप्ने वा धारिला वस्तुहरू छुनबाट टाढा रहने जस्ता सुरक्षित व्यवहार वा अभ्यास प्रदर्शन गर्न सक्छन् । | कहिलेकाहीँ मात्र सुरक्षित अभ्यासहरू स्वतन्त्रपूर्वक ढङ्गले पालना गर्ने | | | | |
| | | | | अधिकांश समयमा आफैँ सुरक्षित अभ्यासहरू पालना गर्ने | | | | |
| ६ | भाषिक विकास | सुनाइ | **मानक** : एकआपसमा र परिचित वयस्कहरूसँग कुराकानी गर्ने ।<br>**सूचक** : बालबालिकाले कुराकानी वा कथाहरू ध्यानपूर्वक सुन्न र सम्बन्धित प्रश्नहरूमा प्रतिक्रिया जनाउन सक्दछन् । | कथा वा कुराकानीमा ध्यान नदिने | | | | |
| | | | | कथा वा कुराकानी सक्रिय रूपमा सुन्ने (जस्तैः अनुहारको हाउभाउ, शारीरिक हाउभाउ, सङ्केतहरू, प्रश्न सोध्ने आदि) | | | | |
| | | | | कथा र कुराकानी बुझ्ने - सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरूमा (जस्तैः के ? कहिले ? को ?) प्रतिक्रिया जनाउने | | | | |
| | | | | कथा र कुराकानी बुझ्ने - जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तैः किन ? र कसरी ?) प्रतिक्रिया जनाउने | | | | |
| ७ | | पूर्वपढाइ | **मानक** : पूर्वपठनका सिप देखाउने<br>**सूचक** : बालबालिका छापा सामग्रीसम्बन्धी जानकारी प्रदर्शन गर्न र चित्रहरूलाई अक्षरहरूसँग जोड्न सक्षम छन् । | पुस्तकको पहिलो पाना चिन्ने | | | | |
| | | | | चित्रहरू र पाठ छुट्याउन सक्ने | | | | |
| | | | | पाठको दिशा (लेखाइ कथाबाट कतापट्टि जान्छ) भन्ने बुझ्ने | | | | |
| | | | | अक्षरहरूलाई सही तरिकाले पहिचान गर्ने र तिनलाई चित्रहरूसँग जोडा मिलाउन सक्ने | | | | |
| ८ | | पूर्वलेखाइ | **मानक** : पूर्वलेखाइका सिपहरू देखाउने<br>**सूचक** : बालबालिकाले पूर्वलेखाइका सिपहरू प्रदर्शन गर्न सक्छन् । | लेखनको प्रतिनिधित्व स्वरूप केरकार गर्ने | | | | |
| | | | | लेखनको प्रतिनिधित्व स्वरूप आकारहरू बनाउने | | | | |
| | | | | आफ्ना कुराहरूको अभिव्यक्तिका लागि आकार कोर्ने र लेखाइलाई जोडेर लेखेको जस्तो भान पार्ने क्रियाकलापमा सहभागी हुने | | | | |
| | | | | दिइएको शीर्षक वा विचारसँग सम्बन्धित शब्दहरू लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्ने (आफ्नो उच्चारणमा आधारित भएर अक्षरहरू लेख्ने) | | | | |
| ९ | बौद्धिक विकास | बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू | **मानक** : सिकाइलाई विश्लेषण गर्ने र त्यसका नतिजाहरूलाई भविष्यको सिकाइमा प्रयोग गर्ने<br>**सूचक** : बालबालिकाले निश्चित घटनामा भएका क्रियाकलाप र विवरणहरू क्रमबद्ध रूपमा सुनाउन | कुनै घटनाको व्याख्या गर्न नसक्ने वा व्याख्या गरे पनि क्रमबद्ध रूपमा गर्न नसक्ने | | | | |
| | | | | कुनै घटनाका कम्तीमा दुई क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न थाल्ने | | | | |

| क्र.सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा[२] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| | | | सक्छन् । | कुनै घटनाका ३-४ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |
| | | | | कुनै घटनाका कम्तीमा ५ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |
| १० | | **वर्गीकरण र क्रम मिलाउने** | **मानक** : वस्तुहरूलाई क्रममा राख्ने र तिनीहरूलाई छुट्याउन सक्ने<br>**सूचक** : बालबालिकाले फरक फरक विशेषता (आकार, नाप वा रङ) का आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्छन् । | कुनै पनि विशेषताका आधारमा वस्तुहरू छुट्याउन नसक्ने | | | | |
| | | | | कुनै एक विशेषताका आधारमा वस्तुहरू छुट्याउन सक्ने | | | | |
| | | | | कुनै दुई विशेषताका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |
| | | | | सबै तीन विशेषताहरूका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |
| ११ | | **वैज्ञानिक ज्ञान/खोजी** | **मानक** : हेरेर मौसमबारे व्याख्या गर्न सक्ने<br>**सूचक** : बालबालिकाले दिनको मौसम चिन्न र त्यसबारे बताउन सक्छन् र त्यस मौसमसँग सम्बन्धित कुराहरू व्याख्या गर्न सक्छन् (जस्तो कि झरीको दिनमा छाता प्रयोग गर्ने, चर्को गर्मीको दिन छोटा बाहुला भएको लुगा लगाउने) | मौसम पहिचान गर्न नसक्ने | | | | |
| | | | | कुनै एक दुई प्रकारका मौसमहरू पहिचान गर्न सक्ने | | | | |
| | | | | पहिचान गरेको मौसम र सम्बन्धित वस्तुहरूसँग जोड्न सक्ने | | | | |
| | | | | कुनै ३-४ प्रकारका मौसमहरू र तीसँग सम्बन्धित वस्तुहरूको पहिचान गर्न सक्ने | | | | |
| १२ | | **दुरी र दिशा** | **मानक** : दिशा र त्यससम्बन्धी निर्देशनहरू बुझ्ने र तिनलाई प्रयोग गर्ने<br>**सूचक** : बालबालिका स्थान र अवस्थितिको सचेतना प्रस्तुत गर्न सक्षम हुन्छन् । | वास्तविक वस्तुहरूको स्थानगत अवस्थिति पहिचान गर्न नसक्ने | | | | |
| | | | | एक वा दुई स्थानगत आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन्, जस्तै माथि वा भित्र, नजिक वा टाढा | | | | |
| | | | | तीन वा चार आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन् | | | | |
| | | | | बहुतरिकाबाट अन्य वस्तुहरूसँगको तुलनामा कुनै पनि वस्तुको अवस्थिति देखाउँछन् | | | | |
| १३ | | **अङ्क/सङ्ख्या** | **मानक** : अङ्क/सङ्ख्याहरूको ज्ञान प्रस्तुत गर्ने र गन्न सक्ने<br>**सूचक** : बालबालिकाले १ देखि १० सम्मका सङ्ख्याको अवधारणाको ज्ञान प्रस्तुत गर्दछन् । | मात्राहरूको तुलना गर्न सक्ने | | | | |
| | | | | कुनै सङ्ख्यालाई वस्तुसँग जोड्ने र प्रत्येक वस्तुलाई बुझाइसहित गन्ने | | | | |
| | | | | अङ्क/सङ्ख्यालाई पहिचान गर्ने र ठोस वस्तुहरूसँग जोड्ने | | | | |
| | | | | १ देखि १० भित्रको सबैभन्दा सानो र सबैभन्दा ठुलो दुवै | | | | |

| क्र.सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा[२] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्याको पहिचान गर्ने | | | | |
| १४ | | कल्पना | **मानक** : वास्तविकता र कल्पनाबिच फरक गर्न सक्ने<br>**सूचक** : बालबालिकाले आफ्नो कल्पना प्रयोग गरी कथा भन्न सक्छन् । | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन नसक्ने | | | | |
| | | | | कथामा वा कथा सुनाइसकेपछि अब के हुन सक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन सक्ने | | | | |
| | | | | कथाको अभिनय गर्ने वा कथा सुनाउन खेलौनाको प्रयोग गर्ने | | | | |
| | | | | आफ्नै कथा बनाउने र सुनाउने | | | | |
| १५ | सामाजिक विकास | जीवन उपयोगी सिपहरू | **मानक** : व्यक्तिगत वा सामूहिक कामहरू पूरा गर्न आत्मनिर्भर हुने<br>**सूचक** : बालबालिकाले विविध समूहगत कार्यहरूमा सहभागिता जनाउन सक्छन्, उदाहरणका लागि समूहमा पजलहरूको समाधान खोज्ने, छलफल गर्ने, अभिनय गर्ने वा खेलहरू खेल्न सक्छन् । | अरूको छेउमा वा नजिकै खेल्ने तर अरूसँग नखेल्ने | | | | |
| | | | | अरूसँग खेल्न सुरु गर्ने | | | | |
| | | | | संयुक्त रूपमा केही बनाउन वा सिर्जना गर्न अरू सँगसँगै खेल्ने | | | | |
| | | | | नियमसहितका खेलहरूमा अरू बालबालिका सँगसँगै सहभागी हुने | | | | |
| १६ | | सामाजिक व्यवहार | **मानक** : आवश्यकतानुसार आफ्ना साथी र अरू ठुला मानिससँग उचित रूपमा व्यवहार गर्ने<br>**सूचक** : बालबालिकाले सुरक्षित परिस्थितिमा परिचित र अपरिचित वयस्कहरूलाई सावाधानीपूर्वक अभिवादन गर्छन् । | परिचित वयस्क/सहजकर्तालाई हाउभाउसहित अभिवादन गर्ने | | | | |
| | | | | केही निश्चित वयस्कलाई हाउभाउसहित वा मौखिक रूपमा अभिवादन गर्ने | | | | |
| | | | | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्ने तर कहिलेकाहीँ सम्झाउनु पर्ने | | | | |
| | | | | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्न आफैँ अगाडि आउने | | | | |
| १७ | संवेगात्मक विकास | संवेगात्मक अभिव्यक्ति | **मानक** : परिस्थितिअनुसार विविध संवेग/भावनाहरू अभिव्यक्त गर्ने<br>**सूचक** : बालबालिकाले आफ्नो संवेग/भावनाहरू चिन्न, अभिव्यक्त गर्न र व्यवस्थापन गर्न सक्छन् । | संवेग/भावनाहरू चिन्न नसक्ने | | | | |
| | | | | आफ्ना संवेग/भावनाहरू चिन्ने | | | | |
| | | | | संवेग/भावनालाई केले उत्प्रेरित गर्छ बुझ्ने | | | | |
| | | | | आफ्नो संवेग/भावनालाई उचित प्रतिक्रिया दिने | | | | |
| १८ | | संवेगात्मक सुरक्षा र आत्मविश्वास | **मानक** : विविध परिस्थितिहरूमा सुरक्षाको भाव प्रदर्शन गर्ने<br>**सूचक** : बालबालिकाले विभिन्न परिस्थितिहरूमा आत्मविश्वासका साथ आफ्ना धारणाहरू | आफ्नै धारणाहरू अभिव्यक्त गर्न नसक्ने | | | | |
| | | | | निकट साथीहरूसँग मात्र आफ्ना धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | आफूसँग निकट नरहेकासहित केही साथीहरूसँग आफ्ना | | | | |

| क्र.सं. | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा[२] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| | | | अभिव्यक्त गर्न सक्छन् । | धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | आफ्ना धारणाहरू जोसँग पनि अभिव्यक्त गर्ने | | | | |
| १९ | सांस्कृतिक विकास | राष्ट्र र राष्ट्रियता | **मानक** : 'हामी नेपाली हौँ' भन्ने भावना अभिव्यक्त गर्न सक्ने । **सूचक** : बालबालिकाले आफू, आफ्नो परिवार/समुदाय, आफ्नो देशबारे सचेतना प्रदर्शन गर्दछन् । | आफ्नो नाम वा अभिभावकका नाम जस्ता आफ्नै बारेका आधारभूत सूचनाहरू थाहा भएको | | | | |
| | | | | आफ्नो उमेर, लिङ्ग जस्ता आफ्नै बारेमा आधारभूत सूचनाहरू प्रस्तुत गर्ने | | | | |
| | | | | परिवारका संस्कृति, चाडबाड जस्ता बारेमा सचेतना प्रस्तुत गर्ने | | | | |
| | | | | राष्ट्रिय चाड/दिवस र राष्ट्रिय गीतसम्बन्धी सचेतना प्रस्तुत गर्ने | | | | |

**टिप्पणीमा, सम्बोधन गर्न आवश्यक रहेका समग्र सबल र दुर्बल पक्षहरू लेख्नुहोस् ।**

| त्रैमासिक | टिप्पणी | हस्ताक्षर | |
|---|---|---|---|
| | | प्रारम्भिक बालविकास शिक्षक | अभिभावक/स्याहारकर्ता |
| सुरुआतमा (प्रवेशको समयमा) | | | |
| पहिलो त्रैमासिक | | | |
| दोस्रो त्रैमासिक | | | |
| तेस्रो त्रैमासिक | | | |

# अनुसूची १४

**(छैटौं दिन, पहिलो सत्रसँग सम्बन्धित)**

## बालबालिकाको व्यक्तिगत विवरणको आवश्यकता र तयारी अभ्यास


बालविकास केन्द्रमा बालबालिकाले गरेका प्रत्येक क्रियाकलापहरूलाई उनीहरूको व्यक्तिगत फाइलमा व्यवस्थित गरेर राख्नुपर्दछ । यसबाट बालबालिकाको व्यक्तिगत क्षमता र रुचि पत्ता लगाउन सकिन्छ र सोअनुरूप सहयोग गर्न सजिलो हुन्छ । बालबालिकाको व्यक्तिगत विवरणमा उनीहरूलाई निरन्तर अवलोकन गरी तथा उनीहरूले गरेका कार्यहरूको अभिलेख राखेर तयार गरिन्छ । बालबालिकाले गरेका कामहरू, जसले उनीहरूको दिनानुदिनको प्रगति झल्काउँछ त्यस्ता सिर्जना, कला, चित्रकला तथा अन्य अभिव्यक्तिहरूलाई उनीहरूको व्यक्तिगत फाइलमा सिलसिलेवार राखिन्छ । सामान्यतया व्यक्तिगत विवरण देहायबमोजिम तयार गर्नुपर्दछ ।

- फाइलको बाहिरी पेजमा बालक/बालिकाको नाम र ठेगाना लेख्ने
- सम्भव भए फोटो राख्ने नत्र दिइएको चिह्न राख्ने
- भित्र पहिलो पेजमा बालबालिकाको व्यक्तिगत जानकारी, तौल, उचाइ, कुनै रोग, अपाङ्गता वा एलर्जी भए सोको जानकारी लेख्ने
- बालबालिकाका बारेमा अभिभावकले दिएको जानकारी, जस्तो रुचि, मनपर्ने कुरा, खेल, खाना आदि लेख्ने
- क्रमशः प्रत्येक दिनका क्रियाकलापहरूलाई राख्दै जाने
- बालबालिकाले बनाएका वा रङ लगाएका चित्रहरू राख्ने
- अन्य सिर्जनाहरू राख्ने
- प्रत्येक दिन लेखेका/कोरेका/रङ भरेका अक्षरहरू, शब्दहरू मिति लेखी राख्ने
- अन्य बनाएका सामग्रीहरू राख्ने
- खेलेका वा क्रियाकलाप गरिरहेका फोटाहरू राख्ने
- बालबालिकाले गरेका क्रियाकलापको अवलोकन गरेर उनीहरूका रुचि, व्यवहार बारेमा लेखिएका टिपोटहरू राख्ने
- अन्य केही उल्लेखनीय भएमा सोको विवरण राख्ने
- अभिभावकबाट गरिएका प्रतिक्रिया वा पठाएका अन्य टिपोटहरू राख्ने

## प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन अभ्यास

- प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन कक्षा १ मा जाने सक्षमताको प्रमाणपत्र हो ।
- सूचकअनुरूपको क्रियाकलाप गराउँदा सूचकसँगै राखिएका निर्देशनहरू ध्यान दिएर सोअनुरूप भर्नुपर्दछ ।
- पोषण मापनको लागि बालबालिका भर्ना हुँदा नै आआफ्नो प्रगति प्रतिवेदनको छायाप्रति व्यक्तिगत फाइलमा राखेर प्रत्येक महिना मापन गरेको पोषणको विवरण पनि यसमा राखेको हुनुपर्दछ ।

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा ४८ महिना देखि ६० महिनासम्मका बालबालिकाले के के गर्न सक्षम हुनुपर्छ भनी मापन गर्न विकास गरिएका सूचकहरू हुन् । यस विकास मापदण्डमा भएका सबै सूचकहरू मापन गर्न शिक्षक तथा हेरालुलाई निकै असजिलो हुने भएकाले यसबाट विशेष किसिमका सूचकहरू छनौट गरी प्रगति प्रतिवेदन'प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card)' तयार गरिएको छ । यसको मुख्य लक्ष्य प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक विद्यालयमा भर्ना हुन आउँदाको अवस्था र केन्द्रमा रही रहँदा उसको अवस्था मापन गरी सिकाइ रणनीति अपनाइ कक्षा १ को लागि तयार गर्नु हो । बालबालिका कक्षा १ मा पुग्दा पनि उसको अवस्था मापन गरी अवस्था अनुसार




सिकाइ रणनीति अपनाइ एकीकृत पाठ्यक्रमअनुरूप कक्षा सञ्चालन गर्नु रहेको छ । यसको सही प्रयोगबाट बालबालिकालाई लिने गरिएका प्रवेश परीक्षा तथा अन्य परीक्षाहरूबाट छुटकारा दिलाउन सकिन्छ ।

यो प्रगति प्रतिवेदन भर्नको लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित "प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) मा आधारित निर्माणात्मक मूल्याङ्न स्रोत पुस्तिका" अध्ययन गरी निर्देशन पालना गर्नु पर्दछ ।

देशको आर्थिक, सामाजिक प्राकृतिक स्रोतअनुरूप आवश्यक मानवीय स्रोत वा जनशक्ति योजना गरिएको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा ४८ महिना देखि ६० महिनासम्मका बालबालिकाले के के गर्न सक्षम हुनुपर्छ भनेर निर्धारण गरिएका सूचकहरू नै यसको मापन गर्ने आधारहरू हुन् । तर यसमा भएका सबै सूचकहरू एकै पटकमा मापन गर्नु चुनौतीपूर्ण भएकाले यसबाट विशेष किसिमका सूचकहरू छनौट गरी प्रगति विवरण तयार गर्नुपर्छ । यो प्रगति विवरण भर्दा बालबालिकालाई उतिबेला नै भनिएका क्रियाकलाप गर्न लगाउने होइन भन्ने स्पष्ट पार्दै बालबालिकाको प्रत्येक दिनको क्रियाकलाप अवलोकनलाई आधार मान्नुपर्ने कुरा प्रस्ट्याइदिनुहोस् । बालबालिकालाई उनीहरूले गरेका क्रियकलापको आधारमा यथासमयमा नै के गर्न सके, के गर्न सहयोग लिए वा मागे जस्ता कुराहरूलाई याद गरी उनीहरूका विकास र सिकाइको अवस्था मूल्याङ्कन गर्नुपर्दछ । यसलाई निरन्तर मूल्याङ्कन पनि भनिन्छ ।

# अनुसूची १५

**(आठौं/नवौं दिनको पहिलो, दोस्रो र तेस्रो सत्रसँग सम्बन्धित)**

## प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ का आधारमा बनेको दैनिक कार्यतालिकालाई प्रयोग गरेर निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ का आधारमा सिकाइ क्रियाकलाप सञ्चालन गर्ने अभ्यासबाट गर्नु जरुरी छ। यसका लागि सहजकर्ताबाट निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका २०७९ को पृष्ठ नं. ७८ मा भएको सूचक तथा मानकलाई आधार मानी नमुना शिक्षण गर्नुपर्छ। नमुना शिक्षणपश्चात् सहभागीबाट सूक्ष्म शिक्षण र पृष्ठपोषण आदानप्रदान गर्नपर्छ। यसका मूल्याङ्कन फाराम देहायअनुसार प्रयोग गर्न सकिन्छ।

**सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम**

| सहजकर्ताको नाम | विषय | शारीरिक विकास हुने क्रियाकलाप के के भए ? | बौद्धिक विकास हुने क्रियाकलाप के के भए ? | सामाजिक व्यवहार दर्शाउने सञ्चालन गर्ने क्रियाकलाप के के भए ? | संवेग सन्तुलन तथा व्यक्त गर्ने क्रियाकलाप के के भए ? | भाषिक विकास गर्न पूर्वपढाइ तथा पूर्वलेखन गर्ने क्रियाकलाप के के भए ? | सांस्कृतिक विकास हुने क्रियाकलाप के के भए ? | सामग्री प्रयोग के के भएको थियो |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोट :**

### १. सूक्ष्म क्रियाकलाप सहभागी मूल्याङ्कन फाराम भर्ने मार्ग निर्देशन

- नमुना क्रियाकलाप सञ्चालन गर्दा माथि दिइएका ६ ओटा पक्षहरूमा १ देखि ५ अङ्कसम्म दिन सकिने छ। प्रत्येक सहभागीले यो फाराम सामूहिक रूपमा भर्नेछन् र प्रत्येक (सबै) समूहले प्रत्येक (सबै) प्रस्तुतकर्ताको मूल्याङ्कन गर्नेछन्। प्रशिक्षकले ती सबै अङ्कहरू जोड गरेर औसत अङ्क निकाल्ने छन्। उक्त मूल्याङ्कनलाई सहभागी मूल्याङ्कन परिणाम भनी देखाउन सकिने छ। प्रत्येक अङ्क दिंदा निम्नानुसारका मूल्याङ्कन सूचकहरूका आधारमा दिनुपर्नेछ।

अति राम्रो - ५, धेरै राम्रो - ४, राम्रो - ३, ठिकै - २ र सुधार गर्नुपर्ने - १

### २. सहभागीले सूक्ष्म क्रियाकलाप गर्दा अर्को सहभागीको मूल्याङ्कन गर्ने तरिका

| | | |
|---|---|---|
| (क) **शारीरिक विकास**<br>सुधार गर्नुपर्ने - १<br>ठिक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ | (ख) **बौद्धिक विकास**<br>सुधार गर्नुपर्ने - १<br>ठिक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ | (ग) **सामाजिक विकास**<br>सुधार गर्नुपर्ने - १<br>ठिक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ |
| (घ) **संवेगात्मक विकास**<br>सुधार गर्नुपर्ने - १<br>ठिक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ | (ङ) **भाषिक विकास**<br>सुधार गर्नुपर्ने - १<br>ठिक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ | (च) **सांस्कृतिक विकास**<br>सुधार गर्नुपर्ने - १<br>ठिक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ |

# अनुसूची १६

**(दशौं दिन, दोस्रो सत्रसँग सम्बन्धित)**

## परियोजना कार्यको अभिमुखीकरण तथा कार्ययोजना निर्माण

यस तालिम सञ्चालनपश्चात प्रशिक्षक (स्रोतव्यक्ति) ले सहजकर्ताहरूलाई १० दिने आमनेसामने विधिबाट तालिम सञ्चालन गर्नु अगावै पूर्वतयारीका लागि एउटा कार्ययोजनाको ढाँचा यहाँ प्रस्तुत गरिएको छ।

**कार्यायोजना निर्माण - ELDS Training**

| क्र.सं. | क्रियाकलाप | मिति | जिम्मेवार संस्था | जिम्मेवार व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १. | तालिमको पूर्वतयारी | | | | |
| २. | सहभागी सङ्ख्या | | | | |
| ३. | स्थान र मिति तय गर्ने | | | | |
| ४. | प्रशिक्षक तोक्ने | | | | |
| ५. | पत्राचार गर्ने | | | | |
| ६. | सामग्री खरिद तथा तयारी | | | | |
| ७. | प्रशिक्षण सामग्री तयारी | | | | |
| ८. | हातेपत्र (Handsout) सामग्री तयारी | | | | |
| ९. | प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड फाराम तयारी | | | | |
| १०. | पूर्वपरीक्षण | | | | |
| ११. | प्रशिक्षण/तालिम सञ्चालन | | | | |
| १२. | तालिम मूल्याङ्कन | | | | |
| १३. | प्रमाणपत्र वितरण | | | | |
| १४. | कार्ययोजना निर्माण | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची १७

**(दशौं दिन, तेस्रो सत्रसँग सम्बन्धित)**

## सहभागी/तालिमको मूल्याङ्कन

सिपगत पक्ष र अभिवृत्तिगत पक्षको लेखाजोखा अभिलेखको मूल्याङ्कन गरेर तथा अवलोकनका साधनहरूको प्रयोग गरेर लेखाजोखा गर्न सकिन्छ भने सैद्धान्तिक विषयवस्तुको लेखाजोखा पाठ्यक्रमको आधारमा निर्माण गरिएको विशिष्टीकरण तालिकाअनुसार ज्ञान, बोध, प्रयोग र उच्च दक्षताका प्रश्न सोधेर लिखित रूपमा प्रस्तुतीकरण गर्न लगाएर लेखाजोखा गर्न सकिन्छ । दश दिनको आमनेसामने तालिममा सिकेका ज्ञान, सिप र अभिवृत्तिगत पक्षहरूलाई मूल्याङ्कनबाट मापन गर्न सकिन्छ। दश दिनको आमनेसामने तालिमका शिक्षकको संज्ञानात्मक पक्षका उपलब्धिको लेखाजोखा गर्न परीक्षा सञ्चालन गरी सहभागीले हासिल गरेका उपलब्धिको लेखाजोखा गर्नुपर्छ । यसका लागि टिपिडी तालिमको विशिष्टीकरण तालिकाअनुसार निर्माण गरिएको प्रश्नपत्र सहभागीहरूलाई दिएर मूल्याङ्कन गर्नुपर्छ। यसका लागि प्रारम्भिक बालविकास शिक्षक पेसागत तालिम पाठ्यक्रममा भएको देहायको व्यवस्थाअनुसार मूल्याङ्कन गर्नुपर्छ :

तालिम सम्पन्नपश्चात् प्रशिक्षार्थीको उपलब्धि मूल्याङ्कन देहायअनुसार गरिने

**मूल्याङ्कनका आधार**

| क्र.सं. | आधार | अङ्क भार |
|---|---|---|
| १ | नियमितता, सहभागिता र सक्रियता | ५ |
| २ | सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य | १० |
| ३ | लिखित परीक्षा | २५ |
| ४ | स्वाध्ययन अभ्यासअन्तर्गत ४ ओटा परियोजना कार्य | १० |
| | **जम्मा** | **५०** |

**उपर्युक्त मूल्याङ्कनका प्रत्येक आधारको उत्तीर्णाङ्क ५० प्रतिशत हुने छ ।**

**ग्रेडिङ प्रद्धति**

(क) ९० प्रतिशत र सोभन्दा माथि अङ्क आएमा विशिष्टतासहित प्रथम श्रेणी

(ख) ८० प्रतिशत र सोभन्दा माथि अङ्क आएमा प्रथम श्रेणी

(ग) ६५ प्रतिशत र सोभन्दा माथि अङ्क आएमा द्वितीय श्रेणी

(घ) ५० प्रतिशत र सोभन्दा माथि अङ्क आएमा तृतीय श्रेणी

(ङ) ५० प्रतिशतभन्दा तलको अङ्क आएमा असफल वा अनुत्तीर्ण

(च) लिखित परीक्षाका प्रश्न पत्र निर्माण गर्दा देहायअनुसारको ग्रिड अवलम्बन गर्नुपर्ने छः

**ग्रिड तालिका**

| क्र.सं. | प्रश्नको प्रकार | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | बहुवैकल्पिक | १० | ०.५ | ५ |
| २ | संक्षिप्त उत्तरात्मक | ५ | ३ | १५ |
| ३ | समस्यामूलक | १ | ५ | ५ |
| **जम्मा** | | १६ | - | २५ |

# "जस्तो भोगाइ उस्तै सिकाइ"

- दोरोथी ल नोल्ते

यदि एउटा शिशु आलोचनासँग जिउँछ भने
उसले अरूलाई दोष लगाउन सिक्दछ ।

यदि एउटा शिशु वैमनष्यतासँग जिउँछ भने
उसले वैरभाव राख्न सिक्दछ ।

यदि एउटा शिशु माथि हाँसो गरिन्छ भने
उसले लाज मान्न सिक्दछ ।

यदि एउटा शिशुलाई प्रोत्साहन दिइन्छ भने
उसमा आत्मविश्वास बढ्दछ ।

यदि एउटा शिशु प्रंशसासँग जिउँछ भने
उसले अरूलाई महत्व दिन सिक्दछ ।

यदि एउटा शिशु सहिष्णुतासँग जिउँछ भने
उसले धैर्य गर्न सिक्दछ ।

यदि एउटा शिशु भेदभाव विना जिउँछ भने
उसले न्याय गर्न सिक्दछ ।

यदि एउटा शिशु सुरक्षासँग जिउँछ भने
उसले विश्वास गर्न सिक्दछ ।

यदि एउटा शिशुलाई मित्रतापूर्वक स्वीकार गरिन्छ भने
उसले संसारमा प्रेमको अनुभव सिक्दछ ।

अनुवाद : अगाथा पाख्रिन थापा
संस्थापक
सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा